# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **खेमनाथ दाहालको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको छ ।

## १.३ विषय परिचय

पिता ज्यो. पं. सोमनाथ दाहाल र माता जानुकादेवी दाहालका कान्छा सुपुत्रका रूपमा वि.सं. २००९ साल कार्तिक ९ गते पूर्वी नेपालको तेरथुम जिल्लाको पौंठाक गा.वि.स. लाब्री भन्ने गाउँमा जन्मिएका खेमनाथ दाहालले एउटा गाउँले परिवेशमा बाल्यजीवन बिताए पनि सानैदेखि साहित्यप्रति रुचि राखेको देखिन्छ । देशप्रति अगाध आस्था भएका साहित्यकार दाहालले संस्कृति र साहित्यका व्यापक फाँटमा बाँडिएर व्यक्तित्व निर्माण गरेका छन् । नेपाली साहित्यका विविध विधामा कलम चलाउने दाहाल मूल रूपमा कविता, काव्य र महाकाव्य लेखनमा सिद्धहस्त रहेका छन् । वाणिज्य शास्त्रमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका दाहालले नेपालको सामाजिक सुन्दरता, राष्ट्रिय अखण्डता र नेपालीहरूको गौरवगाथालाई सुन्दर तरिकाले वर्णन गर्दै यहाँको सुन्दरताप्रति कुदृष्टि लगाउने सामन्तीहरूदेखि सावधान रहनुपर्ने कुरा साहित्यमार्फत देखाएका छन् । पूर्वमा टिस्टा र पशिचममा कुमाउ गडवाल सम्मको पुर्खाले आर्जेको सिङ्गो नेपाललाई खुम्च्याउन शत्रुसँग विभिन्न सन्धि गरी आफ्नो मातृभूमि गुमाउनु परेकोमा रुष्ट बनेका कवि दाहालले पुनः आफ्नो भूमिलाई आर्जन गरेर सिङ्गो र अखण्ड राष्ट्र बनाउनु पर्छ भनी साहित्यमार्फत जोड दिएका छन् । लेखन, प्रकाशन, सम्पादन जस्ता कार्यमा सक्रिय रहेका साहित्यकार दाहालका निम्नलिखित प्रकाशित कृतिहरू रहेका छन् :

(१) **श्रद्धाञ्जलि** (२०५४, कविता सङ्ग्रह)
(२) **रश्मि** ( २०५६, खण्डकाव्य)
(३) **योद्धा** (२०६०, काव्य)
(४) **हावर्डको चौतारीमा** (२०६३, कविता सङ्ग्रह)
(५) **श्वेतपत्र** (२०६७, महाकाव्य)

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रको मूल समस्या खेमनाथ दाहालको **जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरू रहेका छन्:

(१) खेमनाथ दाहालको जीवनी के कस्तो छ ?

(२) उनको व्यक्तित्व के कस्तो रहेको छ ?

(३) उनका साहित्यिक कृतिहरू के कति र के कस्ता छन् ?

उपर्युक्त समस्याहरूलाई नै यस शोध कार्यको मूल समस्याका रूपमा लिइएको छ र यिनै समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

खेमनाथ दाहालको **जीवनी, व्यक्तित्व र कृतित्व**मा आधारित भई समस्याकथनमा उठेका समस्याहरूको ठोस्, विस्तृत् र तथ्यपरक अध्ययन र विश्लेषण गर्नका लागि प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(१) खेमनाथ दाहालको जीवनीको अध्ययन गर्नु,

(२) उनको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन र सत्यापन गर्नु,

(३) उनका साहित्यिक कृतिहरूको खोजी, पहिचान र तिनको व्याख्या विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

कवि खेमनाथ दाहालको **जीवनी, व्यक्तित्व र कृतित्व**का बारेमा अध्ययन अनुसन्धान कुन रूपमा भएको छ वा छैन ? भन्ने बारेमा विचार गर्दा उनका बारेमा आधिकारिक रूपमा कुनै खोज अनुसन्धान भएको देखिँदैन । कवि दाहालका बारेमा हालसम्म भएको अध्ययनलाई संक्षिप्त रूपमा यहाँ उल्लेख गरिन्छ :

*अनिरुद्ध तिम्सिनाले* 'योद्धा खण्डकाव्यमा खेमनाथ दाहालको रचनाकारिता' शीर्षकको लेखमा **बगर** (काठमाडौँः बर्ष २७, अङ्क ८१, काठमाण्डौ २०६६) पृ.२७ मा दाहालको काव्यशिल्पको चर्चा गर्दै एउटा लाहुरे जीवनको यथार्थ व्यवहार, घात प्रतिघात र आर्थिक सामाजिक शोषण, साम्राज्यवादी थिचोमिचो, अन्याय, अत्याचार, मानवीय चरित्र, राजनीतिक विसङ्गति, नेतृत्वको चरित्र, शत्तामोह, शक्तिशालीबाट दुर्बल राष्ट्र तथा व्यक्तिमाथि हुने अन्याय भ्रष्टाचार, मायाँ ममता, वेदना, प्रवल राष्ट्रप्रेम तथा सङ्घर्षशील जीवनलाई योद्धामा उतारिएको पाइन्छ भनेका छन् ।

*अभि सुवेदीले* **जनमत** (काठमाडौँः वर्ष २६, अङ्क ९, २०६६ असोज) पृ. ३४ मा 'अमेरिका नेपाली सपनाको परिवेश' शीर्षकमा लेख लख्दै कवि दाहालको **हावर्डको चौतारीमा** कविता सङ्ग्रहका बारेमा चर्चा गरेका छन् । उनी लेख्छन्– दाहालले अमेरिकी आप्रवासमा अनुभव गरेका चेतनाका दुई आयामिक चित्र उनका प्रायशःसबैजसो कवितामा पाइन्छ । कुनै ठाउँ विशेषको चित्रण त्यहाँको परिदृश्य अनि घटेका घटनाबाट जन्मेको अनुभूति उनका कवितामा पाइन्छ । उनका प्रायशः सम्पूर्ण कविताहरू एक अत्यन्त इमान्दार नेपाली दर्शकका आश्चर्य र झस्का मिसिएका रचना हुन् । यस्ता प्रकारले दाहाललाई नेपाली आप्रवासीहरूको समस्यालाई केलाउन सक्ने कविका रूपमा अभि सुवेदीले चिनाएका छन् ।

*काशीनाथ न्यौपानेले* 'काव्यमा लाहुरे जीवन' शीर्षकमा **विमोचन** मासिक ( काठमाडौँः २०६२ माघ) पृ.१६ मा आफ्नो युग, आफूले भोगेका कुरा, आफ्नो जीवनको यथार्थ साना मसिनादेखि ठूला ठूला घटनासम्मलाई लिएर हिडेँको योद्धा काव्य आफैँमा युगकै प्रतिनिधि काव्य हो भन्दा निश्चय पनि यसलाई न्याय गरेको ठहरिन्छ, किनकि

कविता भन्ने वित्तिकै सौन्दर्यपरक नबन्न, नायक नायिका प्रणयविहार, विप्रलम्भ श्रृङ्खला र अन्य कामुकतापरक वर्णनलाई मात्र लिनुपर्दछ भन्ने जुन भावधारा हो यसलाई पनि योद्धाले अर्कै बाटो देखाएको छ लेखेका छन् ।

*कृष्ण गौतमले* **बगर** (पूर्ववत्) पृ.१२ मा 'हावर्डको चौतारीमा कवि दाहाल विश्व सम्बन्धमा मेलको चाहना' शीर्षकको लेख लख्दै **हावर्डको चौतारीमा** कविता सङ्ग्रहलाई अन्तर्राष्ट्रिय सम्बन्धको सिर्जनात्मक दस्तावेज हो, जसलाई विस्तृत अर्थमा भन्नुपर्दा डायस्पोरिक अनुभवले जन्मायो भनेका छन् ।

*खेम दाहालले* **बगर** (पूर्ववत्) पृ.४६ मा 'योद्धा काव्य एक चिनारी' शीर्षकको लेख लेख्दै योद्धालाई महाकाव्य र खण्डकाव्यका बीचकोटीको काव्यका रूपमा चिनाउन खोजेका छन् । उनले **योद्धा**को वर्णन गर्दै यस काव्यका उपशीर्षकहरूले देवकोटाको **मुनामदन**लाई सम्झाएको र छन्दयोजनाले पौड्यालको **ॠतुविचार**लाई पछ्याएको कुरा व्यक्त गरेका छन् ।

*खेमनाथ कोइरालाले* **जनमत** (पूर्ववत्) पृ.३६ मा 'छायावादको छविमा कवि दाहाल' शीर्षकमा लेख लेखेका छन् । उनी दाहालका कृतिहरूका बारेमा लेख्छन्– निश्चत कुरा के हो भने दाहालका कृतिमा सहजता, सरलता र संवेद्यता छ । कवि दाहालले अमेरिका पुगेर साहित्यका माध्यमबाट अमेरिका र नेपालका बीचमा देखापर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक, विकासगत, समानता र असमानता दुवैलाई दर्शाएर नेपालीहरूको अन्तर्पीडामा बसेको कुरालाई व्यक्त गरेका छन् । अमेरिकामा देखापर्ने द्वैध भावलाई कवि दाहालले राम्ररी चित्रण गरेका छन् । यहाँ कवि स्वतन्त्रता, अनुशासन, विकास जस्ता कुरामा आस्था राख्छन् भने त्यहाँको भौतिकता (यान्त्रिकता) स्वार्थपरायणता, भोगवाद, पैसा कमाउने लालच, अमेरिकाको अरुलाई दबाउने प्रवृत्ति जस्ता कुरालाई घृणा गर्छन् । अमेरिकाबारे दाहालले भोगेका घटना, अनुभव गरेका अनुभूतिहरूलाई अभिव्यक्त गर्दा उनको मानसिक द्वन्द्व, उहापोह जस्ता कुरा सम्पूर्ण नै एक अविकसित देशको तर विकसित मस्तिष्कको लेखकले गर्ने अभिव्यक्ति नै हो जस्तो महशुस हुन्छ । यस्ता कुरा राख्दै डा. कोइरालाले कवि दाहाललाई नेपाली डायस्पोरिक परम्पराका एक गद्य कविता सर्जकका रूपमा चिनाएका छन् ।

*गण्डकी पुत्रले* 'श्वेतपत्रमा खेमनाथ दाहाल' शीर्षकको लेखमा **उद्घोष** दैनिक (२०६८ वैशाख ३१) मा देशप्रतिको प्रेमले भिजेको **श्वेतपत्र** महाकाव्यले काव्यकारको कल्पनाले निर्माण गरेको काल्पनिक जस्तो लाग्ने, फेरि यथार्थ नै हो जस्तो लाग्ने कौतुहलतापूर्ण विषयबस्तुले पाठकलाई एकप्रकारको आर्कषण प्रदान गर्ने काम गरेको छ भनेका छन् ।

*गोपाल भण्डारीले* **बगर** (पूर्ववत्) पृ.४० मा 'हावर्डको चौतारीमा एकछिन' शीर्षकको लेखमा लेखेका छन् : यो सङ्ग्रहमा कवि खेमनाथ दाहालले हावर्डको चौतारीमा बस्दा अमेरिकी परिवेश नियालेका छन् भने मनभित्र नेपालको स्मृति पनि सङ्गालेका छन् । यसरी डा. भण्डारीले कवि दाहाललाई विदेशमा नै रहेता पनि स्वदेशलाई ज्यादै माया गर्ने कविका रूपमा परिचित गराएका छन् ।

*गोपीकृष्ण शर्मा* खेमनाथ दाहालको **रश्मि**का बारेमा **बगर** (पूर्ववत्) पृ.३ मा लेख्छन् : **रश्मि** खण्डकाव्य लघु आयामको प्रबन्ध काव्य हो । यो प्रेमकथा हो र आकर्षणबाट थालिएको प्रेमकथा सामाजिक अवरोधले गर्दा विकर्षणमा पुगेर टुङ्गिएको हुन्छ ।

शर्माले दाहालको काव्यवैशिष्ट्यलाई प्रष्ट्याउँदै युगबोध, जागरणको आह्वान, देशभक्ति, प्रकृतिप्रेम र सामाजिक विकृतिप्रति तीव्र व्यङ्ग्य गर्ने कवि भनेर उल्लेख गरेका छन् ।
*गोविन्दराज भट्टराईले* **जनमत** (पूर्ववत्) पृ.३९ मा 'हावर्डको चौतारीमा एकछिनको विश्राम' शीर्षकको लेख लेख्दै **हावर्डको चौतारीमा** कविता सङ्ग्रहमा भएका कविताहरूलाई यसरी व्याख्या गरेका छन्– 'यी कविता अमेरिकी भूमिमा बसेर नेपाली हृदयले गरेका सिर्जना हुन् । यहाँ प्रथम पुस्ताको डायास्पोरिक नागरिकका अनुभूति र चिन्ता छन् । केही भय र सन्देह छन् । अलिकति ग्लानि र चिन्ता बोध पनि छ । तर सबैतिर कवि सरल र सहज छन् । त्यहाँ पुग्नु, बस्नु र जीवनचक्र चलाउनुलाई अत्यन्तै सहज र स्वाभाविक ठान्दछन् । आज नेपालीले त्यही ठान्नु पर्दछ । नयाँ विश्व परिस्थितिलाई स्वीकार्नु पर्दछ' । यसरी डा. भट्टराईले कवि दाहाललाई सरल र सहज कविको रूपमा चिनाएका छन् ।
*गोविन्द भट्टले* **जनमत** (पुर्ववत्) पृ.४२ मा 'नयाँ नेपाल बनाउने नयाँ योद्धाहरू' शीर्षकमा **योद्धा** काव्यका बारेमा केही चर्चा गरेको देखिन्छ । उनी लेख्छन् – यस **योद्धा** काव्यमा कवि दाहाल हाम्रो नेपालले भोग्नुपरेका विगत र वर्तमानका यावत् समस्याहरूको चर्चा गर्छन् र यी सबैको मूल कारण देशभित्रको सामन्तवाद र बाहिरका साम्राज्यवादी तथा प्रभुत्ववादीहरूका विश्वासघाती षड्यन्त्रकारी चरित्र, अरु देश भित्रका जातिहरूलाई परस्परमा भिडाएर फुटाउने, एक देशलाई अर्को देशसित जुधाएर युद्ध मच्चाइदिने र त्यसबाट आफ्नो अस्त्रशस्त्रको व्यापार बढाउने कुटिल नीति, उनले गर्ने अविकसित देशका प्राकृतिक स्रोत साधनहरूको शोषण र असमान एकपक्षीय सन्धिका लागि दबाब दिने तथा सीमाअतिक्रमण जस्ता हस्तक्षेपकारी क्रियाकलापका माध्यमहरूबाट सधैं आफ्नो स्वार्थ सिद्धगर्ने तिनका एकएक दाउपेचहरूलाई बडो राम्ररी बुझेर हामीलाई पनि दाहालको काव्यले सचेत तुल्याइदिएको छ । वास्तवमा योद्धा काव्य हाम्रो राष्ट्रिय जीवनका राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक आदि सबै पक्षहरू समाविष्टभएको एक सर्वाङ्गपूर्ण काव्य हो । यसरी भट्टले दाहाललाई राष्ट्रवादी कविका रूपमा परिचित गराएका छन् ।
*चन्द्रमणि अधिकारी* 'हिमाली राज्यमा श्वेतपत्रको भाका' शीर्षकमा **नेपाल बोर्डर** ( काठमाडौंः वर्ष ७, अङ्क २९, २०६८ फागुन १०) मा लेख्छन् : खेमनाथ दाहालको **श्वेतपत्र** महाकाव्यमा नेपाल सिक्किम र भुटानको कथा छ । ती देशबासीहरूले भोग्नुपरेको पीडा छ र झेल्नुपरेको द्वन्द्व छ । नेपाल सिक्किम र भुटान तीनैवटा हिमाली राज्य हुन् । प्राचीन समयका विशाल हिमवत् खण्डका राज्यहरूको बिखण्डन पछि अस्तित्वमा आएका यी स्वतन्त्र राज्यहरूका समकालिन पीडा र कथा व्यथाको इतिहास लेखिएको छ यसमा । कवि दाहालद्वारा यस महाकाव्यमा नेपाल भूटान र सिक्किमलाई मानवीकरण गरिएको छ । ऋषिकल्प हिमालयका पुत्री त्रय यी तीन राज्यले आ आफ्ना समस्याहरू तिजको बेला माइत आएका चेलीहरूले साटासाट गरेझैं गरेर मन हलुका पारेका छन् यस काव्यमा ।
*टीकाराम शर्माले* **बगर** (पूर्ववत्) पृ. २१ मा दाहालको **योद्धा** काव्यको चर्चा गर्दै एउटा झर्रो राष्ट्रवादीको उद्गार समाहित भएको काव्यका रूपमा मूल्याङ्कन गरेका छन् । सारा देशवासीले भोगिरहेको दुःख, दर्द स्पष्टरूपले ठाउँ ठाउँमा उदाङ्गो पारी आफ्नो हृदयमा लागेको चोटको गम्भीर रूपले व्याख्या गर्दै कविले यस काव्यमा प्रकाशमा ल्याएकोले यो

सुन्दर बनेको छ र यो काव्य नेपाली साहित्यको ढुकुटीमा एउटा खँदीलो गहना भएर रहने छ भनी शर्माले **योद्धा**को महत्वलाई प्रष्ट्याइदिएका छन् ।

*डिल्लीराम मिश्रले* 'पठनीय काब्यः योद्धा' शीर्षकमा **गरिमा** (काठमाडौंः वर्ष २४, अङ्क ४, २०६२ चैत) पृ.११७ मा अगम सिंह गिरीको **युद्ध र योद्धा** को प्रतीक कविता र कविको प्रारूपमा खेमनाथ दाहाल पनि बाँधिएका छन् भनेका छन् ।

*दधिराज सुवेदीले* 'खेमनाथ दाहालको रश्मि खण्डकाव्य' (खेमनाथ दाहाल, **रश्मि,** काठमाडौंः कोमलप्रसाद- माया- उषा दाहाल, २०५६, पृ.६) शीर्षकको लेखमा - '**रश्मि** खण्डकाव्यले महाकवि देवकोटा र कविवर माधवप्रसाद घिमिरेको काव्यशिल्पलाई अनुशरण गर्न खोजेको अनुभूति हुन्छ तापनि सत्यको अनुकरण प्रकृतिले गरे जस्तै प्रकृतिको अनुशरण यस काव्यले गर्न खोजेको छ भनेका छन् ।

*पुष्कर लोहनीले* **जनमत** (पूर्ववत्) पृ.४६ मा 'खेमनाथ दाहाल : मेरो बिम्ब भित्र लुकेका कवि' भनेर उनको कवित्वको व्याख्या गरेका छन् । उनले दाहालको **हावर्डको चौतारीमा** कवितासङ्ग्रहमा छापिएका कविता कविता मात्र होइन अमेरिका छिरेपछि देखेका दृश्यहरू, भोगेका अनुभवहरू, थिचिएका सम्पूर्ण संस्कारको आधारमा मूल्याङ्कन गरिएका विचारहरू हुन् भन्दै कवि दाहालको लेखनशील्पको उत्कृष्ट क्षमताको चर्चा गरेका छन् ।

*प्रमोद प्रधानले* **बगर,** (पूर्ववत्) पृ.५९ मा 'नियात्रात्मक कविताको सङ्कलन हावर्डको चौतारीमा एकछिन' शीर्षकको लेख लख्दै कवि दाहालको काव्य अभिरुचि र सिर्जन क्षमतालाई मुक्तकण्ठले प्रशंसा गरेका छन् । उनले दाहालको चर्चागर्दै निरन्तरता, अभिरुचि र सिर्जन क्षमताको त्रिवेणीका रूपमा आएको **हावर्डको चौतारीमा** कविता सङ्ग्रहका माध्यमबाट कवि दाहालले आफूलाई नेपाली काव्यवाटिकामा एक महत्वपूर्ण फूलका रूपमा स्थापित गराउने प्रयास गरेको कुरा बताएका छन् ।

***बगर,***(पूर्ववत्) पत्रिकामा 'खेमनाथ दाहाल सिर्जना र मूल्याङ्कन' शीर्षकमा उनको **श्वेतपत्र**देखि बाहेकका **श्रद्धाञ्जलि, रश्मि, योद्धा र हावर्डको चौतारीमा** जस्ता चारैवटा कृतिहरूका बारेमा विभिन्न विद्वान्हरूले लेखेका लेखहरू प्रकाशित गरिएको छ ।

*बि.के पाल्पालीले* 'नेपाली काव्यवाटिकाको शब्दयुद्ध : योद्धा' शीर्षकमा **शब्द संयोजन,** मासिक (वर्ष ३, अङ्क ९, २०६३ पुष) मा एउटा सबल र सफल योद्धाले पनि देशको अस्तित्व जोगाएको हुन्छ, राष्ट्रिय अस्तित्वका साथै पारिवारिक अस्मिताको पनि उसले ख्याल गरेकै हुन्छ, यसको अलावा राज्य र जातिगत राष्ट्रियताको पनि रक्षा गर्न चुकेको हुँदैन, उसको एक ज्यानको भरमा सिङ्गो योद्धा इतिहासको रक्षण गर्ने अभिभारा बोकेर युद्ध मौदानमा ओर्लिएको हुन्छ भन्दै योद्धा काव्यको समीक्षा गरेका छन् ।

*मनु ब्राजाकीले* **बगर,** (पूर्ववत्) पृ.१ मा दाहालको **हावर्डको चौतारीमा** कृतिलाई नेपाली साहित्य जगतको एउटा उपलब्धिपूर्ण कवितासङ्ग्रहका रूपमा उल्लेख गरेका छन् । पूर्व र पश्चिमका जीवनशैलीको काव्यात्मक अभिव्यक्तिलाई नौला विम्ब र प्रतीकहरूले सजाएर प्रस्तुत गरिएको कुरा चर्चा गर्दै भावनात्मक अनुभूतिका क्षणहरूलाई चित्रात्मक र वर्णनात्मक शैलीमा बडो सटीक ढङ्गले मृदुव्यङ्ग्यसँगै कविताहरू पस्किएको छ भन्ने धारणा राखेका छन् ।

*मीनकुमार नवोदित श्रेष्ठ* 'योद्धालाई फन्को मार्दा' शीर्षकमा **दर्शन** साप्ताहिक ( काठमाडौंः २०६१ ज्येष्ठ ८) मा कवि खेमनाथ दाहालले अनुष्टुप छन्दको परिधिभित्र

बाँधिएर लेखेको योद्धा काव्य नपाली पद्य साहित्यको गौरव हो र अहिलेको स्वतन्त्र कविता लेखनलाई अबलम्बन गरेर पत्र पत्रिका र पुस्तक प्रकाशित गर्दै चाँडै नाम कमाउन खोज्नेहरूलाई यस काव्यले चुनौती दिएको छ भनेका छन् ।

*युवराज नयाँघरेले* 'योद्धामा नेपाल उद्घोष' शीर्षकमा **जनभावना,** साप्ताहिक (वर्ष २४, अङ्क १८, २०६२ फागुन १५) मा **योद्धा** वीरोचित गाथाको अन्तर्स्वर हो, योद्धा एउटा सुरम्य र वीरताको बखान हो, नेपाली तरुणहरूले राष्ट्र र राष्ट्रियताप्रति आइपरेको हमला र आक्रमणलाई धुलिसात बनाउन लेखेको वैभवशाली कथाको मीठो वर्णन हो । विभिन्न छन्दहरूको सुकोमल आवरण यहाँ अनुभूत गर्न सकिन्छ । मूलुकको मायामा अभिभूत वर्गको अन्तस्करण योद्धामा समाहित छ भनेका छन् ।

*युवराज नयाँघरेले* 'श्वेतपत्रको सेरोफेरोमा कवि खेमनाथ' शीर्षकमा **जनमञ्च,** साप्ताहिक (२०६६बैशाख १३) पृ.६ मा राष्ट्रिय गौरव र अस्मितालाई पर्गेलेर गहकिलो विवेचनाका साथ प्रकाशित भएको श्वेतपत्र महाकाव्यले नेपाली साहित्यमा नयाँ सन्देश प्रवाहित गर्दै राष्ट्रिय चिन्तनलाई खोखेको छ र अखण्ड, समृद्ध राष्ट्र नेपाल हुनुपर्छ भन्नेमा जोड दिएको छ भनेका छन् ।

*रेणुका भट्टराई* 'सुर्केली अन्तरेले जन्माएको योद्धा र खेमनाथ दाहाल' शीर्षकमा **जनप्रहार,** दैनिक (२०६२ मङ्सिर २१) पृ.४ मा लेख्छिन् : देश रक्षाको जिम्मा लिएर पनि विदेशीकै खातिर ज्यान बलिदान गर्नु पर्ने एकातिर विडम्बना देखिन्छ भने अर्कोतिर आफ्नो भगिरथ प्रयासले देशलाई विश्व सामु शीर ठाडो पारेर रहन सक्ने बनाएका थुप्रै वीरताका उदाहरणहरू पेश गरिएका छन् योद्धामा । यो काव्य साहित्यिक माहोलका व्यक्तिका लागि मात्र नभएर एउटा लाहुरेको यथार्थ जीवनीबाट थाहा पाउन खाज्ने जो कोहिका लागि पनि सङ्ग्रहणीय साबित भएको छ ।

*विजय शर्मा* 'दक्षिण एशियाको फन्कोमा जन्मेको श्वेतपत्र' शीर्षकमा **नेपाल बोर्डर,** मासिक (काठमाडौंः वर्ष ६, अङ्क ९, २०६८ वैशाख) मा लेख्छन् : नाटकीय शैलीमा हिमालपुत्रीहरू नेपाल सिक्किम र भुटानलाई तीन दिदी बहिनीको चित्रणबाट उल्लेख गरी यी तीनैजनालाई कुनै साम्राज्यवादीले हडप्न खोजेको कुरा मार्मिक तवरबाट **श्वेतपत्र**मा उत्खनन गरिएको छ । साथै यसमा चीन र भारतको व्यवहारिक चित्रण एवं जापान स्वीजरलैण्ण तथा हङकङको समेत केही चर्चा गरिएको छ । नेपाल सिक्किम र भुटानका व्यवहारिक राजनीतिक सामाजिक आर्थिक तथा अन्य विषयमा आ-आफ्ना पीडा, व्यथा, चोट र छटपटिलाई सिलसिलेवार रूपमा लयात्मक तवरले यस महाकाव्यमा समेटिएको छ ।

*सञ्जय पन्थीले* 'महाकाव्यमा राष्ट्रवादको नाद' शीर्षकको लेखमा **नेपाल समाचार पत्र** ( २०६८ वैशाख १०) पृ.४ मा सिक्किमको स्वतन्तत्रा अनि नेपाल र भुटान हस्तक्षेपबाट मुक्त गराउने भावना मात्र होइन नेपालमा भर्खरै स्थापित गणतन्त्रलाई सस्थागत गर्ने जोडदार अभिव्यक्ति पनि महाकाव्यमा पाउन सकिन्छ । यति मात्र हैन नेपाल सिक्किम, भुटान गोर्खाल्याण्ड र लद्दाख सामेल गराई नयाँ हिमाली गणराज्यको स्थापना गर्नुपर्ने विचार पनि **श्वेतपत्र**मा कविले राखेका छन् भनेका छन् ।

*हरिराज भट्टराईले* 'योद्धाको पठन : एक टिपोट' शीर्षकमा **जनसत्ता,** साप्ताहिक
(२०६२ असार १८) मा उत्तर उपनिवेश र उत्तर आधुनिक युगपछि आएका अनेक नवीन काव्यात्मक अभिव्यक्तिका भङ्गालाहरूमा खेमनाथ दाहालको यो '**योद्धा**' काव्य साँच्चै

नै योद्धाको गौरव, स्वाभिमान र सङ्कल्प समेटेर देखापरेको छ । नेपाली काव्यको इतिहासमा योद्धा काव्य विशेष पठनको अपेक्षा राख्दछ । यस काव्यले हिजोलाई बुझेर, आजलाई बोकेर, भोलिलाई हानेको छ भनेका छन् ।

*होमनाथ सुवेदीले* **नव छायावादको छवि** (अमेरिका, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सन् २००८) मा कवि खेमनाथ दाहालका **श्रद्धाञ्जलि, रश्मि, योद्धा र हावर्डको चौतारीमा** कृतिहरूका बारेमा वर्णन गरेको पाइन्छ ।

उनी लेख्छन् : **हावर्डको चौतारीमा** पढिसक्दा हावर्डको चौतारीको छायामा मैले अमेरिकाको नेपाली साहित्यमा नव छायावादको छवि भेटाएँ अनि भनैं खेमनाथ दाहालको काव्यबाट नव छायावादको पुनरागमन भयो । उनको काव्यमा भजन छैन प्रकृति छ , ईश्वर छैन तर उसको छाया छ , त्यो छायाबाट यसको प्राण सञ्चार हुन्छ । ईश्वर देखिन्न तर उसको संस्कृति छ, अन्धविश्वासको विरोध छ , क्रान्तिकारिता छ तर अहिंसा यसको मूल मन्त्र हो ईश्वरीय सत्ता यसको पृष्ठभूमि हो । त्यसैले यो काव्य नव छायावादको छविको धारमा पर्दछ भन्दै दाहाललाई नव छायावादको अनुयायीका रूपमा विश्लेषण गरेका छन् ।

यसैगरी सुवेदीले **श्रद्धाञ्जलि**को चर्चा गर्दै लेख्छन् : यो सानो कवितासङ्ग्रकमा पसेर निस्कँदा लाग्यो कवि खेमनाथ दाहालको सिर्जनामा क्रान्तिकारी स्वच्छन्दतावादका अङ्कुरहरू फैलिएका रहेछन् । स्वच्छन्दतावादी प्रकृतिको जग उनको यो प्रारम्भिक कृतिमा नै आरक्षित छ । यस्ता प्रकारले सुवेदीले स्वच्छन्दतावादी लेखनशैली भएका कविका रूपमा कवि दाहाललाई परिचित गराएको पाइन्छ ।

यसैगरी **रश्मि**का बारेमा लेख्दै सुबेदी भन्छन् : यो सामाजिक खण्डकाव्य हो । सामाजिक दृष्टिले क्रान्तिकारी भावना समेटिएको र दर्शनमा प्रेम र प्रकृति नै ईशको छायात्मक रूपमा प्रस्तुत गरिएको छ यस काव्यमा । प्रकृति र मानवमा तादात्म्य स्थापना गरेर मानवका कारुणिक व्यथाहरूलाई व्यक्त गर्न सुललित पदावलीहरूको सहारालिने छायावादी प्रवृत्तिको बीजारोपण यहाँ कविले गरेका छन् ।

यसैगरी रश्मि काव्यको दिव्य शक्तिको छायाबाट जन्मिएको **योद्धा** काव्य सामाजिक युगचेतनाले सुसज्जित क्रान्तिकारी स्वर घन्काउने काव्य हो भन्दै योद्धाको प्रशंसा गरेका छन् भने नव छायावादी कवितालाई यसको पर्याय भनेर क्रान्तिकारी स्वच्छन्दतावाद जोड्न मद्धत गर्ने बलियो आधारस्तम्भ **योद्धा** नै हो भन्दै यसमा आइपुग्दा दाहालको काव्ययात्राले नव छायावादको छविलाई झण्डा बनाएर देश परदेशको यात्रा गर्न थालिसकेको छ भन्नेकुरा सुवेदी गर्दछन् ।

यस्ता प्रकारले बहुप्रतिभाका धनी कवि खेमनाथ दाहालका केही कृतिहरूका बारेमा विभिन्न विद्वान्हरूद्वारा केही मात्रामा समीक्षा भए पनि दाहालका जीवनीका बारेमा र उनको व्यक्तित्व एवं कृतित्वका बारेमा हालसम्म पूर्ण रूपमा कुनै पनि अध्ययन अनुसन्धान नभएको हुँदा प्रस्तुत शोधपत्रद्वारा कवि दाहालको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी विस्तृत रूपमा व्याख्या विश्लेषण एवं चर्चा परिचर्चा गरिएको छ र उनका कृतिहरूको बारेमा प्रकाश पारिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

पूर्वी नेपालको पहाडी जिल्लाको एउटा गाउँले परिवेशमा जन्मिएर पनि नेपाली साहित्यप्रति रुचि राख्दै लगनशील भई नेपाली कविताका गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउने कवि खेमनाथ दाहाल नेपाली साहित्यमा उच्च प्रतिभाका रूपमा चिनिन्छन् । देशभक्ति भावना, राष्ट्रिय अखण्डता र कर्तव्यपरायणतालाई मूल मन्त्र मानी कविता रचना गर्ने दाहालका बारेमा उनको साहित्य थालनीको करिब तीन दशक बितिसक्दा पनि यथेष्ट खोज अनुसन्धान नहुनुले दुःखद स्थितिको अवश्यमेव बोध गराउँछ । नेपाली कविता साहित्य क्षेत्रमा दाहालको आफ्नै मूल्य, महिमा र योगदान रहेको छ । उनको यति ठूलो योगदान हुँदाहुँदै पनि यिनका बारेमा विस्तृत र व्यापक अध्ययन अनुसन्धान नगरिएकाले खेमनाथ दाहालको **जीवनी, व्यक्तित्व र कृतित्व**को विस्तृत अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य, महत्व र उपयोगिता हो । अहिलेको एक्काइसौँ शताब्दीमा देश प्रगतितर्फ डोहोरिएको अवस्थामा देश हाँक्ने अगुवाहरूले देशप्रेम, राष्ट्रभक्ति एवं राष्ट्रिय अखण्डतालाई भुल्न लागेको बेलामा कवि दाहालको जीवनी, व्यक्तित्व र उनका कृतिहरूको अध्ययनद्वारा उनका कृतिहरूको मूल सन्देश जनसमक्ष पुऱ्याउनाले निश्चित रूपमा जन्मभूमिको चिनारी जो कोहीलाई पनि हुन जान्छ र कविको नेपालवादको मान्यताले सबैलाई एक झट्का लगाउँछ अनि आफ्नो नेपाली हुनुको कर्तव्य बोध गराउने हुँदा यो शोधकार्यको अर्को औचित्य बनेको छ । उनको लेखनकार्यका आधारमा विभिन्न कोणबाट दाहाललाई चिनाइएको प्रस्तुत शोधकार्य खेमनाथ दाहालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जान्न चाहने जोसुकैका लागि प्रेरणा, शोधार्थीका लागि मार्गनिर्देशक हुनेछ । साथै नेपाली अनुसन्धान परम्परामा थप योगदान पुग्ने भएकाले पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

खेमनाथ दाहाल नेपाली कविता साहित्यका उच्च व्यक्तित्व हुन् । यिनको जीवनी र उनका व्यक्तित्वका विभिन्न आयामहरू तथा समग्र कृतिहरूका बारेमा विस्तृत रूपमा अध्ययन गर्ने हो भने अनेक शोधपत्र निर्माण हुन सक्छन् । प्रस्तुत शोधपत्रचाहिँ उनको जीवनी र व्यक्तित्वको विस्तृत अध्ययन गरी दाहालका नेपाली भाषमा प्रकाशित कृतिहरूको अध्ययन विश्लेषणमा केन्द्रित छ । अनुसन्धानका लागि प्राप्त हुने सामग्री, समय र आर्थिक स्रोतको उपलब्धताभित्र अध्ययन कार्य सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलनविधि र शोधविधि

प्रस्तुत शोधपत्रका लागि मूलतः पुस्तकालयीय अध्ययन पद्धतिको उपयोग गरिएको छ । यसका आधारमा आवश्यक पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेखहरू सङ्कलन गरिएको छ । पूर्वकार्यका रूपमा यथेष्ट सामग्री नभएको अर्थात् कवि दाहालका बारेमा पहिले कुनै त्यस्तो आधिकारिक खोज अनुसन्धान नभएको देखिँदा प्राथमिक सामग्रीका रूपमा कवि स्वयंसँग प्रत्यक्ष भेटवार्ता, कुराकानी, पारिवारिक सदस्यहरू एवं विद्वान्हरू लगायत चिनजानका व्यक्तिहरू समेतको परामर्श तथा कुराकानी, आदि विधिलाई समेत अवलम्बन गरिएको छ र अन्तर्वार्ताद्वारा सोधपुछ गरी सामग्र सङ्कलन गर्ने तथा आवश्यक सल्लाह सुझाव लिने कार्य गरिएको छ । कवि दाहालको जीवनी र व्यक्तित्वको अध्ययनका लागि समालोचनात्मक पद्धति अँगालिएको छ

भने कृतिहरूको कृतिपरक, वर्णनात्मक एवं विश्लेषणात्मक विधिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुन्दर र स्पष्ट बनाउनका लागि निम्नलिखित छ परिच्छेदहरूमा विभाजन गरी बाह्य संरचनाको निर्माण गरिएको छ ।

(१) पहिलो परिच्छेद - शोध परिचय
(२) दोस्रो परिच्छेद - खेमनाथ दाहालको जीवनी
(३) तेस्रो परिच्छेद - खेमनाथ दाहालको व्यक्तित्व
(४) चौथो परिच्छेद - खेमनाथ दाहालका कविता कृतिहरूको विश्लेषण
(५) पाचौँ परिच्छेद - खेमनाथ दाहालका काव्यकृतिहरूको विश्लेषण
(६) छैटौं परिच्छेद- निष्कर्ष वा उपसंहार

उपर्युक्त ६ परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ । यसका अतिरिक्त शोधपत्रको अन्त्यमा परिशिष्ट, सन्दर्भग्रन्थसूची राखिएको छ ।

# दोस्रो परिच्छेद
# खेमनाथ दाहालको जीवनी

## २.१ जन्म र जन्मस्थान

खेमनाथ दाहालको जन्म वि.सं. २००९ कार्तिक ११ गते आइतबारका दिन भएको हो ।[१] उनी पूर्वाञ्चल विकास क्षेत्रअर्न्तगत तेरथुम जिल्लाको पौंठाक गाउँ विकास समितिको लाब्री भन्ने ठाउँमा जन्मेका हुन् ।[२] उनी वाराणसी दाहालका पनाति, रंगलाल दाहालका नाति हुन् भने ज्यो.पं. सोमनाथ दाहालका छोरा हुन् ।[३] खेमनाथ दाहालकी माताको नाम जानुकादेवी दाहाल हो ।[४] यी दाहाल दम्पतीका पाँच छोरा र छ छोरीहरू गरी जम्मा एघार सन्तानहरू मध्ये खेमनाथ दाहाल चार दाजुहरू पछिका पाँचौं तथा एक बहिनी र पाँच दिदीहरू बीचका सन्तान हुन् ।[५] दाहालको नामकरण संस्कार (न्वारान) गर्दाको नाम पनि खेमनाथ दाहाल हो । उनलाई साहित्य जगत्मा पनि खेमनाथ दाहालको नामले नै चिनिन्छ ।[६] उनी ज्योतिषी पण्डितका कान्छा छोरा भएकाले गाउँ घरमा उनलाई कसैले साना पण्डित भनेर पनि पुकार्ने गर्छन् ।[७] छोराहरूमध्ये खेमनाथ दाहाल कान्छा छोरा भएकाले कान्छा नामबाट सम्बोधित हुन्छन् भने साथीहरूले खेमसर, खेमजी, खेमदाइ, दाहाल सर आदि नामले पनि बोलाउने गर्छन् ।[८] उनलाई साहित्यक्षेत्रमा कविज्यू, महाकविज्यू, साहित्यकारज्यू आदि नामले पनि सम्बोधन गर्ने गर्छन् ।[९]

## २.२ बाल्यकाल

साहित्यकार खेमनाथ दाहाल किसान परिवारमा जन्मिएका हुन् । जन्मदेखि सात वर्षसम्मको बाल्यकाल उनले आफ्नो जन्मस्थान लाब्रीमा नै बिताए ।[१०] सो अवस्थामा उनकी आमा घर धन्दाको काममा व्यस्त रहने हुँदा आफ्ना साथी, संगी र दाजुदिदीहरूसँग खेल्नमा उनको समय बित्दथ्यो । उनकी एक मात्र बहिनी बाल्यकालमा नै स्वर्गवास भएकी हुँदा उनी नै परिवारका सबैभन्दा कान्छो सन्तान बने । कान्छो भएकाले परिवारका सबै सदस्यहरूको

---

१ . खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२. ऐजन ।

३. ऐजन ।

४. ऐजन ।

५. ऐजन ।

६. खेमनाथकादाजु कोमलप्रसाद दाहालबाट प्राप्त जानकारी ।

८. ऐजन ।

९. डा.खेम दाहालबाट प्राप्त जानकारी ।

१०. खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

स्नेह तथा माया ममता पाइरहन्थे ।[११] करिब चार वर्षको हुँदादेखि ठूलाको पछि लाग्दै नजिकैको डाडाँगाउँ प्राथमिक विद्यालयमा जानमा दाहाल रमाउँथे । यसरी विद्यालय जाने बानी बसाएता पनि सात वर्षको बाल्याबस्थामा नै दाहाल आफ्ना माता पिताहरूका साथमा सुनसरी जिल्लाको धरानमा आएर बसोबास गर्न लागे ।[१२]

धरानमा आएर पनि दाहालले आफ्ना पितामाता र दाजुदिदीहरूका साथमा बस्ने र रमाउने अवसर पाएकाले उनको बाल्यावस्थामा कुनै दुःख भएन । उनी जन्मदा घरको आर्थिक अवस्था पूर्ण रूपले मजबुत भइसकेको हुँदा दाहालले घरमा त्यस्तो कुनै धन्दामा वा परिश्रम गर्नमा लाग्नु पनि परेन ।[१३] कवि दाहालको परिवार वैदिक सनातन हिन्दु धर्मप्रति आस्थावान् थियो । पारिवारिक परिवेश धर्मप्रति कट्टर भएकाले र बुबा ज्योतिष विद्याका ज्ञाता भएकाले दाहाल पनि बाल्यावस्थादेखि नै आस्तिक र धर्मप्रेमी रहेका छन् ।[१४] उनका बुबाले प्रतिदिन श्रीमद्भगवद्गीता, दुर्गासप्तशती चण्डी तथा भागवतका श्लोकहरू स्पष्टसँग लय हालेर पाठ गरको सुनेर उनलाई पनि गीता र चण्डीका श्लोकहरू असाध्यै मन र्पन थाल्यो । तसर्थ घरमा रहदा यतिबेला पनि उनी गीता र चण्डी पढ्दछन् । त्यो प्रभाव दाहालका जीवनमा आजसम्म परेको छ ।[१५] उनको घरमा बुबा मात्र ज्योतिषी नभएर ठूलोबुबा उमनाथ दाहाल, काका नयनाथ दाहाल, ठूलोबुबाको छोराहरू प्राणनाथ दाहाल, टेकनाथ दाहाल र तेजनाथ दाहाल सबैजना प्रखर प्रवक्ता पण्डित भएका हुँदा खेमनाथ दाहाल पनि धार्मिक तथा आस्थावान् रहेका छन् । प्रायः जसो बाल्यावस्थामा घरमा नै रहेका र सबैको माया, ममता संरक्षण तथा स्याहार सुसार पाएकाले उनको बाल्यावस्था सहज तरिकाले बितेको रहेछ भन्ने कुरा पुष्टि हुन्छ ।

## २.३ शिक्षादीक्षा

खेमनाथ दाहालको प्रारम्भकालीन शिक्षा ग्रमीण परिवेशमा आफ्नो घरबाट प्रारम्भ भएको हो । दाहालका पिता ज्योतिषी एवं संस्कृतका ज्ञाता भएको हुँदा बाल्यकालमै संस्कृतका उखान टुक्का र देवनागरीका क, ख आदि वर्णहरू दाहाललाई सिकाउने गर्दथे ।[१६] तर पिताले ज्योतिषी कर्मद्वारा आयआर्जन गर्ने हुँदा प्रायजसो घरमा बस्न पाउदैनथे । तसर्थ दाहालले संस्कृतको पूर्ण ज्ञान आर्जन गर्न पाएनन् । दाहाल सात वर्षको हुँदासम्म जन्मस्थान लाव्री तेह्रथुममा बसेका र उनले जन्मस्थानमा बस्दा आफ्ना दाजुदिदीहरू तथा गाउँले साथीहरूसँग गाउँकै डाडाँगाउँ प्रा.वि. मा स्कुल जाने बानी बसाएका हुन् ।[१७] कुनै औपचारिक पढाई सुरु नगरीकनै धरानमा बसाइँ सरेर आएका दाहालको ताप्लेजुङ मैयाखोला साँगुका गुरु पं. वैजनाथ

---

११. ऐजन ।

१२. ऐजन ।

१३. ऐजन ।

१४. खेमनाथका दाजु कोमलप्रसाद दाहालबाट प्राप्त जानकारी ।

१५. ऐजन ।

१६. ऐजन ।

१७. खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

भट्टराईसँग धरानको घरमा नै गुरुकूलीय पद्धतिबाट प्रारम्भिक शिक्षाको श्रीगणेश भयो ।[१८] करिब दुई वर्षजति गुरुसँग प्रारम्भिक अध्ययन गरेपछि गुरु ताप्लेजुङ गएको हुँदा दाहालले तेह्रथुम खाल्ले भन्ने ठाउँका गुरु केशव ढुङ्गाना सँग लघु कौमुदी, रघुवंश महाकाव्य आदिको करीब एक वर्ष सम्म अध्ययन गरे । त्यसपछि उनी धरानकै पिण्डेश्वर महाविद्यालय (हालको पिण्डेश्वर क्याम्पस) मा अध्ययन गर्न लागे ।[१९] केही समय पछि पुनः गुरुका साथमा ताप्लेजुङ पुऱ्याइएका दाहालले ताप्लेजुङ्गमा नै बाल 'सुबोधिनी संस्कृत महाविद्यालय'मा उही गुरु पं. वैजनाथ भट्टराईसँग शिक्षा आर्जन गर्न लागे । त्यस समयमा दाहालका सहपाठीहरू मदन भण्डारी (स्व. नेता), तुलसी भट्टराई (डा.) आदि थिए ।[२०] यसरी संस्कृत विद्यालयमा कक्षा सात बराबरको शिक्षा गुरुकुलीय पद्धतिबाट आर्जन गरेर दाहालले वि.सं.२०२३ मा धरानको श्री पब्लिक माध्यमिक विद्यालयमा कक्षा आठमा भर्ना भई आफ्नो विद्यालयस्तरीय परीक्षाको सुरुवात गरे । सोही विद्यालयबाट २०२५ सालमा दाहालले एस.एल.सी परीक्षा उत्तीर्ण गरेका हुन् ।[२१]

खेमनाथ दाहालले प्रवीणता प्रमाण पत्र तह काठमाण्डौको त्रिचन्द्र क्याम्पसबाट उत्तीर्ण गरे ।[२२] व्यवस्थापन संकायबाट वि.सं.२०२७ सालमा आई.कम. उत्तीर्ण गरेका दाहालले स्नातक तहको अध्ययन पनि व्यवस्थापन संकायबाट सोही क्याम्पसमा नै गरे भने पारिवारिक समस्याका कारण स्नातक तहको फाइनल परीक्षामा विराटनगरको महेन्द्र मोरङ्ग क्याम्पसबाट सहभागी भई वि.सं.२०३२ सालमा उत्तीर्ण गरे ।[२३] स्नातक तह उत्तीर्ण गरेपछि कवि दाहालले केही समय अध्ययन कार्यलाई स्थगित गरी २०३२ सालमा नै वैवाहिक जीवनमा बाँधिएर गृहस्थी जीवनमा प्रवेश गरे ।[२४] केही वर्ष घरायसी कार्यमा व्यस्त रहेका कवि दाहालले वाणिज्य शास्त्रमा वि.सं.२०४० मा स्नातकोत्तर तह उत्तीर्ण गरेर शिक्षालाई पूरा गरेका छन् ।[२५] यसरी वि.सं. २०२३ मा कक्षा आठबाट विद्यालयस्तरीय शिक्षा प्रारम्भ गरेका दाहालले वि.सं. २०४० मा स्नातकोत्तर तह पनि पूरा गरे ।[२६]

वास्तवमा दाहालका पिताको इच्छा भने दाहाललाई ज्योतिषी नै बनाउने थियो तर गाउँमा कुनैबेला एउटी महिलाले पढिमाग्न ल्याएको अंग्रेजीमा लेखिएको चिठी दाहालले स्पष्ट र तीव्रसँग पढ्न नसक्दा एउटा बोर्डिङ स्कूल पढ्ने विद्यार्थीले स्पष्टसँग पढिदिएको देखेर

---

१८. ऐजन ।
१९. ऐजन ।
२०. ऐजन ।
२१. ऐजन ।
२२. ऐजन ।
२३. ऐजन ।
२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।

उनलाई पनि त्यही बोर्डिङ पढ्ने विद्यार्थी जस्तै अंग्रेजीमा बोल्न र लेख्न सक्ने इच्छा जागेर संस्कृत पढ्न छाडी कमर्स पढ्न लागेका हुन् ।[२७]

यसरी ज्योतिषी बन्न नसकी कमर्स पढेर स्नातकोत्तर तह उत्तीर्ण गरी आफ्नो विषयमा दक्ष बन्दै दाहाल विभिन्न व्यवसायिक कार्यमा लागेको देखिन्छ ।

## २.४ पारिवारिक अवस्था

खेमनाथ दाहालको जन्म वत्स गोत्रीय उच्च ब्राह्मण कूलमा भएको हो ।[२८] यिनको पारिवारिक पृष्ठभूमि आर्थिक रूपले सम्पन्न देखिन्छ । परिवारमा आर्थिक अभाव झेल्नु नपर्ने हुँदा खेती किसानीको काम गर्नमा भन्दा ज्योतिष हेर्ने कार्य गर्नमा नै उनका पिता सोमनाथ दाहाल उत्साहित हुन्थे[२९] । मेहनत पनि कम पर्ने र आय आर्जन पनि राम्रो हुने हुँदा आफ्ना परिवारहरूलाई पण्डित सोमनाथ दाहालले सोही पेशा अँगालेर सुखपूर्वक पालनपोषण गरेका थिए । ज्यो.पं. सोमनाथ दाहाल र पत्नी जानुकादेवी दाहालका पाँच पुत्र र छ पुत्री गरी एघार सन्तानहरू रहेका, जसमध्ये खेमनाथ दाहाल कान्छा सुपुत्र आज साहित्यकार बन्न पुगेका छन् ।[३०] उनका दाजुहरू क्रमशः नीधिनाथ दाहाल, कृष्णप्रसाद दाहाल, कोमलप्रसाद दाहाल र युवराज दाहाल रहेका छन् । साहित्यकार दाहालका दिदीहरू पनि क्रमशः राधा सापकोटा, रन्धता लुइटेल, तुलसादेवी ढुङ्गाना, जमुनादेवी भण्डारी र मोहनकुमारी गौतम रहेका छन् ।[३१] दाहालकी एक मात्र बहिनी थिइन् पार्वता । उनी बाल्यावस्थामै स्वर्गवास भइन् ।[३२] यसरी चारजना दाजुहरू र पाँच जना दिदीहरूबाट अति नै माया, ममता र स्नेह तथा दिदीहरूसँग ज्यादै नै रमाएको प्रसङ्ग साहित्यकार दाहालले बताउनाले पारिवारिक रूपमा ज्यादै मेलमिलाप रहेछ भन्ने कुरा बुझिन्छ ।

## २.५ उपनयन संस्कार

खेमनाथ दाहालको उपनयन संस्कार (व्रतबन्ध) वैदिक सनातन हिन्दु धर्मको नियम र परम्पराअनुसार वि.सं. २०१८ मा उनी ९ वर्षको हुँदा सुनसरीको धरान भन्ने ठाँउमा भएको हो ।[३३] दाहाललाई आफ्नै पिता ज्यो.पं. सोमनाथ दाहालले गायत्री मन्त्रको उपदेश गरेका थिए । उनी ब्राह्मण जातिका भएको हुँदा व्रतबन्ध पनि ब्राह्मण विधि र संस्कृतिअनुसार नै भएको थियो ।[३४] दाहाल आज पनि हिन्दु धर्मप्रति अति नै आस्था राख्दछन् । उनको मूल धर्म भनेको

---

२७. ऐजन ।

२८. खेमनाथका दाजु कोमलप्रसाद दाहालबाट प्राप्त जानकारी ।

२९. ऐजन ।

३०. ऐजन

३१ . खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

३२. ऐजन ।

३३. ऐजन ।

३४. ऐजन ।

हिन्दु नै हो । विशेषगरी ब्रह्मा, विष्णु र शिवको भक्ति गर्ने, विष्णु पाञ्चायन देवताको आराधना गर्ने, श्रीमद्‌भगवद्‌गीता र सप्तशती चण्डी पाठ गर्ने, गीताको ज्ञानलाई हृदयङ्गम गर्दै प्रसन्न रहने कवि दाहालको दीनचर्या रहेको छ ।[३५] उनका परिवारका अन्य सदस्यहरू पनि हिन्दु धर्ममा नै आस्था राख्छन् । हिन्दु धर्ममा अखण्ड आस्था राख्दै जीवनभर सरस्वतीको उपासना गरेर साहित्य सिर्जना गरिरहने कवि दाहालको इच्छा छ ।[३६]

## २.६ दाम्पत्य जीवन र सन्तान

खेमनाथ दाहालको विवाह वि.सं. २०३२ सालमा भएको हो ।[३७] पुर्ख्यौली स्थान भोजपुर रहेका स्व.इन्द्रबहादुर कार्की र दीव्यकुमारी कार्कीकी सुपुत्री उषासँग दाहालले विवाह गरेका हुन् । कार्की परिवारको पुर्ख्यौली भोजपुर भएता पनि हाल विराटनगरको जनपथ टोलमा बसोबास गर्दै गरेको र कवि दाहालको २०३२ सालमा विराटननगरमा नै विवाह भएको हो ।[३८] खेमनाथ र उषा दाहालका एक छोरा र एक छोरी रहेका छन् । उनका छोरा जिनेश दाहाल हाल अमेरिकामा इन्जिनियर छन् भने उनकी छोरी जिनु दाहालको सिन्धुली पुर्ख्यौली घर भई हाल अमेरिका बसोबास गर्ने उदेश गजुरेलका साथमा विवाह सम्पन्न भएको छ ।[३९] उदेश र जिनु हाल अमेरिकामा नै बसोबास गरिरहेका छन् । यसरी दुई सन्तान टाढा टाढा भएका कारण कवि दाहाल कहिले विराटनगर, कहिले काठमाण्डौ त कहिले अमेरिका घुम्दै आफ्नी पत्नीका साथमा रहने गर्दछन् ।[४०]

## २.७ रुचि तथा स्वभाव र बानीव्यवहार

खेमनाथ दाहाल बाल्यकालदेखि नै सरल र मिजासिलो स्वभावका रहेका छन् । कसैलाई नराम्रो नभन्ने, सबैको हित चिताउने, भद्र र नम्र स्वभावका दाहाल सानैदेखि गुरुहरूसँग बस्न र धार्मिक प्रवचनहरू तथा कथाहरू सुन्न रुचाउँछन् ।[४१] विद्यालय जीवनमा प्रवेश गरेपछि पनि पाठ्यपुस्तकमा भएका कथा, कविताहरू पढ्न र लय हालेर वाचन गर्न पाउँदा औधी रमाउने बानी दाहालको रह्यो । करिब दश वर्षको हुँदादेखि नै कविता लेख्ने सोख भएका दाहाल देवकोटा र लेखनाथ पौड्यालका कविताहरूलाई ज्यादै नै ध्यान दिएर अध्ययन गर्ने तथा बारम्बार वाचन गर्ने गर्दथे । दाहालको मुख्य रुचि भनेको अध्ययन, मनन,

---

३५. ऐजन ।
३६. ऐजन ।
३७. ऐजन ।
३८. खेमनाथ दाहालकी श्रीमती उषा दाहालबाट प्राप्त जानकारी ।
३९. ऐजन ।
४०. ऐजन ।
४१. खेमनाथका दाजु कोमलप्रसाद दाहालबाट प्राप्त जानकारी ।

चिन्तन र लेखन रहेको पाइन्छ ।[४२] साहित्यका सबै विधालाई प्रारम्भदेखि हालसम्म नै अति नै मन पराउने दाहाल विशेष गरी कविता विधालाई आफ्नो दिल छुने विधा सम्झन्छन् ।[४३]

साना, ठूला, वृद्ध, युवा सबैसँग मिल्न रुचाउने दाहाल गरिब, दुःखी, अशिक्षित र पीडितहरूलाई कसरी सहयोग गर्ने भन्ने कुरामा सधैँ चिन्तित रहन्छन् । नेपाली साहित्यलाई आफ्नो प्राण सम्झिने दाहालले विशेष गरी कविता विधालाई आत्मसात गरेका छन् ।[४४] करिब दश वर्षको हुँदा धरान बजारमा पहिलोपल्ट बिजुली बत्ती बलेको देखेर उनले 'धरानमा बिजुली बल्यो' भन्ने कविता लेखेका थिए ।[४५] त्यसपछि उनलाई कविता लेख्ने रुचि बढेको देखिन्छ । धेरैजसो समय अध्ययन, मनन र पत्रपत्रिका पढ्नमा बिताउने साहित्यकार दाहाल टेलिभिजन समाचार हेर्न, सुन्न र चेतनामूलक कार्यक्रम हेर्नमा रुचि राख्छन् । कुनै प्रकारका चुरोट, खैनी, हुक्का, तमाखु तथा मदिरा आदिको अम्मल नभएका दाहालको अम्मल भनेको चिया पिउने तथा पत्रपत्रिका र साहित्यिक कृतिहरूको अध्ययन गर्ने रहेको छ ।[४६] वर्तमानमा दाहाल मधुमेह रोगबाट पीडित छन् ।[४७]

दाहालको मनपर्ने रङ्ग रातो र नीलो भएका कारण पोषाकहरू प्रायः जसो त्यस्तै रङ्गका पहिरन्छन् । खानामा नेपाली खाना दाल, भात, तरकारी मन पराउने दाहाल आफ्नो जीवन प्रति सदैव सकारात्मक दृष्टिकोण राख्दछन् ।[४८] सदैव नम्र बोली र हँसिलो चेहराले गर्दा सबैलाई मुग्ध पार्ने स्वभाव कवि दाहालको रहेको छ । रिस भनेको मान्छेको शत्रु हो, देश भनेको घर हो र सम्पूर्ण नेपालीहरू भनेका हाम्रा परिवार हुन् भन्ने विचार राख्ने कवि दाहाल भावुक र दयावान् छन् । अर्काको दुःख कदापि देख्न नसक्ने दाहाल सबैलाई रिस, द्वेष र ईर्ष्या भाव त्याग्ने प्रेरणा दिन्छन् ।[४९]

झलक्क हेर्दा सानदार पहिरन र आकर्षक भेषभुषामा सजिएको देखिने दाहालको स्वभाव भने ज्यादै सरल, सहज र नम्र पाइन्छ । दाहालका दृष्टिमा जात भात भनेको केही होइन । सबै समान र बराबर छन् । छोरा र छोरी बीचमा भेदभाव नगर्ने, दुवैलाई समान व्यवहार गर्ने बानी दाहालको छ ।[५०] उनी प्रकृतिप्रेमी रहेका छन् । जहाँ बसोबास गर्‍यो त्यहीँको परिवेशसँग मिल्दाजुल्दा साहित्य सिर्जना गर्ने र आफ्ना सङ्गीलाई सुनाउने उनको बानी छ । उनका कतिपय फुटकर कविता र लेख रचनाहरू त्यसै हराएका पनि छन् जसले गर्दा कवि दाहालको

---

४२. ऐजन ।

४३ . ऐजन ।

४४. खेमनाथका भतिज पुरुषोत्तम दाहालबाट प्राप्त जानकारी ।

४५. खेमनाथ दाहालबाट प्राप्त जानकारी ।

४६. खेमनाथ दाहाल 'अन्तर्वार्ता' **जनमत** (वर्ष २६, अङ्क ९, २०६६ असोज) पृ. ३८ ।

४७. ऐजन ।

४८. खेमनाथ दाहालबाट प्राप्त जानकारी ।

४९. ऐजन ।

५०. ऐजन ।

सङ्ग्रह गर्ने बानी छैन कि जस्तो लाग्दछ ।[५१] उनी आफ्ना आगन्तुक तथा पाहुनाहरूलाई ज्यादै सत्कार गर्छन् भने सदैव सबैको सहयोग गर्नमा तत्पर हुन्छन् ।[५२]

## २.८ कार्यक्षेत्रमा प्रवेश

### २.८.१ जागिरे जीवन र अन्य व्यवसाय

वाणिज्यशास्त्रबाट स्नातकोत्तर उत्तीर्ण गरेका साहित्यकार खेमनाथ दाहालले लामो समयसम्म सरकारी सेवा गरेको देखिँदैन । वि.सं. २०३२/३३ सालतिर जिल्ला शिक्षा कार्यालय मोरङ्गमा सुब्बा पदमा रही अस्थायी रूपमा केवल एक डेढ वर्ष जागिरे जीवन दाहालले बिताएको पाइन्छ ।[५३] पारिवारिक रूपमा सम्पन्न रहेका र जागिरको कुनै महत्व नदेख्ने पिता माता भएका कारण आफूले जागिरको खोजी नै नगरेको कुरा दाहाल बताउँछन् ।

समय गुजारा गर्नका लागि मेट्रो ट्रेनिङ्ग कम्पनीको डिलर राखेर विराटनगरमा धेरै समय व्यवसाय गरेको र वि.सं.२०४३/४४ तिर निर्माण व्यवसायी संघ विराटनगरका सचिव भएर विभिन्न भवन तथा संरचनाहरू निर्माणको जिम्मेवारी लिएर दाहालले कार्य गरेका थिए ।[५४] तत् पश्चात् काठमाण्डौमा आएर खद्यान्न तथा पेय पदार्थसम्बन्धी दाहालले व्यवसाय गरेको देखिन्छ ।[५५]

### २.८.२ सामाजिक कार्यमा संलग्नता

आफ्नो परिवार पहिलेदेखि नै सम्पन्न र शिक्षित भएका कारण शिक्षा सबैले आर्जन गर्न पाउनुपर्छ भन्ने मान्यता कवि दाहालको रहेको थियो ।[५६] समाजमा गरिब वर्गप्रतिको सहानुभूति र सबै बाल बालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने अभियानमा कवि दाहाल पनि सक्रीय रहेका छन् ।[५७] बाल बालिकाको श्रमशोषण गर्नु हुँदैन, सबैले सभ्य र चेतनशील हुनुपर्दछ, सबैमा राम्रो व्यवहार गर्नुपर्दछ भन्ने चेतना फैलाउँदै कवि दाहाल समाज सेवामा लागेको कुरा बुझिन्छ ।[५८] मानव अधिकार मञ्चका आजीवन सदस्य, दाहाल सेवा प्रतिष्ठानका आजीवन सदस्य र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सि.मा संलग्न रहेका

---

५१. ऐजन ।

५२. खेमनाथका दाजु कोमलप्रसाद दाहालबाट प्राप्त जानकारी ।

५३. खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

५४. ऐजन ।

५५. ऐजन ।

५६. ऐजन

५७. ऐजन ।

५८. खेमनाथ दाहालबाट प्राप्त जानकारी ।

कवि दाहालले आफ्नो जीवनलाई नै मानव अधिकारको रक्षा, समाज सेवा र साहित्य सिर्जना गर्नमा समर्पण गरेको देखिन्छ ।[५९]

## २.९ भ्रमण

खेमनाथ दाहालले स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । तेरथुमको लाव्रीलाई सात वर्षको हुँदा छोडेर धरान हुँदै ताप्लेजुङसम्म पुगी अध्ययन गरेका दाहाल नेपालका पचहत्तर जिल्लाहरू मध्ये करिब चालिस जिल्लाहरूमा पुगेका छन् भने मित्रराष्ट्रहरू तथा समुद्रपारिका देशहरूको पनि भ्रमण गरेका छन् ।[६०] मित्रराष्ट्र भारतका विभिन्न स्थानहरूमा तीर्थयात्राका प्रसङ्गले तथा अन्य विविध कारणहरूले भ्रमण गरिरहने कवि दाहालले यसका अतिरिक्त थाइलैण्ड, कोरीया तथा अमेरिकाको पनि भ्रमण गरेका छन् ।[६१] कवि दाहालका पुत्र जिनेश र पुत्री जिनु अमेरिकामा बसोबास गर्ने हुँदा दाहाल दम्पती पटक पटक अमेरिका भ्रमणमा जाने र त्यहाँका विभिन्न स्थानहरूमा भ्रमण गर्ने तथा त्यहाँका स्थानीय कवि साहित्यकार हरूले आयोजना गर्ने बिबिध साहित्यक कार्यक्रमहरूमा गएर आफ्ना कविताहरू सुनाउने गरेका छन् ।[६२] उनको हार्वडको चौतारीमा नियात्रात्मक कविता सङ्ग्रह उनी अमेरिका भ्रमणकै क्रममा हार्वड युनिभर्सिटी लगायत अमेरिकाका विविध स्थानहरूको भ्रमणका अवस्थामा लेखिएको कृति हो ।[६३]

## २.१० सम्मान तथा पुरस्कार

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मान तथा पुरस्कारहरू कवि दाहाललाई हालसम्म कुनै प्राप्त नभएता पनि सानातिना पुरस्कारहरू र सामाजिक रूपमा सम्मानहरू भने अवश्य प्राप्त भएका छन् । विद्यालयमा आयोजित कविता  वाचन प्रतियोगीतामा सदैव प्रथम तथा द्वितीय पुरस्कार प्राप्त गर्न कवि दाहाल सफल हुन्थे ।[६४] कहिले दोसल्ला र कहिले मायाको चिनो प्राप्त गर्दै धेरै पटक कवि दाहाल समाजबाट, संघसंस्थाबाट र विद्यालयहरूबाट सम्मानित भएका छन् ।[६५] उनका अति नै उच्च कोटीका कृतिहरू प्रकाशित भएता पनि त्यसको प्रचार व्यापक रूपमा नभएको र उच्च निकायहरूबाट त्यस्ता कृतिहरूमा दृष्टि नपुगेको हुँदा कवि दाहाल राष्ट्रियस्तरका सम्मानबाट हालसम्म वञ्चित भइरहेको कुरा अनुमान गर्न सकिन्छ । नत्र भने 'योद्धा' जस्तो उच्च कोटीको काव्य र 'श्वेतपत्र' जस्तो राष्ट्रिय एकता र देशभक्ति भावले ओतप्रोत भएको 'महाकाव्य' जस्ता कृतिका लेखक अवश्य पनि राष्ट्रिय सम्मानबाट हालसम्म वञ्चित हुनुपर्ने थिएन ।

---

५९. ऐजन ।

६०. खेमनाथकी श्रीमती उषा दाहालबाट प्राप्त जनकारी ।

६१. ऐजन ।

६२. ऐजन ।

६३ खेमनाथ दाहालबाट प्राप्त जानकारी ।

६४. ऐजन।

६५. ऐजन ।

## २.११ बसोबास तथा आर्थिक अवस्था

कवि खेमनाथ दाहाल ग्रामीण परिवेशमा जन्मिएता पनि आफ्ना हजुरबुबाका समयदेखि नै प्रशस्त जग्गा जमिन र मुआब्जा भएका कारण सम्पन्न परिवारका देखिन्छन् । पिता ज्यो.पं. सोमनाथ दाहाल नेपालमा मात्र नभएर भारतमा पनि ख्याती प्राप्त ज्योतिषी रहेका कारण त्यो पेशाबाट प्रशस्त धनसम्पति आर्जन गरेका थिए ।[६६] उनले आफ्ना सन्तानहरूलाई कुनै पनि दुःखको अनुभव हुन नदिई सुखसँग राखेका थिए । आफ्नो जीवनमा बाल्यावस्थादेखि नै कुनै प्रकारको दुःख खेप्नु नपरेको र आर्थिक अभावमा फस्नु नपरेको हुँदा कवि दाहालले जागिर खाएर आयस्रोतलाई बढाउनु पर्छ भन्ने महशुस नै गरेनन् ।[६७] जागिरमा लाग्दा बन्धनमा परिन्छ भन्ने सोच राख्ने कवि दाहालका परिवारमा आफ्नो गृहस्थी राम्रोसँग चलेको छ भने किन अरु आयस्रोत खाज्ने, बरु त्यसको सट्टामा समाजसेवा र साहित्यिक चिन्तन गर्नु श्रेयस्कर हुन्छ भन्ने मान्यता राख्दथे ।[६८] पिताका समयदेखि नै शिक्षा आर्जन गर्नु सबैभन्दा ठूलो धन हो भन्ने मान्यता रहेको हुँदा कवि दाहालका पारिवारिक सदस्यहरू शिक्षा आर्जनमा नै तल्लीन रहेका देखिन्छन् । पिता पूर्खाकै सम्पतिबाट जीविकोपार्जन गर्दै तेरथुमको लाब्रीबाट सुनसरीको धरान एवं चक्रघट्टी हुँदै मोरङको तीनटोलियामा आएर स्थायी बसोबास गरेका दाहालको तिनटोलियामा नै एउटा सुन्दर घर रहेको छ ।[६९] चक्रघट्टी तिर जग्गा जमिन रहेको र त्यहाँको अन्नबालीबाट जीवनयापन गर्दै आफू व्यापार व्यवसाय गर्ने तथा देश विदेश भ्रमण गर्ने कार्यमा व्यस्त रहेको कवि दाहाल बताउँछन् ।

खेमनाथ दाहालको विराटनगर तीनटोलिया स्थित घर र त्यहाँको रहन सहन हेर्दा आर्थिक रूपमा मजबुत रहेको देखिन्छ । उनले विराटनगर र काठमाण्डौ बारम्बार आउनेजाने गर्नुपर्ने हुँदा केही वर्ष अगाडि ललितपुरको बालकुमारी स्थित सनराइज कोलोनीमा एउटा फ्ल्याट पनि खरिद गरेका छन् ।[७०] उपत्यकामा रहनुपर्दा कवि दाहाल सोही कोलोनी स्थित आफ्नै फ्ल्याटमा बस्ने गर्छन् । दाहालका छोरा जिनेश र छोरी जीनु अमेरिकामा बस्ने हुँदा दाहाल कहिले अमेरिका, कहिले काठमाण्डौ त कहिले विराटनगर गरी घुमिघुमी बस्ने गर्दछन् ।[७१] यसरी सुख, शान्ति र आनन्दपूर्वक रहेको देख्दा कवि दाहाल आर्थिक रूपमा सम्पन्न छन् भन्ने कुरा पुष्टि हुन्छ ।

## २.१२ दुःख र सुखका क्षण

कुनै पनि व्यक्तिका जीवनमा सुख र दुःख भइरहन्छ । कहिले सुखमा पनि परम सुखको अनुभव मान्छे गर्दछ भने कहिले धेरै ठूलो दुःख पनि खेप्नुपर्दछ । यस्ता अनेकौं सुख र दुःखका अवस्थाहरू मध्येमा पनि कदापि बिर्सन नसक्ने त्यस्ता क्षणहरू हुन्छन् जुन क्षणहरू मानिसका

---

६६. ऐजन ।

६७. ऐजन ।

६८. ऐजन ।

६९. ऐजन ।

७०. खेमनाथकी श्रीमती उषा दाहालबाट प्राप्त जानकारी ।

७१. ऐजन ।

हृदयमा रहन्छन् र स्मरणपटलमा बारम्बार आइरहन्छन् । कवि खेमनाथ दाहालका पनि यस्ता दुवै प्रकारका क्षणहरू रहेका छन् ।

कवि खेमनाथ दाहालको जीवनमा दुईवटा घटनाले अति नै धेरै दुःखको अनुभव गराएका छन् । पहिलो घटना त आफ्ना पिता ज्यो पं.सोमनाथ दाहालले जब आफ्नो पार्थिव शरीरलाई त्यागेर परंपदको यात्रामा लागेका थिए त्यस अवस्थाको पितृवियोगजन्य दुःखले कवि दाहाल आज पनि भावुक बन्दछन् ।[७२] संसारमा हरेक वस्तु प्राप्त गर्न सकिन्छ । सम्पत्ति भएमा विश्वका कुना कुनामा पुगेर सुख आनन्दको अनुभूति गर्न सकिन्छ तर आफूलाई जन्म दिने माता पिता कदापि प्राप्त गर्न सकिँदैन । यस्ता आफ्ना जन्मदाता परमपूज्जनीय पिता सोमनाथ दाहालको जब विराटनगरमा वि.सं. २०३६ मा देहावसान भयो त्यस दुःखदायी क्षण आज पनि कवि दाहालमा स्मरणीय छ ।[७३]

यसैगरी कवि दाहालको जीवनमा अर्को दुःखदायी क्षण पनि रहेको कुरा दाहाल बताउँछन् । करिब वि.सं.२०५९/६० तिरको प्रसंग हो, दाहालले एउटी उर्मिला नाम गरेकी कान्छी उपनामले बोलाइने अनाथ केटीलाई छोरी सरह स्नेह र ममता गरेर ३/४ वर्ष पहिलेदेखि पालनपोषण गरेका थिए । उसकी आमा उपाध्याय ब्राह्मण कूलकी पोखरेलकी छोरी रहेकी थिइन् ।[७४] कुनै परपुरुषसँग सम्बन्ध बढाएर छोरीलाई बाल्यावस्थादेखि नै बेवास्ता गरेकी हुँदा त्यस बच्चीले धेरै दुःख पाएकी रहिछे । यसरी दुःखको जीवन भोग्न बाध्य तुल्याइएकी बालिका उर्मिलालाई संयोगवस कवि दाहालले फेला पारेर आफ्नो घरमा ल्याई पालनपोषण गर्न लागेका थिए ।[७५] अति नै स्नेह र ममताका साथ पालन गर्दै उचित शिक्षादीक्षा पनि दिँदै घरमा राखेकी उर्मिला करिब एघार वर्ष पुग्दा एक दिन अचानक बिरामी भई । उपचारका लागि झटपट काठमाण्डौको वीर अस्पतालमा ल्याएर कवि दाहालले ३०/३५ दिनसम्म राखी औषधोपचार गराउँदा गराउँदै पनि बिराम सन्चो नभएपछि अन्यत्रै लान डाक्टरहरूसँग परामर्श लिदाँलिदै उर्मिलाको मृत्यु भयो ।[७६] यसरी एउटा अनाथ बच्चीलाई पुत्रीसरह स्नेह दिएर पालनपोषण गर्दागर्दै दिमाग सम्बन्धी रोग लागेर उपचारका क्रममा जब वीर अस्पतालमा नै मृत्यु भएको थियो । त्यो मृत्युको दुःखद् र कारुणिक क्षणले आज पनि कवि दाहालका आँखामा अश्रुधारा ल्याइदिन्छ र त्यो क्षण दुःखको क्षण भएर हालसम्म अविस्मरणीय भएको छ ।[७७]

यसैगरी खेमनाथ दाहालका दुःखका क्षणहरू जस्तै सुखका क्षणहरू पनि रहेका छन् । कवि खेमनाथ दाहालले आफूलाई साहित्य जगत्मा प्रवेश गराउने मार्गदर्शकका रूपमा हाम्रा महान् साहित्यचिन्तक कविशिरोमणी लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदिका कविता साहित्यलाई मानेका छन् । लेखनाथ र देवकोटाका कविताहरू पटक पटक

---

७२. खेमनाथ दाहालबाट प्राप्त जानकारी ।

७३. ऐजन ।

७४. ऐजन ।

७५. ऐजन ।

७६. ऐजन ।

७७. ऐजन ।

लय हालेर पढ्ने र आफू पनि यस्तै कविता लेख्छु भन्ने उद्देश्य राख्ने दाहालले जब आफ्नो प्रथम कृति श्रद्धाञ्जलि (२०५४) कविता सङ्ग्रह प्रकाशित गरे त्यस दिन उनलाई साँच्चै नै सुखको अनुभव भएको थियो ।[७८]

यसैगरी उनको तेस्रो कृति योद्धा (२०६०) काव्य जब प्रकाशित भयो त्यस दिन उनको सबैभन्दा सुखको दिन हो ।[७९] योद्धाले त्यस भन्दा पहिलेका दुई कृतिहरू श्रद्धाञ्जलि र रश्मिमा भएका त्रुटि तथा कमजोरीका खाल्डाहरूलाई पुरिदिएको छ । सारा दोषहरू मिटाइदिएको छ भने दाहाललाई कवि बनाएको छ । योद्धामा कवि खेमनाथ दाहालको वास्तविक कवित्व झल्किएको छ । तसर्थ उनको योद्धा प्रकाशित भएको दिन नै सबैभन्दा चरम सुखको दिन हो । त्यसमा पनि कविवर माधवप्रसाद घिमिरे र प्रा.दैवज्ञराज न्यौपानेले दिएको स्याबासीको क्षण अविस्मरणीय सुखको क्षण हो ।[८०]

## २.१३ लेखन

### २.१३.१ लेखनका लागि प्रेरणा र प्रभाव

खेमनाथ दाहाल आठ, नौ वर्षको हुँदा जब धरानमा बस्दथे त्यसबेला आफ्ना गुरु पं.वैजनाथ भट्टराईले लय हालेर वाचन गरेका संस्कृतका श्लोकहरूबाट ज्यादै प्रभावित बन्थे । विशेष गरी अनुष्टुप छन्दमा रहेका श्रीमद्भगवद् गीताका दिव्य पङ्क्तीहरू तथा दुर्गा सप्तशती चण्डीका श्लोकहरूले उनलाई ज्यादै मोहित तुल्याउँथ्यो ।[८१] आफ्ना प्रथम गुरु पं.वैजनाथ भट्टराईका यी मधुर वाणीहरूले उत्साह र उमंग जगाउँथ्यो । यस्तै दिव्य लयमा उच्चारण हुने श्लोकहरू कसरी रचना गर्न सकिएला भनेर दाहाल चिन्तन गर्न लाग्दथे र नेपाली भाषामा शब्दहरू कोर्दथे । यसरी सबैभन्दा पहिले आफ्ना गुरुका वाणीहरूले साहित्यिक प्रेरणा मिलेको र पछि गएर कवि लेखनाथ पौडयालका तथा देवकोटाका कविताहरू लय हालेर पढ्दा पढ्दै उनलाई कविता लेखनका लागि प्रेरणा जागृत भएको हो ।[८२] खेमनाथ दाहालले कल्पनामा डुबेर शब्दहरू कोर्दा कोर्दै सबैभन्दा पहिले 'धरानमा बिजुली बल्यो' भन्ने कविता लेखेको र त्यो कविता आफ्ना सहपाठी तथा गुरुवर्गलाई सुनाउँदा स्याबासी पाएर साहित्य लेखनमा अझ बढी प्रेरणा प्राप्त भएको हो ।[८३]

यसरी फुटकर कविताहरू लेख्ने क्रम बढ्दै जाँदा वि.सं. २०२४ मा धरान नगर पञ्चायतले साक्षरता दिवसको अवसरमा आयोजना गरेको कविता वाचन प्रतियोगितामा 'साक्षरता' शीर्षकको कविता सुनाएर दोस्रो पुरस्कार पाउन सफल भएबाट अझ बढी हौसला

७८. ऐजन ।
७९. ऐजन ।
८०. ऐजन ।
८१. ऐजन ।
८२. ऐजन ।
८३. खेमनाथ दाहाल 'अन्तर्वार्ता' **जनमत,** पूर्ववत्, पृ. ३७ ।

तथा उमंग जागृत भयो ।[८४] यस्ता प्रकारले बिस्तारी बिस्तारी आफ्ना सहपाठीहरू, गुरुवर्ग तथा सामाजिक व्यक्तित्वहरूको हौसला र प्रोत्साहनले गर्दा आज कवि दाहालले महाकाव्य सम्मको यात्रा पूरा गर्न सफल भएका छन् ।

### २.१३.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

खेमनाथ दाहालको लेखन यात्रामा प्रारम्भ कालका कतिपय लेख, रचना तथा कविताहरू संरक्षणको अभावमा अप्राप्य अवस्थामा पुगेको दाहाल बताउँछन् । उनको लेखनको प्रारम्भ करिब वि.सं.२०१८ बाट नै भएतापनि वि.सं.२०४० पछिका कविता तथा लेख, रचनाहरू मात्र कृतिका रूपमा प्रकाशित भएका छन् ।[८५] उनले कविताहरू लेख्दै, संकलन गर्दै विविध सार्वजनिक कार्यक्रमहरूमा वाचन गर्दै धेरै समय बिताए भने वि.सं. २०५४ देखि मात्र उनमा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । उनले श्रद्धाञ्जलि (वि.सं.२०५४) कविता सङ्ग्रहबाट मात्र आफ्ना रचनाहरूलाई प्रकाशन तर्फ डोहोऱ्याएका छन् ।[८६]

### २.१३.३ प्रकाशित कृतिहरू

कवि खेमनाथ दाहालका पाँचवटा कृतिहरू प्रकाशित छन् । जसमा कविता सङ्ग्रहदेखि महाकाव्य सम्मका कृतिहरू पर्दछन् । उनका प्रकाशित कृतिहरूलाई तालिकामा तल प्रस्तुत गरिएको छ :

| प्रकाशित कृति | विधा | प्रकाशन स्रोत | प्रकाशन मिति |
|---|---|---|---|
| १, श्रद्धाञ्जलि | कविता सङ्ग्रह | श्रीमती उषा दाहाल | वि.सं.२०५४ |
| २, रश्मि | खण्डकाव्य | कोमलप्रसाद दाहाल,<br>माया दाहाल,<br>उषा दाहाल | वि.सं.२०५६ |
| ३, योद्धा | काव्य | कोमलप्रसाद दाहाल,<br>माया दाहाल,<br>उषा दाहाल | वि.सं.२०६० |
| ४,हावर्डको चौतारीमा | नियात्रात्मक कविता सङ्ग्रह | बगर फाउन्डेसन नेपाल | वि.सं.२०६४ |
| ५, श्वेतपत्र | महाकाव्य | उषा दाहाल | वि.सं.२०६७ |

८४. ऐजन ।

८५. खेमनाथकी पत्नी उषा दाहालबाट प्राप्त जानकारी ।

८६. ऐजन ।

## २.१४ खेमनाथ दाहालको साहित्यिक अवधारणा र मान्यता

खेमनाथ दाहाल देशप्रेमी भावनाले भरिपूर्ण भएका साहित्यकारका साथै राष्ट्रवादी कवि हुन् । उनले हाम्रो देशमा भएको चौतर्फी प्रहारको भर्त्सना गर्दै नेपाली साहित्यलाई अग्रगामी र प्रगतिशील बनाउने चेष्टा गरेका छन् । साहित्यमा पुरानै कुराहरू दाहोरिनु भन्दा नयाँ नयाँ चेतना फैलाएर साहित्यमार्फत मान्छेको तेस्रो आँखा खोल्नसक्नुपर्छ भने धारणा दाहाल राख्छन् । साहित्य भनेको मानवीय अनुभूतिको ऐना हो[८७] भन्ने परिभाषा गर्ने साहित्यकार दाहालले विश्व बन्धुत्वको अवधारणालाई साहित्यमा अग्रस्थान दिइनुपर्छ भन्ने मान्यता राखेका छन् ।

साहित्य समाजको प्रतिबिम्ब हो जसले युगपर्यन्त समाजको भाव र चिन्तनको प्रतिनिधित्व गर्दछ भन्ने अवधारणा दाहालको छ ।[८८] सुषुप्त चेतनालाई समेत तरंगित गरी जागृतिको मार्गतिर लम्काउनसक्ने सृजनालाई उत्कृष्ट सृजना ठान्नुपर्ने मान्यता कवि राख्दछन् ।[८९] उनकाअनुसार साहित्यकारको दायित्व भनेको क्षणिक आत्म सन्तुष्टिको लागि नभई युगौंसम्म बाँच्नसक्ने जन जागृतिको संवाहक साहित्य निर्माण गर्नु हो ।[९०]

साहित्यबाट युगान्तकारी परिवर्तन आउन सक्छ । कहिलेकाँही साहित्यलाई राजनीतिले प्रभाव पार्दछ भने राजनीतिलाई साहित्यले पनि प्रभाव पार्दछ नै । साहित्यभित्र राजनीति अटाउन सक्छ तर राजनीति भित्र साहित्य अटाउन सक्दैन । साहित्य कला हो भने राजनीति एक प्रकारको व्यवहारिक विज्ञान हो ।[९१]

कुनै प्रकारका राजनीतिबाट आफू प्रभावित नहुने र राजनैतिक बादको पछाडि नलागी राष्ट्रवाद र नेपालवादलाई आत्मसाथ गर्दै कविता काव्य तथा महाकाव्य रचना गर्ने परम लक्ष्य दाहालको रहेको छ ।[९२]

असल साहित्यकार बन्नका लागि लगन, चिन्तन, मनन र अध्ययनको सम्मिश्रण हुनु अत्यावश्यक छ भन्ने मान्यता राख्ने दाहाल नेपाली साहित्य र साहित्यिक संस्थाप्रति भएको सरकारी नियन्त्रण र निर्देशनपूर्ण कार्यशैलीले साहित्यलाई धरासायी तुल्याउने हुँदा साहित्य स्वतन्त्र र प्राज्ञिक थलो हुनुपर्छ भन्ने अवधारणा राख्दछन् ।[९३]

यसरी खेमनाथ दाहालको जीवनीका विविध घटनाहरू साहित्यक्षेत्रमा प्रवेशगर्न चाहनेहरूका लागि प्रेरणाको स्रोत बनेका छन् भने साहित्य सिर्जना गर्न चाहने जो कोहीका लागि पनि कवि दाहाल असल मार्गनिर्देशक हुनेछन् भन्ने कुरामा विमति छैन । यसको पुष्टि उनको जीवनीको अध्ययन र दाहालको साहित्यिक अवधारणा तथा मान्यताबाट भएको छ ।

---

८७. खेमनाथ दाहाल 'अन्तर्वार्ता' **जनमत,** पूर्ववत्, पृ.३८ ।
८८. ऐजन पृ. ३७ ।
८९. ऐजन ।
९०. ऐजन ।
९१. ऐजन ।
९२. खेमनाथ दाहालबाट प्राप्त जानकारी ।
९३. खेमनाथ दाहाल, अन्तर्वार्ता**, जनमत** , पूर्ववत् , पृ. ३८ ।

# तेस्रो परिच्छेद
# खेमनाथ दाहालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व भनेको व्यक्तिमा हुने गुण, दोष, जीवनका आरोह, अवरोह तथा विभिन्न अवस्था र व्यक्तिमा हुने धर्म हो । हरेक व्यक्तिको व्यक्तित्व उसको जीवनमा आईपर्ने सुख, दुःख, हर्ष, खुशी तथा उसका क्रिया प्रतिक्रियाबाट निर्धारण भएको हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।[९४] यसरी निर्माण भएको व्यक्तित्व जन्मजात आर्जित विन्यास एवं प्रवृत्तिहरूको समूह हो । परिस्थिति अनुकूल चल्नसक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्नसक्ने व्यक्ति भित्र निहित प्रतिभा नै व्यक्तित्व हो र व्यक्तिका जीवनका विभिन्न पक्षले उसको व्यक्तित्वको निर्माण गर्छ । व्यक्तित्व भनेको समाजको पहिचान हो । कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ ।[९५] सामान्यतया व्यक्तित्व दुई प्रकारको हुन्छ :

(१) निजी व्यक्तित्व
(२) सार्वजनिक व्यक्तित्व

व्यक्तिका व्यक्तिगत अथवा निजी व्यवहारसँग सम्बद्ध विषयलाई निजी व्यक्तित्व भनिन्छ । निजी व्यक्तित्वको पहिचान आन्तरिक तथा बाह्यपक्षबाट हुन्छ । यसैगरी मानिस सामाजिक व्यक्ति भएका कारण समाजमा नै जन्मदेखि मरणपर्यन्त रहनुपर्छ । मानिसले समाजमा रहेर सामाजिक प्राणीका रूपमा समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । खेमनाथ दाहालले हालसम्म साहित्यमा सामाजिक धार्मिक इत्यादि क्षेत्रमा काम गरेर व्यक्तित्व निर्माण गरेका छन् । दाहालको शारीरिक तथा उनले विविध कार्यहरूको आधारमा उनका व्यक्तित्वका विभिन्न पाटाहरूको चर्चा गरिन्छ ।


## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

आफ्नो कार्यप्रति सदैव लगनशील र मेहनतका साथ लागिरहने सक्रीय कवि खेमनाथ दाहालको शारीरिक साहित्यिक, धार्मिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयामिक व्यक्तित्वको निर्माण भएको छ ।
उनको व्यक्तित्वलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

---

१. रामबहादुर बोगटी, **बल्लभमणि दाहालको जीवनी व्यक्तित्व र कृतित्व** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. २०६२), पृ.४६ ।

२. ऐजन ।




## ३.३ निजी व्यक्तित्व

प्रत्येक व्यक्तिमा आआफ्नै आनिबानी तथा व्यवहार हुन्छ । व्यक्तिको अनिबानी, व्यवहार तथा उसको शारीरिक अवस्थासँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले व्यक्तिको बाहिरी आकार प्रकार, बनोट, आन्तरिक आचरण, शील स्वभाव तथा व्यवहार आदिको बोध गराउँछ ।[९६] निजी व्यक्तित्वलाई पनि आन्तरिक व्यक्तित्व र बाह्य अर्थात् शारीरिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वअन्तर्गत व्यक्तिमा अन्तर्निहित गुण वा विशेषता पर्दछ । खेमनाथ दाहालको आन्तरिक व्यक्तित्व आफ्नै प्रकारको छ । उनी सहयोगी, व्यवहारिक, सबैलाई आदर गर्ने, धेरै बोलिनरहने, चाँहिदो र ठिक कुरा मात्र बोल्ने, अरुको कुभलो नचिताउने, असल

---

९६. ऐजन ।

स्वभावका छन् । दाहाल चिन्तनशील तथा कर्ममा विश्वास गर्ने व्यक्ति हुन् । बालबच्चादेखि वृद्धहरूसँग पनि मिल्नसक्ने र रमाउने दाहाल सरल स्वभावका देखिन्छन् । यदाकदा पेय पदार्थ तथा माछा मासु खाने दाहाल सफासँग बनाएको नेपाली खाना दाल, भात, तरकारी ज्यादै मन पराउँछन् ।[९७]

उनको चिया पिउने र पत्रपत्रिका हेर्ने अम्मल रहेको छ । उनी अध्ययनशील व्यक्तित्व हुन् भने लेखन कार्यमा अविरल लागिरहने मेहनती पनि हुन् । उनी चटक्क पारेर दाह्री जुँगा मिलाउने, लुगा कपडाहरू स्त्री गरेर मात्र लगाउने, साहित्यिक चर्चा गरिरहने र सर्वदा प्रशन्न मुद्रामा रहने गर्दछन् । घरायसी काम गर्न पनि अल्छी नमान्ने, आफ्नो काम आफैँ गर्नुपर्छ भन्दै घरका कामहरू सघाउने स्वभाव दाहालको छ । कवि दाहाल मधुमेहबाट पिडित भएका कारण परेजमा बस्न प्रयत्नशील छन् ।[९८] उनी मिलनसार र सरल व्यक्तित्व हुन् ।

## ३.३.२ बाह्य अर्थात् शारीरिक व्यक्तित्व

खेमनाथ दाहाल मध्यम उचाई भएका, गोरो वर्ण, चौडा अनुहार र फराकिलो निधार भएका सुन्दर र हँसिलो मुखाकृति भएका व्यक्तित्व हुन् । उनी कालो केशलाई दायाँतिर फर्काएर बायाँपट्टि सिउँदो बनाउँछन् । आखाँमा सेतो चस्मा लगाएका, चिन्तनमा डुबिरहने, सृजनशील जस्ता देखिने कवि दाहाल मुसुक्क हाँसेर मात्र बोल्ने गर्दछन् ।[९९] मिठो र नरम बोली भएका अति मिलेको पुष्ट शरीरलाई सफा र आकर्षक पोशाकहरूले सजाउने, बोलेरभन्दा गरेर देखाउन रुचाउने दाहाल सरसफाईमा ज्यादै ध्यान दिन्छन् । उमेरले करिब साठी वर्ष पुगे तापनि अझै युवा जोस र जाँगरलाई सबल तुल्याउने चेष्टामा दाहाल लागेका छन् भन्ने कुरा उनको निरन्तर समर्पण भावनाले तथा अनवरत लेखन कार्यले गर्दा पुष्टि हुन्छ ।

कुनै पनि कुरा गर्छु भनी लागिपर्दा सफलता अवश्य मिल्छ तर अल्छिपनालाई जीवनमा स्थान दिइयो भने मान्छे कदापि सफल बन्न सक्दैन[१००] भन्ने मान्यता राख्ने दाहालले सदैव सकारात्मक सोचाईबाट आफ्नो जीवनलाई अगाडि बढाएका छन् । सरल स्वभाव, विनम्रता, मृदुभाषी, मिजासिलो पन, सामाजिक भावना, आकर्षक पहिरन र कर्मप्रतिको लगनशीलता उनका निजी व्यक्तित्वका विशेष गुणहरू हुन् ।

## ३.४ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुँदा उसले समाजबाट केही ग्रहण गर्छ भने समाजलाई पनि केही न केही अवश्य दिएको हुन्छ । मान्छेले जीवनमा जे जस्ता कुराहरू पाउँछ, सफलता हासिल गर्छ समाजमा नै बसेर पाउँदछ भने जेजति यहाँ त्याग र समर्पण गर्दछ समाजकै लागि गर्दछ । तसर्थ व्यक्तिले समाजलाई जुन प्रभाव वा प्रेरणा प्रदान गर्छ त्यो नै सार्वजनिक व्यक्तित्व भित्र पर्दछ ।

---

९७= v]dgfysf bfh' sf]dnk|;fb bfxfnaf6 k|fKt hfgsf/L .

९८= P]hg .

९९= v]dgfysf elth k'?iff]Qd bfxfnaf6 k|fKt hfgsf/L .

१०० = v]dgfy bfxfnaf6 k|fKt hfgsf/L .

सार्वजनिक व्यक्तित्वलाई दुई भागमा अध्ययन गर्न सकिन्छ :

(१) साहित्यिक व्यक्तित्व

(२) साहित्येतर व्यक्तित्व

साहित्यिक व्यक्तित्व अन्तर्गत व्यक्तिले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको अध्ययन हुन्छ । जसमा स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्वको विभाजन गरी अध्ययन गरिन्छ । साहित्येतर व्यक्तित्व अन्तर्गत व्यक्तिका साहित्यिक क्षेत्रबाहेकका सामाजिक, धार्मिक, शैक्षिक, प्रशासनिक इत्यादि क्षेत्रबाट निर्माण गरेको व्यक्तित्वको अध्ययन गरिन्छ ।

करिब छ दशक लामो आफ्नो जीवनयात्रा पूरा गर्दासम्म सदैव लगनशील र साहित्य साधनामा डुबिरहेका खेमनाथ दाहालको व्यक्तित्वलाई उनले साहित्यिक, धार्मिक, प्रशासनिक तथा विभिन्न संघ संस्थाहरूमा आबद्ध रहेर पुऱ्याएको योगदानका आधारमा अध्ययन गरिन्छ ।

## ३.४.१ साहित्यिक व्यक्तित्व

खेमनाथ दाहाल बाल्यावस्थादेखि नै नेपाली कविताहरूलाई अति नै मन पराउने गर्दथे ।[१०१] उनले अग्रज कविहरूका कवितादेखि मोहित भएर करिब ९/१० वर्षको हुँदा सबैभन्दा पहिलो कविता धरानमा बिजुली बल्यो शीर्षकको लेखेका थिए । त्यसपछि यदा कदा फुटकर कविता कोर्दै हराउँदै गर्दा वि.सं.२०२४ मा साक्षरता शीर्षकमा कविता लेखेर सार्वजनिक कार्यक्रममा वाचन गरी दोश्रो पुरस्कार प्राप्त गर्न सफल भए । यसरी कविताहरू लेख्दै सुनाउँदै गरे तापनि उनको लेखन यात्राको औपचारिक रूपमा थालनी वि.सं.२०४० बाट मात्र भयो ।[१०२] उनले यसै समय देखिका कविताहरू मात्र संकलन गरेर राख्न लागे र यिनै संकलित कविताहरू वि.सं.२०५४ मा पहिलोपल्ट श्रद्धाञ्जलि नामक कविता सङ्ग्रहमा प्रकाशित भएका छन् । यसरी शनैः शनैः नेपाली साहित्य सृजनामा प्रवेश गरेका दाहालको साहित्यिक व्यक्तित्व नेपाली कविता, काव्य, खण्डकाव्य र महाकाव्य सम्म फैलिएको छ । कवि दाहालको बहुआयामिक व्यक्तित्वलाई निम्न रूपमा विभाजन गरी अध्ययन गरिन्छ ।

## ३.४.१. स्रष्टा व्यक्तित्व

खेमनाथ दाहालको सार्वजनिक लेखन यात्रा कविता विधाको सानो रूप फुटकर कविताबाट प्रारम्भ भएको छ । उनी बिस्तारै बिस्तारै कविताको मध्यम रूप काव्य तथा खण्डकाव्य आदि विधामा प्रवेश गरे भने कविताकै बृहत रूप महाकाव्य लेखन सम्मको यात्रा पूरा गर्न सफल भए । तसर्थ दाहालका यिनै विधाहरूका आधारमा उनको व्यक्तित्वको अध्ययन गरिन्छ ।

## १. कवि व्यक्तित्व

नेपाली साहित्यका कविता विधाबाहेकका अन्य विधामा त्यति कलम नचलाएका खेमनाथ दाहालको कवि व्यक्तित्व नै प्रमुख रूपमा स्थापित भएको छ । नेपाली साहित्यको क्षेत्रमा

---

१०१= P]hg .

१०२= P]hg .

कविका रूपमा परिचित दाहालका कविताहरू पुस्तकाकार रूपमा तथा पत्रपत्रिकाहरूमा पनि प्रकाशित भएका छन् । हालसम्म उनका दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित छन् :

**श्रद्धाञ्जलि** (२०५४)

**हावर्डको चौतारीमा** (२०६४)

श्रद्धाञ्जलि कविता सङ्ग्रहमा कवि खेमनाथ दाहालका पच्चिस कविताहरू सङ्कलित छन् । ती कविताहरू मध्ये दुईवटा कविता पद्य शैलीमा छन् भने अन्य कविताहरू गद्य वा मुक्तक शैलीमा लेखिएका छन् । उनका यस सङ्ग्रहमा संकलित कविताहरूले विगत, वर्तमान र भविष्यत्का समय गर्भमा निहित सामाजिक जीवनका विविध परिप्रेक्ष्यको भाव अभिव्यञ्जित गरेका छन् । कविताहरूमा कतै देशको मर्म बोलेको छ भने कतै सगरमाथा रोएको त कतै शहिदप्रतिका श्रद्धाभाव पनि गाँसिएर आएका छन् ।[१०३]

हार्वडको चौतारीमा कवि दाहालको अर्को नियात्रात्मक कविता संग्रह हो । यसमा उनका सत्ताइसवटा कविताहरू सङ्कलित छन् । यी कविताहरूमा कविले अमेरिका आप्रवासमा सँगालेका अनुभूतिहरू समाहित भएका छन् । कतै कुनै ठाउँ विशेषको चित्रण छ भने कतै त्यहाँको परिदृश्य अनि घटेका घटनाबाट जन्मेको अनुभूति यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा पाइन्छ ।

## २. खण्डकाव्यकार तथा काव्यकार व्यक्तित्व

खेमनाथ दाहाललाई कवि व्यक्तित्वबाट खण्डकाव्यकार व्यक्तित्वमा प्रवेश गराउने उनको रश्मि खण्डकाव्य हो । यो वि.सं. २०५६ मा प्रकाशित कृति हो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण हाम्रो देश नेपाल र यस भित्रको एउटा रमाईलो गाउँमा रमाइरहेका नायक र नायिका बीचको प्रेम प्रसंगलाई वर्णन गर्दै जातीय विभेदले गर्दा दुवैको मिलन हुन नसकेको र आफूले प्रेम नगरेको युवकसँग आफ्नो इच्छा विपरित विवाह गर्न बाध्य हुनुपर्दा नायिकाले आत्महत्या गरेको मार्मिक प्रसङ्ग यस खण्डकाव्यमा उल्लेख गरिएको छ । जम्मा दश सर्गमा लेखिएको यस खण्डकाव्यले प्रकृति, प्रेम, जीवन र जगत् यी चार कुरालाई गहिरो रूपमा अध्ययन गर्न खोजेको छ । जम्मा एकसय छयत्तर श्लोकमा लेखिएको यस खण्डकाव्यमा घटिमा छ श्लोकदेखि बढीमा चालिस श्लोकसम्मका सर्गहरू रहेका छन् । दाहालले यस खण्डकाव्यमा दुःखद र विरह वेदना युक्त विषयवस्तुलाई सुन्दर ढंगबाट समायोजन गर्दै प्रस्तुत गरेका छन् र खण्डकाव्यकार व्यक्तित्वको निर्माण गर्न सफल भएका छन् ।

यसैगरी योद्धा (२०६०) खेमनाथ दाहालको खण्डकाव्यभन्दा ठूलो तर महाकाव्यको स्थान भने ओगट्न नसकेको महाकाव्य समकक्षी काव्य हो । जम्मा सत्र सर्गमा विभाजित यस काव्यले दाहाललाई एक कुशल काव्यकार बनाएको छ । नेपाली युद्ध साहित्यमा लेखिएको अगमसिंह गिरिको 'युद्ध र योद्धा' पछिको नेपाली युद्धसाहित्यलाई अगाडि बढाउने दोस्रो कृति खेमनाथ दाहालको योद्धा नै हो । योद्धा काव्य समसामयिक विषयवस्तुलाई अपनाएर लेखिएको उत्कृष्ट काव्य हो । कुनै पनि राष्ट्रवादी सचेत नागरिक आफ्नो देश छाडेर विदेश जान मन पराउँदैन तर आफ्नो जीवनयापनका क्रममा बाध्य बनेर परदेश जानुपर्दछ । एक्काइसौं शताब्दीको विकाससँगै आजको मान्छे पनि विकसित बनेको छ र ऊ कुनै एक देशको सीमाभित्र मात्र रहन सक्दैन ।

---

१०३= s[i0fk|;fb k/fh'nL, …>4f~hlndf Ps}l5gÚ, v]dgfy bfxfn, **>4f~hln** sljtf ;ª\u|x -sf7df8f}+M piff bfxfn , @)%$_ e"ldsf .

यो एक कटु यथार्थ बनेको छ । यतिबेला हाम्रो देशमा पनि व्यवहार टार्नका लागि र दुई चार पैसा कमाउनका लागि युवा वर्गहरू विदेशिन बाध्य हुनुपरेको छ । यसरी विदेशिन बाध्य हुनुपर्ने अनेक पक्षहरू मध्ये हाम्रो देशको एक पक्ष लाहुरे जीवनसँग आबद्ध भएको छ । यस योद्धा काव्यमा पनि यस्तै लाहुरे जीवनसँग आबद्ध रहेको लाहुरेको जीवनगाथा उल्लेख गरिएको छ । देशभित्र पर्याप्त उद्योगधन्दाहरू नभएको, रोजगारीका बाटाहरू पनि प्रशस्त रूपमा नभएको हुँदा विवश बनेर नेपालीहरू विदेशमा लाहुरे बन्दै जाने गर्दछन् । त्यस्तै लाहुरे हुन विवश बनेको एक योद्धाको चरित्र यसकाव्यले प्रस्तुत गरेको छ । कविको सुन्दर काव्य शिल्पले र सामाजिक यथार्थवादी विषयवस्तुलाई टपक्क टिपेर काव्यको विषय बनाई साहित्य रचना गर्ने कौशलताले गर्दा कविको काव्यकार व्यक्तित्वलाई पनि सफल तुल्याएको छ ।[१०४]

## ३. महाकाव्यकार व्यक्तित्व

खेमनाथ दाहालले आफ्नो लेखनयात्रालाई कविताको बृहत रूप महाकाव्यसम्मको लेखनमा फैलाएका छन् र महाकाव्यकार व्यक्तित्वको निर्माण गरेका छन् । उनको हालसम्म एउटा महाकाव्य प्रकाशित भएको छ, जसको नाम कविले **श्वेतपत्र** भनेर राखेका छन् । यो महाकाव्य वि.सं.२०६७ सालमा उनकी श्रीमती उषा दाहालद्वारा प्रकाशित गरिएको हो ।

कवि दाहालको श्वेतपत्र महाकाव्य नवीन विषय लिएर नयाँ किसिमले रचना गरिएको महाकाव्य हो । देश भक्ति र राष्ट्रिय जागरणको केन्द्रीयतामा रचिएको यो महाकाव्य राष्ट्रियताको प्रेरणा र प्रभाव जनसमुदायमा फैलाउनका निम्ति सक्षम रहेको छ । यस महाकाव्यमा पन्ध्र सर्ग रहेका छन । हरेक सर्गहरूको छुट्टै शीर्षक पनि कविले राखेका छन् । कम्तिमा छब्बिस कविता गुच्छदेखि लिएर बढीमा एक सय एकत्तर कविता गुच्छसम्मका सर्गहरू रहेको यस महाकाव्यमा दुईओटा अनुष्टुप छन्दका श्लोकहरूलाई एक कविता गुच्छ मानिएको छ । यस महाकाव्यमा समृद्ध हिमाली गणतन्त्रको सुन्दर कल्पना गरिएको छ । विषयका संयोजनका दृष्टिले कविको यो नौलो सृजना हो र नेपाल भूमिलाई माया गर्ने सुन्दर अभिव्यक्ति हो ।[१०५]

नेपाल, सिक्किम र भुटानलाई हिमालका पुत्रीहरू तिन दिदीबहिनी जेठी, माइली र कान्छी बनाएर कविले महाकाव्यमा वार्ता गराएका छन् । यी तिन दिदीबहिनीहरू आपस्तमा कुराहरू दुःख र सुखका भावनाहरू साटासाट गरिरहेका छन् । घरेलु झगडा र द्वन्द्वजस्ता अन्तरंग कारणले जेठी दिदी नेपाललाई पिरोलेको छ । दिदी नेपालले रुदैं आफ्ना कथा व्यथा बहिनीहरूसँग राख्छिन् । माइली सिक्किमलाई पनि झन् त्यो भन्दा बढी पिरलो छ । उनको अस्मिता लुटिएको छ । स्वतन्त्र सार्वभौम अस्तित्व छैन । कान्छी बहिनी भुटानलाई पनि आफ्ना सन्तानहरू शरणार्थी भएर देश बाहिर जानुपरेकोमा पीडा भएको छ । ती तिनै दिदी बहिनीका आ आफ्ना पीडा व्यथा र छटपटीहरू यस महाकाव्यमा रहेका छन् ।[१०६]

---

१०४= dfwjk|;fb l3ld/], …Ps of]4fsf] dfld{s hLjgufyfÚ, v]dgfy bfxfn, **of]4f** - sf7df8f}+M sf]dnk|;fb dfof piff bfxfn, @)^) _ e"ldsf .

१०५= uf]kLs[i0f zdf{, …slj v]dgfy bfxfn / Zj]tkq dxfsfJoÚ, v]dgfy bfxfn, **Zj]tkq** - sf7df8f}+M piff bfxfn, @)^&_ e"ldsf .

१०६= P]hg .

यसरी एउटा नयाँ विषयलाई सृजना गरेर सुन्दर ढंगले प्रस्तुत गर्दै कवि खेमनाथ दाहालले श्वेतपत्र महाकाव्य रचना गरेका छन् । यस महाकाव्यको विषय आजको नेपाली साहित्यमा एउटा नौलो विषय बनेको छ भने यसले कवि दाहालको महाकाव्यकार व्यक्तित्वको निर्माण गरेको छ ।

## ३.४.२ साहित्येतर व्यक्तित्व

आफ्नो जीवनको धेरैजसो समय साहित्यलेखन र देशविदेश भ्रमणमा बिताएका खेमनाथ दाहालको लेखन वा साहित्यिक क्षेत्र बाहेकको अन्य व्यक्तित्व उनको पेशा, रुचि र विभिन्न क्षेत्रहरूको सहभागीताले निर्माण गरेको छ । उनको साहित्येतर व्यक्तित्वलाई क्रमशः तल प्रस्तुत गरिन्छ ।

## १. सामाजिक व्यक्तित्व

खेमनाथ दाहालले आफ्नो जीवनमा लेखन कार्यका अतिरिक्त सामाजिक सेवालाई पनि मूल लक्ष्य मान्दै सामाजिक व्यक्तित्वको निर्माण गरेका छन् । विशेष गरी समाजमा रहेका कुरीति र अन्धविश्वासलाई हटाएर चेतनाको लहर फैलाउनु उनको प्रमुख उद्देश्य रहेको छ । महिलाहरूलाई पनि शिक्षा दिनुपर्दछ भन्ने कुरालाई जोड दिँदै मोरङ र सुनसरी जिल्लाका कतिपय गाउँहरूमा उनले सहयोग पनि गरेका छन् ।[१०७] कसैको पनि मानवअधिकार हनन् हुनुहुँदैन, निम्नवर्गदेखि उच्चवर्गसम्म सबैको सम्मान हुनुपर्दछ र बालश्रमशोषण गर्नहुँदैन भनेर उनले हरेक ठाउँहरूमा मानवअधिकार मञ्च तथा अन्य संस्थाहरूमार्फत कार्यक्रमहरू गरेर चेतना फैलाएका छन् । समाजमा हुने गरेको सबै कार्यहरूमा आफ्नो संलग्नता जनाई उचित सल्लाह र रायसुझाव पनि कवि दाहाल दिने गर्छन् । उनले तेरथुमदेखि धरान, चक्रघट्टी, विराटनगर हुँदै काठमाण्डौ सम्मको समाजमा रहेर समाजिक कार्यहरू गरी सामाजिक व्यक्तित्व निर्माण गर्न सफल भएका छन् ।[१०८]

## २. संघसंस्था सँग आबद्ध व्यक्तित्व

खेमनाथ दाहालले लामो समयसम्म कुनै पनि सरकारी संघ संस्था वा कार्यालयहरूमा काम गरेको देखिदैन । उनी सरकारी भन्दा अन्य संघ संस्थाहरू र सामाजिक कार्यहरूमा बढी संलग्न रहेका छन् । दाहाल राष्ट्रिय मानवअधिकार मञ्चका आजीवन सदस्य रहेका छन् भने दाहाल सेवा प्रतिष्ठानका पनि आजीवन सदस्य छन् ।[१०९] अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डि. सि.मा समेत आजीवन सदस्य ग्रहण गरेका दाहाल २०४३/४४ तिर निर्माण व्यवसायी संघ विराटनगरका सचिव भएका थिए ।[११०] वि.सं. २०३२/३३ तिर दाहालले जिल्ला शिक्षा कार्यालय मोरङमा पनि अठार महिना काम गरेका थिए ।[१११] यसरी लामो अथवा छोटो

---

१०७= v]dgfysf bfh' sf]dnk|;fb bfxfnaf6 k|fKt hfgsf/L .

१०८= P]hg .

१०९= v]dgfy bfxfnaf6 k|fKt hfgsf/L .

१७. ऐजन ।

१८. ऐजन ।

अवधिसम्म जुन जुन संघ संस्थामा उनले कार्य गरेका छन् त्यहाँ उनको उच्च मूल्याकंन भएको छ र संघ संस्थामा आबद्ध व्यक्तित्वको निर्माण भएको छ ।

## ३. धार्मिक व्यक्तित्व

धार्मिक रूपमा रुचि र धार्मिक आस्था भएका दाहालमा पारिवारिक संस्कार रहेको देखिन्छ । आफ्ना नामले धार्मिक क्षेत्रमा त्यति धेरै ख्याति नकमाए तापनि पिता प्रसिद्ध ज्योतिषी भएका कारण उनलाई पनि त्यसको प्रभाव भने अवश्य नै परेको छ । गाउँ समाजमा सम्पन्न हुने हरेक धार्मिक कार्यमा उपस्थित भएर सहयोग गर्ने अनि वैदिक सनातन हिन्दु धर्ममा अटल विश्वास राख्दै गीता र चण्डीको अध्ययन गरेर समय व्यतित गर्ने उनको स्वभाव रहेको छ ।[११२] गीताको ज्ञानबाट प्रभावित भएका दाहाल आफ्नो जीवनलाई परोपकारमा लगाउन चाहन्छन् । सारा शास्त्रहरूको सार स्वरूप रहेको 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने उक्तिलाई हृदयङ्गम गर्दै जीवनमा कसैको पनि कुभलो नगर्नु र सबैको हित तथा उपकार गर्नु धर्म हो भन्ने मान्यता कवि दाहाल राख्दछन् ।[११३] यसरी खेमनाथ दाहालको धार्मिक व्यक्तित्वको पनि निर्माण भएको छ ।

## ३.४.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

खेमनाथ दाहाल वि.सं. २००९ कार्तिक ११ गते आइतबारका दिन पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत तेरथुम जिल्लाको पौंठाक गाउँ विकास समितिको लाव्री भन्ने ठाउँमा पिता ज्यो.पं. सोमनाथ दाहाल र माता जानुकादेवी दाहालका कान्छा छोराका रूपमा जन्मेका हुन् ।[११४] दाहालको नामकरण संस्कार गर्दाको नाम पनि खेमनाथ दाहाल हो । उनलाई साहित्य जगतमा पनि खेमनाथ दाहालको नामले नै चिनिन्छ ।

उनी सात वर्षको बाल्यावस्थामा नै आफ्ना माता पिताहरूका साथमा सुनसरी जिल्लाको धरानमा आएर बसोबास गर्न लागे ।[११५] घरमा बस्दा दाहालले त्यस्तो कुनै धन्दामा वा परिश्रम गर्नमा लाग्नु पनि परेन ।[११६] कवि दाहालको परिवार वैदिक सनातन हिन्दु धर्मप्रति आस्थावान् थियो । उनका बुबाले प्रतिदिन श्रीमद्भगवद्गीता, दुर्गासप्तशती चण्डी तथा भागवतका श्लोकहरू स्पष्टसँग लय हालेर पाठ गरको सुनेर उनलाई पनि गीताका श्लोकहरू असाध्यै मन पर्न थाल्यो । तसर्थ घरमा रहदा यतिबेला पनि उनी गीता  र चण्डी पढ्दछन् ।

दाहालले वि.सं.२०२३ मा धरानको श्री पब्लिक माध्यमिक विद्यालयमा कक्षा आठ मा भर्ना भई आफ्नो विद्यालयस्तरीय परीक्षाको सुरुवात गरेर वि. सं. २०४० मास्नातकोत्तर तह उत्तीर्ण गरेर शिक्षालाई पुरा गरेका हुन् । खेमनाथ दाहालको पारिवारिक पृष्ठभूमि आर्थिक रूपले सम्पन्न देखिन्छ । खेमनाथ दाहालको परिवार हिन्दु धर्ममा अटल रहेका कारण उनको उपनयन

११२= P]hg .
११३= P]hg .
११४ P]hg .
११५= P]hg .
११६= P]hg .

संस्कार (व्रतबन्ध) वैदिक सनातन हिन्दु धर्मको नियम र परम्पराअनुसार वि.सं. २०१८ मा उनी नौ वर्षको हुँदा सुनसरीको धरान भन्ने ठाँउमा भएको थियो ।[११७] दाहाललाई उनकै पिता ज्यो.पं. सोमनाथ दाहालले गायत्री मन्त्रको उपदेश गरेका थिए । दाहाल आज पनि हिन्दु धर्मप्रति अति नै आस्था राख्दछन् । हिन्दु धर्ममा अखण्ड आस्था राख्दै जीवनभर सरस्वतीको उपासना गरेर साहित्य सिर्जना गरीरहने कवि दाहालको इच्छा छ ।[११८]

खेमनाथ दाहाल बाल्यकालदेखि नै सरल र मिजासिलो स्वभावका रहेका छन् । कसैलाई नराम्रो नभन्ने, सबैको हित चिताउने, भद्र र नम्र स्वभावका दाहाल सानैदेखि गुरुहरूसँग बस्न र धार्मिक प्रवचनहरू तथा कथाहरू सुन्न रुचाउँछन् ।[११९] विद्यालय जीवनमा प्रवेश गरेपछि पनि पाठ्यपुस्तकमा भएका कथा, कविताहरू पढ्न र लय हालेर वाचन गर्न पाउँदा औधी रमाउँने बानी दाहालको रह्यो । साहित्यका सबै विधालाई प्रारम्भदेखि हालसम्म नै अति नै मन पराउने दाहाल विशेष गरी कविता विधालाई आफ्नो दिल छुने विधा सम्झन्छन् । धेरैजसो समय अध्ययन, मनन र पत्रपत्रिका पढ्नमा बिताउने साहित्यकार दाहाल टेलिभिजन समाचार हेर्न, सुन्न र चेतनामूलक कार्यक्रम हेर्नमा रुचि राख्छन् । कुनै प्रकारका चुरोट, खैनी, हुक्का, तमाखु तथा मदिरा आदिको अम्मल नभएका दाहालको अम्मल भनेको चिया पिउने तथा पत्रपत्रिका र साहित्यिक कृतिहरूको अध्ययन गर्ने रहेको छ ।[१२०]

खेमनाथ दाहालको लेखन यात्रामा प्रारम्भ कालका कतिपय लेख, रचना तथा कविताहरू संरक्षणको अभावमा अप्राप्य अवस्थामा पुगेका छन् । उनको लेखनको प्रारम्भ करिब वि.सं.२०१८ बाट नै भएतापनि वि.सं.२०४० पछिका कविता तथा लेख, रचनाहरू मात्र कृतिका रूपमा प्रकाशित भएका छन् ।[१२१] उनले कविताहरू लेख्दै, संकलन गर्दै विविध सार्वजनिक कार्यक्रमहरूमा वाचन गर्दै धेरै समय बिताए भने वि.सं. २०५४ देखि मात्र उनमा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । उनले **श्रद्धाञ्जलि** (वि.सं.२०५४) कविता सङ्ग्रहबाट मात्र आफ्ना रचनाहरूलाई प्रकाशनतर्फ डोहोऱ्याएको देखिन्छ ।[१२२] कवि खेमनाथ दाहालका कविता सङ्ग्रहदेखि महाकाव्य सम्मका पाँचवटा कृतिहरू प्रकाशित छन् ।

मान्छेले जीवनमा जेजस्ता कुराहरू पाउँछ, सफलता हासिल गर्छ समाजमा नै बसेर पाउँदछ भने जेजति यहाँ त्याग र समर्पण गर्दछ समाजकै लागि गर्दछ । तसर्थ व्यक्तिले समाजलाई जुन प्रभाव वा प्रेरणा प्रदान गर्छ त्यो व्यक्तित्वभित्र पर्दछ । करिब छ दशक लामो आफ्नो जीवनयात्रा पूरा गर्दासम्म सदैव लगनशील र साहित्य साधनामा डुबिरहेका खेमनाथ दाहालले साहित्यिक, धार्मिक, प्रशासनिक तथा विभिन्न संघ संस्थाहरूमा आबद्ध रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् । उनको लेखन यात्राको औपचारिक रूपमा थालनी वि.सं.२०४० बाट भयो । उनले यसै समयदेखिका कविताहरू मात्र संकलन गरेर राख्न लागे र

---

११७= P]hg .

११८= P]hg .

११९= v]dgfysf bfh' sf]dnk|;fb bfxfnaf6 k|fKt hfgsf/L .

१२०= v]dgfy bfxfn, cGtjf{tf{, **hgdt ,** k"j{jt\ , k[=#* .

१२१= P]hg .

१२२= P]hg .

यिनै संकलित कविताहरू वि.सं.२०५४ मा पहिलोपल्ट **श्रद्धाञ्जलि** नामक कविता सङ्ग्रहमा प्रकाशित भएका छन् । यसरी शनैः शनैः नेपाली साहित्य सृजनामा प्रवेश गरेका दाहालको साहित्यिक व्यक्तित्व नेपाली कविता, काव्य, खण्डकाव्य र महाकाव्य सम्म फैलिएको छ ।

यसरी हेर्दा खेमनाथ दाहालको जीवनीका मूलभूत घटनाहरू, महत्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको व्यक्तित्व तथा तिनै जीवनीका विविध घटनाहरू र व्यक्तित्वको प्रभाव उनका कृतिहरूमा परेको देखिन्छ । दाहाललाई लेखनको उत्कृष्ट क्षमता र कृतित्वको प्रवर्तनकारी एवं विकासकारी भूमिकाले सशक्त बहुमुखी प्रतिभा र प्रेरणाको स्रोत बनाएको छ । उनको पारिवारिक अवस्था, सामाजिक परिवेश, देशको विषम राजनैतिक परिस्थिति, नेपालीहरूको आन्तरिक कलह, इत्यादि अवस्थाले कवि दाहाललाई पिरोलेर, छटपटी भएर साहित्यमार्फत् तीनै कुराहरू साहित्य बनेर प्रकट भएको देखिन्छ । उनका कृतिहरूमा उनले देखेका, सुनेका, भोगेका र अनुभव गरेका कुराहरूलाई समावेश गरिएको छ । देशको राष्ट्रियता गुम्नलागेको दुःखद अनुभवलाई लिपिबद्धगर्दै कवितादेखि महाकाव्यसम्मको यात्रा गरेको र देश, विदेशको भ्रमणका क्रममा संगालेका अनुभूतिहरूलाई साहित्यको रूप दिइएको देखिनाले कवि दाहालको जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ भन्न सहजै सकिन्छ । उनका कवितादेखि महाकाव्यसम्मका कृतिहरूमा आफूले प्रत्यक्ष देखेका र अनुभव गरेका समसामयिक विषयहरू रहेका छन् । जसले गर्दा पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बीच तादात्म्य सम्बन्ध रहेको पुष्टि हुन्छ ।

# चौथो परिच्छेद
# खेमनाथ दाहालका कविता सङ्ग्रहहरूको विश्लेषण

## ४.१ पृष्ठभूमि

खेमनाथ दाहालका हालसम्म प्रकाशित भएका कृतिहरूमा दुईवटा कविता सङ्ग्रह, एउटा खण्डकाव्य, एउटा महाकाव्य र एउटा काव्य रहेका छन् । उनका पाँचवटा प्रकाशित कृतिहरूमध्ये यस परिच्छेदमा दुई कविता सङ्ग्रहहरूको अध्ययन गरिन्छ ।

दाहालका दुईवटा प्रकाशित कविता सङ्ग्रहहरूमध्ये पहिलो **श्रद्धाञ्जलि** हो । यो कविता सङ्ग्रह २०५४ मा उनकी श्रीमती उषा दाहालद्वारा प्रकाशित भएको हो । यस कविता सङ्ग्रहमा पच्चिसवटा कविताहरू संकलित छन् । यसैगरी कवि दाहालको अर्को कविता सङ्ग्रह **हार्वडको चौतारीमा** २०६४ रहेको छ । यो बगर फाउन्डेसन नेपालद्वारा प्रकाशित गरिएको कृति हो । यस कविता सङ्ग्रहमा सत्ताइस कविताहरू सङ्कलित छन् ।

## ४.२ 'श्रद्धाञ्जलि' कविता सङ्ग्रहको विश्लेषण

## ४.२.१ परिचय

**श्रद्धाञ्जलि** खेमनाथ दाहालद्वारा रचना गरिएको एक उत्कृष्ट कविता सङ्ग्रह हो । यो वि.सं. २०५४ मा उनकी श्रीमती उषा दाहालद्वारा प्रकाशित गरिएको हो । आकारका दृष्टिले जम्मा बहत्तर पृष्ठ भएको यस सङ्ग्रह भित्र पच्चिसवटा कविता सङ्कलित छन् । यस पुस्तकको बाहिरी भाग अर्थात् आवरणमा चाँदीझैं टल्कने तीनवटा हिमालका चुचुराहरू र त्यसभन्दा माथि आकाशजस्तो नीलो भागमा पुस्तकको नाम **श्रद्धाञ्जलि** लेखिएको छ । हिमालका फेदीमा हरिया पाखाहरू र त्यसभन्दा तल हरियो जंगल रहेको छ । जंगलका छेउमा तीनवटा रातो खम्बामा अडिएको एउटा पाटीमा एउटा नेपाली पहिचान भएको युवकले नेपालको नक्सा कोर्दै गरेको आकर्षक चित्र राखिएको छ ।

यसैगरी पुस्तकको भित्री भागको पहिलो पृष्ठमा पुस्तकको नाम र लेखकको नाम राखिएको छ भने दोस्रो पृष्ठमा दाहालका पिता स्व.ज्यो.पं.सोमनाथ दाहालको फोटो राखिएको छ र उही पितालाई यो कविता सङ्ग्रह पनि समर्पण गरिएको छ । यसपछि काठमाण्डौ सुनगाभा बस्ती निवासी कवि कृष्णप्रसाद पराजुलीको **श्रद्धाञ्जलिमा एकैछिन** शीर्षकको एउटा छोटो लेख रहेको छ भने भूमिका भनेर खेमनाथ दाहाल स्वयंले केही कुराहरू राखेका छन् । जुन भूमिकामा उनले यस कृतिलाई धेरै पर्खाई संघर्षका साथ प्रकाशित गर्न सफल भएको कुरा उल्लेख गर्दै नेपाली सहिदहरू प्रति श्रद्धाञ्जलि स्वरूप यो कृति प्रकाशित गरिएको कुरा बताएका छन् । यस पछिका भागहरूमा दाहालले विषय सूची शीर्षकअन्तर्गत पच्चिस कविताहरूको क्रम संख्या, कविताको शीर्षक र पृष्ठ सङ्ख्या पनि दिएका छन् । यसपछि क्रमैले पच्चिस कविताहरू राखिएका छन् ।

## ४.२.२ विषयवस्तु

**श्रद्धाञ्जलि** कविता सङ्ग्रहभित्र विभिन्न विषयसँग सम्बन्धित शीर्षकहरू रहेका छन् । ती कविताहरूका शीर्षक र मूलभावलाई तल क्रमशः प्रस्तुत गरिन्छ :

| शीर्षक | मूलभाव |
|---|---|
| १. **अनामिका** | सुकोमल हातहरू र भावपूर्ण लवज भएकी विना नामकी प्रेमिकासँग धेरै समयदेखि वियोग भएको तर मनरूपी एलबममा उनको तस्बिर सजिरहेको अनि मन पनि उनीसँगै दगुरेको जसले गर्दा ज्यादै दुखी हुनुपरेको प्रसङ्ग उल्लेख गर्दै अनायासको चिच्याहट लाग्दो सहनाईको आवाजले दुवैलाई छुट्याएको र धेरै समयपछि भेट्दा रद्दीमा फालिएको महत्त्वपूर्ण कागज भेटिएजस्तै खुसी र आनन्दको उदय भएको साथै अतीतलाई याद गराएको सुन्दर प्रसङ्गको वर्णन गरिएको छ । |
| २. **पियन** | आफू आधा पेट खाएर भए पनि हाकिम, स्वामी र तिनका आउरे बाउरेको तथा हाकिम्नीको उपहास र तिरस्कार सहदै जी र हजूर मात्र भनेर मेसिन जस्तै लुरुलुरु बाध्यात्मक अवस्थामा काम गरिरहने एउटा अफिसका पियनको जीवनको मार्मिक र दुःखद् अवस्थाको प्रस्तुति यस कवितामा कवि गर्दछन् । |
| ३. **मेरो मित्र तपाईं कस्तो हुनुहुन्छ ।** | बाहिर बाहिर सत्य बोल्ने तर भित्र भित्र भ्रष्टाचार गर्ने सामन्तीहरूले आफू सफल बन्नका लागि जस्तोसुकै चाकडी गर्ने र आफ्नै मित्रहरूलाई पनि धोका दिने कुरा वर्णन गर्दै अधिकारको **अ** र कर्तव्यको **क** नजान्नेलाई उकासेर सडक तताउने अनि आफ्नो स्वार्थ सिद्ध भएपछि सबैलाई धोका दिने स्वार्थी मित्रहरूप्रति व्यङ्ग्यात्मक प्रस्तुति देखिन्छ । |
| ४. **ऋचा तिम्रो जीवन रित्तो सिउँदो** | भर्खर मात्र नवयौवनता प्राप्त गरेकी गृहस्थी जीवनमा प्रवेश गरेकी तर समयको वेगले पति वियोग भई विधवा जीवन बिताउन विवश बन्दै सिन्दुरले रंगाउने सिउँदोलाई परिश्रम र त्यागका पसिनाहरूले टल्काउन बाध्य बनेकी ऋचा र ऊ जस्ता हजारौं नारीहरूको एक्लो र दुःखद् जीवनको मार्मिक प्रस्तुति यस कवितामा रहेको छ । |
| ५. **सृजना** | मानवले मानवता भुलेर एकै घर परिवार र एकै राष्ट्रका सदस्यहहरू भई आपसमा द्वन्द्व गर्नाले क्षणिक सुख मिल्ला, शत्रुहरू प्रसन्न रहलान् तर अर्काको ईशारामा चलेर आपसी कलह फैलाउँदा कुनै दिन घरको न घाटको बन्नुपर्छ । तसर्थ राष्ट्र संचालन गर्नेले कुर्सीलाई म्युजिकल कुर्सी नबनाई व्यक्तिगत स्वार्थलाई त्यागेर धर्तीलाई वसन्त तुल्याउनु पर्छ, हराभरा बनाउनुपर्छ, नयाँ सृजनाका मुहानहरू खोज्नुपर्छ भने राष्ट्रवादी सन्देश कविताले दिएको छ । |

| | |
|---|---|
| ६. **श्रद्धाञ्जलि** | हिजोसम्म एउटै सालनाल भएको तर आज गुमाउनुपरेको पूर्वमा टिष्टासम्मको भूमिको चर्चा गर्दै नेपाली भएर पनि शासकको कमजोरी र लाचारीपनाले गर्दा प्रवासी बन्न बाध्य भएका सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्नुका साथै नेपाललाई ऐतिहासिक गल्तिका कारण खुम्च्याइएको, जसले गर्दा सिक्किमका नेपाली र यहाँका नेपालीका बीचमा सिमाना रूपी बार लागेको दुःखद् प्रसंगको वर्णन गर्दै टिष्टासम्म विजय प्राप्त गरी बहादुरी देखाउने वीर सहिदहरूको सम्झनामा श्रद्धाञ्जलि अर्पण गरिनु कविताको मूल आशय हो । |
| ७. **नमूना** | नेपालमा बढ्दै गएको चाकरी प्रथाको विरोध गर्दै यस्तो कुरीतिले गर्दा नेपालीहरूको स्वतन्त्रता र मौलिकता पनि हरण हुन लागेको, निःसहाय बनेका नेपालीले सर्वदा ठालुहरूका अगाडि नमस्कार गर्नुपर्ने बाध्यात्मक अवस्थाको वर्णन तथा आपसी भागवण्डा र खिचातानीपनाले गर्दा आफ्नो अस्तित्व नै गुमाएर सानो कार्य सिद्धी गर्न पनि बडाका सामु नमस्कार गर्न बाध्य हुनुपर्ने एक प्रकारको नमूना यन्त्रझैं बनिसकेको मार्मिक प्रसङ्गको वर्णन यस कवितामा गरिएको छ । |
| ८. **टाटा पल्टेको मान्छे** | मान्छे ज्यादै स्वार्थी छ । आफू भित्रका कुनै कमजोरी देख्दैन तर अरुको कमजोरी भने तुरुन्तै देखाँउछ । यस्तो प्रवृतिले गर्दा समाज अगाडि बढ्न सकेको छैन । तसर्थ अरुलाई भन्नु र अरुको कमजोरी देख्नु भन्दा आफ्नो मूल्याङ्कन आफैं गर्नुपर्छ भन्ने उदात्त विचार कविले यस कवितामा राखेका छन् । मान्छे अनेक प्रकारले टाट पल्टेको हुन्छ । कोही बुद्धिमा टाट पल्टिन्छ त कोही सन्तानमा । यसैगरी अहम् भावनाले, ऋणले, साहुको ब्याजले तथा पैसा नभएर इत्यादि कारणले मान्छे टाट पल्टिन्छ । कुनै न कुनैरूपले मान्छे टाट पल्टेको हुदाँ अरुको गल्ति देख्नु भन्दा आफ्ना कमजोरीहरू पहिल्याउन श्रेयस्कर हुन्छ भन्ने भावना कविताको छ । |
| ९. **तिम्रो झझल्कोमा** | एउटी प्रेमिकाको झझल्कोमा सर्वदा आफू डुबिरहेको, उनको अस्तित्व अनिवार्य रहेको र आफ्नो जीवनको आधारशिला नै रहेको कुरा वर्णन गर्दै कविले अब मनको अन्तर्द्वन्द्व समाप्त भई मनको बाँध फुटिसकेको हुँदा दुवै बिचको लामो दुरी छोट्टिई सकेको र चाँडै मिलन हुन लागेको, जुन मिलनले नयाँ इतिहास बन्न लागेको कुरा यस कवितामा वर्णन गरेका छन् । |
| १०. **संखालु आँखासँग** | आफ्नै सुन्दरता, आफ्नैपना र मौलिकताकी मूर्ती तर गरिबीका कारण वहनी गरेर जीवनयापन गर्ने सुन्दर नारीसँग बोलेकोमा इर्ष्या गर्ने तथा अनेकौं संखा गर्ने संकुचित व्यक्तिलाई व्यङ्ग्य गर्दै नारी लिपिष्टिक र प्रशाधनले पोतिएर मात्रै सुन्दर नहुने विचार कविले यस कवितामा राखेका छन् । नारी केवल लोग्ने मान्छेको लागि बनेकी पुतली मात्र नभएर क्रान्तिकी पर्यायवाची तथा नयाँ इतिहास सिर्जना गर्न सक्ने वीराङ्गना पनि हुनसक्ने कुरा उल्लेख गर्दै बहनी गरेर |

| | |
|---|---|
| | एक छाक मात्र खान पाए पनि अभिमान र आडम्बरी पना छैन भने त्यो नै सुख हुने कुरा कवि गर्दछन् । न्याय र हितका लागि प्राण त्याग गर्न परे पनि सुख हुनसक्ने कुरा आफूले बोल्ने गरेको र इर्ष्यापूर्वक संखालु भावले हेर्नु आफैं गलत भएको कुरा कवितामा वर्णन गरिएको छ । |
| ११. **पप्लु** | खेलको नशामा डुबेको त्यसमा पनि जुवा तासमा फसेको व्यक्तिको चर्चा गर्दै तासको नशामा फसेपछि नखेलौं भन्दा पनि खेल्न मन लाग्ने जुन कुराले गर्दा पैसा नाशिने, समय बर्बाद हुने र घरका पत्नी, पुत्र आदिलाई पनि धेरै दुःख कष्ट हुने चर्चा यस कवितामा कवि गर्दछन् । उनले तासलाई नै पप्लु नाम दिएर त्यस्तो नराम्रो नशातुल्य खेलमा फस्नु हुँदैन भन्ने आशय प्रकट गर्दछन् । |
| १२. **भिडियो** | आजको संसारमा भएको संचारको विकास र सञ्चारका लागि विभिन्न टेलिभिजन, चलचित्र तथा भिडियो श्रृङ्खलाहरूप्रतिको आकर्षकताले गर्दा मानिस त्यतैतिर मोहित भएको, अनि आफ्नो समय बर्बाद गर्दै सबै काम कर्तव्यहरू भुल्न थालेको प्रसंग कवितामा रहेको छ । भिडियोबाट आउने नयाँ श्रृङ्खलाहरू हेर्नलाई शिशुदेखि वृद्धसम्म, युवायुवतीदेखि नारीहरूसम्म सबै फसेका र सारा काम कर्तव्य भुल्न लागेको हुनाले यस्तो प्रवृत्तिले आसुरी भावना बढाउने कुरा कविले सङ्केत गरेका छन् । तसर्थ यस्ता भिडियो श्रृङ्खलाहरूप्रति समय बर्बाद गर्ननहुने कुरा कवितामा प्रस्तुत गर्दछन् । |
| १३. **नाम राख्ने धुनमा छन्** | मान्छेले जस्तोसुकै अत्याचार र भ्रष्टाचार गरेर भए पनि स्वार्थी र ढोंगी भएर पनि आफ्नो नाम राख्न खोज्नेपनालाई कविताले चिरफार गरेको छ । कसैले शिलाका मूर्ती पूजा गरेर मानवमाथि उपेक्षा गर्दै आफू भक्त भएको स्वाङ् पार्छन् र नाम राख्ने धुन कस्छन् भने कोही मानव र मानवता खरिद बिक्री गर्दै आफूलाई महान् बनाउन चाहन्छन् । आजको वास्तविकता , हिजोको विगत, भोलिको आफूले गरेको र गर्ने अत्याचार र शोषणको कुनै वास्ता नगरी एक छाक खाई बस्नेहरूको गाँस चुडेर भए पनि नाम राख्ने धुनमा रहेको स्वार्थी र सामन्ती मानव चिन्तनको कवितामा चर्चा गरिएको छ । |
| **१४. माग्ने** | हाम्रै घर, आँगन र समाजबाट विस्थापित गराइएको आफ्नै देशको जनता, जो सडक पेटीलाई आलिङ्गन गरेर जीवन बिताउन र छाक टार्नका लागि लज्जित भएर दुई चार पैसा माग्न बाध्य बनेको छ । त्यस्तो विवश माग्नेको सग्लो चित्र कविताले उतारेको छ । विकासको भाषणले नयाँ र अर्थतन्त्रको नाराले पनि कुनै प्रभाव नपार्ने विचरो माग्ने जब लज्जित भएर झुक्दछ त्यसबखत उसको शिर झुकेको नभएर सगरमाथा झुकेको जस्तो महसुस हुने कुरा गर्दै कविले आम्रो देशमा पढेर जागिर माग्नलाई ठूलाबडाकामा धाउनुपर्ने, कृषक भएर बिऊ किन्न साहू महाजनको संस्था चाहार्नु पर्ने, बलिया सन्ततिले दरवान् बन्न विदेशीसँग भिख माग्नुपर्ने विवशताको चर्चा गर्दै स्वयं राष्ट्रले पनि धनी मुलुकसँग अनुदान माग्नुपर्ने र आखिरी जसले जे मागे पनि माग्ने माग्ने नै हुने |

| | |
|---|---|
| | केवल मगाइको प्रक्रिया मात्र फरक हुने कुरा  कवितामा वर्णन गरिएको छ । |
| **१५. सहयात्री** | आफ्नो जीवनयात्रामा बाचुञ्जेलसम्म साथ दिने जीवनसाथीलाई सहयात्री भन्दै दविएका, पिसिएका एक वर्ग विशेषको दर्दमा मलम पट्टी गर्ने क्रम उपक्रममा भेट भएको र क्षणिक भेटघाटमा पनि दुवैको आत्माले एक अर्काको मर्म बुझ्न सकेको तर त्यसबेला बोल्न चाहेर पनि बोल्न नसकेको केवल मनरूपी क्यामराले एक अर्काको फोटो खिचेर मष्तिस्क रूपी एल्बममा सजाएको कुरा कविले यस कवितामा उल्लेख गरेका छन् । |
| १६. **बोल्दा तस्वीरहरू** | एउटा पोष्टरमा रहेका विभिन्न विमारहरूले सताइएका बालकहरूको तस्वीरको वर्णन गर्दै ती तस्वीरमा भएका बालकहरू जसरी पोलियो, भ्यागुत्ते, क्षयरोग, दादुरा जस्ता रोगहरूले पिडित भएका छन्  त्यस्तै गरी आजको समाजमा पोलियो लागेर विकृत भावनाहरू भरिएका, एक छाक टार्नका लागि धौ धौ पर्नेको ताल पनि भ्यागुत्ते रोग लागेझैं सवै मौन रहेको कुरा कवितामा उल्लेख गरिएको छ । लहरे खाकी लागेजस्तै मान्छे बोल्न चाहेर पनि बोल्न नसकी दुःख र पीडा तथा शोषणलाई सहेर बसेको प्रति कवि असन्तुष्ट रहेको कुरा यस कवितामा छ । |
| १७. **वाढ** | धेरै वर्ष भएर आउने बाढीको चर्चा गर्दै वर्षाको बाढ हिउँदको समयमा सुक्न सक्छ तर गरिबी र नैतिकताको ह्रासले आएको बाढ  सुक्न धेरै हिउँद र धेरै सुखा पर्खिनुपर्ने कुरा तथा कति मूल्य चुकाएर जनताले सङ्घर्ष गर्नुपर्ने कुरा कविताले देखाएको छ । प्राकृतिक बाढको बाधा पनि नियन्त्रण गर्न सकिन्छ तर गरिबी र नैतिकताको ह्रास भएर मुटुमा आएको बाढ र पहिरोलाई रोक्न साहसिक कदम र अठोट चाहिने कुरा कविताले देखाएको छ । |
| १८. **एउटा कालपत्र** | राष्ट्रका हरेक क्षेत्रमा चलेको नातावाद, कृपावाद,चाकडीवाद र चाप्लुसीवादका कारण जताततै विकृति र विसङ्गति फैलिएको कुरा गर्दै यस कवितामा हाम्रो देशमा बढेको विदेशी चलखेल तथा देशले हरेक वस्तु आयातित मात्र प्रयोग गर्न बाध्य हुनुपरेको र त्यस्ता आयातित वस्तु पवित्र नभएर विकिरण युक्त एवं रासायनिक रहेको कुरा कवितामा वर्णित छ । जुन कारणले गर्दा चाँडै नै अनेकौं रोग र महामारीको सामना गर्नुपर्ने यर्थाथताको प्रस्तुति कवितामा रहेको छ । साथै त्यो समय एउटा कालपत्र हुनेहुँदा सचेत रहन पनि आग्रह गरिएको छ । |
| १९. **उनी** | औधी परिश्रमी ज्यादै व्यस्त मानिस जो कपडामा इस्त्री लगाउन र पत्नीले काटिदिएको टिकटले सिनेमा हेर्न जान पनि नभ्याउने मान्छेको वर्णन गर्दै ऊ सबै कुराको ज्ञाता रहेको र अनेकौं योजना बनाउने तर व्यवहारमा एउटै नउतार्ने आजका व्यस्त भनाउँदा नेताहरू जस्तो उनी छन् भनेर कविले यस कवितामा आजका नेतृत्व प्रदायकहरूप्रति व्यंग्य प्रहार गरेका छन् । |

| | |
|---|---|
| २०. **चिया र मित्रता** | आजकाल समाजमा सभ्यताको सिगों प्रतिनिधित्व चियाले गरेको छ । आत्मियता देखाउन, प्रतिष्ठा बढाउन र आतिथ्य स्वीकार गर्न पनि चिया पिउनु पर्ने अवस्था आएको कुरा कविताले देखाएको छ । तर उही चियाले कहिलेकाँही अस्तित्वलाई नै संकट पार्न सक्ने, आफ्नै मित्रले चिया पिउने बहानाले आफ्नो रवाफ र धाक देखाउने तथा आफ्नो इतिहास बिर्सिएर मान्छे ठूलो बन्ने जस्ता कुराहरू कविताले देखाएको छ । यदि कसैले मित्रलाई सम्मान साथ चिया पियाँउदै आफ्नो तुजुक र सम्पत्तिको अभिमान देखाउँछ भने मित्रप्रतिको श्रद्धा नै समाप्त हुने र चिया पनि नमिठो हुने कुरा यहाँ वर्णित छ । |
| २१. **यौटा लाशसँग** | गरिबले सधैं चाकरी गर्नुपर्ने, बिना चाकरी डाक्टरले उपचार पनि नगरिदिने कुरा र आर्थिक अभावले गर्दा यौवनावस्थामा नै ज्यान गुमाउनु पर्ने बाध्यात्मक अवस्थाको चित्रण कवितामा गरिएको छ । अस्पतालमा उपचार गर्दागर्दै गरिबीले गर्दा बिरामीको आर्तनाद र बाँच्न खोज्ने प्रयत्नलाई पनि उपेक्षा गरिएको जसले गर्दा मर्न बाध्य हुनुपरेको कुरा एउटी युवतीले अस्पतालमा अनायासमा ज्यान गुमाउँदा उसको लाशलाई देखेर भएको अनुभवबाट कविले बताएका छन् । |
| २२. **स्वतन्त्र सेनानीलाई दृष्टि दिईराखेकै छन् ।** | वीर सेनानीहरूले रगत र पसिना बगाएर आर्जेको सिङ्गो नेपाल जसमा पूर्वमा टिष्टा देखि सिक्किम आसाम र मेघालय सबै पर्दथे भने पश्चिममा काँगडासम्म रहेको थियो । इतिहासको सानो गल्तिले गर्दा नेपालीको रगत र पसिनाले सिंचेको नेपाली भूमि गुमाउन परेको तर भौगोलिक सिमानाले हाल आएर छुट्याइए पनि एकदिन पुनः इतिहासले कोल्टे फेर्ने र पुनः नेपाली भूमि फिर्ता हुने आशा राख्दै त्यहाँका हरेक नागरिकले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्दै सङ्घर्ष गरिराखेको र स्वतन्त्र हुनलाई दृष्टि दिइराखेको प्रसङ्ग यस कवितामा छ । |
| २३. **तिमी** | सत्तामा बसेर जनताहरूलाई सधैं दुःख कष्ट दिइरहने शासकलाई तिमी सम्बोधन गर्दै कविले यहाँ जनताको हित गर्नबाट पछि हट्ने, साढेँका झैं राता आखाँ पार्ने तर ठूलाबडाका अगाडि कुकुर जसरी पछि लाग्ने प्रवृतिको विरोध गरेका छन् । सत्यलाई पनि असत्य सावित गरेर छेपारोले रङ्ग फेरेजस्तो आफ्नो कुरा फेर्ने पनाले गर्दा एकदिन आफैंले खनेको खाल्डोमा आफैं पर्नसक्ने हुँदा कवितामा शासक वर्गलाई सचेत गराइएको छ । |
| २४. **आफैंदेखि लाज लाग्न सक्छ** | दुई छाक खान नपाएका निन्याउरो अनुहार र ख्याउटिएका गालाहरू भएका गरिबीको रेखामुनि परेका कैयौं जनताको वास्तविक अवस्थालाई ढाकेर जोड घटाउको हिसाबमा लाग्ने अनि विकास र प्रगतिको नक्कली चार्ट कोर्ने कलाकार जस्ता आजका सामन्ती नेताहरूलाई कविताले व्यङ्ग्य गरेको छ । खान नपाएका जनताहरूको मुखको व्यथा र वेदनालाई ढाकेर नक्कली हाँसो र प्रसन्नता भरेको अब जनताले बुझिसकेको कुरा उल्लेख गर्दै पछि गएर आफ्नै कल्पना र भावना देखि लाज लाग्न सक्ने अवस्था आउन सक्ने हुँदा होसियार रहनका लागि सचेत गराइएको छ । |
| २५. **ऊ** | एउटा बाह्र वर्षको गरिबीको रेखामुनि परेर शिक्षा र सम्पत्तिदेखि विमुख हुन |

| | |
|---|---|
| | बाध्य बनेको ठिटोको वर्णन गर्दै कवितामा गरिबीले गर्दा राम्रोसँग लाउन र खान पनि नपाउने, तसर्थ जाडोले गर्दा शरीर तताउने बहानामा ठिटाहरू रक्सी र चुरोटको कुलतमा फस्ने  यर्थाथताको वर्णन गरिएको छ । त्यस्ता गरिबीले गर्दा ठूलाबडाको घरमा नोकर बस्न बाध्य भएका ठिटा ठिटीहरूका लागि बालश्रमिकसम्बन्धी कानून त मृगतृष्णा बन्ने र धनी गरीब बीचको खाडल झन् बढ्दै कहालीलाग्दो भएर जाने कुराको मार्मिक प्रस्तुति कवितामा छ । |

कवि खेमनाथ दाहालको **श्रद्धाञ्जलि** कविता सङ्ग्रहमा माथिका शीर्षकका जम्मा २५ वटा कविताहरू रहेका छन् । यस सङ्ग्रह भित्रका कविताहरूमा विषयगत विविधता पाइन्छ । 'अनामिका' शीर्षकको कवितामा प्रष्ट रूपमा प्रेमको वर्णन गरिएको छ भने **पियन**मा हाकिमको सेवामा समर्पित, आफू आधा पेट खाएर घर परिवारको वास्ता पनि गर्न नभ्याई  हाकिमप्रति निष्ठावान् रहने दुःखद चरित्रको चित्रण गरिएको छ । पियनका रूपमा जागिर खाने मानिस कसरी अपहेलित भएर बाँच्नु पर्छ ? भन्ने तीतो यथार्थलाई कवितामार्फत अभिव्यक्त गरिएको छ :

हो
ऊ बिना कार्यालय चल्दैन
हाकिमको खाना पाक्दैन
त्यतिमात्र कहाँ हो र ?
ऊ बिना त ठूहाबडा भनाउँदाको
गुजारै चल्दैन
तथापि
पशु र मानवको दोसाँधमा राखिएको
यौटा मान्छे हो पियन ।[१२३]

नेपाली समाजमा नारी र पुरुषबीच अत्यन्त ठूलो बिभेद रहेको पाइन्छ । पुरुष प्रवृत्ति नारीहरूप्रति चरम रूपमा हाबी भएको देखिन्छ । त्यसमा पनि बिधवा नारीको अवस्था हाम्रो समाजमा भयावह छ । विधवा नारीलाई हेर्ने हाम्रो समाजको दृष्टिकोण भिन्न र प्रतिकूल रहेको छ । स्वतन्त्रताका साथै बिभिन्न अवसरबाट नारी बञ्चित छन् । यथार्थमा नारी र पुरुषबीच असमानताको डरलाग्दो खाडल रहेको छ । यस्तो खाडललाई पुर्न स्वयं नारीहरूले नै सचेत र साहसी भई अघि सर्नुपर्ने आवश्यकता छ । यिनै अभिप्रायलाई समेट्ने **ऋचा तिम्रो जीवन रित्तो सिउदो** शीर्षकको कविताले नारीलाई संस्कृतिकी जननी, त्यागकी प्रतिमूर्ति, समुद्रभन्दा गम्भीर, हिमाल झैँ अटल र संघर्षशील पात्रका रूपमा वर्णन गरेको छ :

तर ऋचा
अहिले विधवा भइछन्
उनको अनुहार सँग
अब
मुस्कानले होइन

१. खेमनाथ दाहाल 'पियन' **श्रद्धाञ्जलि** कविता सङ्ग्रह (काठमाडौंः उषा दाहाल, २०५४) पृ. ५ ।

भाबुकताले मीत लाएछ
उनको ओठमा अब
लिपिष्टिक होइन
स्त्री यौटा संस्कार
र
संस्कृतिकी जननी हो भन्ने
भावना विकास भएछ ।[१२४]

कृतिकै शीर्षक बनेको  कविता **श्रद्धाञ्जलि'**सीमाबाट बिभाजित प्रवासी सहिद बन्धुहरू प्रति व्यक्त गरिएको तीव्र भावको सशक्त अभिव्यञ्जना हो । इतिहासको कुनै कालखण्डमा विभाजित हुन पुगेको सीमापारीको आफ्नो जातिप्रतिको अन्तरसंवेदनाले ओतप्रोत कवितामा राष्ट्रियताका प्रतीक डाँफे, मुनाल, सगरमाथा, मेची, कोशी, कर्णाली जस्ता शब्दहरूको प्रयोग महत्त्वपूर्ण बनेको छ । कवितामा मेचीपारीका दाजुभाइको पीडामा पीडित बनेको नेपाली हृदय रोएको छ , संवेदना साटिएको छ । बिम्ब-प्रतीकको संयोजन, बिषयवस्तुको गाम्भीर्य, जातीय संवेदना र प्रस्तुतीकरणको विशिष्ट स्वरूपले प्रस्तुत कविता उत्कृष्ट बनेको छ । कवि स्वयंले आत्मतृप्ति दिने कविता भनी स्वीकार गरेबाट पनि श्रद्धाञ्जलिको महत्त्व झल्किन्छ । कवि **श्रद्धाञ्जलि**मा लेख्छन् :

मैले अनुभव गरिराखेको छु
तिमी सहिद भएपनि यहाँ
तिम्रो छातीबाट निस्केको
एक एक थोपा रगतले
हजारौं हजार योद्धा जन्माएको छ
मेची र टिष्टामा पानी छैन
सहिदका रगत र आँशुका
भलले तहल्का मच्चाएको छ
तिम्रो ऐया भन्ने आर्तनादले
मेरो सगरमाथा रोएको छ
त्यहाँका बलात्कृत नारीहरूको आँशु बनेर
कोशी, गण्डकी र कर्णाली वहेको छ
त्यहाँका पुत्रशोकमा परेका आमाको क्रन्दनमा
यहाँका डाँफे मुनाल सम्म पनि रोएको छ
इतिहासले सीमा कोरे पनि
भावना र मनले तिमीलाई काखी च्यापेको छ ।[१२५]

यसैगरी **टाट पल्टेको मान्छे** शीर्षकको कविताले मानिसको अभावग्रस्त जीवनलाई बिभिन्न सन्दर्भमा उल्लेख गर्न खोजेको छ भने आफ्नी मायालुसँगको अतीतलाई सम्झना गर्दै

२. खेमनाथ दाहाल 'ऋचा तिम्रो जीवन रित्तो सिउँदो', ऐजन , पृ.१२ ।
३. खेमनाथ दाहाल 'श्रद्धाञ्जलि', ऐजन , पृ. १९ ।

भविष्यमा मिलनको आशावादी स्वरलाई मुखरित गर्ने काम 'तिम्रो झझल्कोमा' कविताले गरेको छ । समाजमा रहेको भोका, नाङ्गा, व्यथित तथा सङ्घर्षरत मानिसहरूको सहानुभूति प्रस्तुत कवितामा प्रकट भएको छ । कवितामा कवि लेख्छन् :

यहाँ मेरो अगाडि हरेक दिन
बिहानी सूर्यको झल्को सँगै
भोका र नाङ्गाको अनुहार झल्कन्छ
बेलुकीपख ढल्नलागेको घाँमसँगै
तिनीहरूको मलीन अनुहार
र
तिनको वेदना प्रष्टन्छ
खै म यहाँ कसरी सुस्ताएर बसौं
मेरी आमा जब हरेक क्षण
तिमी जस्ता अनेकौं व्यथितको
सङ्घर्षरत प्रतिबिम्ब
मेरो अगाडि झल्कन्छ ।[१२६]

यस सङ्ग्रहका कविताहरू केही लामा, केही छोटा र केही मझौला संरचनामा पनि प्रस्तुत भएका छन् । ढुङ्गाका मूर्ति पूजा गर्ने तर मान्छे प्रति बेवास्ता राख्ने मानव प्रवृत्ति, धर्मका आडमा अत्याचार र भ्रष्टाचार गर्दै आफूलाई महान र त्यागी संझने अनि शोषणको धनले मानव र मानवता दुवैलाई खरिद बिक्री गर्ने धुनमा लागेका आजका एकथरी मान्छेका प्रवृत्तिलाई कविले 'नाम राख्ने धुनमा छन्' कविता मार्फत छर्लङ्ग पारेका छन् । **माग्ने** शीर्षकको कविताले जीवन बाँच्नुका नाउमा विवशता बाँचिरहेको मानिसको वास्तविकतालाई अभिव्यक्त गरेको छ । माग्ने अभावग्रस्त मानिस हो जसलाई विकासको भाषण, नयाँ बजेट, अर्थतन्त्रको नारा, जस्ता कुराहरूले प्रभाव पार्दैन भन्ने वास्तविकता प्रस्तुत गरेको छ । कवितामा कवि लेख्छन् :

उसलाई
विकासको भाषणले छुँदैन
क्यालरीको मापदण्डले प्रभाव पार्दैन
नयाँ नयाँ बजेट र अर्थतन्त्रका नाराको
ऊ सरोकार राख्दैन
ऊ कसैको बाधक बन्दैन
बिहान बेलुका मुख हात
जोड्न पाए
ऊ अरु कुराको चिन्ता पनि गर्दैन ।[१२७]

जीवन बाँच्ने क्रममा सहयात्रा गर्न आइपुगेमा सहयात्री प्रतिको सम्झनालाई जीवन्त तुल्याएको कविता **सहयात्री** ले मानव मनको संवेदनशीलतालाई प्रकट गरेको छ भने नेपाली वीरहरूको रगत र पसिनाले सिञ्चेको सिक्किम, आसाम र मेघालयको भूमिमा स्वतन्त्र भएर

---

४. खेमनाथ दाहाल 'तिम्रो झझल्कोमा' , ऐजन , पृ.३० ।
५. खेमनाथ दाहाल 'माग्ने', ऐजन, पृ. ४२ ।

बाँच्न चाहने नपालीहरूको चाहना र व्यथा झल्काउने कविता **स्वतन्त्र सेनानीलाई दृष्टि दिइराखेकै छन्**ले जातीय स्वतन्त्रता र स्वाभिमानका लागि सङ्घर्ष गर्न डराउन नहुने कुरालाई अभिव्यक्त गरेको छ ।

मानिसले केही गर्नका लागि बाँच्नु पर्छ
स्वतन्त्रता र स्वाभिमानका लागि
जहाँ भएपनि सङ्घर्ष गर्नु पर्छ
स्वाभिमान साथ बाँच्नखोज्ने हरेकले
कहिले काहीँ लाखौं लाख
आफ्ना आकाङ्क्षा र सुविधाको
आहुति दिन सक्नु पर्छ ।[१२८]

यसरी कवि खेमनाथ दाहालले सामान्यदेखि महत्त्वपूर्ण लाग्ने यावत् बिषय प्रसङ्गहरू कवितामा प्रस्तुत गरेका छन् । प्रेम, नारी, मानवतावाद, गरिबी, अन्याय अत्याचार, विकृति विसङ्गति,नारी र पुरुषबीचको विभेद, सहिद प्रतिको श्रद्धाञ्जलि, आशा, निराशा, आडम्बर, शोषण, दुःख, सुख, संस्कृति, राष्ट्रियता, राजनीति, देशप्रेम, स्वतन्त्रता जस्ता अनेकौं सन्दर्भहरू यस सङ्ग्रहका कविताका बिषयहरू बनेका छन् । अधिकांश कविताहरू सामान्यभन्दा लामो संरचनामा आएका छन् । 'बोल्दा तस्वीरहरू' शीर्षकको कविता ११७ पङ्तिमा रचना भएको छ भने 'तिमी' शीर्षकको कवितामा केवल १९ पङ्ति मात्र रहेका छन् । १७ वटा कविताहरूमा ५० भन्दा अधिक पङ्तिहरू छन् भने अबशिष्ट कविताहरू त्यसबीचका पङ्तिहरूले संरचित छन् । सरल, सहज र बोधगम्य भाषामा रचना गरिएका यस सङ्ग्रहका २५ वटा कविताहरू आयामिक हिसाबले लामा छोटा जेजस्ता भए पनि कविताको पङ्ति विन्यास र शृङ्खलित प्रवाहले कविताहरू संवेद्य शैलीमा प्रस्तुत भएका छन् भन्न सकिन्छ ।

## ४.२.३ सहभागी

सहभागीले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ ।[१२९] सहभागी अनेक किसिमका हुन सक्छन् । कवितामा सहभागीको यदा कदा प्रयोग गर्ने कवि दाहालका कविताहरूमा विभिन्न प्रकारका सहभागीको साङ्केतिक प्रयोग गरेको पाइन्छ । व्यङ्ग्यात्मक तथा आख्यानात्मक कविताहरू लेख्ने कवि दाहालले **श्रद्धाञ्जलि** कविता सङ्ग्रहका जम्मा पच्चिस कविताहरू मध्ये पहिलो कवितामा अनामिका नामक पात्रलाई सहभागी गराएका छन् भने क्रमशः दुई तीन र चारमा पियन, मित्र र ऋचालाई सहभागी गराएका छन् । आठौं कवितामा टाट पल्टेको मानिसको सहभागिता देखिन्छ भने नवौं र दशौं कवितामा प्रेमिकाको सहभागिता देखिन्छ । यसैगरी चौधौं कवितामा एउटा माग्नेको चरित्र रहेको छ भने विशौं कवितामा पनि एक मित्रसँग भएको भलाकुसारी रहेको पाइन्छ । तेईसौं कवितामा तिमी भनेर द्वितीय पुरुषलाई सहभागी गराइएको छ भने कविता सङ्ग्रहको अन्तिम कवितामा ऊ भनेर एउटा गरिब बालकलाई सम्बोधन गर्दै तृतीय पुरुष पात्रको सहभागिता गराइएको छ ।

---

६. खेमनाथ दाहाल 'स्वतन्त्र सेनानीलाई दृष्टि दिइराखेकै छन्', ऐजन, पृ. ६५ ।

७. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण** (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०५८) , पृ.१७० ।

## ४.२.४ परिवेश

परिवेशले कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन गर्ने तथा घटना घटित हुने स्थान, समय र वातावरणलाई बुझाँउछ ।[१३०] परिवेशका दृष्टिले हेर्दा खेमनाथ दाहालका यस सङ्ग्रहमा सङ्गृहीत अधिकांश कविताहरू राष्ट्रिय परिवेशमा केन्द्रित छन् । यिनका कवितामा नेपालको इतिहासको सुगौली सन्धि पछाडिको समयलाई सङ्केत गरिएको छ । यसैगरी सामन्ती संस्कारबाट सृजित गरिबीको पीडामय अवस्था वातावरणका रूपमा आएको छ । तसर्थ उनका कविताहरूमा दुःखद् तथा अशान्त र विस्मत् वातावरण देखिन्छ । भावगत रूपले नेपालको सीमाक्षेत्र र प्रवासी नेपालीहरूको दुःख वेदनाजन्य अवस्थालाई अभिव्यक्त गरिएको छ ।

## ४.२.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ ।[१३१] खेमनाथ दाहालका यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूको मूल उद्देश्य भनेको इतिहासको सानो त्रुटिले गर्दा खण्डित हुन पुगेको देशलाई पुनः अखण्डित तुल्याउनु तथा गरीब, दुःखी र प्रवासी नेपालीहरूको वेदना र पीडालाई प्रकटीकरण गर्दै जनजागरणको अपेक्षा र समाज सुधारको चाहना राख्नु हो । यसका लागि कवि सवैलाई एकजुट भई ऐतिहासिक गल्ति सच्याउन तथा सामन्ती संस्कारका विरुद्ध क्रान्ति गर्न आह्वान गर्दछन् । उनका यस सङ्ग्रहका कविताहरू प्रगतीवादी विचारको प्रक्षेपण गर्ने दृष्टिले सशक्त देखिन्छन् । प्रेम र ममता तथा सहभावनाको अस्तित्व जीवनमा महत्वपूर्ण हुन्छ भने देखाउनु पनि उनका कविताको मूल उद्देश्य हो ।

## ४.२.६ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ ।[१३२] दृष्टिबिन्दुका दृष्टिले यो श्रद्धाञ्जलि कविता सङ्ग्रहमा सङ्गृहीत पच्चिस वटा कविताहरू मध्ये पहिलो अनामिकामा द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ भने पियनमा तृतीय पुरुष र मेरा मित्र तपाईं कस्तो हुनुहुन्छ मा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसैगरी ॠचा तिम्रो जीवन रित्तो सिउँदो, सृजना, श्रद्धाञ्जलि, तिम्रो झझल्कोमा, संखालु आँखाहरू जस्ता कविताहरूमा कतै द्वितीय पुरुष त कतै प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । नमूना, टाट पल्टेको मान्छे, नाम राख्ने धुनमा छन्, माग्ने, उनी, चिया र मित्रता, स्वतन्त्र सेनानीलाई दृष्टि दिईराखेकै छन्, र ऊ शीर्षकका कविताहरूमा तृतीयपुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ भने तिमी, आफैंदेखि लाज लाग्न सक्छ, यौटा लाशसँग आदि कवितामा द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । सहयात्री, बोल्दा तस्वीरहरू, भिडियो, पप्लु जस्ता कविताहरूमा प्रथम तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

---

८. ऐजन पृ. १७३ ।

९. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली काव्य सयालोचना** (काठमाडौंः पैरवी प्रकाशन, २०६७) पृ.२२ ।

१०. ऐजन, पृ. २३ ।

## ४.२.७ भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बुनोट रूपी साम्यघटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्व प्रमुख पक्ष हो र लेखक पिच्छे फरक फरक हुन्छ ।[१३] यस अन्तर्गत भाषिक तथा शैलीय बुनोट अर्थात् भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार आदि पर्दछन् । भाषिक प्रयोगका दृष्टिले हेर्दा श्रद्धाञ्जलि कविता सङ्ग्रहमा कवि दाहालका कविताहरू सरल, सरस, सहज र बोधगम्य रहेका छन् । उनका कविताहरूमा झर्रा नेपाली शब्दहरू जस्तै : पोको, आइमाई, हाकिम्नी, आउरे बाउरे, सहनाई, अन्धो, हजूरी, किताब, छिरिक्क इत्यादि शब्दको प्रचुर प्रयोग भएको छ । बाल्यावस्थामा संस्कृत भाषा र व्याकरणको केही मात्रामा  अध्ययन गरेको हुनाले होला कवि दाहाल आफ्ना कविताहरूमा तत्सम शब्दहरूको पनि औधी प्रयोग गर्दछन् ।  जस्तै : अनामिका, श्रद्धाञ्जलि, माता, पिता, पुष्प, शिशु, सेनानी, अर्धजिवीत, शततः प्रयत्न, नवकीरण, श्रृङ्खला, सूक्ष्म, शोषण इत्यादि यस्ता अनगिन्ती तत्सम शब्दहरूका साथै तद्भव शब्दहरू जस्तै : बिहान, आमा, रिन, आँखा, काम, सात, दश इत्यादि तथा आगन्तुक शब्दहरू जस्तै : सिक्वेन्स, भिडियो, म्यूजिकल चियर, कम्प्युटर, तकिया, बात, ख्वाब, इत्यादि प्रशस्त प्रयोग गरेका छन् ।

कवि दाहालले कोशेलीको पोको, सहनाईको आवाज, लालीगुराँसको बोझ, भ्रमर र फूलको खेल, सगरमाथाको रोदन, पालुवा बोकेर, चिचिला लाग्ने जस्ता विम्ब र प्रतीकहरूको प्रयोग कवितामा अत्याधिक मात्रामा गरेका छन् । यसैगरी आलङ्कारिताका दृष्टिले पनि सशक्त रहेका यिनका कविताहरूमा उपमा, रूपक, दृष्टान्त जस्ता अलङ्कारहरू  लगायत आद्यनुप्रास, मध्यानुप्रास तथा अन्त्यानुप्रास अलङ्कारको प्रयोग पनि पाइन्छ । कवि दाहालका प्रस्तुत कविता सङ्ग्रहमा पच्चिस वटा कविता उनिएका छन् । ती मध्ये दुईवटा 'पप्लु' र 'भिडियो' शीर्षकमा रहेका कविता पद्य शैलीमा लेखिएका छन् भने बाँकी सबै कविताहरू गद्य वा मुक्तक शैलीमा लेखिएका छन् । पद्यमा लेखिएका कविताहरूमा पनि मात्रिक र शार्दूलविक्रिडित छन्द मिलाउन खोजिएता पनि ह्रस्व दीर्घगत त्रुटिहरू भने प्रशस्तै भेटिन्छन् । अन्य कविताहरूमा पनि भाषिक दृष्टिले केही वर्ण विन्यास आदिका कसर देखिन्छन् तापनि **श्रद्धाञ्जलि**का कवितामा सरल पाराले धेरै गम्भीर र मार्मिक भाव प्रवाहित भएका छन् । यहाँका कविताहरूमा भावनाको कुलकुलाहट पनि छ र समाज चेतनाको सलबलाहट पनि छ, पीडाजन्य विरहको रन्काई पनि छ र विद्रोहको घन्काई पनि छ ।

## ४.२.८ उपसंहार

जीवन र जगत्लाई हेर्ने विषयवस्तु जुन कविताले उठाएको हुन्छ  त्यसमा अन्तर्निहित सन्देश जुन हुन्छ त्यो सन्देश भाषिक कलाजन्य सौन्दर्यको दृष्टिकोणले दिन सकेपछि मात्र त्यो कविता हुन सक्तछ । कवि खेमनाथ दाहालका कविताहरूमा पनि नेपाली समाजमा विद्यमान सामन्ती संस्कार, शासक वर्गले निम्न वर्गप्रति गरेको शोषण र दमन तथा गरिबीको पीडालाई

११. खगेन्द्रप्रसाद  लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** पूर्ववत्, पृ. १८२ ।

विषयवस्तु तुल्याई स्वतन्त्रताका लागि क्रान्तिको आह्वान गरिएको छ । राष्ट्रिय एकता र अखण्डताको नारालाई मुखरित गरिएको उनका कविताहरूमा कता कता प्राविधिक त्रुटिका कारण अशुद्ध शब्दहरू रहेका भए तापनि स्पष्ट र सुन्दर तथा कलात्मक प्रस्तुतिले कविताहरूमा मिठास भरिदिएको छ ।

विशेष गरी यस सङ्ग्रहमा सङ्कलित उनका कविताहरूमा विगत, वर्तमान र भविष्यका समय गर्भमा निहित सामाजिक जीवनका विविध परिप्रेक्ष्यको भाव अभिव्यञ्जित छ । कविले आफूलाई हुने मसिना मसिनादेखि मानवीय मूल्यसम्मका विषयमा कविता लेखेका छन् । कवितामा कतै देशको मर्म बोलेको छ, कतै सगरमाथा रोएको छ भने कतै सहिदप्रतिका श्रद्धाभाव गाँसिएर आएका छन् । सुनौला आशा लिएर सूर्योदयको कल्पना र प्रतिक्षा गर्दा पनि मुक्तिको साटो बन्धन र सुखको साटो झन् बढी दुःख भोग्नुपरेको जीवनलाई कविले देखेका छन् । रित्तो सिउँदोको बाध्यतालाई अनुभव गरेका छन् र अस्तव्यस्त सामाजिक संरचनाका पाटालाई हेर्दै छुँदै चाहारेका छन् ।[१३४] मानिसलाई अपाङ्ग बनाउने नीतिको विरोध गर्दै स्वस्थ र सुन्दर समाज निर्माणका निम्ति पनि यस सङ्ग्रहका कविताहरूमा विभिन्न भावरूपी झिल्काहरू छुट्टिएका छन् । उनका कविताहरू संरचक घटकका दृष्टिले सन्तुलित देखिन्छन् । कविताका शीर्षक पनि सार्थक र औचित्यपूर्ण रहेका देखिन्छन् भने सहिदहरू प्रति श्रद्धाञ्जलि अर्पण गर्दै राष्ट्रिय अखण्डता, प्रेम र ममता तथा गरिबीको सग्लो चित्र कोरेको हुँदा उच्च कोटिका छन् भन्न सजिलै सकिन्छ ।

# ४.३ हार्वडको चौतारीमा कविता सङ्ग्रहको विश्लेषण

## ४.३.१ परिचय

**हार्वडको चौतारीमा** कवि खेमनाथ दाहालद्वारा रचना गरिएको एक नियात्रात्मक कविता सङ्ग्रह हो । यसमा जम्मा सत्ताइस कविताहरू सङ्कलित छन् । यसको प्रकाशन बगर फाउन्डेसन नेपालद्वारा वि.सं. २०६४ वैशाखमा भएको हो । यस कविता सङ्ग्रहको आवरण पृष्ठमा एउटा रातो पहेँलो रङ्गको मन्दिर जस्तै देखिने कलात्मक घर रहेको छ भने त्यसका माथिपट्टि नीलो आकाश र त्यहाँ पुस्तकको नाम दिइएको छ । घरको अगाडि पट्टि एउटा वृक्ष रहेको छ । वृक्षकै छेउमा प्रकाशक संस्थाको नाम पनि दिइएको छ । पुस्तकका भित्री पृष्ठहरूमा क्रमशः पुस्तकको नाम, प्रकाशकको मन्तव्य, 'अमेरिका : नेपाली सपनाको परिवेश' शीर्षकको अभि सुवेदीको लेख तथा 'कवि खेमनाथ दाहालका अनुभूतिजन्य कविताहरूबारे एक दृष्टिपात' शीर्षकको अनिरुद्ध तिम्सिनाको भूमिकामूलक लेख रहेको छ । यसपछि 'लाब्रीको कान्छो हार्वडको चौतारीमा' शीर्षकको कवि दाहालको आफ्नै मन्तव्य रहेको छ भने त्यसपछि कविताक्रम दिइएको छ । अनि क्रमशः सत्ताइस वटा कविताहरू रहेका छन् । कृतिको अन्तिम आवरण बाहिरी पृष्ठमा नेपालको गौरव सगरमाथा रहेको छ । साथै विभिन्न साहित्यकारका दाहालका कृति विषयक छोटा छोटा धारणाहरू पनि यहाँ राखिएका छन् ।

## ४.३.२ विषयवस्तु

---

!!= s[i0fk|;fb k/fh'nL …>4f~hlndf Ps}l5gÚ k"j{jt\ .

**हार्वडको चौतारीमा** नियात्रात्मक कविता सङ्ग्रह भित्र विभिन्न विषयसँग सम्बन्धित शीर्षकका सत्ताइस वटा कविताहरू रहेका छन् । ती कविताहरूको शीर्षक र मूलभावलाई क्रमशः तल प्रस्तुत गरिन्छ :

| शीर्षक | मूलभाव |
|---|---|
| १. **हार्वडको चौतारीमा** | विश्वको प्रसिद्ध विश्वविद्यालय हार्वड पुगेर कविले तेरथुम लाब्रीको कान्छो त्यहाँ पुगेकोमा पुलकितता प्रकट गरेका छन् । कवि यस विश्वविद्यालयक्षेत्र भित्रको गतिविधि देखेर रत्नपार्कमा हुने गरेको नौटङ्की सम्झन्छन् र आफ्ना साथै रहेकी छोरी जिनुलाई सुनाउँछन् । तर तिनीहरूको उद्देश्य अर्कै भएको र आफ्नो फिस जम्मा गर्न चित्र बेच्ने तथा भायलेन बजाउने जस्ता कार्यहरू गरिएका हुन् भन्ने कुरा छोरी बाट थाहा पाएर कवि हार्वड प्रति श्रद्धा प्रकट गर्दछन् । हार्वडको मूर्ति सुम्सुम्याउन पुग्छन् । त्यहाँ मानिसबाट अभिव्यक्त स्वतः स्फूर्त श्रद्धाले निसङ्कोच मूर्ति छुन पाइने तर आफ्नो देशमा भने चोरिएला कि भनेर पहरा दिनुपर्ने अवस्थाको तुलना गर्दै विडम्बनापूर्ण स्थितिलाई कवितामा उजागर गर्दछन् । |
| २. **आमन्त्रण** | कविलाई अमेरिकाको स्वतन्त्रताको मूर्तिले अमेरिका यात्राका सन्दर्भमा स्वागत आमन्त्रण गरेको छ । शान्तिको प्रतीक सगरमाथा निःसहाय भएको र स्वतन्त्रताको मूर्तिको स्वरूप विचलित भएको एवं दुवै शान्ति र स्वतन्त्रताका प्रतीक बन्न नसकेका कुरा कवितामा बताएका छन् । आतङ्कवादको मुस्लो दन्केर वामियानमा बुद्धको मूर्ति धराशायी हुँदा कविको आत्मा विदीर्ण भएकोले त्यसलाई पुनर्जिवित गर्नुपरेको कुरा उठाउँदै शान्ति र स्वतन्त्रता मिल्नु पर्छ किनकी दुवैको मिलनले विश्वमा मडारिइरहेको कालो बादल अवश्य पनि हट्छ भन्ने भाव कवितामा व्यक्त गरिएको छ । |
| ३. **नायग्रालाई स्वागत** | गङ्गाको अवतरण पृथ्वीमा हुँदाको स्थितिलाई तुलना गर्दै इन्द्रधनुषको कवचले झेलिएर प्रकृती नै स्वयं पृथ्वीमा झरेकी हौ कि भनेर कविले यस कवितामा प्रश्नानुकूलता प्रकट गरेका छन् । नायग्राको अनायास वशीभूत पार्ने अनुपम सौन्दर्यको विचित्रतामा तन्मय भएर प्रशंसा गर्दै कोशी र कालीको संगम नै देखिएको कुरा व्यक्त गरेका छन् । |
| ४. **जम्काभेट** | कवि वासिङ्टन र न्यूयोर्कमा पुग्दापनि नेपाल धर्तिलाई एउटा महिलाको स्वरूपमा देख्छन् । यहाँ किन आएकी भनेर कवि प्रश्न गर्छन् । त्यसबखत् नेपाल आमा भन्छिन् 'शान्ति बहाली गर्न प्रतिनिधि मण्डलका साथ आएकी थिए तर तिनिहरू त कमाई गर्न पो आएका रहेछन् । शान्तिको कुरा त बहाना मात्र रहेछ' । यसरी नेपाल आमासँग भएको जम्काभेटमा मार्मिक रूपले वार्ता गरेको प्रसंग उल्लेख गर्दै शान्ति भन्ने कुरा आफ्नै घर आँगनमा खाज्नुपर्ने रहेछ भन्ने कुरा कवि व्यक्त गर्दछन् । विदेशमा रहँदा भौतिक सुख र वैभव प्रशस्त रहेता पनि निराशा र हिनताबोध अचाक्ली गर्नुपर्ने वास्तविक तथ्यलाई कवितामा प्रस्तुत गरिएको छ । |
| ५. **टायम स्क्वायर** | उमेर पुगेका वैंशालुहरूलाई वैंशले लोभ्याए झैं कल्पनातीत सौन्दर्यले लोभ्याउने इन्द्रपुरी सम्झदै यस कवितामा कवि अप्सराहरू नाचे झैं सुन्दरीहरू नाचेको |

| | |
|---|---|
| | देख्छन् । सपना जस्तो भान हुने तर कल्पना भन्दा परको सृष्टि झैँ लाग्ने कथाका परीहरू नाचे झैँ लाग्ने यस ठाउँमा राग अनुरागमा सबैको मन मदहोस हुँदो रहेछ भन्ने कुरा चर्चा गरेका छन् । हडसन नदीको तीरमा रहेको टायम स्क्वायर प्रकृतिको सौन्दर्यसँग लुकामारी खेल्ने तथा मोहनी लगाउने जस्तो लाग्न थालेको रागात्मक भाव व्यक्त गरिएको छ । |
| **६. फेरि गाण्डिव उठ्न सक्छ** | वीरको सन्तान हुँ भन्नेलाई पनि काम र दामले लोभ्याउन सक्ने कुरा चर्चा गर्दै यस कवितामा कविले आफ्नो उद्देश्य प्राप्तिका लागि धेरैपटक उठेका कुण्ठा र आत्मग्लानीलाई पचाएर , झेलेर, समय बिताउनु बाध्य भएको कुरा व्यक्त गरेका छन् । पूर्वीय संस्कृतिको परम्परामा युद्ध गर्न सामान्य रहेको हुँदा यदि कसैले परायामूलको भनेर दीन हिन सम्झदैं बारम्बार तिरस्कारको तिरले घोच्न लागेमा त्यस्तो नकारात्मक सोचाई घोचाईको पिडाले सुषुप्त आत्मा जाग्न सक्ने अनि अपमानको बदलामा फेरी गाण्डिव उठ्न सक्ने प्रतिशोधात्मक भाव व्यक्त गरिएको छ । |
| **७. आमालाई चिठी** | इराकमा भएको बारजना नेपालीको विभत्स हत्याको प्रभावले उद्वेलित भएर कविले यो कविता लेखेका छन् । आफ्नो श्रम र पसिना त्यो मरुभूमिलाई सिञ्चित गर्न र दुईचार पैसा आर्जन गर्न इराक पुगेका बन्धुहरूको मृत्युले दुःखी हुँदै नेपाल मातालाई आफ्नै श्रोत र साधनको उपयोग गरेर आफ्नै काखमा समय गुजारा गर्नु राम्रो हुने रहेछ भनेर कविले चिठी जसरी यो कविता लेखेका छन् । आफ्ना सन्तानहरू गुमाएर वेदना सहन गरिरहेकी धर्तीमातालाई शान्त्वना दिँदै सर्वदा आफ्ना सन्तानहरूलाई आशिर्वाद दिन आग्रह पनि गरिएको छ । |
| **८. माइकल सलिनालाई** | अमेरिकाली निर्बन्ध स्वतन्त्र सभ्यताको परिचय प्रस्तुत गर्दै माइकलले सलिनालाई देखाएर 'यो केटी राम्री छे, के तिमीलाई मन पर्छ' ? भनेर सोध्दा कवि केवल मुस्कुराएको र उसले 'तिमी राम्री छैनौ रे' भन्ने व्यङ्ग्य सलिनालाई गरेपछि सलिनाले 'के म साँच्चै राम्री छैन' भनेर सोध्न लागेकी हुँदा बोल्न बाध्य भएर कविले पूर्वीय दृष्टिकोण प्रस्तुत गर्दै सलिना सुकोमल सुन्दरी छे, ऊ पृथ्वीकी फूल र प्रेरणाकी स्रोत हो भन्ने उच्च मूल्याङ्कन गरेको कुरा यस कवितामा व्यक्त गरिएको छ । |
| **९. हिटलरवाद कहाँ निमिट्यान्न भएको छ ।** | कवि ह्वाइट हाउसमा भएको एउटा महोत्सवमा पुग्दा त्यहाँ गान्धी, मुसोलिनी तथा हिटलरहरूको मूर्ति देखेको तर मार्क्स, लेनिन, माओ र तिनका चेलाहरू कतै पनि सम्मूर्तित भएको नदेखिएको कुरा यस कवितामा वर्णन गरिएको छ । आजको विश्व धर्म र जातीयताको बारेमा निर्धक्क मुख खोलेर जातीयताको सम्पोषक बनेको कुरा व्याख्या गर्दै विश्वमा अझै हिटलर कायम छ, त्यो केवल रूपान्तरित भएको छ भन्ने भाव व्यक्त गरेका छन् । |
| **१०. विवश चेरीहरू** | विध्वंशको बदला शान्तिका प्रतीक चेरीहरू ह्वाइट हाउस नजिकै लिङ्कन र जेफर्सन सम्झाउन यस पटकको वसन्तमा ढकमक्क फुलेको देख्दा कवि तिनलाई नरमेध यन्त्रका उपज र विद्रोहका प्रतीक सम्झन्छन् । अनि तिनको फूल्ने, फक्ने र ओइलाउने प्रक्रियामा यस कवितामा समवेदना प्रकट गर्छन् । चेरीहरू विश्वमा |

| | |
|---|---|
| | अकालमा मारिएकाहरूको स्मारक रूपमा फूलिरहेछन् । भाव विह्वल आफन्तहरू दीन, दुःखी र अनाथहरूका लागि शोकाकुल आमाहरू तथा  पति पत्नीहरूका लागि भावी जीवनको ऊर्जाका रूपमा मृदुमुस्कान छर्दै चेरीहरू निरन्तर फूलिरहेछन् भन्ने भाव यहाँ व्यक्त गरिएको छ । |
| ११. **आशान्वित बन्दीसँग** | यहाँ कवि आप्रवासी नेपालीहरूलाई भेट्न जर्जटाउन जाँदै हुन्छन् । त्यहाँ आप्रवासीहरूले उनीसँग आफ्ना कथा व्यथा दोहाऱ्याउने छन् । वर्षौ वर्ष सम्म मातृभूमि फर्कन नपाएकोमा भावुक बन्दै कसैले कर्मलाई, कसैले आफैंलाई धिक्कार्ने छन् भने कसैले गरिब मुलुकको उपज भनेर आफूलाई अघोषित बन्दी भनेर घोषणा गर्नेछन् र आ-आफ्नो नियतीलाई सराप्दै आशान्वित कैदीका रूपमा फेरि उही जीवनयापन गर्न आ-आफ्नो बाटो लाग्नेछन् भनेर काल्पनिक रूपले एउटा विवश भाव यहाँ प्रस्तुत गरिएको छ । |
| १२. **नकोरियोस् विश्व मानचित्र अरु** | सर्वत्र हिउँले ढाकेको देखेर अत्तालिँदै कवि नर्थ इष्ट डि.सि.को एउटा ग्याँस स्टेशन भित्र एक्लै आतेसमा परेका छन् । त्यहाँ नूनको प्रयोग गरेर हिउँ सफागर्ने कार्यमा श्रमिकहरू लागेको दृश्य देखेर अस्तित्वविहिन बन्न हिमकणहरू झरेकोमा कवि पछुताउ गर्छन् । यदि वर्षने भए स्वच्छ हिमालतिर गएर वर्षनुपर्ने नत्र यहीँ वर्षनुपर्ने हो भने यहाँका विचारहरूलाई शुद्ध पार्नुपर्ने हो भन्ने कुरा कवि साङ्केतिक रूपमा प्रस्तुत गर्दै अब संसारमा युद्धको बादल नमडारियोस्, बम बृष्टि रोकियोस्, अनुकूलित विश्व मानचित्र बनोस् भन्ने भाव व्यक्त गरिएको छ । |
| १३. **तस्वीरमा मुस्कान खोज्छ** | प्रेयसीको सामिप्यतामा मानव जीवन र माया अलौकिक छ तसर्थ जीवनमा जे आइपर्छ व्यहोर्नु पर्छ भन्ने कवि अहिले सात समुन्द्र पारी पुगेको र विभेदको पहाड उभिएको देखेर आफूहरूलाई पानी भन्दा तरल , फूलभन्दा कोमल र सागरभन्दा गहिरो सम्झने कवि, कुन बाध्यताले उडायो भन्ने प्रश्न गर्दै मनको डढेलो समन गर्न प्रेयसीलाई आभास दिन आह्वान गर्छन् । परदेशको जीवन जिउन कविले तस्वीरमा भएकी प्रेयसीको झझल्कोमा मुस्कान खाजिरहेको पाइन्छ । |
| १४. **नलेखिने कविता** | आफ्ना सामुने घटेका विभत्स र जघन्य दृश्यको अत्तोपत्तो नभएको र त्यत्रो आवाज पनि बहिरोले झैं सुन्दै नसुनेको बहाना गर्नु अनि विचलित नभएको अभिनय गर्दै त्यस बारेमा केही बोल्ने अधिकारै नभएको कुरा गर्नु हाँस्यास्पद हुन्छ भन्ने कुरा वर्णन गर्दे कविले देख्ने बोल्दै नबोल्ने र बोल्नेले देख्दै नदेखेको कुरा गर्ने गर्दा वास्तविकता थाहा नहुने र जसको शक्ति उसको भक्ति भन्ने कुरा पुष्टि हुने रहस्यात्मक कुरा उजागर गरेका छन् । अनादिकालदेखि चल्दै आएको दुर्घटनाको एउटा श्रृङ्खलाबद्ध कडीको चर्चा गर्दै कविले वास्तविकतालाई गोप्य राख्ने हो भने सत्य तथ्य उद्घाटन नभई एउटा नलेखिने कविता बन्ने कुरा प्रस्तुत गरेका छन् । |
| **१५. अमेरिकामा सन्ततीहरू** | यस कवितामा अमेरिकाले विश्वमा छरेको आशाका ज्योति भेट्न विश्वका सन्ततीहरू अमेरिकी माटोमा सुनौलो भविष्यको कल्पना बोकेर कुदिरहेको तथ्यलाई हृदयस्पर्शी ढंगले जीवन्तताका साथ प्रस्तुत गरिएको छ । |

| | |
|---|---|
| | |
| **१६. एक्काइसौं शताब्दीको घोषणापत्र** | यहाँ कविले स्वतन्त्रताकी मूर्तिको कथ्यलाई शब्दबद्ध गरेका छन् । स्वतन्त्रता र मानवताको अपव्याख्या गरेको र युद्ध पिपासु बनेको आक्षेप लाग्ने गरेको चर्चा गर्दै विश्व विभाजनको बहाना गुटबन्दी गर्ने एक निकृष्ट चाहना हो । म स्वतन्त्रताकी मूर्ति हुँ, म कुनै पक्ष विपक्षमा लागेकी छैन, मेरो चाहना स्वतन्त्रता भन्दा अरु छैन भनेर स्वतन्त्रताकी मूर्तिले कवितामा चिच्याइरहेको कुरा वर्णित छ । मानव अधिकारमाथि नै सङ्कट परेको र स्वतन्त्रताको मूलभूत सिद्धान्तमा आघात पुगेको हुँदा शान्तिको सेतु बनेर पूराना त्रुटीहरुलाई सच्याई धनी र गरिबको रेखा मेटाउनु पर्छ, निर्वाध रूपले मानिसले विश्वमा विचरण गर्ने वातावरण बनाउनु पर्छ । विनासकारी युद्धहरू अब दोहोरिनु हुँदैन, विश्व विनासकारी युद्ध सामग्रीमा प्रतिबन्ध लगाएको र विश्व उद्धारका निम्ति मात्र ह्वाइट हाउसका योजनाहरू हुनुपर्छ भन्ने कुरा उद्घोष गरिएको छ । |
| **१७. एस्तै रहेछ अमेरिका** | भिसा प्राप्त गरेर अमेरिका आएको र अमेरिकामा बसेका धेरै आफन्तहरूसँग भेटघाट भएको तथा तिनका आ-आफ्ना वैभव र दुःखेसोका बखान सुन्न पाएका कुराहरूलाई कथ्य बनाएर कविले यो कविता रचना गरेका छन् । यहाँ अमेरिकाले बडो बुद्धिमानी पूर्वक काममा विभेद छैन भनेर आफ्नो फाइदा उठाउने चलाखी गरेको छ  र सवैको स्वाभिमानलाई परास्त गर्न सजिलै सफल भएको छ भन्ने कुरा मूल रूपमा आएको छ । |
| **१८. नयाँ आशा** | धर्तिकै सुरम्य बगैंचामा कल्पवृक्ष रहेको त्यसमा प्रजातन्त्र फलेको तर त्यो कहिले हिन्द महासागरको आँधीबेहरीले हिर्काइएको र अर्न्तकलहका हुरीले मर्काइएको कुरा प्रस्तुत गर्दै यिनबाट जोगिएर यदि फल केही लागेछन् भने पनि अनपेक्षित महत्वकाङ्क्षाका भुमरीले सत्यानास पार्ने गरेको र दिव्य फलको आशा गर्नेहरूका आकाङ्क्षामा पनि एउटा न एउटा बाधा पर्ने र फल प्राप्तिमा तुसारापात हुने गरेको तथ्य यस कवितामा कवि प्रस्तुत गर्दछन् । |
| **१९. अभिलाषा पूरा गर्छ** | अमेरिकाको राष्ट्रपतिको चुनावको बेलामा कविलाई एकदिन फिलिप्स र जिमले तिम्रो विचारमा कसले चुनाव जित्ला र ह्वाइट हाउस पस्ला भनेर प्रश्न गर्दा बोल्नै पर्ने भएर कविले जवाफ दिएका छन् । जसले जिते पनि तिमीहरूको अभिलाषा पूरा गर्छ गर्छ । कुर्सी बडो गजबको हुन्छ । कुर्सीमा जो बस्छ, कुर्सीका रापले त्यो अन्धो हुन्छ । प्रायसः यस्तो संसारमै देखिएको छ । उसले विवेकहीन बन्दै शान्तिका नाममा सेना र बम वर्षा गर्ने अस्त्रहरू भर्ने गर्छ र मानव अधिकारको रक्षा गर्ने नाममा उल्टै तानाशाह बनेको हुन्छ । बरु योग्य व्यक्तिलाई जिताउ र राष्ट्रपति बनाउ जुन व्यक्तिले अभिलाषा पूरा गर्न सकोस् भन्ने मान्यता कविले राखेका छन् । |
| **२०. उठिसके** | प्रभातकालीन सूर्यका किरणलाई रोक्न नसकेझैं मुक्तिका लागि गुञ्जिएका |

| | |
|---|---|
| **सहस्र हातहरू** | आवाजहरूलाई पनि अब कुनै शक्तिले थुन्न सक्दैन र अब व्यर्थमा रगत बगाउन कोही चाहदैन पनि । अब राष्ट्रमातालाई ढाँट्न पाईंदैन , आमा रोएको र हिमाल झुकेको देखेर जनभावना जागृत भएको छ । मातृभूमिमा रगतको दुर्गन्ध फैलिएको देखेर सबैको मन विचलित भएको तथा कालो बादलले छोपेको देखिन्छ । तर अब कुनै कुटिल चालले मनका घाउहरू निको पार्न सक्तैन, निःसहाय क्रन्दन र चित्कारहरूलाई बन्द गर्न सक्तैन । अब अभेध किल्लाहरू भत्काउन सहस्र हातहरू जुर्मुराएर उठिसके भन्ने भाव कविताले व्यक्त गरेको छ । |
| **२१. आँगनमा व्यवधान रैछ** | कवि अमेरिकामा बसेको बेलामा अराजकताको प्रतीकझैँ लाग्ने भयावह ठाउँमा पुगेका र त्यो देखेर अचम्मित भएका छन् । जुन वा चन्द्रमा जस्तो सम्झेर अमेरिका आउनेले कलङ्कको दाग देख्न पाउनेरहेछ, अन्धकार मास्न निस्केको ज्योतिमा अझै अध्याँरो बाँकी छ र विश्व विजयको सपना देख्ने देशको आफ्नै आँगनमा कर्तव्यविहीन मानिसहरू नै बाधा व्यवधान बनेको देख्न पाइँदो रहेछ भन्ने चर्चा कविले यस कवितामा गरेका छन् । |
| **२२. नग्नता देखिन** | यहाँ कविले अमेरिकाको वासिङ्टन डि.सि.मा रहेको एउटा रेस्टुरेन्टमा भएको नाचमा नग्न अर्थात् निर्वस्त्र नृत्याङ्गना नारी देखेर त्यसको चित्रण गर्ने प्रयास गरेका छन् । ती निर्वस्त्र नारीलाई सङ्केत गर्दै उद्घोषिकाले उनी नग्न नभएको बरु दर्शकमा दृष्टिदोष रहेको तथा उनले त अश्लिलता माथि विजय प्राप्त गर्न अश्लिलताको प्रदर्शन गरेको कुरा दाबी गरेकी छिन् । वास्तवमा अन्तरात्मालाई सोध्ने हो भने त्यहाँ नग्नता भन्ने केही छैन । नारीका छातीमा उम्रेका स्तनहरू प्रत्येक मान्छेले चुसेको छ । ती नृत्याङ्गनाले सजाएर देखाएको योनी हरेक व्यक्तिको सृष्टिको द्वार रहेको छ । उनमा नारीको शरीरका अवयवभन्दा भिन्न केही छैन । उनलाई नग्न देख्नु हाम्रो संकुचित सोचाई र  दृष्टिदोष मात्र हो भन्ने कुरालाई कवितामा जीवन्त तुल्याइएको छ । |
| **२३. आखिर छर्छ हावाले फेरि एक मुठ्ठी खरानी** | यस कवितामा कविले मानिसको जीवन के हो ? भन्ने कुरा चर्चा गरेका छन् । मानिस जन्मनु र मर्नु मात्र मानव जीवन होइन भन्ने कुरा प्रस्तुत गर्दै मानिस त प्रकृतिको एउटा रचना हो, धर्तिमा एउटा नमुना बन्ला भन्ने ठानेर यो चोला सृजना हुन्छ तर अज्ञानी भएरै लोभ र मोहमा परेर जीवन फस्तछ । जीवनको सदुपयोग गरे एउटा फूलको थुँगा जस्तै फुल्दछ अन्यथा खेर जान्छ भन्ने कुरा मार्मिक ढगंले प्रस्तुत गरेका छन् । मानिसले यो सबै जान्दा जान्दै पनि अज्ञानी भएकाले आखिर व्यर्थमा शरीर खरानी बन्दछ भन्ने सत्यताको उद्घाटन पनि कविले गरेका छन् । |
| **२४. तपाईंहरूलाई सुम्पदैछु** | कविले साथीहरूको भनाई वा सुझावलाई अर्थात् कमाउनुहोस् त्यही उपयुक्त हुन्छ, कविता त्यो हो जुन वासिङ्टन पोष्टमा छापिन्छ, कवि त्यो हो जसको कविताले न्यूयोर्क टाइम्समा स्थान पाएको हुन्छ । समयको सदुपयोग गर्नुहोस्, कोठे कवि नबन्नुहोस् इत्यादि कुराहरूलाई कवि इन्कार गर्न पनि सक्दैनन्, प्रत्युत्तरमा बरु |

| | |
|---|---|
| | कविता लेख्छन् र आफूले लेखेका कसिवताहरू पनि उनै मित्रहरूलाई नै समर्पण गर्दछन् । कविताहरू नछापिएता पनि उनी एक अम्मलीझैं बनेका छन् । |
| **२५. समर्पण** | प्रातकालीन वासिङ्टन डि.सि.को विद्युतीय प्रकाश पुञ्जको चित्रलाई आकाशमा झलमलाउने नक्षत्रसँग तुलना गरिएको छ । यस कवितामा समय सुईको नियन्त्रणमा जीवन रहेको तथ्य प्रस्तुत गर्दै सुन्दर कल्पनाको सहारामा खिन्न क्लान्त शरीरलाई कमाई वा सामलको झोलाका साथ वर्तमान अमेरिकाली समयलाई आजको जीवन समर्पण गर्ने निश्चय कविता मार्फत प्रस्तुत गरिएको छ । |
| **२६. अनायास मन भन्दै रहेछ** | यहाँ कविले आफ्नो दैनिक समय बिताउँदाका स्थानहरूको जीवन चित्र उतारेका छन् । काँधमा केही पुस्तक र सामल तामलले भरिएको झोलाका बिच आफ्नो वर्तमान बितिरहेको तथ्य अगाडि सार्दै आफू हुर्केको संस्कृति अनि सुरक्षाकर्मी भन्दा नै मुटु थर्किएको औसत् जनताको सम्झना गरेका छन् । |
| **२७. धन्यवाद सदाशयतालाई** | यो कविता यस कविता सङ्ग्रहको अन्तिम अर्थात् सत्ताइसौं कविता हो । यसमा कविले एउटा पेट्रोल पम्पमा सेतो कार हान्दिै आएको र लगत्तै पछि झ्यालको सामुन्नेमा एउटा बुढो अतालिदैं आएर लुटेराहरूले मेरो कार लुटे भनेर कविसँग सहयोग मागेको, पुलिसमा खवर गरिदिनुहोस्, ढोका खोल्नुहोस् न, भनेर कराएको अनि रोएको तथ्य प्रस्तुत गरेका छन् । बाहिर हिउँ परिरहेको र नर्थ इष्ट डि.सि. असुरक्षित पनि कहलाएको हुँदा कविले ढोका खोल्न अन्कनाएको जसले गर्दा मानवीय कर्तव्य विर्सिएको अनुभव कवि यहाँ गर्दछन् । आखिरमा आफू पनि अदालतमा धाउनु परेको जहाँ सबै अमेरिकीहरूको बिचमा बलीको बोको झैं आफू बन्नुपरेको तापनि अमेरिकाली अदालतको निष्पक्ष कारवाही प्रति कृतज्ञ हुँदै वकिलको सहयोग र सदाशयतालाई हिमालको चुचुरोसम्म पुऱ्याउने कविको वचनबद्धताको उल्लेख कवितामा गरिएको छ । |

प्रकाशनका दृष्टिले कवि खेमनाथ दाहालको **हार्वडको चौतारीमा** कविता सङ्ग्रह चौथो कृति हो । यस कृतिमा उक्त शीर्षकका सत्ताइसवटा कविताहरू सङ्कलित छन् । यी कविताहरूमा पूर्व र पश्चिमका जीवन शैलीको काव्यात्मक अभिव्यक्तिलाई नौलो बिम्व र प्रतीकहरूले सजाएर प्रस्तुत गरिएको छ । भावनात्मक अनुभूतिका क्षणहरूलाई चित्रात्मक र वर्णनात्मक शैलीमा बडो सटीक ढङ्गले मृदु व्यङ्ग्यसँगै पस्किएको छ ।[१३] यस कविता सङ्ग्रहमा स्वतन्त्रताकी मूर्ति सगरमाथासँग आफ्नो यो आत्म स्वीकृति कवि मार्फत् यसरी व्यक्त गर्दछिन् :

सगरमाथा
मैले धेरै ठाउँमा
एक्लै न्याय गर्न सकिन

१३. मनु ब्राजाकी 'हार्वडको चौतारीमा बसेर' **बगर** (वर्ष २७, अङ्क ८१) पृ. १ ।

मलाई स्वतन्त्रताकी मूर्ति भने पनि
एक्लै शान्ति र स्वतन्त्रताकी
अजेय प्रतीक बन्न सकिन ॥[१३६]

आफ्ना भावनात्मक उद्वेलनलाई कुनै प्रकारको छलछाम र ढाकछोप बेगर स्वतन्त्रतापूर्वक कवितामा सललल बग्न दिनु कविको वैशिष्ट्य बनेर देखा परेको छ । हार्वडको चौतारीमा सङ्ग्रहका कविताहरू सरल छन्, सरस, मर्मस्पर्शी, बोधगम्य छन् । यस कुराको पुष्टिका लागि यस सङ्ग्रहका हरेक कविताहरू पर्याप्त छन् । जस्तै :

कस्तो विडम्बना
माली बन खोज्नेहरूको कुस्ताकुस्तीले
उल्टै उद्यान भस्मीभूत भई रहेछ
उता गिठ्ठा चपाउन पल्केको वनकरको हूल
प्रजातन्त्रको गिठ्ठा चपाउन नपाएर
विद्रोहको चित्कार गरिरहेछ ।[१३७]

कवि दाहालले अमेरिका प्रति नकारात्मकताका साथ सकारात्मक भाव पनि राखेका छन् । **हार्वडको चौतारीमा** शीर्षकको कवितामा हार्वडलाई देखेपछि कवि नतमस्तक भएको, पुलकित भएको कुरा व्याख्या गरेका छन् । यसै कवितामा कविले नेपाल र अमेरिकाको व्यतिरेकलाई पनि देखाएका छन् :

कस्तो देश रहेछ अमेरिका
मूर्तिलाई श्रद्धा गर्दै
स्वतः स्फूर्त मानव निसङ्कोच मूर्तिको पाउमा
कस्तो विडम्वनापूर्ण छ मेरोदेश
जसले मूर्ति रक्षाको निम्ति
अहोरात्र पहरेदारको पहरा राख्छ ॥[१३८]

कविले वतर्तमान नेपालको नेपालीको अवस्थाको, अमेरिका पुगेका नेपालीको चाहनाको समीक्षा पनि यहाँ राखेका छन् । कतिपय कलात्मक बिम्ब पनि प्रस्तुत गरेका छन् :

म अमेरिकामा भासिएको पनि छैन
गृहयुद्धमा थाकेर
युद्धविरामको मौका पारेर
चुलोमा आगो बालिराख्न

---

१४. खेमनाथ दाहाल 'आमन्त्रण' **हावर्डको चौतारीमा** ( काठमाडौं: बगर फाउन्डेसन, २०६४) पृ. ५ ।
१५. खेमनाथ दाहाल 'नयाँ आशा,' ऐजन, पृ.५२ ।
१६. खेमनाथ दाहाल 'हावर्डको चौतारीमा', ऐजन, पृ.१ ।

केवल बनिबुतो गर्न
दुईचार दिनका लागि
आएको हुँ अमेरिका घुम्न ॥[१३९]

कवि खेमनाथ दाहाल यस सङ्ग्रहका कवितामार्फत् विदेशको भन्दा स्वदेशको भरमा उठ्न प्रयत्न गर्नुपर्ने राय न्छिन् । आफ्नै साधन र स्रोतको मेलोमेसो मिलाएर विकासका बाटाहरू खन्नु पर्छ, प्रजातन्त्र र लोकतन्त्रका लागि हात बढाइसकेको हँदा दक्षिणबाट आउने व्यवधानको निराकरण गर्दै शान्ति र सुव्यवस्थाको निम्त एकजुट हुँदै अगाडि बढ्ने सामूहिक सङ्कल्प बनाउनु पर्छ अनिमात्र उज्यालोको वरण गर्न हामीहरू सफल हुन्छौं भन्ने कुरा कवि राख्छन् । स्वदेशी भ्याउरे लोक लय अपनाएर लेखिएको निम्न कविता यस प्रसङ्गमा उल्लेख्य हन्छ :

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
भन्ने यो मन्त्र बिर्सियो भने व्यर्थ छ जिन्दगी
प्रवासी हेर आमाको काख तिम्रै छ पछाडि
आखिर छर्छ हावाले फेरि एकमुडी खरानी ॥[१४०]

यसै गरी यस सङ्ग्रहमा सङ्कलित कविताहरूको उल्लेखनीय विशेषता कविको शान्ति चाहाना पनि हो । कवि कतिपय कवितामा तत्कालीन नेपालको युद्व र द्वन्द्वको स्थितिप्रति अत्यन्त चिन्तित देखिन्छन् र शान्तिको आवश्यकतामा जोड दिन्छन् । आफू प्रवासी बनेको बेला नेपाल आमा पनि आफ्ना सन्ततिहरू खोज्दै अमेरिका पुगेको कल्पना गर्छन् र कवि दुःखी हुन्छन् । अमेरिकी भिडभाडमा नेपालीको शान्ति कामना अलपत्र पर्ने सम्भावना छ । शान्तिको स्वर भिनो हुँदै गएको छ । अमेरिकामा नेपाली अस्तित्व कायम गर्न अप्ठ्यारो छ । तसर्थ नेपालको अस्मिता बचाउन नेपालमा नै सङ्घर्ष गर्नुपर्दछ, नेपालमा नै मिहिनेत गर्नुपर्दछ भन्ने भाव पोखिएको छ :

हामीले अब फर्केर आफ्नै करेसाबारी फाँड्नु पर्छ
आफ्नै ढिडो ओडाल्नु पर्छ
पराईले दिएको जुसको साटो
आफ्नै गुन्द्रुकको भोल तन्काउनु पर्छ ॥[१४१]

संसारका अनेक जाति आफूलाई वीरको रूपमा परिभाषित गर्दै अतीतको दृष्टान्त ल्याउँछन् । टर्क हुन् कि मङ्गोल हुन्, अरब हुन् कि हिन्दू हुन् तर एक समुदाय पुर्ख्यौली वीरताको कण भनेर रमाउने गर्छन् । गोर्खा भर्ती केन्द्रले छाप लाइदिएपछि नेपालीहरू वीरताको विषयमा जागरुक भए । वीरताको आडमा कविले शक्तिराष्ट्रबाट न्यायको अपेक्षा गर्दै त्यो उपलब्ध नभएमा

१७. खेमनाथ दाहाल 'जम्काभेट', ऐजन, पृ. १० ।

१८. खेमनाथ दाहाल 'आखिर छर्छ हावाले फेरि एकमुठी खरानी', ऐजन, पृ. ६३ ।

१९. खेमनाथ दाहाल 'जम्काभेट' ऐजन, पृ.१० ।

गाण्डिब उठ्न सक्ने बताएका छन् । गाण्डिब तृतीय विश्वको सिग्निफायरको रूपमा अर्थात् सङ्केत वा प्रतीकका रूपमा परिभाषित हुन सक्छ । कवि दाहाल लेख्छन् :

तिम्रो सोचाइको तिम्रो घोचाइको पीडाले
मेरो सुषुप्त आत्मा जाग्न सक्छ
मेरो अपमानको बदलामा
फेरि स्वर्णिम लङ्का बल्न सक्छ
फेरि गाण्डिब उठ्न सक्छ ॥[१४२]

विश्वलाई आतङ्कित पार्ने तानाशाही पद्धति आज पनि निमिट्यान्न भएको छैन, कवल रूपान्तरण मात्र भएको छ । यस्तो प्रवृत्ति सबैका लागि घातक हन्छ । विधिको शासन नहुनु नै हिटलहरवाद हो भन्ने निष्कर्ष कविले निकालेका छन् :

जहाँ जता विश्वलाई
सङ्कुचन गरिएको छ
त्यहाँ हिटलहरवादको
अभ्युदय भएको छ ॥[१४३]

**हार्वडको चौतारीमा** कविता सङ्ग्रहमा 'तपाईंहरूलाई सुम्पदै छु' 'समर्पण' 'अनायास मन भन्दै रहेछ' 'धन्यवाद सदाशयतालाई' जस्ता कविताहरू पनि छन् । कविका आत्मैदेखि निस्किएका भावाभिव्यक्तिमा आधारित यी कविताहरू सुललित तथा सुस्वादु देखिन्छन् ।  कवि दाहाल उनका यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययनबाट मूल्याङ्कन गर्दा कोमलता, भावुकता, प्रौढता र सौन्दर्यबोधबाट निर्देशित छन् भन्न सकिन्छ ।

## ४.३.३ सहभागी

सहभागीले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ । सहभागी अनेक किसिमका हुन सक्छन् । कवितामा सहभागीको यदाकदा प्रयोग गर्ने कवि दाहालका कविताहरूमा विभिन्न प्रकारका सहभागीको साङ्केतिक प्रयोग गरेको पाइन्छ । व्यङ्ग्यात्मक तथा आख्यानात्मक कविताहरू लेख्ने कवि दाहालले **हार्वडको चौतारीमा** कविता सङ्ग्रहमा जम्मा सत्ताइसवटा कविताहरू सङ्कलित गरेका छन् । यस सङ्ग्रहको पहिलो कविता हार्वडको चौतारीमा हो । यसमा छोरी फुच्ची, ठिटो जस्ता पात्रहरूको सहभागिता देखिन्छ । आमन्त्रणमा **म** पात्रको प्रयोग भएको छ भने नायग्रालाई स्वागतमा कोशी, काली र नायग्रा जस्ता नदीहरूलाई साङ्केतिक रूपमा सहभागी गराइएको छ । जम्काभेटमा नेपाल आमाको सहभागिता देखिन्छ । टायम स्क्वायरमा अप्सराहरू मेनका, मञ्जु, उर्वशी, रम्भा जस्ता पात्रहरू छन् भने फेरि गाण्डिव उठ्न सक्छ र आमालाई चिठीमा सहभागीको साङ्केतिक प्रयोग

---

२०. खेमनाथ दाहाल 'फेरि गाण्डिव उठ्न सक्छ', ऐजन,  पृ.१६ ।
२१. खेमनाथ दाहाल 'हिटलहरवाद कहाँ निमिट्यान्न भएको छ' ऐजन, पृ.२७ ।

छ । माइकल सलिनालाईमा माइकल र सलिनाको प्रयोग देखिन्छ भने गान्धी, हिटलर, मुसोलीनी जस्ता पात्रहरूको सहभागिता हिटलरवाद कहाँ निमिट्यान्न भएको छ ? मा छ । आशान्वित बन्दीसँगमा पुजारी, फिलिप्स, भोज, शिव, दीपक, राजेश लुमिना इत्यादिको सहभागिता छ । विवश चेरीहरू, तस्वीरमा मुस्कान खोज्छ, नलेखिने कविता, अमेरिकामा सन्ततिहरू र एक्काइसौँ शताब्दीको घोषणापत्र जस्ता कविताहरूमा सूक्ष्म पात्रहरूको सहभागिता छ । यस्तै रहेछ अमेरिकामा कुल्ली, नेता, वेटर इत्यादिले सहभागिता जनाएका छन् भने नग्नता देख्दिनमा नग्न नृत्याङ्गना, युवती साथी जस्ता पात्रहरूको सहभागिता छ । धन्यवाद सदाशयतालाईमा लुटेरा, बुढो, वकिल जस्ता पात्र छन् भने नयाँ आशा, अभिलाषा पूरा गर्छ, उठिसके सहस्र हातहरू, आँगनमा व्यवधान रैछ, आखिर छर्छ हावाले फेरि एक मुठ्ठी खरानी, समर्पण इत्यादि कवितामा सूक्ष्म रूपले पात्रहरूको सहभागिता कविले गराएका छन् ।

## ४.३.४ परिवेश

परिवेशले कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन गर्ने तथा घटना घटित हुने स्थान , समय र वातावरणलाई बुझाँउछ । परिवेशका दृष्टिले हेर्दा खेमनाथ दाहालका यस सङ्ग्रहमा सङ्गृहीत अधिकांश कविताहरू राष्ट्रिय परिवेशमा केन्द्रित छन् । अमेरिकाको भ्रमणका अवसरमा त्यहाँ देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई विषय बनाई यी कविताहरू लेखिएका छन् । अमेरिकाले गरेका विकास, त्यहाँको कानून र त्यहाँको रहनसहनलाई विचार गर्दै कविले नेपालको तुलना गरेका छन् र यहाँ हुने गरेका नराम्रा प्रवृतिहरूलाई हटाएर त्यहाँकै जस्तो सुन्दर तुल्याउनुपर्ने कुरा देखाउन खोजेका छन् । नेपालीहरूमा मातृभूमिप्रतिको निष्ठा घट्न लागेको हुँदा यहाँ ऐतिहासिक धरोहरहरू पनि ध्वंस हुन लागेको तर अमेरिकामा भने हरेक नागरिकले त्यस्ता ऐतिहासिक वस्तुहरूको स्वतः स्फूर्त रूपले रक्षा र सम्मान गर्ने गरेको देखेर कवि नेपाललाई पनि अमेरिका जस्तै परिवेश भएको देश बनाउनुगर्ने कुरा व्यक्त गर्दछन् ।

यसरी कवि दाहालले **हावर्डको चौतारीमा** कविता सङ्ग्रहमा अमेरिकाका विभिन्न ठाउँको परिवेश वर्णन गर्दै नेपालसँग तुलना गरिएको र त्यहाँको नेपालसँग नेपालमा पनि हुनुपर्ने कुरामा जोड दिएका छन् ।

## ४.३.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । यस सङ्ग्रहमा सङ्गृहीत सत्ताइसवटै कविताहरू कवि दाहालले अमेरिका बसाईका क्रममा रचना गरेका हुन् । यहाँका कविताहरूमा यात्राकालीन प्रभाव र प्रकृतिलाई, स्वतन्त्र र स्वछन्द जीवनपद्धतिलाई हृदयस्पर्शी ढङ्गले कविले प्रस्तुत गरेका छन्.। आफ्ना यात्रानुभावहरूलाई कविताका रूपमा पस्केर पाठकहरूको हृदय र दिमागलाई छुन तथा स्पन्दित बनाउन प्रयत्न गर्नु कवि दाहालको मूल उदेश्य देखिन्छ । नेपाली सामाजिक पृष्ठभूमिमा हुर्के बढेका कविले अमेरिकी जीवन मूल्य प्रतिको आफ्नो रुचि र संवेदनशीलताको फरक पनाले गर्दा भिन्नै प्रकारको अनुभूति पाउनु र आफ्नै प्रकारले अभिव्यक्ति गर्नु चाखलाग्दो कुरा हो । दाहालले यही नेपाली र अमेरिकाली जनजीवनको तुलना गरेर यस सङ्ग्रहमा किवताहरू लेखेका छन् ।

विश्वका जुनसुकै देशहरूको इतिहास हेर्दा पनि नियम, कानून र देशप्रेम भावना जहाँ रहन्छ त्यहाँ मात्र शान्ति र सुशासन सम्भव हुन्छ भन्ने कुरा पुष्टि हुन्छ । यसै अनुरूप नेपालमा पनि कानूनको सम्मान र सुशासन रहेमा मात्र अमेरिका तुल्य नेपाल बन्न सक्छ । त्यसका लागि सबै पक्ष सचेत रहनुपर्छ । आफ्ना देशका ऐतिहासिक धरोहरहरू रक्षा गर्न सक्नुपर्छ र रोमरोमदेखि देशभक्ति भावना जागेर आउनुपर्छ, अनि मात्र वास्तवमा हाम्रो देश पनि अमेरिका बन्न सक्छ भन्ने कुरा देखाउनु कविको मूल उद्देश्य रहेको देखिन्छ ।

## ४.३.६ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधार पनि प्रस्तुत गरिन्छ । कविले यस सङ्ग्रहमा सङ्कलित सत्ताइसवटा कविताहरूमा कतै प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरेका छन् भने कतै द्वितीय पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरेका छन् । उनका हार्वडको चौतारीमा, आमन्त्रण, जम्काभेट, टायम्स स्क्वायर, आमालाई चिठी, माइकल सलिनालाई, हिटलरवाद कहाँ निमिट्यान्न भएको छ , आशान्वित बन्दीसँग, नकोरियोस् विश्व मानचित्र अरु, तस्वीरमा मुस्कान खोज्छ , अमेरिकामा सन्ततीहरू, एक्काइसौँ शताब्दीको घोषणापत्र जस्ता शीर्षकका कविताहरूमा प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । यसैगरी यस्तै रहेछ अमेरिका, आँगनमा व्यवधान रैछ, नग्नता देख्दिन, तपाईहरूलाई सुम्पदैं छु, समर्पण, अनायास मन भन्दो रहेछ र धन्यवाद सदाशयतालाई शीर्षकका कविताहरूमा पनि प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । नायग्रालाई स्वागतमा द्वितीय पुरुष दृष्टिबिन्दु भेटिन्छ भने फेरि गाण्डिव उठ्न सक्छ, विवश चेरीहरू, नलेखिने कविता, नयाँ आशा, उठिसके सहस्रहातहरू शीर्षकका कविताहरू तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । अभिलाषा पूरा गर्छ, आखिर छर्छ हावाले फेरि एक मुठ्ठी खरानी जस्ता कविताहरूमा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.३.७ भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बुनोट रूपी साम्यघटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रमुख पक्ष हो र लेखक पिच्छे फरक फरक हुन्छ । यस अन्तर्गत भाषिक तथा शैलीय बुनोट अर्थात् भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार आदि पर्दछन् । भाषिक प्रयोगका दृष्टिले हेर्दा हावर्डको चौतारीमा कविता सङ्ग्रहमा कविले प्रशस्त आगन्तुक शब्दहरू प्रयोग गरेका छन् भने तत्सम र तद्भव शब्दको पनि प्रयोग भएको छ ।

हार्वड, नायग्रा, टायम्स स्क्वायर, माइकल, फिलिप्स, स्टेसन, ग्याँस, वार, रेस्टुरेन्ट, वेटर, ह्वाइट हाउस, डि.सि., न्यूयोर्क, सव वे, स्टारवर्ग, कफिस्टल, वासिङ्गटन पोष्ट, स्टीयर, युनिभर्सिटी, फिप्टीन, आदि आगन्तुक शब्दहरू उनका यस कविता सङ्ग्रहका कविताहरूमा यत्र तत्र प्रयोग भएका छन् । यसैगरी आमन्त्रण, सदाशयता, सहस्र, शताब्दी, गाण्डिव, क्षुब्ध, श्वेत, श्याम इत्यादि तत्सम र सेतो, कालो, निलो, मान्छे जस्ता तद्भव शब्दहरू प्रयोग भएका छन् ।

कविले यस सङ्ग्रहका कविताहरूमा ढिँडो, गुन्द्रुकको झोल, निमिट्यान्न जस्ता झर्रो नेपाली शब्दहरूको पनि प्रयोग गरेका छन् । स्वर्गमय स्वर्णिम लङ्का, सुरम्य हस्तिनापुर,

प्रकृतिसँग लुकामारी, तारापुञ्जसँग पौठेजोरी, गाण्डिव उठ्ने तथा अरिङ्गालको टोकाई जस्ता बिम्ब र प्रतीकहरूको प्रयोगद्वारा कविले कविताहरूलाई सुन्दर तुल्याएका छन् । यस सङ्ग्रहका सबै कविताहरूमा गद्य मुक्तक लयको प्रयोग भएको देखिन्छ । कुनै पनि कविताहरू यहाँ पद्य वा छन्दमा लेखिएको देखिँदैन । बरु तेईसौं कवितामा 'आखिर छर्छ हावाले फेरी एक मुठ्ठी खरानी' भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनको पंक्तिलाई साभार गरेर झ्याउरे लोक छन्दमा कविता लेखेका छन् । उपमा, दृष्टान्त, अन्त्यानुप्रास, रुपक, विरोधाभास जस्ता अलङ्कारहरूलाई राखेर कविताहरूलाई अझ अलङ्कृत तुल्याइएको छ । यस सङ्ग्रहका कविताहरू प्रायः सबै नै अमेरिका बसाईको बेला लेखिएका हुँदा कतिपय वहिँका स्थगनहरूको प्रयोग गरिएको छ । त्यस अवसरमा अलिक अप्ठ्यारा शब्दहरू अर्थात् बढी आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ । समग्रका कवि खेमनाथ दाहालका कविताहरू सरल, सहज, बोधगम्य तथा स्तरीय र जीवनका मर्मलाई उद्घाटन गर्न सक्षम रहेका पाइन्छन् । भाषाशैलीय विन्यास पनि उचित रहेको पाइन्छ ।

## ४.३.८ उपसंहार

खेमनाथ दाहालको हार्वडको चौतारीमा कविता सङ्ग्रहमा संकलित कविताहरू अमेरिका प्रवासका अवधिमा अनुभूत भावहरूले नियात्रात्मक कवित्वलाई स्वर दिने प्रयासमा कविताको रूप लिन पुगेका छन् । यिनमा कविले आफूले देखेका, अनुभव गरेका यथार्थ सत्य र भाव सत्य दुवैको समन्वय गरी अभिव्यञ्जित गर्ने प्रयत्न गरेका छन् । उनका कवितामा लक्ष्यार्थ र व्यग्यांर्थको कम प्रयोग भएको छ ।

यहाँ कवि खेमनाथ दाहालले प्रायजसो सबै कविताहरूमा वस्तुजगतका यथार्थलाई त्यही रूपमा प्रस्तुत गर्नुको साटो त्यसले कविको मनमा पार्ने जुन प्रभाव हुन्छ त्यसलाई नै अङ्कित गर्ने कोसिस गरेका छन् । आफूले देखेका, भोगका र अनुभव गरेका ती ती स्थान घटना र वस्तुहरूको प्रभावात्मक रूपान्तरण एवं तत्वान्तरण गर्ने यथेष्ट प्रयत्न यहाँ कवि दाहालले गरेका छन् । कविले यस कविता सङ्ग्रहलाई नियात्रात्मक कविता सङ्ग्रह भनेका छन् । नियात्रामा अरुखाले अनुभव भन्दा नवीनतम अनुभवको निजात्मक प्रस्तुती भएर ज्यादा सम्प्रेषणशीलता रहन्छ भन्ने धारणा नियात्राकारहरूको पाइन्छ तापनि यात्रानुभवलाई कवितामा पस्केर पाठकहरूका हृदय र दिमागहरूलाई उत्तिकै छुने र स्पन्दित बनाउने मिठो संगितका तिखा धुन बनाउनु कवि दाहालको काव्य कौशलता नै हो । आफ्ना अनुभूतिहरूलाई यात्राका निजात्मकताका साथ कविताहरूमा निकै सम्प्रेषणीय रहेका र प्रभावशील स्पन्दन दिन समर्थशील देखिएका छन् कवि दाहाल ।

शीतयुद्धको समाप्ति पश्चात् आफूलाई बादशाह ठान्ने तथा प्रजातन्त्र र मानव अधिकारको एकलैटी संरक्षण गर्ने ठेकेदार सम्झिने अमेरिकालाई उसैका विविध कृयाकलापले उपहास गरिरहेको कविले देखेका छन् । उसमा तानाशाही प्रवृति हावि भइरहेको अरुले आज इङ्गित गरिरहेका छन् र प्रतिकार गर्न लागेका छन् भन्ने कुरा देखाउँदै ह्वाइट हाउसको अगाडि छाप्रो हालेर बस्ने न्यायप्रेमीहरूले तानाशाहीहरूलाई चेतावनी दिएको कुरा उल्लेख गरेका छन् । बाहिरी देखावटी महानता भन्दा आत्मसन्तुष्टी र स्वतन्त्रता नै श्रेष्ठ हुन्छ । कविले यिनै कुरालाई पुष्टि गर्न एक्काइसौं शताब्दीको घोषणापत्र, विवश चेरीहरू जस्ता कविताहरू लेखेका छन् । यथार्थमा भन्नुपर्दा अमेरिका यात्राको समयमा महसुस गरेका विविध पक्ष यहाँ सम्मकी

स्वच्छन्दता, स्वतन्त्रता, जातीय विभेदता, तेस्रो मुलुकबाट आएका आप्रवासीहरूका मनका कुरा इत्यादि विषयलाई समेत कविले यस कृतिका कविताहरू मार्फत उजागर गर्न खोजेका छन् ।

# पाचौं परिच्छेद
# खेमनाथ दाहालका काव्य कृतिहरूको विश्लेषण

## ५.१ खेमनाथ दाहालको 'रश्मि' खण्डकाव्यको अध्ययन

### ५.१.१ परिचय

कवि खेमनाथ दाहालका प्रकाशित पाँचवटा कृतिहरू मध्येमा १ मात्र खण्डकाव्य रहेको छ जसको नाम कविले **'रश्मि'** राखेका छन् । प्रकासनका दृष्टिले कवि दाहालको यो दोस्रो कृति हो । **श्रद्धाञ्जलि**को प्रकासन पछि २०५६ मा यो कृति कविका दाजु कोमलप्रसाद दाहाल, भाउजू माया दाहाल र कविकै पत्नी उषा दाहालद्वारा प्रकासित गरिएको हो ।

यस खण्डकाव्यको आवरण अर्थात् बाहिरी भागमा हरिया पहाडहरूको बीचबाट नदी बगिरहेको, सोही पहाडको फेदीमा एउटा मान्छे केही कुरा सोचेर बसिरहेको र सबैभन्दा माथि नीलो आकाशमा सूर्यको उदय हुनलागेकोले जगत्मा रश्मि छरिनलागेको देखाइएको छ । नीलो आकाश जस्तो भागमा कृतिको नाम **रश्मि** भनेर रातो अक्षरले लेखिएको छ भने भित्री पृष्ठहरूमा क्रमशः लेखक तथा प्रकाशकको नाम, कविवर माधवप्रसाद घिमिरेको मन्तव्य लेख, विराटनगर निवासी दधिराज सुवेदीको भूमिका एवं लेखकको मन्तव्य लेख पनि रहेको छ । यस अघाडि बिषयसूची भनेर १० वटा शीर्षक र पृष्ठ सङ्ख्या दिइएको छ भने यिनै १० शीर्षकलाई १० सर्ग मानेर खण्डकाव्यको विस्तार भएको छ । यस खण्डकाव्यले प्रकृति, प्रेम, जीवन र जगतलाई गहिरो रूपमा अध्ययन गर्न खोजेको छ । जम्मा १७६ श्लोकमा लेखिएको यस खण्डकाव्यमा घटिमा ६ श्लोक र बढिमा ४० श्लोकसम्मको सर्ग विभाजन गरिएको छ ।

### ५.१.२ विषयवस्तु

जम्मा १० सर्गमा विभाजित **रश्मि** खण्डकाव्यमा कविले हरेक सर्गको बेग्ला बेग्लै शीर्षक राखेका छन् । तल क्रमशः प्रत्येक सर्गहरूको मूल बिषयवस्तुलाई प्रस्तुत गरिन्छ ।

| शीर्षक | मूलभाव |
|---|---|
| **१. प्रकृतिकी सुन्दरी** | जम्मा नौवटा श्लोकहरू रहेको यस सर्गमा नेपालको यौटा प्रकृतिले वास गरेको पहाडी क्षेत्र जहाँ सुन्दरै सुन्दरताले भरिपूर्ण छ, मानवलाई मोहनी लाएझैं आफूप्रति तान्ने अदृश्य शक्ति छ, त्यस्तो ठाँउमा प्रकृतिकी सुन्दरी यस खण्डकाव्यकी नायिका जन्मिन्छे, हुर्किन्छे अनि तारुण्य अवस्थामा प्रवेश गर्छे । |

| | |
|---|---|
| **२. प्रेमभित्र भावना** | यहाँ खण्डकाव्यको नायकले यस्ति परम सुन्दरी नायिकालाई एउटा मनोरम पहाडी क्षेत्रमा एकान्तमा भेटेपछि साक्षात प्रकृतिकी नमूना सृष्टि सम्भँदै नायिकाप्रति आकर्षित हुन पुग्छ र आफू समर्पित भएको दर्शाउँछ । यी कुराहरूलाई बुझाउन कविले यस सर्गमा १५ वटा श्लोकहरू गुथेका छन् । |
| **३. एक अर्कोमा समर्पित बनौं** | आठ श्लोकमा संरचित यस सर्गमा नायकप्रति आकर्षित भएकी नायिका यसप्रति समर्पित भई सच्चा प्रेमिका बनेर पनि जाति, धर्म, धन, आदि सांसारिक कुराहरूलाई औंल्याउँदै दुवैले चाहेर पनि एक हुन नसक्ने दुई बीचमा अनेकौं व्यवधानहरू आउनसक्ने कुरा गर्दै नायकलाई सचेत गराउँछे । |
| **४. एक अर्कोमा समर्पित भै बाँचौं** | जम्मा १९ श्लोकमा विस्तारित यस सर्गमा नायिकाप्रति पूर्णतः आकर्षित भएको नायक नायिकाका धर्म, जाति, धनसम्पत्ति आदि सांसारिक कुरालाई महत्त्व दिनुको साटो आदर्श जीवनसङ्गी भएर एउटा नवीन सिर्जना अर्थात् नयाँ जीवनको गोरेटो बनाउन सहयोग गर्न नायिकालाई आग्रह गर्छ अनि एक अर्कामा समर्पित भई जीवन यापन गर्ने प्रस्ताव पेश गर्दछ । |
| **५. प्रेम त अनुभूति हो** | जम्मा २४ श्लोकहरू भएको यस सर्गमा सँधैको भेटघाटले घनिष्टता तथा प्रेम बढ्दै गएका नायक नायिकाको मीठो प्रेमप्रसङ्ग देखाउँदै नायिका नायकका आदर्शमय एवं अनुशरणीय कुराहरूबाट प्रभावित भई नायकमै समर्पित हुँदै अनन्त कालसम्म सँगै बाँच्ने अभिलाशा बोकेर नयाँ जीवन प्रारम्भको क्षणको प्रतीक्षा गर्न थाल्छे । |
| **६. उदार बनौं स्वार्थी प्रेम नगरौं** | १३ श्लोकले सजिएको यस सर्गमा नायिका जीवनभर जीवन सङ्गी भई नायकप्रति समर्पित भएर बाँच्न चाहन्छे नायक समाजका देखावटी आदर्शले गर्दा बाध्यतावश नायकबाट विमुख रहन थाल्छ । नाना प्रकारका सामाजिक आदर्शका कुराहरू गर्दै नायिकाबाट नचाहदा नचाहँदै पनि टाढिने प्रयत्न गर्छ । |
| **७. नारी पीडा** | जम्मा २३ श्लोकहरू रहेको यस सर्गमा प्रेमपछिको विछोडले छटपटिएकी नायिका आफूलाई बिल्कुल एक्ली र असहाय भएको महशुष गर्छे । आफ्नो जीवन निरर्थक भएको सम्भदै प्रेमीले आफू निदर्मेष हुँदाहुँदै पनि धोका दिएकोमा वेदना पोख्न थाल्छे । सामाजिक आडम्बरले ग्रसित समाज र आफ्नैबाबु आमाले छोरीचेलीहरूको प्रेमको मर्म र भावनालाई नबुभी अर्को पुरुषसँग बिबाह गरिदिँदा आफ्नो प्रेमीसँग पुनर्जन्ममा मिल्ने अभिलाषा राख्दै नायिकाले आत्महत्या गरेकी छे । |
| **८. नायकद्वारा** | खण्डकाव्यको सबैभन्दा धेरै श्लोक सङ्ख्या ४० रहेको यस सर्गमा |

| | |
|---|---|
| **पश्चाताप, व्यङ्ग्य बिद्रोह** | नायिकाको अप्रत्याशित एवं अकल्पनीय मृत्युले बिह्वल बन्दै नायक छटपटाउन लाग्दछ । हतास भएको नायकलाई अतीतका संझनाले झन् घायल बनाउँछ, ऊ नायिकालाई गुमाएकोमा धेरै पश्चाताप पनि गर्छ । बारम्बार आफ्नो अतीतलाई सम्झँदै आफ्नी प्रेमिकालाई सपनामै आएर भएपनि स्वर्गको जानकारी गराइदिन र आफूलाई पनि दिन आउनका लागि आग्रह तथा बारम्बार अनुरोध गर्छ । |
| **९. मायाको शून्य संसार** | १९ श्लोकहरू रहेको यस सर्गमा नायकले आफूले सामाजिक आदर्शका पछाडि लागेर गरेको जघन्य अपराधको पश्चातापले छटपटाएर प्रायश्चित्तका लागि तड्पिन थाल्छ । जहाँ जुन ठाउँमा पुगेपनि नायिकाकै छाँया देख्न थाल्छ र हरेक प्राणी, जीवजन्तुलाई पनि नायिकाकै रूप देख्न थाल्छ । उसकालागि हाँसो त अतीत बन्न पुग्छ । सारा संसार उसका लागि शून्य बन्दछ । उसले पनि आफ्नो जीवनलाई प्रेमिकाकै सम्झनामा समर्पित गर्छ । |
| **१०. प्रेम र प्रकृतिको अन्योन्याश्रित सम्बन्ध** | खण्डकाव्यको सबैभन्दा छोटो जम्मा ६ श्लोकहरू भएको यस सर्गमा खण्डकाव्यकै समग्र दर्शन पक्षको उपस्थिति छ । प्रकृतिको नियम नै हो बगैंचामा अनगिन्ती फूलहरू फूल्छन् । ती फूलहरूमा भ्रमराहरू बसी रस चुसेर उड्छन् । मानव जीवन पनि प्राकृतिक उपज नै हो । यस संसारमा फूलझैं फूल्दछ, फक्रन्छ, तर फरक यति छ कि प्राकृतिक भ्रमरा स्वार्थी छ, रस चुस्छ उड्छ, जान्छ अनि आफूले चुसेको फूलको चुम्बनलाई बिर्सिएर मर्छ तर मानवले आफ्नो जीवनमा अनुभव गरेको पहिलो प्रेम, पहिलो जीवनसाथीलाई त्याग्नु धोका हो, कायरता हो जसको विरोध मानव त के प्रकृतिले सम्म गर्दछ । यही दर्शनलाई खण्डकाव्यको अन्तिम सर्गमा उल्लेख गरिएको छ । |

**रश्मि** खण्डकाव्य लघु आयामको प्रबन्धकाव्य हो । यो एउटा प्रेम कथा हो र आकर्षणबाट थालिएको प्रेमकथा सामाजिक अवरोधले गर्दा विकर्षणमा पुगेर दुर्घटित हुन्छ । कथाको प्रवाहसँगै प्रकृतिको साहचर्यलाई पनि काव्यले अगाडि ल्याएको छ । खण्डकाव्यमा पहिलो सर्ग र दशौं सर्गकविका वाणी हुन भने दोस्रो सर्गदेखि नवौं सम्मका सर्गहरूप्रेमी प्रेमिकाका सम्वादका रूपमा नाटकीय ढाँचामा प्रस्तुत भएका छन् ।

प्राकृतिक सौन्दर्यले भरपुर नेपालको कुनै रमणीय पहाडी गाउँमा एउटी ज्यादै राम्री प्रकृतिकी सुन्दरी किशोरी वन पाखामा खेल्दै हुर्केकी छ । उसको धपक्क बलेको रूप, सौन्दर्य र आकर्षक चालचलन देखेर त्यही गाउँको एउटा युवकले प्रेम गर्न थाल्छ । उसले किशोरीसँग प्रेमप्रस्ताव राख्दै भनेको छ :

यस्ती राम्री तिमीलाई देखेपछि यहाँ मता
तिम्रो प्रिय भई बाँच्ने धोको राख्छु सदा सदा ।
आफूलाई त प्रेमी नै भएको अब ठान्दछु
मेरो प्रस्तावमा तिम्रो स्वीकृति पनि ठान्दछु ॥ **सर्ग २, श्लोक १४ ।**

यहाँ किशोरको अनुहार स्वीकार्य भए पनि किशोरी चाहिँ जाति, धर्म, अन्धविश्वास, रुढी आदि सामाजिक पर्खालहरूले गर्दा आफू दुईबीच वैवाहिक सम्बन्ध नहुने पो हो कि ? यदि भैहाले पनि दिगो नरहने हो कि ? भनेर नायकको प्रेमप्रस्ताव स्वीकार गर्न हच्कन्छे र भन्छे :

कहाँबाट टिपी ल्यायौ जङ्गली प्राणी यो भनी
तिम्रो बान्धव साराले सोधने छन् जसै पनि ।
निरुत्तर भई तिमी उदासै त भयौ भने
मर्नु बाहेक के होला मेरो अन्तिम सोचने ॥ **सर्ग ३, श्लोक ८ ।**

सुन्दरतामा मुग्ध भएको युवकले जातिपाती, धनसम्पत्ति आदिलाई महत्त्व नदिएर एउटा आदर्श जीवन साथी भई बाचौं भनेर एक अर्कामा समर्पित हुने प्रस्ताव राखेको हुन्छ । युवकको निश्छल प्रेम प्रस्तावले किशोरी रश्मि भित्रभित्रै गद्‌गद् हुँदै मिलन अवस्य हुन्छ भन्ने कुरामा विश्वास गर्छे र भन्छे :

जे जस्तो भोग्नको लागि भई तत्पर नै पनि
प्रतीक्षा मात्र गर्दैछु रात् दिन् तड्पी बसी अनि ।
कुनै दिन् त आएर लान्छौ नि तिमीले भनी
कल्पना गरी बाँच्दैछु भावी जीवनको पनि ॥ **सर्ग ५, श्लोक २३ ।**

समयको परिवर्तन सँगै मान्छेको सोचाइमा पनि परिवर्तन भइरहन्छ । नायिका रश्मिले आफ्नो जीवनलाई नायकप्रति सदाका लागि समर्पण गर्दै गर्दा नायकको मन परिवर्तन हुन्छ र ऊ नानाथरी आदर्शका कुरा गरेर मैत्री भावको प्रेम सम्बन्ध मात्र राख्ने, विवाहचाहिँ नगर्ने कुरा गर्छ र नायिकालाई यसमा राजी गराउनका लागि सम्झाउन लाग्छ :

हुन सक्छ तिमीलाई म सँगै प्रेम नै भयो
प्रेमका बात छाडिद्यौ मित्रता नै रहि रह्यो ॥ **सर्ग ६, श्लोक ९ ।**

नायिकालाई नायकले यसरी धोका दिएपछि नायिका रश्मिको मन छियाछिया हुन्छ । ऊ निकै छटपटिमा पर्दछे । आमाबाबुले अर्कै केटासँग विवाह गरिदिन खोज्छन् । यो प्रस्तावलाई अस्वीकार गर्दिभएकी रश्मि अर्को जुनीमा भएपनि त्यै युवकसँग प्रेमविवाह गर्ने आकांक्षा राखेर आत्महत्या गर्छे :

अर्को जन्ममहाँ फेरि मिल्ने आशा लिइकन
आत्महत्या गरें मैले आशावादी भइकन ।
बाच्नु घृणित भै भन्दा मर्नु नै श्रेष्ठ मानिने
अपराध नलागोस् है म मरेँ स्वाभिमानले ॥ **सर्ग ७, श्लोक २३ ।**

नायिकाको आत्महत्याले नायक पनि निकै आहत बन्छ । उसले कल्पना सम्म नगरेको घटनाले उसलाई कताकता आफूले नै अपराध गरेजस्तो लाग्दछ । वेदनाले गर्दा सूर्य, चन्द्र, तारा, खाला नाला सबै रोएजस्तो भान हुन्छ । दिवंगत प्रेमिकालाई सम्झँदै ऊ भन्न लाग्छ :

कसरी भनुँ लौ आज रश्मि छैनन् यहाँ भनी
रश्मि त अब देखिन्छिन् बिभिन्न रूपकी बनी ।
ए हावा अब आएर कानेखुशी गरिकन
जति छन् खबरै सारा भनिदेउ यिनी कन ॥ **सर्ग ८, श्लोक १३ ।**

प्रेमिकाको वियोग भएकोमा नायकलाई धेरै पश्चाताप हुन्छ । ऊ चारैतिर दिवंगत नायिकाको छाया देख्न थाल्छ । सपनामा सधैं देख्छ तर विपनामा प्रेमिकालाई भेट्दैन । उसका लागि संसार नै शून्य बन्दछ । उसले ईशलाई सम्भिmएर आफूलाई पनि प्रेमिकामै समर्पण गर्दछ ।

यस्ता प्रकारले कवि दाहालले खण्डकाव्यलाई वियोगान्त बनाउदै कारुणिक प्रेमाख्यानलाई एउटा फूल र भँवराको सम्बन्ध सँग दाँज्ने काम गरेका छन् । प्रेम र प्रकृतिका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने धारणा कवि यहाँ राख्छन् । खण्डकाव्यमा प्रेमी नायक र प्रेमिका रश्मिको प्रेम सम्बन्धलाई प्रतीकात्मक रूपले प्रकृतिसँग समाहित गरेका छन् भने नायिकालाई भँवरा र नायकलाई फूलका रूपमा प्रस्तुत गरेका छन् । यही कुरालाई कविका निम्न श्लोकले देखाउछ :

यौटा सुन्दर फूलको रुखमहाँ फूलैफूलेको थियो
यौटा चञ्चल देखिने भँवर त्यो आई बसेको थियो ।
केही बेर रसै चुसेर जब त्यो उडेर भागी गयो
मुर्झाइकन फूल दै विवश भै वैलेर झर्नु पर्यो ॥ **सर्ग १०, श्लोक १ ।**

नायिकाको अनायासको आत्महत्याले पिरोलिएको नायक आफैमा आहत हुन्छ , पछुतोमा भुत्भुतिन्छ र आफै मरेतुल्य हुन्छ । यस्तो अवस्थामा खण्डकाव्यको समापन हुन्छ । यो एउटा दुःखान्त कारुणिक काव्य हो र यसले मानव जीवनकै दुःखान्ततालाई सङ्केत गरेको छ भन्दा अत्युक्ति हुँदैन । कविले यो कुरालाई यसरी पुष्टि गरेका छन् :

जिउनु मरनु गर्ने एकसाथै भनेर
कसम कति लिएथ्यौं हामीले भित्र भित्र ।
कसरी तिमी त बिर्सी आज सारा ती वात
पर भई किन छाड्यौ प्रियको आज साथ ॥ **सर्ग ८, श्लोक १४ ।**

## ५.१.३ सहभागी

सहभागीले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ । कवि खेमनाथ दाहालले **रश्मि** खण्डकाव्यको विषयवस्तुलाई गति दिनका लागि नायक र नायिका रूपी मूल दुई चरित्रलाई सहभागी गराएका छन् । नायिकालाई प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएकी वैँशालु, अद्वितीय सुन्दरीका रूपमा सहभागी गराएका छन् भने त्यस्तो सुन्दरताप्रति मोहत भएर प्रेम प्रस्ताव राख्न आउने युवकलाई नायक बनाएर सहभागी गराएका छन् । खण्डकाव्यमा नायक स्वार्थी र प्रेमप्रति तटस्थ भएर बसेको देखिन्छ । जातजाति, भाषा, धर्म, उच्च, नीच आदि कारणबाट मिलन हुन नसकेको प्रेमको जगेर्ना गर्नुको सट्टा नायक पनि त्यस्तै मान्यताका डरले नायिकाको प्रेमबाट पछि हट्ने अकर्तव्यशील देखिन्छ । रश्मि **रश्मि** खण्डकाव्यकी नायिका हो । उसकै नामबाट खण्डकाव्यको शीर्षक राखिएको छ । 'रश्मि' निस्वार्थ प्रेम गर्ने प्रेमको प्रतिमूर्तिका रूपमा खण्डकाव्यमा सहभागी हुन्छे । उसले धोका खाएकी छे । आफू सुन्दर भएका कारण ऊ प्रति नायकले प्रेम गरेको छ र ऊ पनि त्यसमा साथ दिन पुगेकी छ । आखिरमा रश्मि सुन्दर र तरुणी मात्र नभएर गरिब र तल्लो वर्गमा जन्मिएकी हुनाले सामाजिक कुभावनाको शिकार बनेकी छे । समाजका विकृति र विसंगतिले गर्दा नायकले आफ्नो प्रेमलाई लत्याएकोमा दुःख र वेदनामा डुबेकी नायिकाले आफ्नो इच्छा विपरित अर्कै पुरुषसँग विवाह गर्नुपरेकोमा सहन गर्न नसकी आत्महत्या गरेर जीवनलीला समाप्त गरेकी छे । रश्मि सामन्तवाद विरोधी, अमर प्रेमकी उपासिका, प्रकृतिकी सुन्दर सिर्जना, समाजबाट पीडित र प्रेम भनेको अनुभूतिको विषय हो भन्दै अनुभूतिमा विश्वास गर्ने मर्यादित तर अधैर्य पात्राका रूपमा खण्डकाव्यका सहभागी भएकी छे ।

## ५.१.४ परिवेश

परिवेशले कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन गर्ने तथा घटना घटित हुने स्थान , समय र वातावरणलाई बुझाँउछ । **रश्मि** खण्डकाव्यको परवेशलाई नियाल्दा प्राकृतिक सौन्दर्यले टन्न भरिएको हाम्रो देश नेपाल, जहाँ हिमाल, पहाड, तराई ,लेक, बेँसी, वनजङ्गल, तथा अनगिन्ती नदी नाला, र तलाउहरू रहेका छन् , त्यसै नेपालभित्रको एउटा मनोरम गाउँको परिवेशलाई देखाइएको छ । यस्तो मनोरम गाउँमा पुस्पित र पल्लवित अद्वितीय सुन्दरी वैँशालु युवती इन्द्रधनुषसँग लुकामारी खेल्दै सुन्दर संसारको आनन्द बटुलिरहेकी छे । उसका कोमल मनका तरुण भावना र आभा प्रभा देखेर कुनै युवक मोहित हुन्छ र त्यही सुन्दर गाउँमा मीठो दाम्पत्य जीवनलाई सुरुवात गर्न प्रस्ताव गर्दछ । यसरी प्रेमका जोडिले प्रकृतिक सौन्दर्यताले भरिपूर्ण नेपालको पहाडी गाउँको परिवेशलाई आधार बनाएका छन् ।

## ५.१.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि

हुने सहभागिता समेतलाई बुझाउँछ । खण्डकाव्यकार खेमनाथ दाहालको **रश्मि** खण्डकाव्यको मूल उद्देश्य भनेको प्रेम भन्ने कुरा समर्पणमय हुनुपर्दछ र यसलाई कुनै जाति , वर्ण, सम्प्रदाय, धनदौलत, सामाजिक आडम्बर, तथा रुढीवादको छेकबार लगाउनु हुँदैन भन्ने कुरा देखाउनु हो । यथार्थ प्रेममा यदि कसैले बाधा पुर्याउने हो भने त्यहाँ दर्घटना हुन सक्छ । तसर्थ प्रेम निश्छल हुनुपर्छ भन्ने कुरा कविले रश्मि खण्डकाव्यमार्फत प्रष्ट पारेका छन् । प्रेमसूत्रमा आबद्ध युगल जोडिको दुःखान्त प्रेम कथालाई प्रकृतिसँगै सहयात्रीका रूपमा प्रस्तुत गर्नु रश्मि खण्डकाव्यको सफलता हो । जातभात र कूल परम्पराको मर्यादाले गर्दा दुई प्रेमी प्रेमिका उज्ज्वल प्रेमसूत्रमा बाँधिए तापनि विवाहको मङ्गलसूत्रमा बाँधिन पाउँदैनन् । सामाजिक विषमता प्रेममा तगारो बनेको छ । यस्ता स्थिति रहनु हुँदैन र स्वच्छ तथा पवित्र प्रेमको सम्मान हुनुपर्छ भन्ने कुरा देखाउनु यो खण्डकाव्यको मूल उद्देश्य रहेको छ ।

## ५.१.६ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधार पनि प्रस्तुत गरिन्छ । कविले **रश्मि** खण्डकाव्यको प्रथम सर्गमा प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालको एउटा गाउँलाई चित्रित गर्दै त्यहाँ जन्मिएकी सुन्दरीलाई तृतीयपुरुष दृष्टिबिन्दुले चिनाएका छन् । दोस्रो सर्गमा प्रेमी र प्रेमिकाको संयोग गराई तिमी संबोधन गरेर द्वितीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । तेस्रो सर्गमा दुबैको वार्ता गराई म, हामी आदिको प्रयोग गरी प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसैगरी चार, पाँच, छ, सात, आठ र नौ सर्गहरूमा पनि कविले प्रथमपुरुष दृष्टिबिन्दुकै प्रयोग गरेका छन् । कवि दाहालले दशौं सर्गमा चाहिँ तृतीयपुरुष दृष्टिबिन्दुको नै प्रयोग गरेका छन् । खण्डकाव्यमा कवि लेख्छन्-

आएको पहिलो सखी जिवनमा हुँदैल त्याग्नु बरु
त्याग्नु पर्दछ जीवनै यदि भने त्यागेर छाडी दिनु ।
धोका दीकन बाँचेर ती जती छन् बाँचिरहेता पनि
बाँचेका पनि होइनन् तिनीहरू बाँचिरहेता पनि ॥ **सर्ग १०, श्लोक ४** ।

## ५.१.७ भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बुनोट रूपी साज्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति वा प्रस्तुतीकरण सँग सम्बद्ध सर्व प्रमुख पक्ष हो र लेखक पिच्छे फरक फरक हुन्छ । कुनै पनि नव साहित्यकारले आफ्ना रचनाहरूलाई छन्दोबद्ध गराउने इच्छा राख्ने बित्तिकै धेरै अप्ठ्याराहरू पनि सामना गर्नुपर्छ । गद्यलयमा जस्तो सजिलो र फुकुवापन अथवा स्वतन्त्रता पद्यमा अवश्य पनि हुँदैन । गद्य लेखन स्वतन्त्र रहन्छ भने पद्य लेखन निश्चित नियममा बाँधिएको हुन्छ । छन्दोबद्ध कविताहरू रचना गर्न व्याकरणगत शुद्ध भाषा, ह्रस्व दीर्घ, विभिन्न विरामहरू आदि नियमको ज्ञान भएकै हुनुपर्दछ । छन्दमा लेखिएका कवितामा कला पक्ष र भाव पक्ष दुवै समान रूपले आएको हुन्छ । पाठकहरूले दुवै पक्षबाट

आनन्द ग्रहण गर्दछन् । **रश्मि** खण्डकाव्यमा यदा कदा छन्द भंगका झलकहरू देखिए पनि कवि दाहालले आफ्नो काव्यकौशलताले त्यस्ता त्रुटिलाई महसुस हुन दिएका छैनन् । पाठकहरूलाई लय माधुर्यताद्वारा आनन्दित तुल्याउने काम 'रश्मि' खण्डकाव्यले गरेको छ । प्रेमलाई आँखाले हेर्न सकिन्न, यो त अनुभूतिको विषय हो । यो जीव तत्व नभएर भाव तत्व हो । यसरी प्रेम भाव तत्वमात्र भएता पनि यही प्रेममा संसार अडेको छ, यसैमा निमग्न छ, भन्ने मीठो सरल यथार्थ चिन्तनलाई कविले यसरी प्रस्तुत गरेका छन् :

प्रेम हेरेर देखिन्न न त यो जीव तत्व हो
साँच्चै भनौं भने खाली प्रेम ता अनुभूति हो ।
यस्को चपेटामा प्राणी एकोहोरो भईकन
सारा संसार पो त्याग्छ भावनामा डुबीकन ॥ **सर्ग ५, श्लोक ४**

कवि दाहालको साहित्य यात्राको 'रश्मि' दोस्रो पुष्प भएको हुँदा भाव पक्ष अति नै सुन्दर देखिए तापनि छन्दगत संरचनामा केही त्रुटिको महसुस हुन्छ । तर यसलाई सामान्य रूपमा लिनुपर्छ । यस्ता त्रुटिलाई उनको काव्यकौशलताले गर्दा छोपिदिएको छ । यसै प्रसंगमा दधिराम सुवेदीले रश्मिको भूमिकामा लेख्छन् -'कवि दाहालको यस काव्यमा केवल परम्परालाई छन्दले पछ्याएको छ । **अपि मांस मसं कुर्यात् छन्दो भङ्गं न कारयेत्** भन्ने उक्तिलाई चरितार्थ गर्न खोजिएको छ, तापनि हजूरबाले दौरा सुरुवाल कोट टोपीको परिधान लाएर पटुका बाँधी खुकुरी भिर्नुभएको छ भन्दैमा वहाँको आदर्श र लोकोपकारी कार्यलाई हामी बिर्सन सक्दैनौ । काव्य छन्दमय छ, चिन्तनहरू आधुनिक छन् र समसामयिक धाराका कविका कविताका तुलनामा उनी पछि परेका छैनन्' । कला पक्ष र भाव पक्षको यथोचित प्रयोगले कविको कवित्व परिष्कृत बन्न पुगेको छ भन्ने कुरामा कुनै सन्देह छैन ।[१४४] दधिराज सुवेदीका यी भनाइहरूलाई निम्न उदाहरणले पनि पुष्टि गर्दछ :

दाँतका पङ्क्ति देखाई तिमी मुसुक्क हाँसदा ।
लाग्छ आकाशमा छैनन् ताराका अब पङ्क्ति ता ॥ **सर्ग २, श्लोक १२** ।

अधिक मात्रामा अनुष्टुप छन्द प्रयोग भएको यस काव्यमा पहिलो सर्गका १० श्लोक र दशौं सर्गका ६ श्लोकहरू शार्दूलविक्रीडित छन्दमा छन् :

यौटा सानु थियो सुरम्य अति नै नेपाल यो भूमिमा
देखिन्थ्यो सुनसान श्चिल बनी हिमालको फेदमा ।
सारा रम्य छ यो सुरम्य जग नै पुष्पादिका वृक्षले
छाएको छ जहाँ सबैतिर अझै प्रकृतिको वासले ॥ **सर्ग १, श्लोक १** ।

---

१. दधिराज सुवेदी 'खेमनाथ दाहालको रश्मि' खेमनाथ दाहाल, **रश्मि** ( काठमाडौंः कोमलप्रसाद- माया- उषा दाहाल, २०५६) पृ. १० ।

यसैगरी आठौं सर्गमा प्रारम्भका ७ श्लोकहरू मालिनी छन्दमा रहेका छन् । जस्तैः

दिनदिन म त रुन्छु प्यारिको वेदनाले
उभय नयन सारा भिज्दछन् संझनाले ।
बसतछ अब खाली कल्पनामा डुबेर
हृदय गति छिया भो आफ्नो गल्ती बुझेर ॥ **सर्ग ८, श्लोक १** ।

खण्डकाव्यका अरू सबै सर्गहरूमा अनुष्टुप छन्दकै प्रयोग भएको छ । अनुष्टुप छन्दका दुई दुई श्लोकलाई सँगै राखेर एक एक कविता गुच्छका रूपमा राखिएको छ । खण्डकाव्यमा एक भन्दा बढी छन्दको प्रयोग गरिएता पनि धेरै जसो ठाउँमा छन्द भङ्गको स्थिति देखा परेको छ ।
'रश्मि' खण्डकाव्यमा अलंकारहरूको पनि प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । सवैभन्दा बढीमात्रामा कविले **उपमा** अलंकारको प्रयोग गरेका छन् । जस्तै :

कुनै दिन थियौं हामी जोडी ढुकुरका सरी ।
हाम्रो प्रेम थियो रानी चखेवैहरूका सरी ॥ **सर्ग ९, श्लोक १** ।

यहाँ नायक र नायिकाको मिलनावस्थाको जोडीलाई ढुकुरको जोडीको उपमा दिइएको छ भने दुवैको प्रेमलाई चखेवाका जोडीको प्रेमको उपमा दिइएको छ । **रश्मि**मा बिम्बहरू पनि प्रशस्त मात्रामा आएका छन् । जस्तै :

त्यस्तै मेघ सरी कालो तिम्रो त्यो केशको मनी
खेलौं लाग्छ लुकामारी युगौं युग सँधैभरी ॥ **सर्ग २, श्लोक ८** ।

**रश्मि** खण्डकाव्य कता कता भाषिक रूपमा पनि अस्पष्ट भएको जस्तो देखिन्छ तापनि कवि कल्पना भने यस काव्यमा प्रशस्त मात्रामा रहेको छ । यसका देखिएका न्यूनताहरू साफी हेराईको समयमा ध्यान नदिएर भएको हो जस्तो लाग्दछ । त्यस बेलामा थोरै ध्यान दिइएको भए भाषिक रूपमा पूर्णता दिन कुनै गाह्रो थिएन किन कि कतै ह्रस्व दीर्घगत त्रुटिहरू, जस्तै : पानि, एता, खूशि, उनि, समस्कार, वाँचन, सोदने, मिलछौं, केहि, देखीछन्, यूगल, ति, पन्छिहेरु इत्यादि । भाषिक त्रुटिकै प्रसंगमा होमनाथ सुवेदी लेख्छन्- 'कवि दाहालमा भाषाको शुद्धाशुद्धीको कमी थियो तर कवित्वको कमी थिएन' ।[१४५] वास्तवमा यो सुवेदीको भनाइ यस काव्यमा चरितार्थ भएको छ ।

## ५.२.८ उपसंहार

२. होमनाथ सुवेदी, **नव छायावादका छवि,** समालोचना सङ्ग्रह (अमेरिकाः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सन् २००८) पृ. १७ ।

कथावस्तुको दृष्टिले **रश्मि** खण्डकाव्य सामाजिक यथार्थवादी खण्डकाव्य हो । साधारणतया खण्डकाव्य भन्नाले युग जीवनका कुनै खास पक्षको वा कुनै ऐतिहासिक, पौराणिक र सामाजिक विषयवस्तुका कुनै एक पक्षको सम्पूर्ण चित्रण गरिएको लामो वा खण्ड खण्ड कवितालाई खण्डकाव्य मान्ने काव्यशास्त्रीय मान्यता छ । त्यसमा पनि खण्डकाव्यहरू महाकाव्यको कुनै एक भाग जस्ता लाग्दछन् अथवा धेरै फुटकर कविताको सङ्कलन जस्ता पनि देखिन्छन् । तर **रश्मि** आफैँमा काव्यात्मक सामर्थ्य भएको पूर्ण काव्य हो । यस काव्यमा विकृति र विसङ्गतिपूर्ण समाजप्रति चुनौती दिँदै क्रान्तिकारी भावना समेटिएको र दार्शनिक रूपमा प्रेम र प्रकृति दुवैलाई ईश्वरको छायात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रकृति र मानवमा तादात्म्य स्थापना गर्न र मानवका कारुणिक व्यथाहरूलाई व्यक्त गर्न खण्डकाव्य सफल भएको छ । कवि दाहालको यस खण्डकाव्यमा विश्वको प्रशंसित नेपालको मनोरम प्रकृति, त्यसमा फैलाइएको पवित्र मानव प्रेम र समाजले व्यहोर्नुपरेका विसंगत परिस्थितिको विशद् वर्णन समावेश गरिएको छ । दधिराम सुवेदी यस खण्डकाव्यको भुमिकामा लेख्छन्- 'यस खण्डकाव्यले महाकवि देवकोटा र कविवर माधवप्रसाल घिमिरेको काव्यशिल्पलाई अनुशरण गर्न खोजेको अनुभूति भने हुन्छ । तापनि सत्यको अनुकरण प्रकृतिले गरे जस्तै प्रकृतिको अनुशरण यस काव्यले गर्न खोजेको छ ।[१४६]

यस खण्डकाव्यमा काव्य नायकको चिन्तन अनुदार रहेको छ । ऊ जातभात, कुलिनता, धन, मान र मर्यादाको शिकार भएर ज्यादै चोखो र पवित्र प्रेमलाई पनि अमर्यादित तुल्याउँछ र अन्त्यमा पश्चातापका आँशुहरू पिउँदै विलौना गर्छ । जसले गर्दा पाठकहरूलाई आहत र कारुणिक बनाएर वियोगजन्य वेदनाको अनुभूति गराउँछ । काव्यको प्रारम्भ पवित्र प्रेमको प्रस्फुटनबाट भएर जीवनको निस्सारता र शून्यको विन्दुमा पुगेर काव्यको समाप्ती भएको छ । कविले यस काव्यमा पाठकहरूलाई जीवन भनेको एउटा पानीमा उठेको फोको जस्तो छ र जसरी आउँछ त्यसरी नै जान्छ भन्ने शाश्वत सत्यको बोध गराएका छन् । यसै सन्दर्भमा खण्डकाव्यको अन्तिम सर्गको अन्त्यमा कवि भन्दछन् :

हावा बग्छ अहो वियोगीहरूको गाथा बटुलिकन ।
पस्छन् बादलभीत्र रक्त सविता ओझेल पारिकन ॥
तारा रुन्छ कठै वियोगीहरूको साक्षी बनी दिन्दिन ।
खोला बग्छ सधैं समेटी तिनका चिसा ती आशुँकन ॥ **सर्ग १०, श्लो. ६ ।**

# ५.२ खेमनाथ दाहालको 'योद्धा' काव्यको विश्लेषण

## ५.२.१ परिचय

३. दधिराज सुवेदी , पूर्ववत् , पृ. ६ ।

**योद्धा** काव्य नेपालको आर्थिक सामाजिक तथा सांस्कृतिक अदल बदलका विषयलाई लिएर कवि खेमनाथ दाहालद्वारा लेखिएको उत्कृष्ट काव्य कृति हो । यसमा जम्मा ६२३ श्लोकहरू र १७ सर्ग रहेका छन् । अनुष्टुप छन्दका दुई श्लोकहरूलाई एक कविता गुच्छ बनाएर कवि दाहालले ६२३ कविता गुच्छहरूलाई १७ शीर्षकमा समायोजन गरेका छन् । जुन उपशीर्षकहरूको संयोजनले गर्दा खण्डकाव्य भन्दा वृहत् आकार भएको महाकाव्यात्मक कृति **योद्धा** हो जस्तो लाग्दछ । यसमा अति सुन्दर र कलात्मक चित्र अग्र भागमा राखिएको छ भने त्यसकै छेउमा रातो अक्षरले कृतिको शीर्षक **योद्धा** लेखिएको छ । क्रमशः भित्री पृष्ठहरूमा कृति लेखकको नाम, राष्ट्रकवि माधव घिमिरेको **एक योद्धाको मार्मिक जीवनगाथा** शीर्षकको शुभकामना लेख, टीकाराम शर्माको **खेमनाथ दाहालको योद्धा'** शीर्षकको भूमिका लेख, एवम् अनिरुद्ध तिम्सिनाको **योद्धा काव्यमा खेमनाथ दाहालको रचनाकारिता** शीर्षकको भूमिका रहेको छ । यसैगरी **सम्मतिका केही शब्दहरू** शीर्षकमा दैवज्ञराज न्यौपानेले भूमिका लेखेका छन् भने खेमनाथ दाहालको आफ्नो भनाई पनि रहेको छ । कविले विषयसूची भनेर १७ उपशीर्षकहरूको क्रमश विस्तार र पृष्ठसङ्ख्या पनि उल्लेख गरेका छन् । यसभन्दा अगाडि क्रमैले काव्यका १७ सर्गहरू रहेका छन् र काव्यले पूर्णता पाएको छ । काव्यको अन्तिम आवरण पृष्ठमा लेखकको तस्वीर सहित परिचय दिइएको छ भने काव्यका केही रोचक श्लोकहरू पनि राखिएका छन् ।

## ५.२.२ विषयवस्तु

कवि खेमनाथ दाहालले **'योद्धा'** काव्यमा नेपाली युवाहरूको लाहुर जाने प्रवृत्ति र लाहुरे जीवनको सजीव चित्रण गरेका छन् । कविले यसमा नव नेपालको निर्माणबाट नयाँ चेतनाको पाइलो चालेको अनुभव हुन्छ । वैचारिक दृष्टिकोणबाट हेर्दा 'योद्धा' ले आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई अङ्गालेको पाइन्छ । यस काव्यले एउटा लाहुरे जीवनको यथार्थ व्यवहार, घात प्रतिघात र आर्थिक सामाजिक शोषण, साम्राज्यवादी थिचोमिचो, अन्याय, अत्याचार, मानवीय चरित्र, राजनीतिक विसङ्गति, नेतृत्वको चरित्र, सत्तामोह, शक्तिशालीबाट दुर्बल राष्ट्र तथा व्यक्तिमाथि हुने अन्याय भ्रष्टाचार, मायाँ ममता, वेदना, प्रबल राष्ट्रप्रेम तथा सङ्घर्षशील जीवनलाई उतारिएको पाइन्छ ।[१४७]

यस काव्यमा नेपालीहरू बाध्यताबस लाहुर गएपनि गोराहरूसँग स्वाभिमानको चर्चा योद्धाको विद्रोह, नव नेपालको घोषणा तथा नेपाल आमामाथि प्रतिबद्धता जस्ता कुरामा दृढ र अटल रहेको देखाइएको छ । यस्ता विषयहरू भएको योद्धा काव्यका सबै सर्गहरूको शीर्षक र मूलभावलाई क्रमशः प्रस्तुत गरिन्छ :

---

४. अनिरुद्ध तिम्सिना 'योद्धा खण्डकाव्यमा खेमनाथ दाहालको रचनाकारिता' **बगर** ( बर्ष २७, अङ्क ८१, २०६६) पृ.२७ ।

| शीर्षक | मूलभाव |
| --- | --- |
| **१. लाहुर जानुपर्ने बाध्यता** | चार हरफे अनुष्टुप छन्दका २२ श्लोकहरू रहेको यस सर्गमा काव्यको नायक युवकले अग्रजहरूले जस्तै गरी आफू पनि बाध्य भएको पीडित अवस्थाको जीवनसापेक्ष चर्चा गरेको छ । साहुको ऋण, जाली कागज, तमसुक आवश्यकता भन्दा बढी सन्तापको कारक रहेको देखाई केही समय पहिलेका निरक्षर नेपाली समाजलाई भुक्याएर तमसुकमा अङ्क थपथाप गर्ने सामन्ती संस्कारको भर्त्सना गरिएको छ । धनीमानी ठूलाबडाले नेपालको गरिब समाजमा हालिमुहाली गरेको इतिहास लिई कविले लाहुरेलाई बाध्यतामा पारेको देखाउन अशिक्षा र गरिबी परिवेशझैं छेउमा उभिन आएको देखाएका छन् । |
| **२. आमाको मायाँ** | त्रिचालीस श्लोक गुच्छाले सजिएको दोस्रो सर्गमा आमा पात्रलाई बोल्ने मौका दिइएको छ । छोरा लाहुरे र परदेशी भएपछि आमाको पीडा बोल्न थाल्छ । परदेश जाने छोराले आमासँग आफ्नो बाध्यताको कारण देखाई विदा मागेको अवस्था तथा विदा लिनुपर्ने स्थिति जनाई परदेश जान लागेको छोरो देख्दा भक्कानु फुटाई रुन थालेको स्थिति बोध गराइन्छ । उसको विदाइले एक प्रकारको क्षति हुन्छ हुर्किसकेको, वृद्धावस्थामा लालनपालन गर्ने लायक, उत्तराधिकारी मात्र नभएर राष्ट्रभक्तिको भार थाम्न सक्ने छोरो घरबाट विदा हुँदाको अर्धसङ्कटको अवस्था यहाँ सम्प्रेषित हुन्छ । यहाँ आमाले विदा गरेर पठाउन नहुने अवस्थाको छोरो लाहुर जाने भनेर उम्किएको स्थिति हुँदा कहिल्यै नदुखेको मन दुखेको छ । यसमा कविले चराको उदाहरण दिएर पङ्ख फुकेका बचरा र माऊ पोथीको रूपकबाट आमाको महत्वपूर्ण माया विदाइको क्षण तथा यसबाट परेको राष्ट्रवादी असरलाई केन्द्रमा पारेका छन् । यस सर्गमा रूपक अलङ्कारका रूपमा आमालाई पोथी र लाहुरे हुने छोरालाई कुनै गुड्बाट हुर्किएको बचेराका रूपमा आरोप गरिएको छ । जसबाट प्रतिक्षा गर्ने आमाले सुस्केरा हालेको यथार्थ अनुभूति प्रत्यक्ष थाहा हुन्छ । यस्ता दुई अवस्थाको तुलना गर्दा चराजस्तै बनेकी आमाको विलापमा दुःख , सुःख, गुण दोष, प्रतीक्षा र विगत वर्तमानको पुनरावृत्ति हुँदा कष्टपरक स्थिति जन्मिएको देखाइएको छ । |
| **३. योद्धाद्वारा गुरुलाई प्रेषित पत्र** | यस काव्यको तेस्रो सर्ग मा १६ श्लोकहरू रहेका छन् भने यो पत्र साहित्यको रूपबाट अगाडि बढेको छ । यहाँ योद्धाले युद्धभूमिबाट गुरुलाई एउटा पत्र पठाएको व्यहोरा कल्पना गरिएको छ । यस पत्रमा नेपाल भित्र प्रगतिका रेखाहरू कोरिएका तथा त्यस्ता रेखाहरूको उचित पालना हुनलागेको विषयमा सोधिएका कुरा र उठाइएका आशङ्काहरू धेरै सल्बलाएका छन् । यहाँ राखिएका जिज्ञासाहरू सन्धि सम्झौता, धनी-गरिब, योग्यता र रोजगारी विषयका प्रश्नहरू प्रस्तुत छन् र लाहुरे हुँदा भोगेको पराधीनतालाई सूचनाका रूपमा पठाइएको छ । |
| **४. गुरुद्वारा योद्धालाई** | यस सर्गमा गुरुले दिएको उत्तर र नेपालको जर्जर अवस्थाको साक्षत्कारको मूर्त रूप हेर्न सकिन्छ । जम्मा ६६ श्लोकहरूले भरिएको यस सर्गमा नेताको स्वार्थी |

| | |
|---|---|
| **प्रत्युत्तर** | स्वभाव, पैसामा विक्ने प्रवृत्ति, भाषणको बनावटी आशय, विदेशीहरूको अत्यधिक चलखेल, अन्योलग्रस्त वातावरण, इमान जमानको क्रयविक्रय, विदेशी ऋण र त्यसको भारी, क्रिस्तानी धर्म प्रचार, धर्मबाट विकसित विकृति आदिले गर्दा नेपाल जर्जर बन्दै गएको गुरुको उत्तर रहेको छ । त्यस पत्रले देशको इज्जतका निम्ति निष्काम रूपको युद्ध गर्न प्रेरणा समेत भएको छ । राष्ट्रवादी छोरालाई जीवन उत्सर्गाका लागि अग्रसर भई स्वदेशमा कर्म गर्न आग्रह समेत गरेको छ । त्यस सर्गको गुरुले दिएको उत्तरले नेपालमाथि हुने आस्थाको सम्मान पुनरावृत्ति गर्दछ । सच्चा देशभक्तको मन दुःखेको चर्चा गर्दै यहाँको प्रसङ्गले वि.सं. २०४७ पछिको नेपालको भयावह अवस्थाको एक झलक दिएको छ । |
| **५. सेनापति द्वारा युद्धको आदेश** | छब्बिस श्लोकहरू रहेको यस सर्गमा योद्धाहरूलाई सेनापतिद्वारा युद्ध आदेशको व्यहोरा अवगत गराइएको छ । यहाँ नेपालीहरूलाई उकासेर युद्धमा होम्ने तथा उनको देशका सेनाको संरक्षणका खातिर मृत्युको आह्वान गर्ने प्रकारका कदमहरू चालिएको विषयलाई प्रष्ट पारिएको छ । नेपाली जवानले आदेशको पालना मात्र गर्नुपर्ने अन्यथा कुनै कुरा सोच्न नपाइने सोझो आदेशको कुटिल अर्थबोध गराइएको छ । युरोपका साम्राज्यवादी शासकहरूले विगतमा देखाएको उपनिवेशवादको अवशेष बाँकी देखिनु तथा नेपाली योद्धालाई रणभूमिमा होमेर मर्न र मार्न लगाएको यथार्थ चित्र प्रकाशनमा आउनु यसको मूल मर्म हो । साम्राज्यवादीहरूबाट कमजोर राष्ट्रहरूलाई खेलौना बनाई गृहयुद्ध चर्काई आफैले चाहेमा नियन्त्रण गर्न सक्ने देखाई कमजोर राष्ट्रको हुर्मत लिने काम भएको हुन्छ । यी प्रसङ्गहरूबाट अप्रत्यक्ष शासन गर्ने सिद्धान्त प्रबल रहेको सन्दर्भ प्रष्ट पारिएको छ । |
| **६. स्वतन्त्र सेनानीको कथन** | जम्मा ४२ श्लोकहरू भएको यस सर्गमा स्वतन्त्र नेपालीलाई बोल्ने मौका दिइएको छ । ऊ नेपाली सेनाको खुकुरीबाट घाइते भएको विषय देखाई उसले नेपाली योद्धाको कदर गरेको पाइन्छ । सेनानीले नेपालीको वीरताबाट परिचित भएको विषयमा मन्तव्य दिएको छ । नेपाली सैनिकहरूको वीरताको प्रशंसा गरिएता पनि स्वतन्त्र सेनानीले युद्ध जितेमा स्वतन्त्रता पाउने तर नेपाली योद्धाले युद्ध जितेमा साम्राज्यवादीको जीत हुने स्थिति देखाइएको छ । यहाँ नेपाली सेना मारिएमा भाडाका मान्छे मारिएको हुने तर स्वतन्त्र सेनानी मारिएमा सहिद घोषणा हुने स्थिति प्रस्तुत गरिएको छ । यस्ता युद्धमा नेपाली सेनाको जित निश्चित भएमा अधिनायकवादको जीत हुने तर हारेमा नेपाली योद्धाको हत्या हुने प्रसङ्ग देखाइएको छ । यस्तो युद्धमा वीरता देखाउनुभन्दा सामन्तीका विरुद्धमा युद्ध गर्ने मोर्चा बनाई नेतृत्व स्पष्ट रहने गरी नेपालीयोद्धाले अग्रसर हुनुपर्ने बेला आएको सङ्केत गरिएको छ । यस्तो नगर्नाले नै सुगौली सन्धि तथा नेपालको तराईको भूमि अतिक्रमण जस्ता दुर्घटनाहरू भएको कुरा सचेत गराइएको छ । |
| **७. वियोगको वेदना** | छत्तिस कविता गुच्छले सजिएको यस सर्गमा पत्नी पीडालाई वर्णन गरिएको छ । यसमा प्राण प्यारीले सम्झना गरेर व्यक्त गरेको विचारहरू अनुष्टुप छन्द एवं विप्रलम्व श्रृङ्गार रसमा डुवेको भावधारा बोकेर प्रस्तुत भएका छन् । यहाँ माली |

| | |
|---|---|
| | नपाएको फूलसँग समान देखाउने रूपक अलङ्कारका हरफहरूमा अस्मिता जोगाउन कठिन भएको क्षणलाई अगाडि सार्दा औंसीका रातसँग तुलना गर्दै उपमा अलङ्कार प्रयुक्त देखिन्छ । यस सर्गमा विरहको वेदना प्रसारण गर्न सहायक साधनहरू चकोर, चादँनी, कोहीली, कुञ्ज, तारापुञ्ज, आँशु, आकाश, तुषारो, हावा, जून, ओराली इत्यादि प्राकृतिक तथा मानवीय उपकरणहरूको उपयोग गरिएको देखिन्छ । |
| **८. नेपाली योद्धाद्वारा घाइते स्वतन्त्र सेनालाई प्रत्युत्तर** | जम्मा चौसठी कवितागुच्छहरू भएको यस सर्गमा स्वतन्त्र सेनानीलाई नेपाली योद्धाले आफ्नो स्पष्टीकरण दिएको सन्दर्भ रहेको छ । वीरहरूका सन्तान नेपालीले निरीह देखेर कुनै अनावश्यक दुख तथा पीडाहरू नदिई युद्धमा  घाइते  भएकालाई रक्षा गर्छन् भन्ने आर्दशमा भाव प्रस्तुत गरिएको छ । यहाँ गोरखाको अर्थ वीर भन्ने बुझाउने नामका धनी नेपाली योद्धाले गीता पाठ गरेका हुन्छन्, कर्म गर्छन् तर फलको आशा राख्दैनन् भन्ने कुरामा प्रतिबद्धता जनाइएको पाइन्छ । नेपालीहरू शान्ति स्थापनाका निमित्त युद्धमा जानुपर्ने हुँदा नीतिमा रहेर कामा गर्ने, पैसाका लागि कदापि नबिक्ने हुन्छन् । नेपालीले गौरवका साथ युद्ध गरेको इतिहास नालापानी , खलङ्गा, टिष्टा र काँगडाले समेत हेरिसकेको कुरा यहाँ प्रष्ट रूपले देखाइएको छ । |
| **९. नेपाली योद्धा गोराद्वारा तिरस्कार** | छब्बिस कविता गुच्छमा सङ्गृहीत यस सर्गमा नेपाली योद्धालाई गोराहरूले तिरस्कार गरेका छन् । आफ्नो औकात र धरातल भूलेर हाम्रा विरुद्ध कुराहरू गर्ने भन्दै गोराहरूले नेपाली योद्धालाई अपमान गर्दै नेपालप्रति दया गरेर गोर्खा भर्ती खुलेकाले आफू खान लाउन नेपालीलाई सहज भएको छ भन्दै तुच्छ बचन प्रहार गरेका छन् । पहाडको एक कुनामा जंगली जसरी बसेका नेपालीहरूलाई दास बनाएर सेनामा भर्ती गरिदिनाले आज खान र छाक टार्न पाएका छन् । पैसाका लागि पशु जस्तै क्रय विक्रय हुने नेपालीको अवस्था छ भन्दै गोराले नेपालीलाई तिरस्कार गरेको छ । |
| **१०. गोराद्वारा तिरस्कृत भएपछि योद्धाको प्रतिवाद** | गोराद्वारा नेपाली योद्धाले तिरस्कारको अनुभूति गरेपछि पुनः प्रतिवाद गर्न लागेको एकचालिस श्लोकले सजिएको यस सर्गमा नेपालको इतिहासलाई दोहोऱ्याइको छ । भीमसेन थापाका पालासम्म अङ्ग्रेजलाई प्रवेश गर्न नदिने नीति भएपनि विस्तारै विस्तारै वीर शमसेरका पालादेखि प्रवेश पाएका यी गोराहरूले नेपाली योद्धालाई वीर गोर्खाली भनेर युद्धमा अग्रसर गराउने गर्छन र मौकाको चौका परेपछि अनादरका वाक्य बोल्ने स्वभाव रहेको देखाउछन् । तर नेपाली वीर योद्धाले कमाएका  नाम र दामले वेलायती शासक प्रसिद्ध भएको कुरा योद्धाले उत्साहका साथमा प्रस्तुत गरेको छ र नेपाली योद्धाको गौरवमय इतिहासको चर्चा गरेको छ । |
| **११. गोरा कामाण्डरद्वारा हाइकमाण्ड समक्ष नेपाली** | तेत्तिस  कवितागुच्छ भएको यस सर्गमा नेपाली योद्धाले गोराको तिरस्कारको ठाडो प्रतिवाद गरेपछि गोरा कमाण्डरद्वारा हाइकमाण्ड समक्ष नेपाली विरुद्ध उजुरी हुन्छ । उजुरीमा  नेपालीहरूले कमाण्डरको  निर्णय र आदेशलाई पनि मान्न छाडेको एवं संघ संस्था बनाउन लागेको छन् ।  शत्रुहरू सँग साँठगाँठ गरी विद्रोहमा  उत्रन |

| | |
|---|---|
| **विरुद्ध उजुरी** | लागेका छन् । तसर्थ जति सम्झाए पनि सम्झँदैनन् भन्ने कुरा उल्लेख भएको छ । |
| **१२.हाइकमाण्ड द्वारा नेपाली विरुद्ध कारवाही र निस्कासनको आदेश** | सेनानीले नेपालीहरूको त्रुटि र कमजोरी पक्षलाई केलाएर उजुरी गरेपछि हाइकमाण्डद्वारा नेपालीको गल्ती भएको बुझी उनीहरूबिरुद्ध कारबाही गर्न तथा क्याम्प बन्द गरी निस्कासन गर्न यस सर्गको २८ श्लोकहरूमा आदेश दिइएको छ । नेपाली योद्धाको घुर्कीदेखि नडराउन पनि सेनानीलाई हाइकमाण्डबाट भनिएको छ । नेपालको प्रधानमन्त्रीले पनि बेलायतका मेजर सरहको वेतन नपाउने चर्चा गर्दै त्यस्ता देशका जनताका घुर्कीले केही हुँदैन भन्ने आश्य हाइकमाण्डले प्रस्तुत गरेको छ । |
| **१३. नेपाल आमाको कथा** | बैसठ्ठी कविता गुच्छहरूले सङ्गठित यस सर्गमा नेपालमा भएको आन्तरिक द्वन्द्व भाइ-भाइ अर्थात् नेपाली नेपाली बीच भएको युद्ध र अशान्ति आदि कुराको वर्णन गर्दै नेपाल आमाको पीडाको कथनलाई उजागर गरिएको छ । यहाँ नेपाल भित्रका अनेकौं समस्याहरू चर्चित छन् । नेपालआमाले भोग्नुपरेको विभाजनका रेखाहरू क्रान्ति र गृहयुद्धका विषयहरू प्रकाश पारिएको छ । सच्चा देशप्रेमी मातृभूमि प्रेमी पुत्र आएर नेपालको रक्षागर्ने छ भन्ने आशामा नेपाल आमा डुवेको चर्चा गर्दै क्रान्ति र गृहयुद्धले गर्दा विरक्त भएका कतिपय पुत्रहरू जङ्गलतिर पसेको चर्चा यहाँ रहेको छ । |
| **१४. योद्धामा वितृष्णा** | सत्ताइस कवितागुच्छहरू रहेको यस सर्गमा नेपाली वीर योद्धा बेलायतमा गोर्खाली सेनामा भर्ती भएर पनि आत्मसन्तुष्टी नभएको बरु अपमानित हुनु परेको हुँदा दुखी बनेको छ भने नेपालआमाको दुःखद समाचारले गर्दा अझ विक्षिप्त बनेको छ । यौवन, उत्साह र शक्ति रहन्जेल लाहुरे बनेको तर अपमानित मात्र हुनुपरेको हुँदा वितृष्ण बन्दै बरु आफ्नै जन्मभूमिको सेवा गरेको भए जीवन सफल हुने थियो भन्ने आश्य योद्धाको छ । नेपालको पछौटे र आशे संस्कार देखेर योद्धालाई ज्यादै पीडा हुन थालेको छ । आफू लाहुर आएर घरको न घाटको भएको दुःखद अवस्थाको चित्रण गर्दै योद्धाले लाहुरेजीवन प्रति वितृष्णा प्रकट गरेको छ । |
| **१५. योद्धाद्वारा विद्रोह, नव नेपालको घोषणा** | गोराहरूद्धारा तिरस्कृत नेपाली योद्धाहरूले बेलायती सरकारका विरुद्ध विद्रोह गरेका छन् । २६ श्लोक रहेको यस सर्गमा नेपाली वीर योद्धाहरूले नुनको सोझो गरेर कर्तव्यका साथ युद्ध गरी विजय गराउने तर गोराहरूले रङ्गभेद गरी दाशवत् व्यवहार गर्ने गरेको हुँदा विद्रोह गर्दै आफूले विजय गरेको भूमिलाई नव नेपाल नाम दिएर चन्द्र सूर्य अङ्कित झण्डा फहराउँदै नव नेपाल घोषणा गर्दछन् । गोराहरूलाई नेपालीको वीरता देखाउँदै अब आफ्नो हक अधिकार मागेर हैन छिनेर अर्थात् खोसेर लिने कुरा प्रकट गरेका छन् । यसैगरी आजैदेखि अखण्ड नव नेपाल बनाउन लाग्ने प्रण समेत गरेका छन् । |

| | |
|---|---|
| **१६. किंकर्तव्वविमूढ गोराको आपतकालीन संसदको बैठक** | वीर नेपाली योद्धाहरूको विद्रोह र घोषणादेखि डराएका गोराहरूले संसदको आपत्कालीन बैठक बसी आफ्ना गल्ती र कमी कमजोरीहरू सच्याउँदै नेपालीहरूलाई पनि गोरा समान हक अधिकार तथा सेवा सुविधाहरू उपलव्ध गराउने र भेदभाव कदापि नगर्ने निर्णय ३३ श्लोकले सजिएको यस सर्गमा रहेको छ । नेपालीहरूलाई नव नेपाल घोषणलाई फिर्ता लिन आग्रह गर्ने कुरा गोराहरूले गरेका छन् । नेपालीहरूले चाहेमा त्यहींको नागरिक भएर सबै हक अधिकार प्रयोग गर्दै बस्न पाउने निर्णय पनि संसदको बैठकबाट गरिएको छ । |
| **१७. पुनरागमन पश्चात् योद्धाद्वारा आमामा प्रतिबद्धता** | गोराहरूले नेपाली वीर योद्धाहरूसँग समान नागरिक हक दिलाई समान व्यवहार गर्ने निर्णय गरे तापनि त्यस्तो भौतिक सुःखले मात्र सन्तोष नभएका नेपालआमाको सम्झनाले सताएका वीर गोर्खाली योद्धाहरू नेपालभित्र फर्केर आएका छन् । ३२ कविता गुच्छ भएको यो काव्यको यस अन्तिम सर्गमा वीर योद्धाहरू नेपालभित्र गृहयुद्ध देखेर लज्जित बनेका छन् । हिजो सम्मका शान्तिका दुत नेपाली भनेर चिनिने ठाँउमा आज शङ्का हुन लागेको कुरा स्मरण गर्दै यस देशमा प्रजातन्त्र बाँदरका हातमा नरिवल झैँ अलपत्र परेको देख्दा योद्धाको मनले नेपालमा शान्ति कायम गर्ने प्रण गरेको छ । निमुखा जनताका आवश्यकता पूरा गर्दै नेपाल र नेपालीको शीर सर्वदा उच्च राख्नका लागि एकिकृत नयाँ शक्तिले राष्ट्र निर्माण गर्ने प्रण देशभक्त योद्धाले नेपाल आमासँग गरेका छन् । |

युद्ध र वीरताको विषयमा काव्य सिर्जना भएका थोरै कृतिहरूमध्ये खेमनाथ दाहालको **योद्धा** विशिष्ट पहिचान हो । काव्यकार दाहाल वर्णमात्रिक विशिष्ट कविताशैलीका एक सफल सर्जक हुन् । एक योद्धाको मार्मिक जीवनगाथा भित्र प्रवेश गर्दा कविले आफू बाँचेको युगको प्रतिनिधित्व आफ्ना काव्यहरूमा गर्न सके त्यो भन्दा ठूलो सफलता अर्को केही हुँदैन भन्ने कविवर माधव घिमिरेको उद्गार यस अर्थमा पनि शाश्वत छ । आमाको ममताभन्दा ठूलो अर्को वस्तु हुँदैन भन्ने पक्षमा कवि दाहाल ज्यादै सचेत छन् । अगमसिंह गिरिको **युद्ध र योद्धा** को प्रतीक कविता र कविको प्रारूपमा खेमनाथ दाहाल पनि बाँधिएका छन् । सिर्जनशील, उर्वर र यथार्थपरक भावनामा केन्द्रीकृत दाहालको योद्धा काव्यले एउटा लाहुरे जीवनको यथार्थ व्यवहार, घात प्रतिघात तथा आर्थिक र सामाजिक शोषणलाई अङ्गालेको छ ।[१४८]

नेपाल राष्ट्र र नेपाली समाजको वैभवभित्र लुकेको वेदना अनि पीडाका क्रन्दन र चीत्कारले काव्यकारको मन ज्यादै दुःखेको छ । जुन कुरा योद्धाको अध्ययन गर्दा महसुस हुन्छ । नेपाली समाजले धेरै पहिले देखि भोग्दै आएको हत्या, हिंसा प्रतिहिंसा, कारुणिक पीडा र

५. डिल्लीराम मिश्र 'पठनीय काव्यः योद्धा' **गरिमा** (वर्ष २४, अङ्क ४, २०६२ चैत) पृ.११७ ।

आतङ्कको आयतनमा कहाली लाग्दो स्वरूपले विस्तार भएको छ र अहिले देशमा मानवीय समवेदना मर्दै गएको तथा मानसिक विघटन तीव्र बन्दै गएको दर्दनाक अवस्थामा भाइ भाइका बीच सिर्जना भएको हत्या र अशान्तिप्रति योद्धा काव्यद्वारा कविले सुझाव दिएका छन् ।[१४९] एउटा झर्रो राष्ट्रवादी उद्गार यस काव्यमा समाहित भएको छ भने दैनिक जीवनमा घट्ने साधारण उदाहरण अति रमणीय ढङ्गले उदृत गरिएको छ । सारा देशवासीले भोगिरहेको दुःख, दर्द स्पष्ट रुपले ठाउँ ठाउँमा उदाङ्गो पारी आफ्नो हृदयमा लागेको चोटको राम्रो व्याख्या कविले मीठो रुपले प्रकाशमा ल्याएका छन् ।[१५०] नेपालीहरूको गरिबीको कारण गाउँ घरमा पुराना विचारका श्रेष्ठ साहुहरूको प्रचलित दुष्ट्याई कवि यसरी दर्शाउँछन् :

खाएको ऋणमा जाली शून्य थपेर पर्तिर ,
म्याद पुग्न कहाँ दिन्छन् साहुले घेर्दछन् घर ॥ **योद्धा, सर्ग १ श्लाक १२ ।**

कविताले काव्यको सूत्रात्मक तर गहन विचारको सम्प्रेषण गरेको हुन्छ । यसको धर्म भनेको पद्य वा लयको माध्यमबाट मानवीयताको आकाङ्क्षालाई जनमानसमा पुऱ्याउनु हो भन्ने मान्यता राखिन्छ । एउटा सबल र सफल योद्धाले पनि देशको अस्तित्व जोगाएको हुन्छ । राष्ट्रिय अस्तित्वका साथै पारिवारिक अस्मिताको पनि उसले ख्याल गरेकै हुन्छ , यसको अलावा राज्य र जातिगत राष्ट्रियताको पनि रक्षा गर्न चुकेको हुँदैन । उसको एक ज्यानको भरमा सिङ्गो योद्धा इतिहासको रक्षण गर्ने अभिभारा बोकेर युद्ध मौदानमा ओर्लिएको हुन्छ ।[१५१] यही भावनामा रहेर कवि दाहालले यस काव्यलाई पाइला चलाई दिएका छन् :

सङ्ग्राम व्यर्थको छोडी दाजुभाइ मिली सब,
सेवामा रुग्ण आमाको जुटी लाग छिट्टै अब ।
लगाऊ दृष्टको पत्ता कसको खेल हो यहाँ ?
अशान्ति कसले रोप्यो, छ मूल यसको कहाँ ? ॥ **सर्ग १३ श्लोक ३४ ।**

जुझारु मन तर मितव्ययी भावनाका धनी दाहाल नेपाली भूमि युद्धको लागि होइन अपितु यहाँ त सीता, भृकुटी र बुद्धका पदचाप सल्बलाउनु पर्छ भन्ने धारणा राख्छन् ।[१५२] उनी कवितामा यसरी सलबलाईरहेका छन् :

स्वर्ग भन्दा अझै प्यारो आफ्नो जन्मथलो प्रति,
देखायौं यसरी माया रहोस् तिम्रो यही भति ।

---

६. ऐजन, पृ. ११८ ।
७. टीकाराम शर्मा 'खेमनाथ दाहालको योद्धा' **बगर** (वर्ष २७, अङ्क ८१, २०६६) पृ.२१ ।
८. बि.के पाल्पाली 'नेपाली काव्यवाटिकाको शब्दयुद्ध : योद्धा' **शब्द संयोजन** मासिक (वर्ष ३ , अङ्क ९, २०६३)
९. ऐजन ।

कन्दमूल सधै खाई बाँचौं साथै मरौं सँगै ,

यौटा चिहान खोस्रेर अन्त्येष्टि कर्म होस सँगै ॥ **सर्ग ४, श्लोक ४** । उत्तर उपनिवेश र उत्तर आधुनिक युगपछि आएका अनेक नवीन काव्यात्मक अभिव्यक्तिका भङ्गालाहरूमा खेमनाथ दाहालको यो '**योद्धा**' काव्य साँच्चै नै योद्धाको गौरव, स्वाभिमान र सङ्कल्प समेटेर देखापरेको छ । त्यसैले नेपाली काव्यको इतिहासमा योद्धा काव्य विशेष पठनको अपेक्षा राख्दछ । यस काव्यले हिजोलाई बुझेर, आजलाई बोकेर, भोलिलाई हानेको छ ।[१५३]

विदेश गएका नेपालीहरूको नेपालप्रति अगाध माया र श्रद्धा हुन्छ । ती नेपालीहरू जसलाई हामी प्रवासी भन्छौं सधै नेपालको गौरव गाथा गाउँछन् । नेपालमा छँदाभन्दा पनि बाहिर बस्दा तिनीहरूलाई आफ्नो देशको बढी माया लाग्छ । यो मायालाई काव्यमा यसरी व्यक्त गरिएको देखिन्छ :

मायालाग्छ हिजो भन्दा अहिले देशको यहाँ ,

टाढा छौं हुनता हामी सम्झदा त कहाँ-कहाँ ॥ **सर्ग ३, श्लोक १३** ।

**योद्धा** वीरोचित गाथाको अन्तर्स्वर हो । त्यो स्तरमा समाविष्ट नेपाली जीवनले भोग्दै आएको श्रृङखलाबद्ध सन्दर्भहरू हामी अनुभव गर्न पाउछौं । योद्धा एउटा सुरम्य र वीरताको बखान हो । नेपाली तरुणहरूले राष्ट्र र राष्ट्रियताप्रति आइपरेको हमला र आक्रमणलाई धुलिसात बनाउन लेखेको वैभवशाली कथाको मीठो वर्णन हो । विभिन्न छन्दहरूको सुकोमल आवरण यहाँ अनुभूत गर्न सकिन्छ । मूलुकको मायामा अभिभूत वर्गको अन्तस्करण योद्धामा समाहित छ ।[१५४] यही कुरालाई कवि लेख्छन् :

हुर्काई त्यसरी आज पैसाका निम्ति केवल ,
पठाउनु परेको छ पारी सन्तती सेवक ।
कसका मनले मान्छ कुन आमा खुशी छ र ?
बाध्यतावश छोराले जानुपर्छ सधैं पर ॥ **सर्ग -२ श्लोक ३८** ।

कवि दाहाल कलावति स्रस्टा हुन् । उनमा राष्ट्रको सामर्थ्यले उचालेको जीवन्त सन्दर्भले ज्यादै स्वतः स्फूर्तरूपमा सम्प्रेषण पारेको छ । यसैले योद्धाहरू अंग्रेजसँग कुनै समर्पण नगरी डटेको बलशाली कथामा कविको भावनाले छलाङ्ग मार्छ । युद्धग्रस्त सन्दर्भ र नेपाली वीर वीराङ्गनाको बहादुरीलाई विश्व सभ्यताले स्वीकारेको एउटा बलशाली सन्देशलाई कवि दाहालले योद्धामा मानभाउ गरेका छन् । योद्धाले हतियार र रगतमा कुदेको बलवानको तरङ्ग मात्र उचालेको छैन, लडाईमा आरेखित प्रसङ्गले एउटा प्रभावकारी लयविधान समातेको अनुभूति हुन्छ । कतिपय जोसिला र अर्थपूर्ण प्रसङ्गले काव्यलाई झन मोहक पारेको लाग्छ ।[१५५]

---

१०. हरिराज भट्टराई 'योद्धाको पठनः एक टिपोट' **जनसत्ता** साप्ताहिक, २०६२ असार १८ गते ।
११. युवराज नयाँघरे 'योद्धामा नेपाल उद्घोष' **जनभावना** साप्ताहिक, २०६२ फागुन १५ गते ।
१२. ऐजन ।

देश विदेशका स्वतन्त्र राज्यहरूमा साम्राज्यवादीहरूले आक्रमण गरी उनको राज्य जित्नलाई नेपालीहरूलाई प्रयोग गरेको तथा हामीलाई भाडाका टट्टुझैँ प्रयोग गरेको र ती स्वतन्त्रता गुमेका राष्ट्रहरूले हाम्रो निन्दा गरेकोमा हाम्रा योद्धाले यस्तो जवाफ दिन्छन् :

सीता बुद्धहरूको त्यो आर्दश पनि जान्दछौं ,
रणभूमिमहाँ हामी गीताको ज्ञान मान्दछौं ॥ **सर्ग- ८, श्लोक ६** ।

विदेश जाने रहर त हाम्रो जस्तो गरिब देशका युवावर्गको स्वाभाविक लहर नै हो तर पछि विदेश गएर कति लाञ्छना भोग्नुपर्ने, आफ्ना परिवारदेखि टाढा बस्नुपर्ने, वियोगको वेदना सहनुपर्ने इत्यादि हुँदा त्यो हृदयको दर्द यसरी व्यक्त हुन्छ काव्यमा :

कन्दमूल सधैं खाई बाचौं साथै मरौं सँगै,
यौटै चिहान खोस्रेर अन्त्येष्टि कर्म होस् सँगै ॥ **सर्ग- ७, श्लोक ३५** ।

आर्थिक बाध्यताले गर्दा नेपालीहरू लाहुर गए तापनि नेपालीको वीरता, इमान्दारीको कदर, शत्रु भएर पनि अंग्रेजहरूले मुक्त कण्ठले गरेका छन् । तर छिमेकी भएर पनि ठुल्दाईले ( भारतले) हेपेर हाम्रो सिमाना आदिमा दुःख दिएकोमा कविको साह्रै मन दुख्छ ।[१५६] यही कुरालाई खण्डकाव्यमा कवि दाहाल यसरी लेख्छन् :

पूर्वमा कहिले पेल्छ नेपाली मूलका भनी,
यता पश्चिममा पस्छ सिमाना मिचियो भनी ।
त्यतिले नपुगी केहि नदीनालाहरू सव,
पूर्व स्वीकृतिले मात्र बन्छ भन्छ नपुंसक ॥ **सर्ग- ८ , श्लोक - ५४** ।

हाम्रो देश कुनै समय शान्तिक्षेत्र भनी प्रख्यात थियो । तर आज अति नै डरलाग्दो दुषित रूपको अशान्त भूमिमा परिणत भएकाले पर्यटकहरू पनि आउन डराउने हुँदा आर्थिक स्थितिमा पनि ठूलो आघात परेको छ । यही स्थितिको व्याख्या कवि गर्छन् :

हिजोका शान्तिका दुत भयौं आज कलङ्कित,
थाल्यो विम्व भई हेर्न हामी माथि सशङ्कित ॥ **सर्ग- १७, श्लोक ७** ।

हाम्रा देशका केही अङ्गहरू आज हाम्रो देशबाट छुट्याइसकेकोमा कविको ठूलो गुनासो छ । ती खोसीएका अङ्गहरू पुनः हाम्रो राष्ट्रमा सामेल गराउने विषयमा काव्यमा उत्कट अभिलाषा जागृत भएको छ :

टिस्टा र काँगडा हाम्रो लुट्यो साम्राज्यवादले ,
कालापानी र सुस्ता चैं चुट्यो विस्तारवादले ।

---

१३. गोपीकृष्ण शर्मा 'खेमनाथ दाहालको श्वेतपत्र' खेमनाथ दाहाल, **श्वेतपत्र** ( काठमाडौंः उषा दाहाल, २०६७) पृ.९ ।

नपुगी त्यतिले मात्र धम्की दिन्छ घरि घरी,
आमाको अस्मितामाथि दागा धर्छ घरि घरी । **सर्ग- ८, श्लोक ५२ ।**

अङ्ग जोडेर आमाका पुनः निर्माण गर्नु छ
भगिरथ भई आजै मातृ उद्धार गर्नु छ । **सर्ग- ८, श्लोक ४७ ।**

आफ्नो युग, आफूले भोगेका कुरा, आफ्नो जीवनको यथार्थ साना मसिनादेखि ठूला ठूला घटनासम्मलाई लिएर हिडेँको यो काव्य आफैँमा युगकै प्रतिनिधि काव्य हो भन्दा निश्चय पनि यसलाई न्याय गरेको ठहरिन्छ । किनकि कविता भन्ने बित्तिकै सौन्दर्यपरक नबन्न, नायक नायिका प्रणयविहार, विप्रलम्भ श्रृङ्खला र अन्य कामुकतापरक वर्णनलाई मात्र लिनुपर्दछ भन्ने जुनभावधारा हो यस विधालाई पनि यस काव्यले अर्कै बाटो देखाएको छ ।[१५७]

विशिष्ट भाषा शैलीय प्रयोग भएको छन्दबद्ध काव्य योद्धालाई चिहाएर हेर्दा यसमा खासगरी नेपालको एउटा बलिष्ट कर्णधार अर्काको देश रक्षामा जाँदा यता आफ्नै देश सङ्कटमा परेको दारुण कथा समावेश गरेर लेखिएको देखिन्छ । देश रक्षाको जिम्मा लिएर पनि विदेशीकै खातिर ज्यान बलिदान गर्नु पर्ने एकातिर विडम्बना देखिन्छ भने अर्कोतिर आफ्नो भगिरथ प्रयासले देशलाई विश्व सामु शीर ठाडो पारेर रहन सक्ने बनाएका थुप्रै वीरताका उदाहरणहरू पेश गरिएका छन् । खास गरी ब्रिटिश गोर्खाहरूको वैदेशिक मामिलामा दिएको योगदान र एउटा गार्खा सैनिकको जीवनीमा बाँधिने अन्य पारिवारिक आशा समेतलाई विषय बनाएर देश र उसको अस्मिता समेतको गाम्भीर्यता छर्लङ्ग हुनेगरी लेखिएको यो काव्य साहित्यिक माहोलका व्यक्तिका लागि मात्र नभएर एउटा लाहुरेको यथार्थ जीवनीबाट थाहा पाउन खाज्ने जो कोहीका लागि पनि यो कृति सङ्ग्रहणीय साबित भएको छ ।[१५८]

कवि खेमनाथ दाहालले अनुष्टुप छन्दको परिधिभित्र बाँधिएर लेखेको योद्धा काव्य नपाली पद्य साहित्यको गौरव हो । अहिलेको स्वतन्त्र कविता लेखनलाई अबलम्बन गरेर पत्र पत्रिका र पुस्तक प्रकाशित गर्दै चाँडै नाम कमाउन खोज्नेहरूलाई यस काव्यले चुनैती दिएको छ । सरल भाषाशैली, मिठासपूर्ण अभिव्यक्ति यस काव्यको विशेषता मान्न सकिन्छ ।[१५९]

## ५२.३ सहभागी

सहभागीले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ । सहभागी अनेक किसिमका हुन सक्छन् । कवितामा सहभागीको यदा

---

१४. काशीनाथ न्यौपाने 'काव्यमा लाहुरे जीवन' **विमोचन** मासिक (२०६२ माघ) पृ. १६ ।
१५. रेणुका भट्टराई 'सुर्केली अन्तरेले जन्माएको योद्धा र खेमनाथ दाहाल' **जनप्रहार** दैनिक (२०६२ मङ्सिर २१) पृ.४ ।
१६. मीनकुमार नवोदित श्रेष्ठ 'योद्धालाई फन्को मार्दा' **दर्शन** साप्ताहिक (२०६१ ज्येष्ठ ८) ।

कदा प्रयोग गर्ने कवि दाहालले **योद्धा** काव्यमा विविध पात्रहरूलाई सहभागी गराएर उनीहरूको सहभागिताद्वारा नव नेपालको निर्माणबाट नयाँ चेतनाको पाइलो चालेको अनुभव गराएका छन् । यस काव्यमा मूल रूपमा लाहुरे योद्धाको सहभागिता देखिन्छ । काव्यको प्रथम सर्गमा लाहुरेलाई लाहुर जानुपर्ने बाध्यात्मक अवस्थाको चित्रण भएको छ । देस्रो सर्गमा आमालाई सहभागी गराइएको छ भने तेस्रो सर्गमा र चौथो सर्गमा कविले गुरुलाई सहभागी गराई योद्धा र गुरुबीच पत्र मार्फत प्रश्नोत्तर गराइएको छ । पाँचौ र छैठौ सर्गमा सेनानी वा सेनापतिको सहभागिता देखिन्छ भने सातौं र आठौं सर्गमा वियोग वेदना तथा योद्धा र सेनानीको वार्ता छ । नौ देखि बाह्र सम्मका सर्गहरूमा मूल रूपमा गोराहरूको सहभागिता रहेको पाइन्छ नेपाली योद्धालाई गोराहरूले तिरस्कृत गरेको छ भने योद्धाद्वारा प्रतिवाद गरेको कुरा यी सर्गहरूमा देखिन्छ । तेह्रौ सर्गमा नेपाल आमाको सहभागिता छ । चौध र पन्ध्र सर्गमा योद्धाको विद्रोहात्मक सहभागिता देखाई आफूले युद्ध गरेर प्राप्त गरेको भूमिलाई नव नेपाल भनी घोषणा गरेर गोराहरूलाई चुनौती दिइएको छ । यसैगरी काव्यको सोह्र र सत्र सर्गमा गोराहरूको संसदको सहभागिता छ । भने योद्धाको नेपाल आगमन पश्चात् नेपालआमा प्रति प्रतिबद्धता जनाउँदै योद्धाले राष्ट्रप्रेमी आवाज घन्काउँदै आफ्नो सहभागितालाई काव्यमा सफल र सारपूर्ण तुल्याएको छ ।

## ५.२.४ परिवेश

परिवेशले कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन गर्ने तथा घटना घटित हुने स्थान , समय र वातावरणलाई बुझाँउछ । परिवेशका दृष्टिले हेर्दा खेमनाथ दाहालको यस **योद्धा** काव्यमा नेपालको तराई देखि पहाडसम्म सगरमाथादेखि पहाडका गाउँघर तथा सहरसम्म समेट्दै विदेशमा गोर्खा पल्टनको र केही प्रवासी पीडाको परिवेशमा नेपालीको गौरवगाथा बुनिएको छ । वीर गार्खाली भनेर चिनिने योद्धा बेलायतको पल्टनदेखि मातृभूमि नेपालसम्मको परिवेशमा कान्तिकारी स्वच्छन्दतावादको गोरेटेमा हिँडेको छ ।

## ५.२.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । हरेक कृतिको सिर्जना सोद्देश्यमूलक ढङ्गले गरिएझैं खेमनाथ दाहालको योद्धा खण्डकाव्य पनि सोद्देश्यमूलक सिर्जित छ । मूलतः सामाजिक तथा राष्ट्रिय विकृति विसङ्गतिको अभिव्यक्ति पाइने यिनको **योद्धा** काव्यमा नेपाली वीर योद्धाको वीरता र मातृभूमिप्रतिको प्रेमलाई यथार्थ रूपले प्रकटीकरण गरिएको छ । यससम्म गरिबको पक्षमा गुञ्जायमान स्वर छ भने पञ्चायती सामन्ती व्यवस्थाको विरोध पनि छ । विदेशी शोषक शक्तिहरू, साम्राज्यवादी उपनिवेशवाद आदि सबैको खुलेर बिरोध गर्दै नयाँ नेपालप्रति समर्पित

हुन पात्रहरूलाई अग्रसर गराइएकाले यो काव्य क्रान्तिकारी भएको छ । काव्यले राष्ट्रवादको विगुल फुक्दै नेपालीका लागि मात्र नभएर विश्वको प्रत्येक राष्ट्रको राष्ट्रियता र आत्मसम्मानका लागि बोलेको छ, त्यो चाहे इराक होस् या त इजरायल नै । विश्वसित आफ्नो देशको राष्ट्रिय भावना, अशिक्षा र गरिबी जस्ता दुस्मनको प्रभुत्वको उल्लेख गर्दै यस्ता कुरा संसारकै लागि रोग तुल्य हुने र यसको निवारणमा हरेक व्यक्ति वा राष्ट्रको चिन्तन हुनुपर्ने कुरा देखाउनु काव्यको मूल उद्देश्य रहेको छ । कवि काव्यमा लेख्छन् :

देशभक्त सयौं लाई तिमी के मति सक्दछौ ?
अन्यायीको अझै दास भएर तिमी लड्दछौं ?
हामीलाई यहाँ मर्नु मार्नु हो न्याय विम्वमा
हामीलाई यहाँ रोक्नु रोक्नु हो शान्ति विश्वमा । **सर्ग ६, श्लोक २४** ।

साम्राज्य वाद र विदेशी सामन्ती शक्तिहरूको घोर भर्त्सना गर्दै राष्ट्रको गौरवलाई विश्वसामू फैलाउनु यसकाव्यको विशेष उद्देश्य देखिन्छ :

हो ऐले सक्दछौं हामी तिम्रो झण्डा हटाउन
राखी नेपालको झण्डा नेपालै पो बनाउन । **सर्ग ८ श्लोक ३४** ।

## ५.२.६ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका दृष्टि बिन्दु हो । दृष्टिबिन्दुकै माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ । दृष्टिविन्दुका दृष्टिले दाहालको **योद्धा** काव्यको पहिलो र दोस्रो सर्गमा प्रथमपुरुष दृष्टिबिन्दु रहेको छ । सर्ग तीन र चारमा योद्धाको र गुरुको पत्राचार देखाई द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । पाँचौं सर्गमा सेनापतिको युद्धको आदेशको प्रसङ्गलाई देखाउन प्रथम र तृतीय पुरुष दृष्टिबिन्दु छ । सर्ग छ, सात र आठमा योद्धाको स्वकीय कथनलाई प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग छ । नवौं र दशौं सर्गमा द्वितीय पुरुषीय दृष्टिबिन्दु छ भने त्यसपछिका पन्ध्र सम्मका सर्गहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग छ । सोह्रौं सर्गमा तृतीय पुरुष र सत्रौं सर्गमा योद्धाद्वारा नेपालआमासँगै प्रतिबद्धता जनाउन प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ५.२.७. भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बनोटरूपी साम्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रमुख पक्ष हो र लेखकै पिच्छे फरक-फरक हुन्छ । यस अन्तर्गत भाषिक तथा शैलीय बनोट अर्थात् भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार आदि पर्दछन् । भाषिक दृष्टिले कवि दाहालको **योद्धा** काव्य सफल देखिन्छ । हुन त कविको भाषा केही परिस्कृत, प्राञ्जल र कलात्मक हुन्छ नै साथै सुललित, सरल, सर्वश्रेष्ठ र

सरस हुनु कविको वैशिष्ट्य मानिन्छ । कवि दाहालको काव्यमा सरल, सरस र सर्वसंवेद्य कवितागुच्छको कलात्मक प्रस्तुती पाइन्छ । काव्यको निम्न श्लोकले यी कुरा पुष्टि गर्दछ :

सङ्ग्राम व्यर्थको छोडी दाजुभाइ मिली सब
सेवामा रुग्ण आमाको जुटी लाग  छिट्टै अब
लगाऊ दुष्टको  पत्ता कसको खेल हो  यहाँ ?
अशान्ति कसले रोप्यो छ मूल यसको कहाँ ॥ **सर्ग १३ श्लोक ३४ ।**

कविले योद्धामा विविध विम्व तथा प्रतीकहरूको पनि सान्दर्भिक रूपमा प्रयोग गरेका छन् । साथै विविध अलङ्कारहरूको पनि यथेष्ट  प्रयोग छ :

हिजोसम्म थियो सानो आफ्नो संसार शैशव
बनाउनु थियो आफ्नो बच्चालाई त वैभव
त्यसैमा गर्दथिन् आमा आफूमाथि  त गौरब
तर आज भयो आफ्नै  निरर्थ सब पौरख  । **सर्ग २  श्लोक १६ ।**

यहाँ शैशव, वैभव, गौरव, पौरख जस्ता पदहरूले अन्त्यानुप्रत्यासलाई सन्तुलित ढङ्गले बढाएका छन् । त्यसैगरी दृष्टान्त अलङ्कारले काव्यलाई अझ सुन्दर बनाएको छ :

दिने त्यो सुनको अण्डा कुखुरी मर्दथे किन ? **सर्ग.२, श्लोक १७ ।**
आमाको ममता भन्दा ठूलो हुन्छ र के कुरो  । **सर्ग.२, श्लोक ७ ।**

घाम र मेघमा जस्तो देखियो खास अन्तर
सूर्यको रश्मि नै रोक्न कहाँ सक्छ र ! बादल । **सर्ग.११, श्लोक २५ ।**

निम्न श्लोकहरूमा भएको बिम्वहरूको प्रयोगले कवि दाहालले काव्यमा  बिम्वहरू प्रयोग गर्न खप्पिस छन् भने प्रष्ट हुन्छ :

कति  पुछ्दछु यी आँसु बगेका बेदनामय
रोकेर राख्न नै पाए बनिसक्थ्यो जलाशय
मनभित्र उठेको यो पीडाको ज्वार यो  कतै
बगाई लान के सक्थ्यो ?  आँसुका भेलले सधैं ॥ **सर्ग.७, श्लोक ६ ।**

यहाँ जलाशय र भेल आँशुका सम्वेदना बिम्बको रूपमा उपस्थित छन् :

औंसीका रातको जस्तो निस्तब्ध मनमा अब
पूर्णचन्द्र भई चाँडै झुल्किद्यौ न तिमी प्रिय ॥ **सर्ग.७,  श्लो १५ ।**

यहाँ औसींको रात जस्तो मन उपमा  अलङ्कार बिम्ब  हो भने पूर्णचन्द्र हुनु उत्प्रेक्षा अलङ्कार विम्ब हो । यी दुवै बिम्बको सम्मिश्रणले यसलाई संश्लिष्ट बिम्बको रूपमा प्रस्तुत गरेको छ :

बुलाकी कण्ठ नौगेडी कान्छीका लागि पाहुर
तिलहरी र बस्त्रादि पैल्हाइकन कामुक ।
स्वर्गकी अप्सरा जस्ती मोरीलाई बनाउन

मन उद्धत झन हुन्थ्यो कान्छीलाई भगाउन ॥ **सर्ग.१४, श्लोक १४ ।**

यहाँ कामुक भगाउन आदि यौन बिम्बका प्रतीक हुन् । बुलाकी, नौगेडी आदि पनि वस्त्राभूषणका बिम्ब बनेर आएका हुन् अप्सराजस्ती उपमा छ, त्यसैमाथि मोरी शब्दको प्रयोग बिम्बमाथि बिम्बाधान भएको छ । कविले काव्यमा विविध रसहरूको पनि सुन्दर प्रयोग गरेका छन् :

दिनचर्या यही हुन्छ मेघ बादलका संग
काटिन्छ दिन दुःखी भै तड्पिदै कष्टकासँग
बेलुकी पख झुल्किन्छ जून आकाशमा जब
आशा लाग्छ भनी पक्कै ल्यायो सन्देश क्यै अब । **सर्ग.७, श्लोक २५ ।**

यहाँ विप्रलम्भ श्रृङ्गार रसको स्वाद पाइन्छ । यसै रसलाई कवि काव्यमा धेरै ठाउँमा प्रयोग गर्छन्

फर्की आए सबै पूरा हुनेछन् चाहानाहरू
तिम्रो सामिप्य चाहिन्छ चाहिँदैन कुरा अरु ॥ **सर्ग.७, श्लोक ३६ ।**

यसरी काव्यमा कविले स्वच्छन्दतावादी सुन्दर कला, भाषा र शैलीको प्रयोग गर्दै विम्ब रस र अलङ्कारको समायोजनबाट राष्ट्रवादी स्वर घन्काई सम्राज्यवादको विरोध गर्दै क्रान्तिकारी विचारधारा प्रस्तुत गरेका छन् ।

## ५.२.८ उपसंहार

**योद्धा** काव्य विशुद्ध लाहुरे जीवन त्यससँग सम्बन्धित पीडा, वेदना खुसी अनि गाउँघर र त्यहाँका प्रकृतिमय कुराहरू पति पत्नी वियोग कान्छा कान्छिका कुरा आदि इत्यादिलाई विषय बनाएर रचना भएको एउटा सुन्दर कृति हो । यति मात्र नभएर देशको अन्योलपूर्ण राजनैतिक अवस्था सँगसँगै भित्रिएको भ्रष्ट्राचार सुशासनको अभाव द्वन्द्व जस्ता आजका अहम् विषयले गर्दा अपाङ्ग हुन पुगेकी नेपाल आमाको वेदना र व्यथालाई पोखिएको एवं एक भाइद्वारा अर्को भाइलाई मारिएका हृदयविदारक घटना र मार्न मर्न तयार भएका आफ्नै बन्धुप्रति सचेत हुन आह्वान गरिएको यो एउटा राष्ट्रवादी तथा विश्वबन्धुत्वको भावना बोकेको उत्कृष्ट काव्य हो ।

विकृति, विसङ्गति, द्वेष, ईर्श्या र अहम्लाई त्यागेर साझा राष्ट्रियता र स्वबन्धुत्वको हितोपकारी सम्झौता बिन्दुमा पुग्न **योद्धा**ले आह्वान गरेको छ । नेपाली लाहुरे जसलाई विश्वले गोर्खाली भनेर चिन्दछ , जो नेपालको पर्याय जस्तो भएर विश्वमा चिनिन्छ र आफ्नो देशको कीर्तिलाई फैलाएको छ , त्यही वीर नेपाल आमाको सपूत विदेशी सम्राज्यवादी सामन्ती शोषकहरूको विरोध गर्दै युद्ध र वीरताद्वारा नव नेपाल घोषणा गरेर विश्वको जुनसुकै कुनामा पनि नेपाली झण्डा फहराउने अठोट गर्दछ । त्यस्तो वीर नेपालमा फर्किएपछि गौण भएर बस्न बाध्य छ, केही चाटुकारहरूको भनाइमा ऊ सधैं ठगिएको छ र अनुत्पादक भई बाँचिरहेको छ । त्यही वर्गलाई सचेत सन्तानको स्थान दिँदै भविष्यमा नेपालआमाप्रतिको दायित्य बुझेको योग्य सन्तानका रूपमा प्रस्तुत गरिएको छ । काव्य योद्धामा समग्रमा भन्नुपर्दा योद्धा नेपाल र नेपालीको कथा हो । आजका नेपालीको मनको व्यथा हो । नेपाल आमाको चाहना र पीडाको सम्मिश्रण हो । नेपाल र नेपालीको विरोध तथा बषौँबर्ष नेपालीलाई देस्रो नागरिक सम्झी

भाडाका सैन्यका रूपमा प्रयोग गरी उल्टै अपमान गर्नेहरूका लागि योद्धा एउटा चुनौती हो । नेपालीहरूका लागि आफ्नो हक र अधिकार प्राप्त गर्ने पथ प्रर्दशन गर्ने पथपदर्शक **योद्धा** हो भन्दा कुनै हानि छैन र कविको पनि यही भावना योद्धा काव्यमा रहेको पाइन्छ ।

# ५.३ खेमनाथ दाहालको 'श्वेतपत्र' महाकाव्यको विश्लेषण

## ५.३.१ परिचय

खेमनाथ दाहालका  हालसम्म पाँचओटा कृतिहरू प्रकाशित भएका छन् । जसमध्ये यो **श्वेतपत्र** महाकाव्य पाँचौं कृति हो  । यो महाकाव्य नितान्त नवीन विषय लिएर नयाँ किसिमले संरचना गरिएको प्रबन्ध काव्य हो । देश भक्ति र राष्ट्रिय जागरणको केन्द्रीयतामा रचिएको यो कृति आफैंमा महत्वपूर्ण रहेको छ भने राष्ट्रियताको प्रेरणा र प्रभाव दिन पनि त्यत्तिकै सक्षम छ । यस महाकाव्यमा जम्मा १५ सर्गहरू रहेका छन् र हरेक सर्गका शीर्षक पनि छुट्टाछुट्टै दिइएको पाइन्छ । बढीमा १७१ कविता गुच्छ र कम्तिमा २६ कविता गुच्छाहरूको सर्गविधान गरिएको यस महाकाव्यमा जम्मा ११११ कविता गुच्छाहरू रहेका छन् । यस काव्यमा समृद्ध हिमाली गणतन्त्रको सुन्दर कल्पना गरिएको छ । विषयको संयोजनका दृष्टिले कविको यो नौलो सिर्जना हो र मातृभूमि नेपाललाई माया गर्ने सुन्दर अभिव्यक्ति पनि हो ।

संरचनागत दृष्टिले हेर्दा यस महाकाव्यको आवरण आर्कषक देखिन्छ । रातो हरियो नीलो कालो र सेतो रङ्गहरूद्वारा रङ्गिन पारिएको आवरण पृष्ठमा सेतो अक्षरमा महाकाव्यको शीर्षक श्वेतपत्र भनेर राखिएको छ भने कालो अक्षरमा  लेखकको नाम राखिएको छ । भित्री पृष्ठहरूमा क्रमशः कृतिको नाम, लेखक र प्रकाशकको नाम कवितात्मक समर्पण गोपीकृष्ण शर्मा ( ज्ञानेश्वर) को  १६ पृष्ठको खेमनाथ दाहाल र श्वेतपत्र महाकाव्य शीर्षकको भूमिका लेख तथा टेकनाथ रिजाल (भुटान) को इर्श्यालाग्दो कृति श्वेतपत्र शीर्षकको लेख रहेको छ । यसैगरी खेमनाथ दाहालको आफ्नो भनाई अगाडि विषय सूचि राखिएको छ । जसमा १५ सर्गहरू तिनको उपशीर्षक र पृष्ठ सङ्ख्या दिइएको छ । यसभन्दा अगाडि क्रमशः १५ सर्गहरूको समायोजन पाइन्छ । कृतिको अन्तिम आवरण पृष्ठमा लेखकको मुस्कुराई राखेको आर्कषक तस्वीरका साथै उनको परिचय र महाकाव्यका केही श्लोकहरूलाई पनि राखिएको छ ।

## ५.३.२ विषयवस्तु

खेमनाथ दाहालको **श्वेतपत्र** महाकाव्यमा नेपाल सिक्किम र भुटानको कथा छ । ती देशबासीहरूले भोग्नुपरेको पीडा छ र झेल्नुपरेको द्वन्द्व छ  । नेपाल सिक्किम र भुटान तीनैवटा हिमाली राज्य हुन् । प्राचीन समयका विशाल हिमवत् खण्डका राज्यहरूको बिखण्डन पछि अस्तित्वमा आएका यी स्वतन्त्र राज्यहरूका समकालिन पीडा र कथा व्यथाको इतिहास लेखिएको छ यसमा । कवि दाहालद्वारा यस महाकाव्यमा नेपाल भूटान र सिक्किमलाई

मानवीकरण गरिएको छ । ऋषिकल्प हिमालयका पुत्री त्रय यी तीन राज्यले आआफ्ना समस्याहरू तिजको बेला माइत आएका चेलीहरूले साटासाट गरेझैं गरेर मन हलुका पारेका छन् यस काव्यमा ।[१६०] यस महाकाव्यमा समृद्ध हिमाली गणराज्यको सुन्दर कल्पना गरिएको छ । विषयको समायोजनका दृष्टिले यो नौलो सिर्जना हो । नेपाल भूमिलाई माया गर्ने सुन्दर अभिव्यक्ति हो ।[१६१]

यो महाकाव्य नौलो विषय नौलो प्रयोग र नौलोप्रस्तुति भएको महाकाव्य हो । नेपाल भूटान र सिक्किमको वर्तमान युगको समाजशास्त्रीय अध्ययनको प्रस्तुती यसलाई मान्न सकिन्छ । यसमा शीर्ष राष्ट्रहरूले महासम्मेलन श्वेतबडापत्र जारी गरेझैं नेपाल भूटान र सिक्किम तीनवटा हिमाल पुत्रीहरूले अन्याय अत्याचार द्वन्द्व मिचाहा प्रवृत्ति औपनिवेशकताका बिरुद्ध आफ्नो मन्तव्य जारी गरेका छन् र त्यो श्वेतपत्र नै महाकाव्य को शीर्षक भएको छ ।[१६२] यस्ता मार्मिक र सान्दर्भिक विषयहरूलाई कविले महाकाव्यमा १५ सर्गमा विभाजन गरेर प्रस्तुत गरेका छन् । यहाँ क्रमश: १५ सर्गहरूको शीर्षक र मूलभावलाई प्रस्तुत गरिन्छ :

| **शीर्षक** | **मूलभाव** |
|---|---|
| **१. आपस्तका कुराहरू** | ३७ कविता गुच्छ भएको महाकाव्यको यस प्रथम सर्गमा हिमालपुत्रीहरू नेपाल सिक्किम र भूटान नामका ३ दिदी बहिनीहरू आपस्तमा कुराहरू दु:ख सुखका भावनाहरू भनिरहेका छन् । उत्सुक रहेका द्रष्टा कवि उनीहरूको वार्ता प्रसङ्ग कसरी अगाडि बढ्छ भन्ने कौतुहल संगाल्दै स्वयं छेलिएर गोप्य ढंगबाट सबैकुराहरू सुन्दै रहन्छन् । नेपथ्यमा रहेका कविले उनीहरूको संवादलाई सार्वजनिक गराउन लेख्दै जान्छन । घरेलु झगडा र द्वन्द्व जस्ता कारणले जेठी नेपाललाई पिरोलेको छ । उनले रुदैं आफ्ना कथा व्यथा आफ्ना बहिनीहरू सामू राख्छिन । माहिली सिक्किमलाई त्यो भन्दा वढि पिरलो छ । उनको अस्मिता लुटिएको छ । स्वतन्त्र सार्वभौम अस्तित्व छैन । कान्छी भुटानलाई पनि आफ्ना सन्तान शरणार्थी भएर देश बाहिर जानुपरेकोमा दु:ख र पीडा भएको छ । तीनै दिदी बहिनीका पीडा, व्यथा र छटपटीहरू यहाँ रहेका छन् । |

१७. चन्द्रमणि अधिकारी 'हिमाली राज्यमा श्वेतपत्रको भाका' **नेपाल बोर्डर** साप्ताहिक ( २०६८ फागुन १०गते)।

१८. गोपीकृष्ण शर्मा 'कवि खेमनाथ दाहाल र श्वेतपत्र महाकाव्य' खेमनाथ दाहाल, **श्वेतपत्र** ( काठमाडौं: उषा दाहाल, २०६७) भूमिका ।

१९. चन्द्रमणि अधिकारी , पूर्ववत् ।

| | |
|---|---|
| **२. उद्भव र संस्कारका कुराहरू** | त्रिचालीस कवितागुच्छहरू रहेको यो दोस्रो सर्गमा दिदी नेपालले बहिनीहरू सामू उद्भव र संस्कारका कुराहरू गरेकी छन् । उनको अनुसार यो हाम्रो विशाल हिमवत खण्ड पहिले एउटै अधिराज्य थियो । पूर्वमा ब्रह्मपुत्र नदी, दक्षिणमा गङ्गा नदी उत्तरमा कैलाश हिमाल र पश्चिममा हिन्दुकुश प्रदेश यस राज्यका चार सिमाना थिए । समयक्रममा राज्यहरू टुक्रिँदै गए । पहिले मुस्लिमले र पछि अङ्ग्रेजले शासन गरे । यति भएर पनि हिमवत खण्डको मूल हिस्सा एक ढिक्का थियो तर कालान्तरमा त्यसमा पनि विखण्डन भयो । विखण्डनको विश्वको इतिहास केलाउदै आफ्ना अङ्गहरू छिमेकले लुट्दै गरेको दुखेसो दिदी नेपाल प्रकट गर्छिन् । यसै गरी विशाल भुटान खुम्चिएको र भुटानीहरूले शरणार्थी बनेर दिदी नेपालमा आश्रय लिनु परेको अवस्थाको पनि वर्णन यहाँ रहेको छ । जति दुःख, कष्ट र पीडा परे पनि धैर्य गरे पछि दिन फर्कन्छन्, विजय हुन्छ भन्ने कुराहरूको वर्णन पनि यस सर्गमा रहेको छ । |
| **३. सिक्किमे गुनासो** | छत्तिस कविता गुच्छहरू रहेको महाकाव्यको यो तेस्रो सर्गमा सिक्किम बहिनीले दिदीसँग गुनासो गर्दै भारतले आफ्नो अस्मिता लुट्दा पनि उत्तरतर्फको चीनले आफ्नो कुनै प्रतिरक्षात्मक सहयोग गरेन भन्ने कुरा गर्छिन् । आफ्नो अस्मिता लुटिँदा चीनले सहयोग गर्छ भन्ने सोचेकी सिक्किमले तिब्बतलाई चीनले लिने र सिक्किमलाई भारतले लिने अघोषित सम्झौता भारत र चीनका बीच भएर आफ्नो अस्मिता भारतबाट लुटिँदा पनि चीन नबोलेर चुपलागी बसेको रहेछ भन्ने सम्झँदै बहिनी सिाक्कम चीनसँग रिसाएकी छन् । |
| **४. नेपालको उक्ति** | पचहत्तर कवितागुच्छहरू रहेको यस सर्गमा बहिनी सिक्किमले चीनका विरुद्ध बोलेको दिदी नेपाललाई मन पर्दैन । तिब्बतलाई चीनले लिएर पनि उसले नेपाललाई सघाएकै छ भन्ने नेपालको मान्यता रहेको छ । नेपाली चेली भृकुटीले चीनमा गएर नेपालको गरिमा बढाएको सम्झना गर्दै कुनै समयमा कुती, केरुङ्ग आदिमा तिब्बत र नेपालबीच युद्ध भएको र नेपालले जितेको तर समयक्रममा तिब्बतलाई चीनले लिएको कुरा नेपालले गर्छिन् र त्यस बखत नेपाल, भुटान र सिक्किमलाई भारतले आफ्नै राज्यमा सामेल गर्न खोजेको तर सिक्कमलाई लिए पनि नेपाल र भुटानलाई लिन नसकेको कुरा उल्लेख गरिएको छ । नेपालको सार्वभौमसत्ता नेपालीमै रहेको र चीनले पनि सहयोग गर्दै राम्रो सम्बन्ध बढाएको कुरा दिदी नेपालले गरेकी छन् । सिक्किमले पनि त्यस बखत चीनसँग सहयोग मागेको भए हुन्थ्यो भन्ने कुरा दिदी नेपालले बहिनी सिक्किमसँग राखेकी छन् । |
| **५. नेपालका वेदनाहरू** | पैसठ्ठी कविताागुच्छाहरू रहेको यो पाचौं सर्गमा नेपाल स्वतन्त्र रहेर पनि आन्तरिक किचलो र द्वन्द्वले गर्दा निकै मर्माहत भएको कुरा वर्णन गरिएको छ । दशवर्षे जनयुद्धको तिक्तता र नेपालआमाका सन्तानहरूले आमासँगै बिलौना गरेको यथार्थको वर्णन यहाँ छ । नेपालीहरू द्वन्द्व रोकियोस्, गाउँघर उजाड र शून्य भई सक्यो भनेर गुनासो गर्छन् । सरकार र विद्रोही बीचको शान्ति सम्झौताले केही राहत भए तापनि सामन्तका अवशेषले सताउन छाडेको छैन । पूर्व सत्ताका |

| | |
|---|---|
| | अंशियारहरूसँग सावधान रहनुपर्ने स्थिति यथावत छ, सामन्तवाद पूरै नासिएको छैन र सम्राज्यवादले टाउको उठाउँदै छ । इत्यादि पीडा र वेदनाहरूले सर्वदा चिन्तित रहेको कुरा दिदी नेपाल बहिनीलाहरूलाई सुनाउँछिन् । |
| **६. सिक्किमे भनाइ** | बाउन्न कविताग़ुच्छहरू रहेको यो सर्गमा सिक्किमलाई पनि आफ्नो इतिहास बताउने रहर जाग्छ । उनको भनाई अनुसार सिक्किममा पहिले लेप्चा जाति आएका र १६४१ पछि मात्र भोटे जाति आएर आफ्नो प्रभुत्व जमाएका हुन् । यसै समयबाट सिक्किमको इतिहास पनि भोटेको प्रभुत्वमा सुरु हुन्छ । कालान्तरमा सिक्किममा इष्टइण्डिया कम्पनी अङ्ग्रेजहरूबाट आक्रमण भए पनि विजय नभएको र नेपालको विस्तार टिष्टासम्म हुँदै जाँदा नेपालीहरू पनि सिक्किममा जान थालेको कुरा बहिनी सक्किमलाई बताउँछिन् । नेपालीहरूले कृषिलाई सिक्किमसम्म विकास गरेर सिक्किमका लागि वरदान तुल्य बने । भोटेहरूले काजी पदबाट राज्य गर्दै गए । आखिरमा चुनावबाट **चोग्याल** राजा भए र प्रजातन्त्रको हिमायती राजा हुँ भन्दै प्रभुत्व जमाए । भिन्न भिन्न राज्यको विरुद्धमा आन्दोलन पनि प्रारम्भ भयो भन्दै बहिनी सिक्किमले इतिहास बताएकी छन् । |
| **७. राजतन्त्रका कुरा** | एकसाठ्ठी कविताग़ुच्छहरू रहेको यस सर्गमा राजतन्त्र नेपालका लागि पनि अफाब छ भन्दै दिदी नेपालले राजतन्त्रका कुरा गर्छिन् । राजा बढी सम्पन्न बन्दै गएको र जनताले दुःख पाएको विवरण सुनाउँदै विश्वमा धेरै देशहरूमा निरङ्कुश राजाहरूसत्ताच्यूत भएका र केही प्रजातान्त्रिक राजाहरू मात्र बाँकी रहेका छन् भन्ने कुरा गर्छिन् । यहाँ पनि निरङ्कुश भएका कारण सिक्किम र नेपालमा राजा रहन नसकेको भुटानमा मात्र हालसम्म राजा रहेको तथ्यलाई स्पष्ट पारेकी छन् । स्वार्थी भएका कारण नेपालका राजाले गद्दिच्यूत हुनु परेको भुटानका राजा पनि कुम्भकर्ण जस्तै भएको र एकदिन पतन भई तीनवटै दिदीबहिनी गणतन्त्रमुखी हुने कुरा दिदी नेपाल विश्वास गर्छिन् । |
| **८. सिक्किमे सन्तानको प्रश्न सिक्किमे आमासँग** | पैसठ्ठी कविताग़ुच्छहरू रहेको यस सर्गमा सिक्किमे सन्तानहरूले आफ्नो स्वतन्त्रता गुमेकोमा सिक्किमे आमासँग प्रश्न गर्न लाग्छन् । कसका सन्तान हौं ? किन पराधीन भयौं ? सिक्किमभन्दा साना राष्ट्रहरू पनि स्वतन्त्र छन्, हामी किन परतन्त्र ? इत्यादि सिक्किमे सन्तानहरू आमासँग प्रश्न गर्छन् । सिक्किमका वीर सन्तान युद्ध गर्ने पनि सक्थे, सहिद बन्न पनि तयार थिए । किन त्यो कुराको ख्याल गरिएन र परतन्त्र हुनपर्‍यो ? आज बनावटी फूल जस्तो भएर आफ्नो हाँसोमा आफ्नोपन गुमाएर बस्न बाध्य बन्नु पर्‍यो । हिमालय बाबुले सिक्किमे छोरीको अस्मिता लुटिँदा पनि किन केही बोल्दैनन् ? भन्ने जिज्ञासा सिक्किमे सन्तानहरू राख्छन् र स्वतन्त्र भएर रहन चाहन्छन् । |
| **९. सिक्किम आमाको प्रत्युत्तर** | त्रिपन्न कविताग़ुच्छहरू भएको नवौं सर्गमा आफ्ना सनतानहरूको देशभक्तिपूर्ण कुराले सिक्किमे आमालाई आहत तुल्याउँछ । सन्तानहरूप्रति आफूले औधी माया |

| | |
|---|---|
| | गरेको र परतन्त्र कदापि नचाहेको भएतापनि भारतले छल गरेर अस्मिता लुटेको कुरा सिक्किमे आमा गर्छिन् । भारतलाई हितैसी साथी सम्झेको र अझै पनि निराश नभएको कुरा गर्दै पुनः स्वतन्त्रता आउँछ भन्ने कुरामा विश्वस्त छिन् । वर्तमानमा पराधीन हुनु पर्दा आफ्नो शीर निहुरेको अनुभव भएतापनि सिक्किमे आमाले निराश हुनुहुँदैन भन्दै एकदिन सिक्किमेहरू जाग्नेछन् र लुटिएको अस्मिता फेरि फर्काउनेछन् भनेर सन्तानहरूलाई आश्वस्त गराउछिन् । |
| **१०. सन्धिको दुर्गन्ध** | पञ्चानब्बे कवितागुच्छहरू रहेको यस सर्गमा नेपाल दिदीको चिन्ताग्रस्त अवस्था देखेर भुटान बहिनीलाई पनि दुःख लाग्छ र उनले यस्तो सबै असमान सन्धि सम्झौताहरूले गर्दा भएको हो भन्ने कुरा गरेकी छन् । गहभरी आंशुलिँदै नेपाली दिदी भारतसँग भएका सन्धिका कुरा गर्दछिन् । नालापानी र खलङ्गाको युद्धमा नेपालीहरूले वीरतापूर्वक ढङ्गले लडेको सम्झना नेपाललाई हुन्छ । नेपालीहरूको वीरतालाई अंग्रेजहरूले समेत पशंसा गरेको यथार्थसँग पनि नेपाल दिदी परिचित छन् । सुगौली सन्धिले नेपालको सीमाना खुम्च्याएको स्थितिलाई नेपाल दिदीले सन्धिको दुर्गन्ध मानेकी छन् । भारतसँग भएका सबै सन्धि सम्झौताहरू धोकापूर्ण छन् । तराईलाई आफ्नो अनुकूल बाँध बाँधेर डुबानमा पार्ने, जलस्रोतको उपयोग भारतले नै गर्ने र नेपाललाई सानो देश भनेर हेप्ने भारतीय चालप्रति नेपालको आपत्ति छ । वर्तमानमा नेपालको परिस्थिति बदलिएको हुँदा भारतपरस्त ती राजा र नेताहरू छैनन् । अव भने ती कुटील सन्धि सम्झौताहरू हुने छैनन् । अब नयाँ नेपाल निर्माण अवश्य हुनेछ भन्नेमा नेपाल दिदीको विश्वास रहेको देखिन्छ । |
| **११. भुटानी शरणार्थीको सन्देश भुटान आमालाई** | एक सय पैंतालिस कविता गुच्छाहरू भएको महाकाव्यको यो एघारौं सर्गमा सिक्किम, नेपाल र भुटान तीन दिदीबहिनी देशहरूले कुराकानी गरिरहेको ठाउँमा भुटानी शरणार्थीहरू आउँछन् र नेपाल आमासँग दुखेसो पोख्दै भुटान आमालाई सन्देश दिन लाग्छन् । उनीहरू स्वयम्लाई भुटानका प्यारा सन्तान सम्झँदै अहिले शरणार्थी बन्नु परेकोमा दुःख प्रकट गर्दछन् । शरणार्थीहरूले नेपाल आमा मार्फत आफ्नो सन्देश भुटान आमासम्म पुऱ्याउन चाहेका छन् । भुटानका राजा क्रूर बनेर पूजाका मन्दिरहरू भत्काइदिएको पुराणहरू च्यातिदिएको, जोङ्खा भाषा बोल्नुपर्ने र बख्खु कपडा पैरनु पर्ने कानून बनाएको तथा भुटानको वाङ्चुक राजवंशले नेपाल मूलका व्यक्तिहरूलाई देश निकाला गर्दै गएको कुरा शरणार्थीहरूले गरेका छन् । नेपालीहरूले रगत पसिना बगाएर खोरिया फाँड्दै राजमार्ग बनाएको बिर्सिएर स्पष्टबादी र प्रजातन्त्रका हिमायतीहरूलाई मार्दै र जेल हाल्दै नेपालीहरूप्रति हिटलरको शैलीमा दमन, शोषण र धरपकड भुटानले गर्न लागेको गुनासो उनीहरूको छ । भुटानको दमनलाई सहन गर्न नसकी केही सिप नलागेर भारतमा पनि आश्रय नपाई नेपाल आएर शरणार्थी बन्नु परेको दुःखद सन्देश नेपाल मार्फत उनीहरूले भुटानलाई पठाएका छन् र आफूहरू भुटानमा नै बस्न पाउनुपर्ने आशय व्यक्त गरेका छन् । |
| **१२. भुटानी** | एक सय दश कविता गुच्छहरू रहेको यस सर्गमा दिदी नेपाल मार्फत भुटानी |

| | |
|---|---|
| **आमाको सन्देश शरणार्थी सन्ततीलाई** | शरणार्थीका कुरा सुनेर भुटान आमाले शरणार्थी सन्ततीलाई धैर्यका साथ एक ढिक्का भएर काम गर्न सल्लाह दिएकी छिन् । राजाको निकृष्ट शासनले गर्दा भुटान जर्जर बन्दै गएको भन्ने उनको सोचाई छ । शरणार्थीहरू भुटानको राजवंशभन्दा पनि पुराना हुन भन्ने कुरा भुटान आमा गर्छिन् । भुटानका यति पुराना सन्ततीहरू आज शरणार्थी बन्दै भिक्षा मागेर खाने कुरा जुटाई बस्नु परेको देखेर भुटान आमालाई ज्यादै नै पीर परेको छ । अब भुटान मूलकै जनताहरू भुटानी राजाका विरुद्ध उत्रेर आन्दोलन गर्न लागेको र राजाले पनि उदासिन बनेर राज्यको अभिभारा छोरालाई सुम्पेको कुरा गर्दै भुटान आमाले भुटानी राजाका अब दुई वटा विकल्प रहेको कुरा गरेकी छन्- जसमा शरणार्थीहरूलाई बोलाउन बाध्य हुनुपर्ने विकल्प पहिलो छ भने नबोलाएमा भुटानी राजाले भुटान छाडेर सिक्किमतिर पलायन हुनुपर्ने बाटो दोस्रो रहेको छ । अब चाडै यी दुई विकल्पमा एक रोज्न राजा बाध्य हुने र शरणार्थीको समस्या तथा दुःख हट्ने सन्देश भुटान आमाले शरणार्थी सन्ततीलाई पठाएकी छन् । |
| **१३. सिक्किम विलयको कथा** | महाकाव्यको सबैभन्दा बढी एक सय एकहत्तर कविता गुच्छहरू रहेको यस सर्गमा सिक्किम भारतमा विलय हुनुमा राष्ट्र विरोधी तत्वहरूको भूमिका रहेको दुःखद घटनाले सर्वदा सताइरहेको कुरा सिक्किम बहिनी दिदीहरूका साथमा गर्छिन । राजा र जनताबीचको झगडाले अस्थिरता पैदा भएको अवस्थामा विदेशीहरूको नाङ्गो हस्तक्षेप भएको र दुईको झगडाको फाइदा छिमेकी भारतले लिएको हो भन्ने सोचाई सिक्किमको रहेको छ । राष्ट्रवादीहरू चुप रहेको हुँदा राष्ट्रघातीहरूले सिक्किमलाई पराधीन बनाएको दुःखद कहानी सिक्किम बहिनी दिदीहरूसँग सुनाउँछिन् । सन् १९५० को भारतसँगको घातक सन्धिले पनि सिक्किम विलय हुन मद्दत गरेको कुरा गर्दै अंग्रेजले भारत छोड्दा पनि सिक्किमलाई स्वतन्त्र छाडिदिएको तर विदेशी घुषपैठका कारण इन्दिरा, एलिजा, मारिया होप गरी तीन महिलाहरूको नराम्रो चलखेल भएर सिक्किम विलय भएको बहिनी सिक्किमको बुझाइ रहेको छ । सेनाको परिचालन गरी दरबारलाई झुकाएर राष्ट्रवादीहरूको बिरोध हुँदाहुँदै पनि सिक्किम भारतमा विलय भएको दुःखद कहानी दिदी नेपाललाई बहिनी सिक्किम सुनाउँछिन् । |
| **१४. हिमालयको कथा** | सतत्तर कविता गुच्छहरू रहेको यस सर्गमा हिमालयका नेपाल, सिक्किम र भुटान गरी तिन छोरीहरू रहेको र एक अर्काका अवस्थाका बारेमा यी तिनै दिदीबहिनीहरू मिलेर चर्चा गरेको कथा रहेको छ । सिक्किमको अस्मिता लुटिँदा बाबु हिमालयलाई धेरै पीर परेको अन्य कञ्चनजंघा आदि हिमालहरूले पनि दुःखेसो पोखेको कुरा यहाँ छ । तीन दिदीबहिनीहरूमा नै अस्मिताको संकट परेको हुँदा सबै मिलेर हिमाली गणराज्यको स्थापना गर्न उद्यत रहनुपर्ने सल्लाह हिमालयले छोरीहरूलाई दिएका छन् । सबै छोरीहरूले राष्ट्रिय स्वाभिमान कायम गरेर हिमाली गणतन्त्रमा आबद्ध हुनुपर्छ भन्ने आदर्श सन्देश हिमालयबाट प्राप्त भएको छ । |

| | |
|---|---|
| **१५. उद्घोषण** | केवल छब्बिस कविता  गुच्छहरू रहेको महाकाव्यको सबैभन्दा छोटो र अन्तिम यस सर्गमा तीनवटै दिदीबहिनीहरू मिलेर नयाँ कुराको उद्घोषण गर्न लागेका छन् । उनीहरूलाई छुट्टिने मन पनि छैन । एक अर्काको भलाकुसारीले अति नै नजिक तुल्याएको छ भने, उनीहरू अचम्मित पनि भएका छन् । यथासक्य संघ राज्यहरू बनाएर त्यसमा नेपाल सिक्किम भुटान, गोर्खाल्याण्ड र लद्दाख सामेल भई नयाँ हिमाली गणतन्त्रको  स्थापना हुनुपर्ने उद्घोषण पनि तीनै दिदीबहिनीहरू गर्दछन् । बाहिरी चल खेल बन्द गराई उक्त निर्णायक कुराको श्वेतपत्र जारीगर्ने उनीहरूको प्रण र उद्घोषण यहाँ रहेको छ । |

कवि खेमनाथ दाहालले देशको सिमाना, राष्ट्रको अस्मिता, छिमेकीको सम्बन्धको स्थिति तथा आपसी मेलको अवस्थाका धेरै पाटाहरू काव्यात्मक रूपमा प्रस्तुत गरी नामाकरण गरेको कृति हो **श्वेतपत्र** । प्रस्तुत महाकाव्यमा  राष्ट्ररक्षाका लागि सबै एक हुनुपर्दछ भन्दै आफू बाधिँएको नेललाई खोल्नको लागि आग्रह गर्दै कवि भन्दछन् -

नखाऔं अब भिक्षाका द्रव्य अन्नहरू पनि,
नलाऔं दानका वस्त्र जस्तै नाङ्गै भए पनि ।
भोकभोकै बरु बाँच गरी सङ्घर्ष स्वत्वको,
फुकाल नेल यो मेरो अर्काका परतन्त्रको ॥ **श्वेतपत्र, सर्ग ९ श्लोक २९** ।

नाटकीय शैलीमा हिमालपुत्रीहरू नेपाल सिक्किम र भुटानलाई तीन दिदी बहिनीको चित्रणबाट उल्लेख गरी यी तीनैजनालाई कुनै साम्राज्यवादीले हडप्न खोजेको कुरा मार्मिक तवरबाट यस कृतिमा उत्खनन गरिएको छ । साथै यसमा चीन र भारतको व्यवहारिक चित्रण एवं जापान स्वीजरलैण्ण तथा हङकङको समेत केही चर्चा गरिएको छ । नेपाल सिक्किम र भुटानका व्यवहारिक राजनीतिक सामाजिक आर्थिक  तथा अन्य विषयमा आ-आफ्ना पीडा, व्यथा, चोट र छटपटिलाई सिलसिलेवार रूपमा लयात्मक तवरले यस महाकाव्यमा समेटिएको छ ।[१६३]

कवि दाहालले यस महाकाव्यमा नेपालीमात्र नभएर दक्षिण एसियाका केही देशहरूको राजनैतिक विचलन एवं भुटानी शरणार्थी समेतको बारेमा कोट्याइएको छ ।  नेपालको वर्तमान अवस्था तथा ऐतिहासिक तह र तप्काको समेत विश्लेषण गरी रचना  गरिएको प्रस्तुत महाकाव्यमा गोर्खालीहरूको वीरता मात्र होइन बरु भुटान र नेपाल,  भारत र चीनका अलावा

२०. विजय शर्मा ‘दक्षिण एशियाको  फन्कोमा जन्मेको श्वेतपत्र’ , **नेपाल बोर्डर,** मासिक (वर्ष ६, अङ्क ९, २०६८ वैशाख)।

वेलायत, अमेरिका, फ्रान्स, जापान जस्ता देशहरूको विकास लहर र नेपाली पुरातनवादी पीडाको छन्दबद्ध विश्लेषण गरी अघि लमतन्न पर्नेगरी शब्दमल्लिका तन्काइएको छ ।[१६४]

देशप्रतिको प्रेमले भिजेको **श्वेतपत्र** महाकाव्य काव्यकारको कल्पनाले निर्माण गरेको काल्पनिक जस्तो लाग्ने, फेरि यथार्थ नै हो जस्तो लाग्ने कौतुहलतापूर्ण विषयवस्तुले पाठकलाई एकप्रकारको आर्कषण प्रदान गर्ने काम गरेको छ । तीनवटा भूगोललाई तीन दिदी बहिनीले बनाएर अगाडि बढेको कथावस्तुमा नेपालभित्रको त्रासद चित्र समेटिएको छ । नेपाल स्वतन्त्र राष्ट्र भएपनि यसभित्र बढिरहेको राजनीतिक, सामाजिक अस्थिरताका कारण देश झनझन कालो दहमा फस्दै गएको र जनतामा अन्योल छाएको कुरा यसभित्र व्यक्त गरिएको छ ।[१६५]

तराई हक माग्दैछ बन्यो पहाड निर्जन,
विकराल भयो झन्झन् आमाको स्थिति दिन्दिन ।
टुट्यो सद्भावको डोरी छैन आफन्त नै अब,
कसलाई भनूँ आमा हाम्रा यी मनका बह ॥ **सर्ग ५ श्लोक २६ ।**

राजनीतिभित्रको लडाईंका कारण जनता ऐले कसबाट मुक्ति मिल्छ भन्ने प्रश्नका निरुत्तर साक्षी बनेका छन् । देश सम्हाल्न गएकाहरू आफै सम्हालिन नसक्दाका पिडाहरू यस काव्यले सार्वजनिक गरेको छ ।[१६६] श्वेतपत्रले सिक्किम पराधीन हुनुपरेको पीडालाई मन छुनेगरी प्रकट गरेको छ । एउटा स्वतन्त्र राष्ट्र भारतमा गाभिएपछि त्यसले भोगेको पराधीनताको व्यथालाई काव्यमा यसरी व्यक्त गरिएको छ :

हे दिदी अस्मिता मेरो लुट्यो भारत वर्षले,
मेरो सन्तान बाँच्दैछन् पश्चताप र लोभले ।
खेल्दैछन् काखमा मेरा टुहुरा तर लाग्दछन्,
हिजोको भूलमा आज आफै दण्डित मान्दछन् । **सर्ग ९, श्लोक ५ ।**

त्यसैगरी कविले सिर्जना गरेको अर्को पात्र भुटान हो र भुटानभित्र त्यहाँको राजाको निरकुंश शासनले जनतामा लादेको विभेदकारी नीति र त्यसको भार खप्न नसकेर शरणर्थी भएका भुटानी जनताको स्थितिको चर्चा महाकाव्यमा गरिएको छ :

एउटै धर्म भाषा र यौटै संस्कृतिको कुनै,
सिङ्गो राष्ट्र कहाँ हुन्छ समावेशी बिना कुनै ।
बहुजातीय छन् देश बहुभाषा र संस्कृति,
भन्दछन् तर राजाले यो अरे सब विकृति । **सर्ग ११, श्लोक २५ ।**

२१. ऐजन ।

२२. गण्डकी पुत्र 'श्वेतपत्रमा खेमनाथ दाहाल' **उद्घोष** दैनिक, (२०६८ वैशाख ३१)।

२२. ऐजन ।

अनुष्टुप छन्दमा रचना गरिएको यो महाकाव्यमा कविले सुललित अभिव्यक्ति दिएका छन् र गम्भिर आशय पस्किएका छन् । भारतले सिक्किममाथि गरेको अतिक्रमण अनि भुटान र नेपाललाई सताइरहेको  विषय उठाउनु कसैका लागि प्रिय बन्न सक्ला त कसैका लागि अपाच्य । यो महाकाव्यमा  आफूले कसैलाई रिझाउने अनि खुशी पार्ने भन्दा पनि  आफ्ना  भावनालाई स्वतः स्फूर्त रूपमा प्रकट गरेको कविले बताएका छन् । सिक्किमको स्वतन्तत्रा अनि नेपाल र भुटान हस्तक्षेपबाट मुक्त गराउने भावना मात्र होइन नेपालमा भर्खरै स्थापित गणतन्त्रलाई सस्थागत गर्ने जोडदार अभिव्यक्ति  पनिमहाकाव्यमा पाउन सकिन्छ । यति मात्र हैन नेपाल सिक्किम, भुटान गोर्खाल्याण्ड  र लद्दाख सामेल गराई नयाँ हिमाली गणराज्यको स्थापना गर्नुपर्ने विचार पनि महाकाव्यमा कविले राखेका छन् ।[१६७]

राष्ट्रवादी लेखकका रूपमा स्थापित हुने प्रयासमा लागेका महाकवि दाहालले महाकाव्यमा नेपालको सोचाई दक्षिणतर्फको भारतको सहयोगको आशा, सिक्किमको सोचाई उत्तरतर्फको चीनको सहयोगको अपेक्षा त भुटानको सोचाई चीन तथा भारत दुवैको सहयोगको मृगमरिचिकाले सताएको कथानक मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । सरल, सरस र ओजपूर्ण लेखनशैलीले उनलाई  उच्च महाकाव्यको परिचय  गराएको छ । उनलाई  वर्तमानको विखण्डनको विश्व इतिहास देखेर कहाली लागेको छ । कुनै पनि राष्ट्र विखण्डनतर्फ उन्मुख हुनु दुर्भाग्यपूर्ण हुन्छ भन्ने सोचाई उनी राख्दछन् । आज नेपाल पनि अनेक प्रकारले प्रकम्पित छ । यही रफतारले नेपाल अघि बढ्ने हो भने देशको अस्तित्व  समाप्त हुनेछ । राष्ट्रिय गौरव र अस्मितालाई पर्गेलेर गहकिलो विवेचनाका साथ प्रकाशित भएको श्वेतपत्र महाकाव्यले  नेपाली साहित्यमा नयाँ सन्देश प्रवाहित गर्दै राष्ट्रिय  चिन्तनलाई खोखेको छ । अखण्ड, समृद्ध राष्ट्र नेपाल हुनुपर्छ भन्नेमा जोड दिएको छ । देशको गौरव र अस्मिताको रक्षा हुनुपर्छ र देशको अस्तित्व कायम हुनुपर्छ भन्ने कुरा महाकाव्यमा उद्घोष  गरिएको छ ।[१६८]

स्वतन्त्र गणतन्त्र भारतको अवधारणामा, महात्मा गान्धीको सत्याग्रह आन्दोलन र जवाहरलाल नेहरूको वैचारिक आन्दोलनले गर्दा ५ अगष्ट  १९४७ मा भारतवर्ष स्वतन्त्र भएको भन्ने आख्यान छ । तर ब्रिटिश उपनिवेशले कज्याएको भारतले आफूले हिजो भोगेको पीडालाई विर्सेझैं हरेक छिमेकी राष्ट्रहरूलाई बारम्बार भुङ्ग्रोमा हाल्ने खेल खेलिरहेको छ । भारत स्वतन्त्र भएपछि छिमेकी देशसँगको सम्बन्ध सुमधुर हुनुको साटो झनझन  पीडा दायक  भएको कुरा यथार्थ सत्य छ । बेलायतले भारत  छाडेर  गएपनि  बेलायती भूतले भारतलाई  झन सताइरहेको छ, जसको फलस्वरूप  नेपाल,  सिक्किम, भुटान मात्र होइन समस्त दक्षिण एशिया आज  भारतीय नवविस्तारवादबाट पीडित भएको छ ।[१६९] यो सत्यलाई   खेमनाथ दहाल श्वेतपत्र महाकाव्य  मार्फत  यसरी सार्वजनिक गर्छन्:

---

२४.सञ्जय पन्थी 'महाकाव्यमा राष्ट्रवादको नाद' **नेपाल समाचार पत्र**  (२०६८ वैशाख १०) पृ. ४ ।
२५. युवराज  नयाँघरे 'श्वेतपत्रको सेरोफेरोमा कवि खेमनाथ' **जनमञ्च** साप्ताहिक, (२०६६ वैशाख १३) पृ.६ ।
२६. अर्जुन प्रधान, 'श्वेतपत्र महाकाव्य एक विवेचना'  www.bhutaneseliteratur.com

लियो दक्षिणले आमा नीति दुष्ट प्रवृतिको,
बाली छिमेकमा आगो ताप्छ ज्वाला अशान्तिको ।
तसर्थ कहिल्यै आमा शान्ति छैन छिमेकमा ,
बङ्गलादेश, बर्मा र पाकिस्तान, सिलानमा ॥ **सर्ग ११, श्लोक ८१** ।

विभिन्न देशहरूसँग भएका असमान सन्धिका आडमा अझै पनि घरिघरि जालझेलमा खेल खेली छिमेकलाई रक्ताम्य बनाउने कार्यमा सक्रीय छ । नेपाल, भारत, सिक्किम, तिब्बत आदि राज्यहरूले गरेजस्तै सन्धिमा हस्ताक्षर भुटानले पनि गरेको थियो । तसर्थ आज त्यही सन्धिका कारण आफूले वर्चस्व गुमाउन आँटेपछि भारतवर्षको शरणमा परेर भुटानको राजधानी थिम्पूले प्रजातन्त्रको बहाली हुन नदिएर निरंकुशताको लाठी भरतीय इशारामा नेपाली भाषी भुटानीको ढाडमा बजाउँदै देशनिकाला गरी लाखौं देशबासीलाई भुटानले शरणार्थी शिविरमा बस्न बाध्य पारेको कुरा जगजाएर छ ।[१७०] यसै प्रसङ्गलाई प्रमुखता दिदै कवि दाहाल भुटान आमाका बोलीमा यसरी शरणार्थीलाई फिर्ता हुन अर्हाउछन् :

अन्ततः शरणार्थी नै हौ निर्णायक भोलिका ,
कर्णाधार तिमी मेरा सुनौला हौं भविष्यका ।
त्यसैले अब तड्पेर बस्ने प्रवासमा किन ?
तिमी आउनु नै पर्छ गतिशीघ्र नयाँ दिन ॥ **सर्ग १२, श्लोक १०७** ।

एकलाखभन्दा बढी शरणार्थीहरूको सहभागितामा लङ्मार्च आन्दोलन, सत्याग्रह आन्दोलन सम्म नभएका होइनन् । तर ती सबै आन्दोलनहरू मेचीको पुल तर्न सकेनन् । भारतीय विस्तारवादका कारणले । दिल्ली, काठमाण्डौं तथा नियोग अगाडि धर्ना र जुलुस गरिए पनि आवाजविहिन बनाइदिए सत्तामा नेतृत्वगर्ने निष्कृटहरूले शरणार्थीको स्वदेश फिर्ता ससम्मान हुनुपर्छ भनी भारत, भुटान र नेपालको त्रिपक्षीय वार्ताको वातावरण राष्ट्रसंघ लगायत अन्यले बनाउन खोजे पनि केवल नाटक मञ्चन गरेजस्तो मात्र लाग्यो, थिम्पू र दिल्लीलाई ।[१७१] यो सब घटना नजिकबाट नियालीरहेका दाहाल भुटान आमाका बोलीमा यसरी आक्रोस पोख्दछन् :

गर्यो नियोगमा न्याली अनशन अहो ! अझै ,
सचिवालय त्यो सार्क हास्छ देख्ता तिमी सधैं ।

शान्तिको मार्ग रोज्दामा पायौं के ? अपमान नै,
त्यसैले अव देख्दिन विकल्प क्रान्तिको कुनै ॥ **सर्ग १२ श्लोक ७३** ।

---

२७. ऐजन ।
२८. ऐजन ।

भुटानी शरणार्थीको फिर्ताको लागि ठूला-ठूला अभियान लगायत संयुक्त राष्ट्रसंघमा समेत स्वदेश फिर्ताको लागि अपिलहरू भए । यी सारा कर्मको कुनै औचित्य रहेन र त्यसको विकल्पमा संयुक्र राष्ट्रसंघले २००८ बाट शरणार्थीहरूलाई तेस्रो देशमा पुनस्थापना गऱ्यो । राष्ट्रसंघको यस कार्यलाई कवि अन्यायपूर्ण भन्दै लेख्छन् :

अन्ततः बुझ्नु यो पर्छ खोटो नियतले यिनी ,
लाग्दैछन् शरणार्थीको भलो गर्छौं भनी भनी
तर हुन्छ भलो के को सस्तो श्रमिक लोभले,
गोहीले आशु झारेझैं गर्छन् स्वागत स्वार्थले ॥ **सर्ग १२ श्लोक ५३ ।**

मजवुरिपूर्वक तेस्रो देशमा जान मञ्जुर भएका शरणार्थीहरू जहाँ गए पनि शरणार्थी नै रहने कुरा देखाउँदै उनीहरूले आफ्नो अस्तित्वको पहिचान गरेको कुरा कवि दाहाल यसरी लेख्छन् :

कयौं मुलुक लादै छन् गरिव विचरा भनी,
जादैछौं अहिले हामी दीन दुःखीहरू बनी ।
हामीलाई छ यो ज्ञान जहाँ जता गए पनि ,
भुटानी शरणार्थीकै नाम हुन्छ जहाँ पनि ॥ **सर्ग ११ श्लो क १३९ ।**

द्वैत चरित्र भएका आफूलाई महान् मानवअधिकारवादी भन्ने मुलुक, संघ संस्था, व्यक्ति जसले बचनले एउटा र कर्मले अर्कै काम गरेर हिमाली इतिहासलाई तोड्न मोड्न खोजेका छन् । तिनीहरूलाई कवि दाहालले नितान्त नौलो साहसिक प्रहार गरेका छन् । श्वेतपत्र महाकाव्यमा । वर्तमान स्थितिको यथार्थ मूल्याङ्कन गरी हिमाली देशरूको बारेमा सामुहिक चिन्ता पोखिएको छ । पक्ष प्रतिपक्षमा बस्ने नेनृत्वहरू लगायत राजा महाराजाहरूलाई पनि देश र जनताका निम्ति उपनिवेशमा रहेका राज्यहरू फिर्ता लिनुपर्ने सुझाव दिइएको छ । त्यसो नभएमा जनताको मसाल जुलुसको लक्ष्य तिमीहरूप्रति नै हुनेछ भन्ने सन्देश महाकाव्यमा कविले दिएका छन् ।[१७२]

साहित्य सरल , सबैको पहुँच भित्र मानव कल्याण हेतु रचिएको हुनु पर्छ भन्ने मान्यता राख्ने दाहालको श्वेतपत्र वास्तवमा सरल र मानवकल्याणकै हेतु रचना भएको जस्तो लाग्छ । कविले हिमवत खण्डका तीन देशका पीडा र बस्तुस्थितिलाई महाकाव्यका रूपमा प्रकाशन गरेर समग्र नेपाली मूलका मानिसहरूको हृदय जित्न सफल भएका छन् । सृजनाले मानिसको अन्तर हृदयलाई घच्घचाउनु पर्दछ, यो कृतिले सो काम गरेको छ र कविलाई सफल बनाएको छ । श्वेतपत्रका प्रमुख बुँदाहरू यसप्रकार रहेका छन् ।[१७३]

२९. ऐजन ।
३०. गोपीकृष्ण शर्मा 'कवि खेमनाथ दाहालको श्वेतपत्र', पूर्ववत् , पृ.९ ।

१) सिक्किम छिट्टै सार्वभौम स्वतन्त्र हुनुपर्छ । नेपाल र भुटान पनि आफ्नो स्वतन्त्रताको अडानमा बस्नुपर्छ ।
२) सुगौली सन्धि पूर्वको नेपालको सबै भूमि र भुटानको कुचविहारसम्मको क्षेत्र फिर्ता हुनुपर्दछ ।
३) यथासक्य सङ्घराज्य बनाएर त्यसमा नेपाल, सिक्किम, भुटान, गोर्खाल्याण्ड र लद्दाख सामेल भई नयाँ हिमाली गणतन्त्र स्थापना हुनुपर्छ ।
४) अब परतन्त्रमुखी बन्न हुँदैन । आफ्नै बल, औगात र साधनले देश विकास गर्नुपर्छ ।
५) सारा शरणार्थीहरू सम्मान साथ स्वदेश भुटान फर्कन पाउनु पर्छ ।
६) 'रअ' को चल खेल बन्द हुनुपर्दछ ।
७) यस क्षेत्रलाई शान्ति क्षेत्र बनाउनु पर्छ र असमान सन्धिहरू खारेज हुनुपर्छ ।

यस्ता प्रकारले नयाँ तरिकाबाट श्वेतपत्रको घोषण गर्दै नेपाल, सिक्कम र भुटान तीनवटै ददीबहिनीहरूले आपसमा दुःख, वेदना र पीडा साटासाट पश्चात महाकाव्यको अन्त्यसम्म एउटा प्रण गरेका छन् :

जन्मनै नदिऔं हामी नव लेण्डुप कोखमा,
नदिऔं छिर्न द्रोहीको आत्मा स्वच्छ हिमालमा ।
फुकौं विगुल हामी लौं स्वत्वमाथि चियाउने ,
दुष्ट पापीहरूलाई छिया-छिया बनाउने ॥ **सर्ग १५, श्लो २६ ।**

## ५.३.३ सहभागी

सहभागीले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ । कवि खेमनाथ दाहालको श्वेतपत्र महाकाव्यमा हिमालयलाई मानवीकरण गर्दै पिता पात्रका रूपमा सहभागी गराइएको छ । नेपाल, सिक्किम र भुटानलाई पनि हिमालयका तीन पुत्रीहरू जेठी, माइली र कान्छीका रूपमा मानवीकरण गरी महाकाव्यका मूख्य पात्र बनाई कविले सहभागी गराएका छन् । कवि लेख्छन् :

भन्थिन नेपाल जेठी हुँ सिक्किमै माहिली अरे
कान्छी भुटानले भन्थिन तिनी छैनन् सुखी अरे ॥ **सर्ग १, श्लोक २ ।**

यी तीनवटै दिदीबहिनीहरू हिमाली काखमा एक ठाउँ भेला हुन्छन् र आपस्तका कुरा गर्छन् । आफ्ना कुरा सुनाउने र अरुका कुरा सुन्ने कुरा गर्दै आ-आफ्नो सहभागितालाई औचित्यपूर्ण तुल्याउँछन् । यी तीन दिदीबहिनीहरूको बार्तालाई गोप्य ढङ्गबाट छेलिएर कविले स्वयं सुनेका छन् र आफ्नो सहभागितालाई पूर्ण तुल्याएका छन् । भुटानको इतिहासको वर्णन गर्ने क्रममा सिक्किमे राजा चोग्याललाई सहभागी गराइएको छ भने भुटानी शरणार्थीहरूको

पनि सामुहिक रूपमा सहभागिता रहेको देखिन्छ । उनीहरूले आफूहरू भुटानमा नै फर्कने लक्ष्य रहेको बताउँदै भनेका पनि छन् :

हामीलाई मनै छैन बजार्न बुट बक्षमा
किन बाँड्नु र आफैले बन्धु पक्ष विपक्षमा ।
चाहान्छौं सब हामी लौं शीघ्र भुटान फर्कन
सारा शक्ति सबै हाम्रो आमामा गर्न अर्पण । **सर्ग ११ श्लोक १४५** ।

यसैगरी नेपाल सिक्किम र भुटान तीनै राज्यहरूलाई राष्ट्रमाताका रूपमा महाकाव्यमा कविले सहभागी गराएका छन् । यसरी विविध पात्रहरू सहभागी गराएर महाकाव्यको कथनलाई गतिशील बनाइको छ ।

## ५.३.४ परिवेश

परिवेशले कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन गर्ने तथा घटना घटित हुने स्थान, समय र वातावरणलाई बुझाँउछ । खेमनाथ दाहालको **श्वेतपत्र** महाकाव्यमा हिमालयको परिवेशलाई मुख्य रूपमा देखाइएको छ भने यसका अतिरिक्त नेपाल भुटान, सिक्किम दिल्ली समग्र भारत एवम् तिब्बत लगाएत चीनसम्मको परिवेशको वर्णन गरिएको छ । विशेष गरी नेपाल भुटान र सिक्किमप्रति भारतले शोषण र दमन तीब्र रूपमा गरेको हुँदा असह्य भएर पीडा पोख्न तीनै दिदी बहिनीहरू जम्मा भई हिमालयकै छेउमा आएर आपस्तका कुराहरू गरेको देखाई हिमाली राज्यको परिवेश कविले महाकाव्यमा मुख्य रूपमा अङ्गीकृत गरेका छन् ।

## ५.३.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । खेमनाथ दाहालको **श्वेतपत्र** महाकाव्यले नेपाल र नेपालीलाई राष्ट्रियतामा आँच आउन नदिन, सधैं सचेत रहन सन्देश दिएको छ भने राष्ट्रिय जागृतीको सङ्खघोष पनि गरेको छ । नेपालमा गणतन्त्र आएर अग्रगमनको खाका कोरियोस् । भुटानमा गणतन्त्र स्थापनाका साथै अन्य देशमा गएका भुटानी शरणार्थीहरूको स्वदेश फिर्ती होस र सिक्किम स्वतन्त्रता सङ्ग्रामको पथप्रदर्शक होस भन्ने मूल उद्देश्य यस कृतिको रहेको छ । यो महाकाव्य जनजागरणको स्रोत बनी ठूला मूलुकहरूले साना मूलुकहरूप्रति गरेको हैकमवादको उजागार गर्न सफल बनोस् र त्यसको प्रतिकार गर्न समेत जनसमुदायलाई सचेत एवम् सजग गराओस भन्ने मूल उद्देश्य महाकाव्यकारको रहेको देखिन्छ । यसका अतिरिक्त संसारको जुनसुकै ठाउँमा जतिसुकै सम्पन्न भएर रहेता पनि मानिसले जन्मभूमिलाई भूल्नुहुँदैन भन्दै मातृभूमिप्रतिको अखण्ड भक्तिलाई सबैमा जगाइदिने महाकाव्यको मूल उद्देश्य रहेको

देखिन्छ । हरेक राष्ट्रहरू स्वतन्त्र र अखण्ड हुनुपर्छ भन्ने सैद्धान्तिक कुरा देखाउनु पनि यस कृतिको प्रमुख उद्देश्य हो ।

## ५.३.६ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधार पनि प्रस्तुत गरिन्छ । खेमनाथ दाहालको **श्वेतपत्र** महाकाव्यका १५ सर्गहरूमा हिमालयका ३ पुत्रीहरूका रूपमा नेपाल सिक्किम र भुटानलाई मानवीकरण गर्दै कविले आपस्तमा तीनलाई कुरा गराएर आ-आफ्ना दुःख पीडा र अस्मिताको जोखिमका कुराहरू साटासाट गर्नका लागि प्रथम पुरुष दृष्टिबिन्दुलाई अङ्गीकार गराएका छन् । तीन दिदी बहिनीहरूले आ-आफ्ना कुराहरू प्रथम पुरुषीय दृष्टिबिन्दुबाट एक अर्कामा प्रस्तुत गरेका छन् ।

## ५.३.७ भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बुनोट रूपी साम्यघटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्व प्रमुख पक्ष हो र लेखक पिच्छे फरक फरक हुन्छ । खेमनाथ दाहालद्वारा रचना गरिएको १५ सर्गमा विस्तारित **श्वेतपत्र** महाकाव्य पुरै अनुष्टुप छन्दमा रचिएको छ । यसमा नेपाल सिक्किम र भुटानका जनताहरूले भोग्नु परेका युगीन छायाँ छविहरू चित्रित छन् । वक्रोक्ति शैलीले प्रस्तुत भएका यी घटनाहरू अचम्मित पार्ने खालका भएर पनि पाठकवर्गमा राष्ट्रिय जागरणका चेतना भरिदिने खालका छन् । देश-देशका बीच भ्रातृत्व सम्बन्ध र पारस्परिक सहयोगको भावना कायम राख्न यस काव्यले सन्देश प्रवाह गरेको छ । यस महाकाव्यको भाषा पनि सरल र सहज रहेको छ । ठाउँ-ठाउँमा रूपक उपमा उत्प्रेक्षा, दृष्टान्त जस्तान अलङ्कारहरूको संयोजनले काव्यलाई आलङ्कारिक बनाएको छ । यसमा सर्ग योजना छन्द विधान प्राकृतिक परिवेश सुख, दुःख समस्याको चित्रण र समाधानका उपाय आदि सबै महाकाव्यिक मूल्यअनुसार प्रस्तुत भएका छन् । छन्द विधानले काव्यमा गेयात्मक मिठास प्रधान गरेको छ । महाकाव्यमा आलङ्कारिक अभिव्यक्तिहरू पनि प्रशस्तै रहेका छन् । कवि लेख्छन् :

मर्दैछन् पुत्र आमाका गर्दै क्रन्दन बेसरी
काटिए बाबु नानीका बोका ती बलिका सरी ॥ **सर्ग ५ श्लोक २७** ।

राजनैतिक इतिहासका सुस्क अरुचिकर विषयहरूलाई पनि स्तरीय कथ्य भाषिक प्रवाहमा प्रस्तुत गरेर यस काव्यले महाकाव्यकारका अभिव्यक्ति क्षमतालाई सिङ्गारेको पाइन्छ । प्रसङ्ग र भाव अनुकूलको ओजपूर्ण तथा प्रासादीय शैली यस काव्यको विशेषता हो । कवि लेख्छन् :

मसाल जब सल्कन्छ , झन्डा बोकेर स्वत्वको
कदापी रोक्न सक्दैन शक्तिले पनि दैबको ।
जनता शक्ति हो मान, प्रलय छालको सरी
जस्तै शक्तिहरू ढल्छन्, बसमा त्यसको परि । **सर्ग १ श्लोक ३५** ।

## ५.३.८ उपसंहार

कवि खेमनाथ दाहालको श्वेतपत्र महाकाव्य सेतो कागजमा लेखिएको राजकीय विज्ञप्तिझैँ जनताका छोराले तयार पारेको वार्तापत्र हो ।[१७४] यसले हिमाली देशहरूका समस्या र तिनीहरूको समाधानको निष्कर्ष दिएको छ । नेपाल सिक्किम र भुटानका राष्ट्रियतासँग सम्बन्धित समस्याहरूको चिरफार गरिएको यस महाकाव्यमा यी तीनै देशहरूको स्वाभिमान र स्वतन्त्रताको पक्षमा वकालत भएको छ । वीरताका धनी स्वाधीन हुने भुटानले एक ढिक्का भएर क्रान्ति गरेमा आफ्नो स्वाभिमान प्राप्ति हुने कुरा देखाउँदै अन्तर्राष्ट्रमा शरणार्थी ओसार्ने नीतिमा कालो स्वार्थ हुनसक्ने कुरा महाकाव्यमा प्रस्ट्याइएको छ । भुटानी राजामा राजसंस्कार नभएको स्थिति देखाउँदै यसमा राष्ट्रसंघ र दातृसंस्थाहरू सबैको ध्यानाकर्षण हुनुपर्ने कुरा औल्याइएको छ । यसैगरी सिक्किममा कुर्सी तानातान तथा पदीय विवादले गर्दा पराधीन बन्नु परेको कुरा वर्णन गर्दै आफू आफूमा द्वन्द्व चर्काएर पराइएको भर पर्नुपर्ने गर्नाले फाइदा अर्केले उठाउन सक्ने कुराप्रति देशका नेतृत्व पङ्क्तिलाई महाकाव्यले सचेत गराएको छ । कुनै पनि राष्ट्रले आफ्नो देशमा शान्ति र सुरक्षाको व्यवस्था आफै मिलाउन सक्नुपर्छ अनि मात्र राष्ट्रियता र आत्म गौरवको रक्षा हुन्छ भन्ने कुराको सुझाव महाकाव्यले दिएको छ ।

यस महाकाव्यमा नाटकीय प्रस्तुतीकरण रहेको छ । नाटकले गम्भीर विषयलाई सजिलो पारिदिन्छ । विषयलाई पालैपालो भनिने क्रममा हिमालयले अन्त्य तिर बोलेको देखाइन्छ र सिक्किमको समस्यामा नेपालले किन हेरेन भनी प्रश्न सोधिएको छ । सिक्किमका राजामा स्वार्थ देखिँदैन । त्यहाँका राजा र प्रजाले भारतीय हुन चाहेका छैनन् । तर भारतीय हुनुपरेको इतिहास ताजा छ । तसर्थ अन्तिम स्थितिमा स्वतन्त्रता र स्वाभिमानको लडाइमा हिमाल, नेपाल, भुटान र सिक्किमले एक भएर बिजय प्राप्त गर्दै छुट्टै हिमाली गणराज्यको स्थापना गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

**श्वेतपत्र** महाकाव्यले समग्र हिमवत खण्डका राजनैतिक इतिहासको पूर्ण विश्लेषण गरेर यसका विखण्डनमा प्रमुख कारक भारत भएको निष्कर्ष निकालेको छ । काव्यले नेपाल र नेपालीलाई राष्ट्रियतामा आँच आउन नदिन सधैं सन्देश दिएको छ । समाजको यथार्थलाई कौतुहलपूर्ण कल्पनाको जलप लगाएर महाकाव्यका रूपमा संरचित श्वेतपत्रमा वस्तु, पात्र र परिवेशको समन्वयात्मक प्रस्तुति हुनाले आख्यान कौशल समेत निर्वाहित भएको छ । अनुष्टुप छन्दको विधानले गेयात्मक मिठास प्रधान गरेको र आलङ्कारिक अभिव्यक्तिहरू रहेको **श्वेतपत्र** महाकाव्य नेपाली काव्यिक परम्परामा नौलो क्षितिज पहिल्याउने कृति बन्न पुगेको छ । यो कृति आस्वादयोग्य र आकर्षक पनि छ । मूल रूपले यो महाकाव्यले देशको अस्मिताको रक्षा हुनुपर्ने र

---

३१. खेम दाहाल 'श्वेतपत्रका सामाजिक ऐतिहासिक पक्ष' समालोचनात्मक लेख, www.bhutaneseliteratur.com

स्वाधीनता, अखण्डता एवम् राष्ट्रियतालाई सङ्कटमा पार्ने खालका कुनै पनि सम्झौताहरू गर्न नहुने र यदि गरिएमा घातक हुनसक्ने कुरा देखाएको छ ।

# छैटौं परिच्छेद
## उपसंहार

खेमनाथ दाहाल वि.सं. २००९ कार्तिक ११ गते आइतबारका दिन पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत तेरथुम जिल्लाको पौंठाक गाउँ विकास समितिको लाव्री भन्ने ठाउँमा जन्मेका हुन् । उनी ज्यो.पं. सोमनाथ दाहाल र जानुकादेवी दाहालका कान्छा छोरा हुन् । दाहालको नामकरण संस्कार (न्वारान) गर्दाको नाम पनि खेमनाथ दाहाल हो । खेमनाथ दाहालले जन्मदेखि सात वर्ष सम्मको बाल्यकाल आफ्नो जन्मस्थान लाव्रीमा नै बिताए । उनी कान्छो भएकाले परिवारका सबै सदस्यहरूको स्नेह तथा माया ममता पाइरहन्थे । करिब चार वर्षको हुँदादेखि ठूलाको पछि लाग्दै नजिकैको डाडाँगाउँ प्राथमिक विद्यालयमा जानमा दाहाल रमाउँथे । यसरी विद्यालय जाने बानी बसाएता पनि सात वर्षको बाल्याबस्थामा नै दाहाल आफ्ना माता पिताहरूका साथमा सुनसरी जिल्लाको धरानमा आएर बसोबास गर्न लागे । खेमनाथ दाहालको प्रारम्भकालीन शिक्षा ग्रामीण परिवेशमा आफ्नो घरबाट सुरु भएको हो । दाहालका पिता ज्योतिषी एवं संस्कृतका ज्ञाता भएको हुँदा बाल्यकालमै संस्कृतका उखान टुक्का र देवनागरीका क, ख, आदि वर्णहरू दाहाललाई सिकाउने गर्दथे तर कुनै औपचारिक पढाई सुरु नगरीकनै धरानमा बसाई सरेर आएका दाहालको ताप्लेजुङ मैयाखोला साँगुका गुरु पं. वैजनाथ भट्टराईसँग धरानको घरमा नै गुरुकूलीय पद्धतिबाट प्रारम्भिक शिक्षाको श्रीगणेश भयो । संस्कृत विद्यालयमा कक्षा सात बराबरको शिक्षा गुरुकुलीय पद्धतिबाट आर्जन गरेर दाहालले वि.सं.२०२३ मा धरानको श्री पब्लिक माध्यमिक विद्यालयमा कक्षा आठमा भर्ना भई आफ्नो विद्यालयस्तरीय परीक्षाको सुरुवात गरे । सोही विद्यालयबाट २०२५ सालमा दाहालले एस.एल.सी परीक्षा उत्तीर्ण गरेका हुन् । व्यवस्थापन सङ्कायबाट वि.सं.२०२७ सालमा काठमाण्डौको त्रिचन्द्र क्याम्पसबाट आई.कम्. उत्तीर्ण गरेका दाहालले स्नातक तहको अध्ययन पनि व्यवस्थापन संकायबाट सोही क्याम्पसमा नै गरे भने पारिवारिक समस्याका कारण स्नातक तहको फाइनल परीक्षामा विराटनगरको महेन्द्र मोरङ्ग क्याम्पसबाट सहभागी भई वि.सं.२०३२ सालमा उत्तीर्ण गरे । स्नातक तह उत्तीर्ण गरेपछि केही समय अध्ययन कार्यलाई स्थगित गरी घरायसी कार्यमा व्यस्त रहेका कवि दाहालले वाणिज्य शास्त्रमा वि.सं.२०४० मा स्नातकोत्तर तह उत्तीर्ण गरेर शिक्षालाई पूरा गरेका छन् ।

खेमनाथ दाहालको पारिवारिक पृष्ठभूमि आर्थिक रूपले सम्पन्न देखिन्छ । परिवारमा आर्थिक अभाव झेल्नु नपर्ने हुँदा खेती किसानीको काम गर्नमा भन्दा ज्योतिषी कार्य गर्नमा नै उनका पिता सोमनाथ दाहाल उत्साहित हुन्थे । मेहनत पनि कम पर्ने र आय आर्जन पनि राम्रो हुनेहुँदा आफ्ना परिवारहरूलाई पण्डित सोमनाथ दाहालले सोही पेशा अँगालेर सुखपूर्वक आफ्ना सन्ततिहरूको पालनपोषण गरेका थिए । खेमनाथ दाहालको विवाह वि.सं. २०३२ सालमा भएको हो । पुर्ख्यौली स्थान भोजपुर रहेका स्व.इन्द्रबहादुर कार्की र दीव्यकुमारी कार्कीकी सुपुत्री उषासँग दाहालले विवाह गरेका हुन् । खेमनाथ र उषा दाहालका एक छोरा र एक छोरी रहेका छन् । खेमनाथ दाहाल बाल्यकालदेखि नै सरल र मिजासिलो स्वभावका रहेका छन् । कसैलाई

नराम्रो नभन्ने, सबैको हित चिताउने, भद्र र नम्र स्वभावका दाहाल सानैदेखि गुरुहरूसँग बस्न र धार्मिक प्रवचनहरू तथा कथाहरू सुन्न रुचाउँछन् । विद्यालय जीवनमा प्रवेश गरेपछि पनि पाठ्य पुस्तकमा भएका कथा, कविताहरू पढ्न र लय हालेर वाचन गर्न पाउँदा औधी रमाउँने बानी दाहालको रह्यो । साहित्यका सबै विधालाई प्रारम्भदेखि हालसम्म नै अति नै मन पराउने दाहाल विशेष गरी कविता विधालाई आफ्नो दिल छुने विधा सम्झन्छन् । धेरैजसो समय अध्ययन, मनन र पत्रपत्रिका पढ्नमा बिताउने साहित्यकार दाहाल टेलिभिजन समाचार हेर्न, सुन्न र चेतनामूलक कार्यक्रम हेर्नमा रुचि राख्छन् । कुनै प्रकारका चुरोट, खैनी, हुक्का, तमाखु तथा मदिरा आदिको अम्मल नभएका दाहालको अम्मल भनेको चिया पिउने तथा पत्रपत्रिका र साहित्यिक कृतिहरूको अध्ययन गर्ने रहेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मान तथा पुरस्कारहरू कवि दाहाललाई हालसम्म कुनै प्राप्त नभएता पनि सानातिना पुरस्कारहरू र सामाजिक रूपमा सम्मानहरू भने अवश्य प्राप्त भएका छन् । विद्यालयमा आयोजित कविता वाचन प्रतियोगीतामा सदैव प्रथम तथा द्वितीय पुरस्कार प्राप्त गर्न कवि दाहाल सफल हुन्थे । कहिले दोसल्ला र कहिले मायाको चिनो प्राप्त गर्दै धेरै पटक कवि दाहाल समाजबाट, संघसंस्थाबाट र विद्यालयहरूबाट सम्मानित भएका छन् । पिता पूर्खाकै सम्पतिबाट जीविकोपार्जन गर्दै तेरथुमको लाब्रीबाट सुनसरीको धरान एवं चक्रघट्टी हुँदै मोरङको तिनटोलियामा आएर स्थायी बसोबास गरेका दाहालको तिनटोलियामा नै एउटा सुन्दर घर रहेको छ । उनले विराटनगर र काठमाण्डौ बारम्बार आउनेजाने गर्नुपर्ने हुँदा केही वर्ष अगाडि ललितपुरको बालकुमारी स्थित सनराइज कोलोनीमा एउटा फ्ल्याट पनि खरिद गरेका छन् । उपत्यकामा रहनु पर्दा कवि दाहाल सोही कोलोनी स्थित आफ्नै फ्ल्याटमा बस्ने गर्छन् ।

खेमनाथ दाहालको लेखन यात्रामा प्रारम्भ कालका कतिपय लेख, रचना तथा कविताहरू संरक्षणको अभावमा अप्राप्य अवस्थामा पुगेका छन् । उनको लेखनको प्रारम्भ करिब २०१८ बाट नै भएतापनि २०४० पछिका कविता तथा लेख, रचनाहरू मात्र कृतिका रूपमा प्रकाशित भएका छन् । उनले कविताहरू लेख्दै, संकलन गर्दै विविध सार्वजनिक कार्यक्रमहरूमा वाचन गर्दै धेरै समय बिताए भने २०५४ देखि मात्र उनमा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । उनले **श्रद्धाञ्जलि** (२०५४) कविता सङ्ग्रहबाट मात्र आफ्ना रचनाहरूलाई प्रकाशनतर्फ डोहोऱ्याएको देखिन्छ । कवि खेमनाथ दाहालका कविता सङ्ग्रहदेखि महाकाव्यसम्मका पाँचवटा कृतिहरू प्रकाशित छन् :

(१) **श्रद्धाञ्जलि** (२०५४, कविता सङ्ग्रह)
(२) **रश्मि** (२०५६, खण्डकाव्य)
(३) **योद्धा** (२०६०, काव्य)
(४) **हावर्डको चौतारीमा** (२०६३, कविता सङ्ग्रह)
(५) **श्वेतपत्र** (२०६७, महाकाव्य)

मानिस सामाजिक प्राणी भएको हुँदा उसले समाजबाट केही ग्रहण गर्छ भने समाजलाई पनि केही न केही अवश्य दिएको हुन्छ । मान्छेले जीवनमा जे जस्ता कुराहरू पाउँछ, सफलता हासिल गर्छ समाजमा नै बसेर पाउँदछ भने जेजति यहाँ त्याग र समपर्ण गर्दछ समाजकै लागि गर्दछ । तसर्थ व्यक्तिले समाजलाई जुन प्रभाव वा प्रेरणा प्रदान गर्छ त्यो नै सार्वजनिक व्यक्तित्व भित्र पर्दछ । करिब छ दशक लामो आफ्नो जीवनयात्रा पूरा गर्दासम्म सदैव लगनशील र साहित्य साधनामा डुबिरहेका खेमनाथ दाहालले साहित्यिक, धार्मिक, प्रशासनिक तथा विभिन्न

संघ संस्थाहरूमा आबद्ध रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् । उनको लेखन यात्राको औपचारिक रूपमा थालनी वि.सं.२०४० बाट भयो । उनले यसै समय देखिका कविताहरू मात्र संकलन गरेर राख्न लागे र यिनै संकलित कविताहरू वि.सं.२०५४ मा पहिलोपल्ट श्रद्धाञ्जलि नामक कविता संग्रहमा प्रकाशित भएका छन् । यसरी शनैः शनैः नेपाली साहित्य सृजनामा प्रवेश गरेका दाहालको साहित्यिक व्यक्तित्व नेपाली कविता, काव्य, खण्डकाव्य र महाकाव्य सम्म फैलिएको छ ।

कवि दाहालका प्रकाशित पाँच कृतिहरूमध्ये **श्रद्धाञ्जलि** कविता सङ्ग्रहमा कवि खेमनाथ दाहालका पच्चिस कविताहरू संकलित छन् । ती कविताहरू मध्ये दुईवटा कविता पद्य शैलीमा छन् भने अन्य कविताहरू गद्य वा मुक्तक शैलीमा लेखिएका छन् । उनका यस सङ्ग्रहमा संकलित कविताहरूले विगत, वर्तमान र भविष्यत्का समय गर्भमा निहित सामाजिक जीवनका विविध परिप्रेक्ष्यको भाव अभिव्यञ्जित गरेका छन् । कविताहरूमा कतै देशको मर्म बोलेको छ भने कतै सगरमाथा रोएको त कतै सहिदप्रतिका श्रद्धाभाव पनि गाँसिएर आएका छन् ।

उनको **हावर्डको चौतारीमा** अर्को नियात्रात्मक कविता संग्रह हो । यसमा सत्ताइसवटा कविताहरू संकलित छन् । यी कविताहरूमा कविले अमेरिका आप्रवासमा सँगालेका अनुभूतिहरू समाहित भएका छन् । कतै कुनै ठाउँ विशेषको चित्रण छ भने कतै त्यहाँको परिदृश्य अनि घटेका घटनाबाट जन्मेको अनुभूति यस संग्रहमा संग्रहित कविताहरूमा पाइन्छ ।

दाहालको **रश्मि** खण्डकाव्य वि.सं. २०५६ मा प्रकाशित अर्को महत्वपूर्ण कृति हो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण हाम्रो देश नेपाल र यस भित्रको एउटा रमाईलो गाउँमा रमाइरहेका नायक र नायिका बीचको प्रेम प्रसंगलाई वर्णन गर्दै जातीय विभेदले गर्दा दुवैको मिलन हुन नसकेको र आफूले प्रेम नगरेको युवकसँग आफ्नो इच्छा विपरित विवाह गर्न बाध्य हुनुपर्दा नायिकाले आत्महत्या गरेको मार्मिक प्रसंग यस खण्डकाव्यमा उल्लेख गरिएको छ । जम्मा दश सर्गमा लेखिएको यस खण्डकाव्यले प्रकृति, प्रेम, जीवन र जगत् यी चार कुरालाई गहिरो रूपमा अध्ययन गर्न खोजेको छ ।

यसैगरी **योद्धा** (२०६०) खेमनाथ दाहालको खण्डकाव्य भन्दा ठूलो तर महाकाव्यको स्थान भने ओगट्न नसकेको महाकाव्य समकक्षी काव्य हो । जम्मा सत्र सर्गमा विभाजित यस काव्यले दाहाललाई एक कुशल काव्यकार बनाएको छ । नेपाली युद्ध साहित्यमा लेखिएको अगम सिंह गिरीको 'युद्ध र योद्धा' पछिको नेपाली युद्धसाहित्यलाई अगाडी बढाउने दोस्रो कृति खेमनाथ दाहालको योद्धा नै हो । योद्धा काव्य समसामयिक विषयवस्तुलाई अपनाएर लेखिएको उत्कृष्ट काव्य हो । यस योद्धा काव्यमा लाहुरे जीवनसँग आबद्ध रहेको लाहुरेको जीवनगाथा उल्लेख गरिएको छ । देश भित्र पर्याप्त उद्योग धन्दाहरू नभएको, रोजगारीका बाटाहरू पनि प्रशस्त रूपमा नभएको हुँदा विवश बनेर नेपालीहरू विदेशमा लाहुरे बन्दै जाने गर्दछन् । त्यस्तै लाहुरे हुन विवश बनेको एक योद्धाको चरित्र यसकाव्यले प्रस्तुत गरेको छ ।

कवि दाहालको हालसम्म एउटा महाकाव्य प्रकाशित भएको छ, जसको नाम कविले **श्वेतपत्र** भनेर राखेका छन् । यो महाकाव्य वि.सं.२०६७ सालमा उनकी श्रीमती उषा दाहालद्वारा प्रकाशित गरिएको हो । कवि दाहालको श्वेतपत्र महाकाव्य नविन विषय लिएर नयाँ किसिमले रचना गरिएको महाकाव्य हो । देश भक्ति र राष्ट्रिय जागरणको केन्द्रीयतामा रचिएको यो महाकाव्य राष्ट्रियताको प्रेरणा र प्रभाव जनसमुदायमा फैलाउनका निम्ति सक्षम रहेको छ । यस महाकाव्यमा पन्ध्र सर्ग रहेका छन । हरेक सर्गहरूको छुट्टै शीर्षक पनि कविले राखेका छन् । यसमा समृद्ध हिमाली गणतन्त्रको सुन्दर कल्पना गरिएको छ । विषयका संयोजनका दृष्टिले

कविको यो नौलो सृजना हो र नेपाल भूमिलाई माया गर्ने सुन्दर अभिव्यक्ति हो । नेपाल, सिक्किम र भुटानलाई हिमालका पुत्रीहरू तिन दिदीबहिनी जेठी, माइली र कान्छी बनाएर कविले महाकाव्यमा वार्ता गराएका छन् । यी तिन दिदीबहिनीहरू आपस्तमा कुराहरू दुःख र सुखका भावनाहरू साटासाट गरिरहेका छन् । घरेलु झगडा र द्वन्द्व जस्ता अन्तरंग कारणले जेठी दिदी नेपाललाई पिरोलेको छ । दिदी नेपालले रुदैं आफ्ना कथा व्यथा बहिनीहरूसँग राख्छिन् । माइली सिक्किमलाई पनि झन् त्यो भन्दा बढी पिरलो छ । उनको अस्मिता लुटिएको छ । स्वतन्त्र सार्वभौम अस्तित्व छैन । कान्छी बहिनी भुटानलाई पनि आफ्ना सन्तानहरू शरणार्थी भएर देश बाहिर जानुपरेकोमा पीडा भएको छ । ती तीनै दिदी बहिनीका आआफ्ना पीडा, व्यथा र छटपटीहरू यस महाकाव्यमा रहेका छन् ।

खेमनाथ दाहाल देशप्रेमी भावनाले युक्त भएका साहित्यकारका साथै राष्ट्रवादी कवि हुन् । उनले हाम्रो देशमा भएको चौतर्फी प्रहारको भर्त्सना गर्दै नेपाली साहित्यलाई अग्रगामी र प्रगतिशील बनाउने चेष्टा गरेका छन् । साहित्यमा पुरानै कुराहरू दाहोरिनुभन्दा नयाँ नयाँ चेतना फैलाएर साहित्य मार्फत् मान्छेको तेस्रो आँखा खोल्न सक्नुपर्छ भन्ने धारणा दाहाल राख्छन् । साहित्य भनेको मानवीय अनुभूतिको ऐना हो भन्ने परिभाषा गर्ने साहित्यकार दाहालले विश्व बन्धुत्वको अवधारणालाई साहित्यमा अग्र स्थान दिइनु पर्छ भन्ने मान्यता राखेका छन् । साहित्य समाजको प्रतिबिम्ब हो जसले युग पर्यन्त समाजको भाव र चिन्तनको प्रतिनिधित्व गर्दछ भन्ने अवधारणा दाहालको छ । सुषुप्त चेतनालाई समेत तरङ्गित गरी जागृतिको मार्ग तिर लम्काउन सक्ने सृजनालाई उत्कृष्ट सृजना ठान्नु पर्ने मान्यता कवि राख्दछन् । उनका अनुसार साहित्यकारको दायित्व भनेको क्षणिक आत्म सन्तुष्टिको लागि नभई युगौंसम्म बाँच्न सक्ने जनजागृतिको संवाहक साहित्य निर्माण गर्नु हो ।

खेमनाथ दाहालको जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको प्रवर्तनकारी र विकासकारी भूमिकाले दाहाललाई सशक्त बहुमुखी प्रतिभा र प्रेरणाको स्रोत बनाएको छ । उनका कविता र काव्यहरूमा खासगरी नेपालीहरूको पारिवारिक अवस्था, सामाजिक परिवेश, देशको विषम राजनैतिक परिस्थिति, नेपाली नेपालीबीचको आन्तरिक कलह र त्यसबाट सिर्जित भयावह अवस्थाको चित्रण आदि रहेको छ । यसका साथै विदेशी शक्तिहरूले हाम्रो सुन्दर शान्त नेपालमाथी राखेको बक्रदृष्टिको तीव्र बिरोध पनि छ । स्वतन्त्र, अखण्ड र समृद्ध नेपाल हुनु पर्दछ, बिविध सन्धिको बहानामा खोसिएको नेपालको भूमि फिर्ता गराई स्वतन्त्र हिमाली गणराज्यको स्थापना गर्नुपर्दछ भन्ने वीरतापूर्ण उद्घोष उनका कविताहरूमा पाइन्छ । वीर नेपालीहरूले विश्वमा कहिल्यै झुक्नु नपरेको र अब पनि कुनै शक्तिसङ्ग झुक्न नहुने सन्देश उनका काव्यकृतिहरूले दिएका छन् । नेपालीहरू फुट्ने नभएर अब जुट्ने बेला आएको कुरा पनि कविले राखेका छन् । तसर्थ यसरी राष्ट्रियभावना र देशभक्ति तथा नेपाली गौरवले परिपूर्ण भएका कविताहरू लेख्ने कवि दाहालको साहित्य सिर्जनाको निरन्तर साधना र समर्पणकारी भूमिकाले गर्दा नेपाली कविता साहित्यको प्रबर्धनमा ठूलो टेवा पुग्ने देखिन्छ ।

# परिशिष्ट

## खेमनाथ दाहालको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा शोधकार्य गर्ने सिलसिलामा शोधनायक कवि खेमनाथ दाहालसँग लिइएको लिखित अन्तर्वार्ता

**तपाइँको जन्म कहिले र कहाँ भएको हो ?**

मेरो जन्म वि.सं. २००९ कार्तिक ११ गते आइतबारका दिन पूर्वाञ्चल विकास क्षेत्रअर्न्तगत तेरथुम जिल्लाको पौंठाक गाउँ विकास समितिको लाव्री भन्ने ठाउँमा भएको हो ।

**तपाइँका पितामाताको नाम के हो ?**

मेरा पिताको नाम ज्यो.पं. सोमनाथ दाहाल हो भने माताको नाम जानुकादेवी दाहाल हो ।

**तपाइँको बाल्यकाल कसरी बित्यो ?**

जन्मदेखि सात वर्षसम्मको बाल्यकाल मैले आफ्नो जन्मस्थान लाव्रीमा नै बिताएँ । सो अवस्थामा मेरी आमा घर धन्दाको काममा व्यस्त रहने हुँदा आफ्ना साथी, संगी र दाजुदिदीहरूसँग खेल्नमामेरो समय बित्तथ्यो । मेरी एक मात्र बहिनी बाल्यकालमा नै स्वर्गवास भएकी हुँदा परिवारमा सबैभन्दा कान्छो सन्तान बनेँ । कान्छो भएकाले परिवारका सबै सदस्यहरूको स्नेह तथा माया ममता पाइरहन्थेँ । करिब चार वर्षको हुँदादेखि ठूलाको पछि लाग्दै नजिकैको डाडाँगाउँ प्राथमिक विद्यालयमा जानमा रमाउँथेँ । यसरी विद्यालय जाने बानी बसाएता पनि सात वर्षको बाल्याबस्थामा नै माता पिताहरूका साथमा सुनसरी जिल्लाको धरानमा आएर बसोबास गर्न लागेँ । म जन्मदा घरको आर्थिक अवस्था पूर्ण रूपले मजबुत भइसकेको हुँदा घरमा त्यस्तो कुनै धन्दामा वा परिश्रम गर्नमा लाग्नु पनि परेन । यसरी नै बित्यो बाल्यकाल ।

**तपाइँको औपचारिक शिक्षाको सुरुवात कसरी भयो ?**

मेरो प्रारम्भकालीन शिक्षा ग्रमीण परिवेशमा आफ्नो घरबाट नै सुरुवात भएको हो । कुनै औपचारिक पढाई सुरु नगरीकनै धरानमा बसाइँ सरेर आएको हुनाले ताप्लेजुङ्ग मैयाखोला साँगुका गुरु पं. वैजनाथ भट्टराईसँग धरानको घरमा नै गुरुकूलीय पद्धतिबाट प्रारम्भिक शिक्षाको श्रीगणेश भयो ।  पछि वि.सं.२०२३ मा धरानको श्री पब्लिक माध्यमिक विद्यालयमा कक्षा आठमा भर्ना भई आफ्नो विद्यालयस्तरीय परीक्षाको सुरुवात गरेँ । सोही विद्यालयबाट २०२५ सालमा दाहालले एस.एल.सी परीक्षा उत्तीर्ण गरेको हुँ ।

**तपाइँको पारिवारिक अवस्था कस्तो छ ?**

पारिवारिक पृष्ठभूमि आर्थिक रूपले सम्पन्न नै छ भन्नुपर्छ ।

**तपाइँका दाजुभाइ दिदीबहिनी कति हनुहुन्छ ?**

हामीहरू पाँच दाजुभाइ र छ दिदीबहिनी हौँ । दाजुहरू क्रमशः नीधिनाथ दाहाल, कृष्णप्रसाद दाहाल, कोमलप्रसाद दाहाल र युवराज दाहाल हुनुहुन्छ भनेँ दिदीहरू राधा सापकोटा, रन्धता लुइटेल, तुलसादेवी ढुङ्गाना, जमुनादेवी भण्डारी र मोहनकुमारी गौतम  हुनुहुन्छ । मेरी एक मात्र बहिनी थिइन् पार्वता । उनी बाल्यावस्थामै स्वर्ग प्रस्थान गरिन् ।

**तपाइँको उपनयन संस्कार कहिले भयो र गुरु को बन्नुभयो ?**

मेरो उपनयन संस्कार (व्रतबन्ध) वैदिक सनातन हिन्दु धर्मको नियम र परम्परा अनुसार वि.सं. २०१८ मा म ९ वर्षको हुँदा सुनसरीको धरान भन्ने ठाँउमा भएको हो । मलाई आफ्नै पिता ज्यो.पं. सोमनाथ दाहालले गायत्री मन्त्रको उपदेश गर्नुभएको थियो ।

**दाम्पत्य जीवनको सुरुवात कहिले, कसरी भयो ?**

मेरो विवाह वि.सं. २०३२ सालमा विराटननगरमा भएको हो । पुर्ख्यौली स्थान भोजपुर रहेका स्व.इन्द्रबहादुर कार्की र दीव्यकुमारी कार्कीकी सुपुत्री उषासँग मैले विवाह गरेका हुँ ।

**तपाइँका सन्तानहरू कति रहेका छन् ?**

एक छोरा र एक छोरी रहेका छन् । छोरा जिनेश दाहाल हाल अमेरिकामा इन्जिनियर छन् । छोरी जिनु दाहालको सिन्धुली पुर्ख्यौली घर भई हाल अमेरिका वसोवास गर्ने उदेश गजुरेलका साथमा विवाह सम्पन्न भएको छ ।

**तपाइँले कुनै जागीरेजीवन बिताउनुभयो वा अन्य व्यवसाय गर्नुभयो ?**

वि.सं. २०३२/३३ साल तिर जिल्ला शिक्षा कार्यालय मोरङ्गमा सुब्बा पदमा रही अस्थायी रूपमा केवल एक डेढ वर्ष जागिरे जीवन बिताएको थिएँ । पछि समय गुजारा गर्नका लागि मेट्रो ट्रेनिङ्ग कम्पनीको डिलर राखेर विराटनगरमा धेरै समय व्यवसाय गरेँ र २०४३/४४ तिर निमार्ण व्यवसायी संघ विराटनगरका सचिव भएर विभिन्न भवन तथा संरचनाहरू निमार्णको जिम्मेवारी लिएर कार्य गरेको थिएँ । तत् पश्चात् काठमाण्डौमा आएर खद्यान्न तथा पेय पदार्थ सम्बन्धी व्यवसाय गरेँ ।

**सामाजि संघ संस्थाहरूमा पनि आवद्ध हुनुहुन्छ कि ?**

मानव अधिकार मञ्चमा आजीवन सदस्य, दाहाल सेवा प्रतिष्ठानमा आजीवन सदस्य र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सि.मा पनि संलग्न रहेको छु ।

**तपाइँले कहाँ कहाँको भ्रमण गर्नुभएको छ ?**

स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूको भ्रमण गरेको छु । मित्रराष्ट्र भारतका विभिन्न स्थानहरूमा तीर्थयात्राका प्रसङ्गले तथा अन्य विविध कारणहरूले भ्रमण गरिरहन्छु । यसका अतिरिक्त थाइलैण्ड, कोरीया तथा अमेरिकाको पनि भ्रमण गरेको छु ।

**तपाइँको हालको बसोवास कहाँ रहेको छ ?**

तेरथुमको लाब्रीबाट सुनसरीको धरान एवं चक्रघट्टी हुँदै मोरङको तीनटोलियामा आएर स्थायी बसोबास भयो । अहिले विराटनगर र काठमाण्डौ बारम्बार आउनेजाने गर्नुपर्ने हुँदा केही वर्ष अगाडि ललितपुरको बालकुमारी स्थित **सनराइज कोलोनी**मा एउटा फ्ल्याट पनि खरिद गरेको छु । उपत्यकामा रहनु पर्दा सोही कोलोनी स्थित आफ्नै फ्ल्याटमा बस्ने गर्छु ।

**लेखनको प्रारम्भ र प्रकाशनको थालनी कहिलेदेखि गर्नुभयो ?**

लेखनको प्रारम्भ करिब वि.सं.२०१८ बाट नै भएतापनि वि.सं.२०४० पछिका कविता तथा लेख, रचनाहरू मात्र कृतिका रूपमा प्रकाशित भएका छन् । २०५४ देखि मात्र साहित्यिक कृतिहरू प्रकाशित भए । श्रद्धाञ्जलि (वि.सं.२०५४) कविता सङ्ग्रह मेरो पहिलो प्रकाशित कृति हो ।

**तपाइँको साहित्यिक अवधारणा वा मान्यता कस्तो रहेको छ ?**

साहित्यमा पुरानै कुराहरू दाहोरिनु भन्दा नयाँ नयाँ चेतना फैलाएर साहित्य मार्फत मान्छेको तेस्रो आँखा खोल्न सक्नु पर्छ भने धारणा मेरो छ । साहित्य भनेको मानवीय अनुभूतिको ऐना हो । साहित्य समाजको प्रतिबिम्ब हो जसले युग पर्यन्त समाजको भाव र चिन्तनको प्रतिनिधित्व गर्दछ । सुषुप्त चेतनालाई समेत तरंगित गरी जागृतिको मार्ग तिर

लम्काउन सक्ने सृजनालाई उत्कृष्ट सृजना ठान्नु पर्दछ । साहित्यबाट युगान्तकारी परिवर्तन आउन सक्छ । तसर्थ राष्ट्रवाद र नेपालवादलाई आत्मसाथ गर्दै कविता काव्य तथा महाकाव्य रचना गर्ने परम लक्ष्य मेरो रहेको छ ।

**हाल तपाई के लेख्दै हुनुहुन्छ ?**

अहिले म अमेरिकी बसाइको अनुभूतिको सङ्गालो **अमेरिकी प्रसङ्ग** (नाम परिवर्तन हुन सक्ने) नामक कृतिलाई अन्तिम रूप दिन प्रयत्नशील छु । यदा कदा फुटकर कविताहरू पनि रचना गर्दै छु ।

**नेपाली साहित्य लेखनप्रति कसरी आकर्षित हुनुभयो ?**

पौराणिक कथाहरूको अध्ययन र कालिदास तथा भोज आदिका काव्यकृतिहरूका रसिला कथाहरू अग्रजहरूबाट सुन्दासुन्दै आफसेआफ कविताहरू प्रस्फुटन भएको हो कि जस्तो लाग्छ ।

**वर्तमान नेपाली साहित्यलाई तपाइले कसरी हेर्नु भएको छ ? कृपया आफ्नो दृष्टिकोण राखिदिनुहोस् न ।**

नेपाली साहित्य वर्तमान अवस्थामा निकै विकसित भएको छ जस्तो लाग्छ । मैले अमेरिकामा न्यूयोर्क र वरिपरिका कविहरू जर्ज वालेस, म्याक्स वेल, योलाण्डा क्लाज, पेटिताना, लिण्डा ओपियर जस्ता सुप्रसिद्ध कविहरूका कवितापनि प्रत्यक्षरूपमा सुन्ने मौका पाएँ । त्यो भेटबाट मैले के महसुस गरें भने हाम्रा नेपालीी वा पूर्वीय कविताहरू पनि कुनै विश्वप्रसिद्ध कविहरूका कविता भन्दा कम महत्वपूर्ण छैनन् तर भाषा र चर्चाको कमिले गर्दा मात्र केही ओझेल परेका हुन कि जस्तो लाग्छ ।

**तपाई कुन विषयमा बढी कविता लेख्नुहुन्छ ?**

म एकदमै प्रखर राष्ट्रवादी कविता लेख्छु । विशेषगरी नेपाली प्रवासी (डायस्पोरा) लक्षित कविता लेख्ने गरेको छु ।

**हालसम्म तपाइँका पाँचवटा कृतिहरू प्रकाशित छन् । तपाइँले सबैभन्दा रुचाएको वा तपाइँलाई सन्तुष्टि गराउने कुन कृति होला र किन ?**

मेरा पाँचवटै कृतिहरूले आ–आफ्नो ठाउँमा गरिमा बोकेकै छन् तथापि **योद्धा, श्वेतपत्र र हार्वडको चौतारीमा** यी तिन कृतिहरूले सन्तुष्टि दिलाएका छन् । किनकि नेपाली युद्ध साहित्यको चर्चा गर्दा योद्धा काव्यको उल्लेख भएन भने सायद अधुरो हुन जान्छ । यसैगरी श्वेतपत्र एउटा न्यायको पक्षमा उठाएको दस्तावेज हो । यसमा सिक्किम स्वतन्त्रताको आवाज उठाइएको छ, भुटानमा भारतीय विस्तारवादको अन्त्य र गणतन्त्रका लागि माग गरिएको छ, काश्मिरको भावना पोखिएको छ, पाकिस्तान फुटाएकोमा विरोध गरिएको छ र शरणार्थीका बिषयमा पनि आवाज उठाइएको छ । हार्वडको चौतारी कविता सङ्ग्रहमा डायस्पोराको यथार्थ चित्रण गरेको छु । अझैपनि डायस्पोराको गहिरो अनुसन्धान गरेर डायस्पोराकै पीडा, रहनसहनर र यथार्थता लेख्ने सोचमा छु ।

**तपाइँका पहिलेका र अहिलेका कृतिहरूमा केही भिन्नता महषुस गर्नुहुन्छ ?**

अवश्य गर्छु । तुलनात्मक रूपमा अहिलेका कृतिहरू परिपक्व र अन्तर्राष्ट्रिय ख्याति कमाउने भएका छन् ।

**असल साहित्यकारको दायित्व कस्तो हुनुपर्छ ? तपाइँको विचार प्रष्ट पारिदिनु हुन्छ कि ?**

क्षणिक आत्मतुष्टिको लागि नभई युगौं सम्म बाँच्नसक्ने जनजागृतिको सम्बाहक साहित्य निर्माण गर्नु नै साहित्यकारको दायित्व हो जस्तो लाग्छ ।

**तपाइँ कस्तो समयमा कविता लेख्न रुचाउनुहुन्छ ?**

मलाई कुनै प्रकारको तनाव रहित शान्त वातावरण मिल्यो भने जुनसुकै समयमा पनि लेख्न रुचाउछु ।

**तपाइँ अमेरिका पनि गइरहनु हुन्छ । त्यहाँको नेपाली साहित्यिक कार्यक्रममा सहभागी हुनुभएको छ कि ?**

हालसालै अमेरिका जाँदा डा. हरिराज भट्टराई, होमनाथ सुवेदी, बसन्त श्रेष्ठ, भारती गौतम, हेमन्त श्रेष्ठ, गीता खत्री, ज्योति पौडेल लगायत धेरै नेपाली साहित्यकारहरूसँग भेट भयो । उहाँहरू अमेरिकामा नेपाली साहित्यको विकासका लागि निरन्तर लागिरहनुभएको छ । हालसालै मात्र विश्वमा छरिएका डायस्पोराका कविहरूको कविताको सङ्ग्रहको रूपमा अनेक डायस्पोराका कविता शीर्षकमा कवितासङ्ग्रह पनि अमेरिकाबाटै प्रकासित भएको छ । उहाँहरूले मेरो महाकाव्य **श्वेतपत्र**का बारेमा पनि वासिंटन डि.सि.मा एक अन्तर्क्रिया राख्नुभएको थियो । त्यहाँ नेपाली प्रवासी साहित्यका बारेमा व्यापक चर्चा चल्यो । यस्तै धेरै साहित्यिक कार्यक्रममा सहभागी हुने अवसर मिलेको थियो ।

**तपाइँ कस्तो खालको लेखाइलाई उत्कृष्ट मान्नुहुन्छ ?**

सुषुप्त चेतनालाई समेत तरङ्गित गरी जागृतिको मार्गतिर लम्काउनसक्ने सिर्जनालाई उत्कृष्ट सिर्जना मान्दछु ।

**भविष्यमा तपाइँको योजना कस्तो रहेको छ ?**

यथार्थमा भविष्य अनिश्चत छ । तथापि वर्तमानमा यति भन्न सक्छु कि नेपाली साहित्यका थप कृतिहरूको रचना र प्रकाशन गर्दै नेपाली साहित्यलाई पुस्पित र पल्लवित बनाउने मार्गमा लागिरहन्छु भन्ने लाग्छ ।

**तपाइँजस्तो कर्मठ साहित्यकार बन्नका लागि हामीले के गर्नुपर्ला ?**

लगनशीलता, चिन्तन, मनन, र गहन अध्ययनको सम्मिश्रण भएमा पक्कै पनि साहित्यकार बन्न सकिएला ।

**समाजमा कुन रूपमा रहन रुचाउनुहुन्छ ?**

सामान्य व्यक्तिका रूपमा रहेर समाजकै सेवा गर्दै रहन चाहन्छु । गरिब र निमुखा बालबालिकाहरूलाई पनि शैक्षिकरूपले विकसित तुल्याउनपाए राम्रो हुन्थ्यो भन्ने चिन्तन रहिरहन्छ । यस बारेमा विस्तारै केही गर्न सकिएला कि !

**अन्त्यमा तपाइँका कृतिहरूका पाठकवर्गलाई के भन्न चाहनुहुन्छ ?**

मेरा कृतिहरू राष्ट्रवादको धरोहरमा उबिएर रचना गरिएका छन् र नेपालवादको शङ्खनाद गरेका छन् । तसर्थ पाठकवर्गले यी कृतिहरू अध्ययन गरेर नेपाली राष्ट्रियताको पुनः एकपल्ट बोध गर्दै अखण्डराष्ट्र नेपालको संरक्षण र सम्बर्धन गर्न सर्वदा उद्यत रहने छन् भन्ने अपेक्षा गर्दछु । मेरा कृतिहरूको अध्ययनले सवैमा यही भाव जगाउन सकेमा मेरो सफलता सम्झन्छु ।

# सन्दर्भ ग्रन्थसूची

## (१) पुस्तकसूची


दाहाल, खेमनाथ, **योद्धा,** काव्य, (काठमाडौं: कोमलप्रसाद-माया-उषा दाहाल, २०६८) ।

............... **,रश्मि,** खण्डकाव्य, (काठमाडौं: कोमलप्रसाद-माया-उषा दाहाल, २०५६) ।

..............., **हावर्डको चौतारीमा**, नियात्रात्मक कवितासङ्ग्रह, (काठमाडौं: बगर फाउन्डेसन, २०६४) ।

.............., **श्वेतपत्र,** महाकाव्य, (काठमाडौं: उषा दाहाल, २०६७) ।

.............., **श्रद्धाञ्जलि,** कविता सङ्ग्रह, काठमाडौं: श्रीमती उषा दाहाल, २०५४ ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. २०६२ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०५८ ।

................, **नेपाली काव्य समालोचना**, अनुसन्धानमूलक समालोचना सङ्ग्रह, काठमाडौं: पैरवी प्रकाशन, २०६७ ।

सुवेदी, होमनाथ, **नव छायावादको छवि**, समालोचना सङ्ग्रह, (अमेरिका, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सन् २००८) ।


## (२) पत्रपत्रिकासूची


अधिकारी, चन्द्रमणि, 'हिमाली राज्यमा श्वेतपत्रको भाका', **नेपाल बोर्डर,** साप्ताहिक, (वर्ष ७, अङ्क २९, २०६८ फागुन १० गते) ।

**जनमत**, मासिक, (वर्ष २६, अङ्क ९, २०६६ आश्विन) ।

दाहाल, खेम, **श्वेतपत्रका सामाजिक ऐतिहासिक पक्ष**, www.bhutaneseliteratur.com

नयाँघरे, युवराज, 'श्वेतपत्रको सेरोफेरोमा कवि खेमनाथ' **जनमञ्च,** साप्ताहिक, (२०६६ वैशाख १३) पृ. ६ ।

................ 'योद्धामा नेपाल उद्घोष' **जनभावना,** साप्ताहिक, (वर्ष २४, अङ्क १८, २०६२ फागुन १५ गते) ।

न्यौपाने, काशीनाथ, 'काव्यमा लाहुरे जीवन' **विमोचन,** मासिक, (२०६२ माघ) पृ.१६ ।

न्यौपाने, टंक, 'हिमवत् खण्डबाट जारी श्वेतपत्र खेमनाथ दाहालका कलममा', www.bhutaneseliteratur.com

पन्थी, सञ्जय, 'महाकाव्यमा राष्ट्रवादको नाद' **नेपाल समाचार पत्र** (२०६८ वैशाख १०) पृ.४ ।

पाल्पाली, बि.के, 'नेपाली काव्यवाटिकाको शब्दयुद्ध : योद्धा' **शब्द संयोजन** , मासिक, (वर्ष ३ , अङ्क ९, २०६३ पुष) ।

प्रधान, अर्जुन, 'श्वेतपत्र महाकाव्य एक विवेचना' www.bhutaneseliteratur.com

पुत्र, गण्डकी, 'श्वेतपत्रमा खेमनाथ दाहाल', **उद्घोष,** दैनिक, (२०६८ वैशाख ३१) ।

**बगर,** त्रैमासिक, (काठमाडौं: वर्ष २७, अङ्क ८१, बगर फाउन्डेसन, २०६६) ।
.............,(काठमाडौं: वर्ष २५, अङ्क ७६, बगर फाउन्डेसन, २०६३) ।
भट्टराई, रेणुका, 'सुर्केली अन्तरेले जन्माएको योद्धा र खेमनाथ दाहाल', **जनप्रहार,** दैनिक, (२०६२ मङ्सिर २१) पृ.४ ।
भट्टराई, हरिराज, 'योद्धाको पठनः एक टिपोट' **जनसत्ता,** साप्ताहिक, (२०६२ असार १८) ।
मिश्र, डिल्लीराम, 'पठनीय काव्य : योद्धा', **गरिमा** ,(काठमाडौं: वर्ष २४, अङ्क ४, २०६२ चैत) पृ.११७ ।
शर्मा, विजय, 'दक्षिण एशियाको फन्कोमा जन्मेको श्वेतपत्र' **नेपाल बोर्डर** , मासिक, (वर्ष ६ अङ्क ९, २०६८ वैशाख) ।
श्रेष्ठ, मीनकुमार नवोदित, 'योद्धालाई फन्को मार्दा, **दर्शन,** साप्ताहिक, ( काठमाडौं: २०६१ जेठ ८) ।

## (३) सन्दर्भ व्यक्तिहरू

उषा दाहाल, शोधनायककी श्रीमती, बालकुमारी , ललितपुर ।

कोमलप्रसाद दाहाल , शोधनायकका दाजु , विराटनगर ।

खेमनाथ दाहाल तेरथुम, हाल ललितपुर बालकुमारी , शोधनायक ।

खेम दाहाल, सह प्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी ।

पुरुषोत्तम दाहाल, शोधनायकका भतिज, मैतिदेवी काठमाडौं ।